जि.प्र.का. दर्ता नं. ३०६/०७४/०७५

# Bargabodh वर्गबोध

## त्रैमासिक Trimonthly

वर्ष : १ अंक : ३ २०७४ फागुन–०७५ बैशाख



# वर्गबोध
त्रैमासिक

जि.प्र.का. दर्ता नं. : ३०६/०७४/०७५

का.म.न.पा. - १४, कलंकी, काठमाडौं
सम्पर्क नं. ९८५१० ७६८६४, ०१-४२८६४६६
ईमेल : bargabodh@gmail.com

वर्ष : १ अंक : ३ २०७४ फागुन-०७५ बैशाख मूल्य रू ५०



**सल्लाहकारहरु**

कृष्णदास श्रेष्ठ
प्रा. डा. ओम गुरूङ
प्रा. डा. भवानी प्रसाद पाण्डे
इश्माली

**सम्पादन**

दीर्घप्रसाद पाण्डे
प्रा. डा. जगदीश चन्द्र भण्डारी
हुकुमबहादुर सिंह
ईश्वरचन्द्र ज्ञवाली
लोकराज रेग्मी
देवेन्द्र तिम्ला

**व्यवस्थापन**

बलीभद्र शर्मा
बन्धुदेव पाण्डे
पदम भण्डारी
डी. वी. गुरूङ
गीतामणि पाण्डे

**कार्यालय**

सुदीप श्रेष्ठ
अमृत अधिकारी
तेज बहादुर बस्नेत
ज्ञानु आचार्य
विजयरत्न बज्राचार्य


## विषय – सूची


२. सम्पादकीय : जनताले जनयुद्ध बिर्सन सक्ने छैनन्
४. महान् जनयुद्ध : एक सङ्क्षिप्त चर्चा - क. मोहन बैद्य
८. वास्तविक वामपन्थीहरूको जिम्मेवारी - भक्त बहादुर श्रेष्ठ
११. नेपाली जनयुद्ध र यसका शिक्षाहरू - सी. पी. गजुरेल
१५. जनयुद्धको दूरगामी महत्व - हरिभक्त कँडेल
२०. माओ, जनयुद्ध र जनवादी क्रान्ति - परि थापा
२२. मान्छे बन – गौरी दाहाल
२३. जनयुद्धको उत्थान, विकास र अवतरण - दीर्घप्रसाद पाण्डे
२९. साहित्यका प्रतिमान र तिनको पहिचान - प्रा.डा. जगदीश चन्द्र भण्डारी
३१. साँस्कृतिक रूपान्तरणमा जनयुद्धको प्रभाव - ईश्वरचन्द्र ज्ञवाली
३८. दस वर्षे महान् जनयुद्ध : समग्र वर्गयुद्ध - हस्तबहादुर के. सी.
४३. गर्भ – शीला योगी
४५. रसियन र चिनियाँ समाजवाद निर्माणका अनुभवहरू - हुकुमबहादुर सिंह
५४. दश वर्षे जनयुद्ध वर्गीय युद्ध थियो - दिल सहानी
५६. प्राविधिक विकास र कम्युनिस्ट आन्दोलन - रमेश शर्मा
६०. आजको साहित्य लेखन, अक्टोबर क्रान्तिको सान्दर्भिकता र स्रष्टाको दायित्व - प्रा.डा. ताराकान्त पाण्डेय
६६. उत्थान र पतन - हिरामणी दुःखी
७१. युद्ध डायरी - परशुराम कोइराला
७६. जनयुद्ध - विष्णुमाया न्यौपाने
७७. दलदले मैदानमा हाम्रो जीवनको एक झलक-अनु. देवेन्द्र तिम्ला



**राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको त्रैमासिक पत्रिका वर्गबोधका लागि दीर्घप्रसाद पाण्डे र तेजनारायण सापकोटाद्वारा प्रकाशित**

**प्रकाशन समिति :** दीर्घप्रसाद पाण्डे, हुकुम बहादुर सिंह, जगदीशचन्द्र भण्डारी, बलीभद्र शर्मा, कुमार थापा, ,लोकराज रेग्मी, डा. भवानी पाण्डे, अमृत अधिकारी, विजय रत्न बज्राचार्य, गोर्की श्रेष्ठ, मनोहर लामिछाने, डि.बी गुरूङ्, तेजनारायण सापकोटा, गीतामणी पाण्डे, होमनाथ पाठक, नीलप्रसाद श्रेष्ठ, रामचन्द्र पौडयाल, बन्धु पाण्डे, ईश्वरचन्द्र ज्ञवाली, पदम भण्डारी, सुदीप श्रेष्ठ, हरि सिंह, राजवहादुर कुँवर, केशव रेग्मी, खडगबहादुर बस्नेत, प्रा.डा. ओम गुरूङ, विष्णु न्यौपाने, परशुराम कोइराला, भूमिश्वर कंडेल, ताराकान्त पाण्डे, मुकेशराज भण्डारी, विष्णुकुमार कार्की, कृष्णबहादुर कुँवर, देवेन्द्र तिम्ला, गणेश खनाल

डिजाइनः क्रियटिभ सफ्टआर्ट

*सम्पादकीय*

# जनताले जनयुद्ध बिर्सन सक्ने छैनन्

कुनै राज्य वा व्यवस्था परिवर्तन गरी नयाँ राज्य वा व्यवस्थाको उदय हुनका लागि राजनीतिक पार्टीको दर्शन, राजनीतिक कार्यक्रम, नेता कार्यकर्ताको त्याग र बलिदान आवश्यक हुन्छ । यो कोर्स ने. क. पा. (माओवादी) ले पूरा गरेको हो । तर नेपालमा आठौं आश्चर्य भएको छ । ने. क. पा. (माओवादी) ले गणतन्त्रको कार्यक्रम ल्याउँदा गोरूगाडामा चढेर अमेरिका पुग्न सकिन्न भन्ने मुर्खहरू, संघीयताबारे कुरा गर्दा देश काँक्रो हो र, चिराचिरामा बाँड्ने ? जातीय, क्षेत्रीय, लैङ्गिक, समानुपातिक समावेशीका कुरा गर्दा राज्य भनेको सबैलाई पातपातमा बाँड्ने वस्तु होइन भन्दै हिँड्ने के. पी. ओली अहिले संघीय गणतन्त्र नेपालका इतिहासकै सर्वशक्तिमान् प्रधानमन्त्री बन्न पुगेका छन् । जनयुद्ध र जनआन्दोलनको रथ हाँक्ने ने. क. पा. (माओवादी)को मुख्य नेतृत्व सहित ठूलो हिस्सा यिनीसँग पार्टी एकताको नाममा आफ्नो अस्तित्व रक्षाका लागि हारगुहार गरिरहेको छ । ओलीले दुई चार वर्षभित्र देशभर रेल संजाल फैलाउने, नदी-खोलामा पानी जहाज चलाउने, विजुली उत्पादन गरी विदेश निर्यात गर्ने, द्रुतमार्ग र सुरूङ मार्गको निर्माण गरिने, सबैलाई शिक्षा र स्वास्थ्यको व्यवस्था गरिने, उद्योग कलकारखाना खोली सबैलाई रोजगारी दिइने, अब कोही भोको रहनु नपर्ने, प्राकृतिक प्रकोप र जाडो गर्मीले कोही मर्न नपर्ने भन्दै मधुमय भाषण दिइरहेका छन् । शान्ति, विकास, समाजवाद र 'समृद्ध नेपाल-सुखी नेपाल' यिनको नारा बनेको छ ।

ओली आकस्मिक रूपले मात्र यस्तो शक्तिशाली बनेका होइनन् । उनी जहिले पनि यथास्थितिमा रहे, त्यसैले अहिलेको यथास्थितिमा पनि उनले आफूलाई अनुकूल गर्न सके । सर्वप्रथम पार्टीभित्र अझै जनवादी क्रान्ति आवश्यक छ भन्ने झलनाथ खनाललाई माधवकुमार नेपालसँग मिली घुँडा टेकाए, तिनै झलनाथलाई साथ लिई माधवकुमार नेपाललाई परास्त गरी पार्टीको सर्वोच्च पदमा पुगे । नेपालमा जनयुद्ध सुरू गरेर रणनीतिक रक्षा, रणनीतिक सन्तुलन र रणनीतिक आक्रमणमा चरणबद्ध क्रान्तिलाई अघि बढाई प्रतिक्रियावादी राज्य व्यवस्था ध्वस्त पारी सर्वहाराको अधिनायकत्वमा जनगणतन्त्र स्थापना गर्न अघि बढेर दस-दस वर्ष बिताएको, क्रान्तिको क्रममा पन्ध्र-सोह्र हजारको बलिदान हुँदा पनि बिचलित नभई क्रान्तिलाई निरन्तरता दिइरहेको, ***क्रान्तिकारी अन्तराष्ट्रिय आन्दोलन*** (रिम) र दक्षिण एसियाली माओइस्टहरूको संगठन ***कोअर्डिनेसन कमिटि अफ पिपुल्स अर्गनाइजेसन अफ साउथ एसिया*** (कम्पोसा)को समेत नेतृत्व गरेको, तीसौं हजार जनसेना भएको, आफ्नै जनसरकार, जनअदालत भएको ने. क. पा. (माओवादी) शान्ति प्रक्रियामा आएपछि आफूले प्राप्त गरेका उपलब्धिहरूको रक्षा गर्दै क्रान्तिलाई निरन्तरता दिनुको सट्टा पार्टीको मुख्य नेतृत्व सहित ठूलो हिस्सा प्रतिक्रियावादमा पतन हुँदा ओलीभन्दा पनि पछि पर्‍यो, त्यसैले ओली अघि पर्न आए । एक्काइसौं शताब्दीको पहिलो चरणमा कम्युनिस्ट पार्टीको नेतृत्व गरी नेपाललाई विश्वसामु एक नम्बरमा ल्याउन सफल पुष्पकमल दाहाललाई शान्ति प्रक्रियामा आएको तेह्र वर्षसम्म कहिले धकेल्ने, कहिले तान्ने, कहिले हरियो घाँस देखाएर आफ्नो पछिपछि हिँडाउने, कहिले खाल्टोमा हाल्ने, फेरि आफैं खाल्टोबाट निकाल्ने गरी माउतेले हात्ती सधाय जसरी सधाई आफ्नो अधीन पार्न पनि सफल भए । प्रचण्ड मण्डली अहिले यिनैसँग आफ्नो अस्तित्व रक्षाको भीख मागिरहेका छन् । यिनको तावेदारी गर्नुभन्दा अरू चारा छैन । प्रचण्डकै सहायताले भारतीय दलाल पार्टी काँग्रेसलाई निरीहताको अवस्थामा पुर्‍याई उक्त स्थान पनि आफ्नै लागि सुरक्षित गरेका छन् । विगतको भारतको नाकाबन्दीमा राष्ट्रवादी पनि बन्न सफल भए । मधेसीहरूलाई पनि भारत कार्ड प्रयोग गरी अंकुश लगाएर आफ्नै पछि पार्न सफल भए । अहिले यिनी यति शक्तिशाली भएका छन् कि टिकापुर घटनामा जेल सजाय पाएका रेशम चौधरीलाई समेत रिहा गर्न सक्छन् तर जनयुद्धको मुद्धामा फसाएर बालकृष्ण ढुंगेललाई जेल हाल्न पछि पर्दैनन् । उनले उद्घोष गरिरहेका छन् गम्भीर घटनाका दोषीलाई कहिल्यै माफी दिइने छैन । यसले के संकेत गर्दछ भने द्वन्द्वका घटनालाई यथावत् राखी प्रचण्डलाई पनि अन्तर्राष्ट्रिय अदालतमा मुद्दाको तरबार यथावत राख्न चाहन्छन् ।

अब यिनका सरकारमा रहेका प्रचण्डका आसेपासेले पनि यिनलाई छाडी ओलीसँग जाने सम्भावना बढेको छ ।

आफ्नो यश-कृति फैलाउन भारतबाट मानपदवी लिने चलन गोर्खाका राजा राम शाहको पालादेखिको हो । राम शाहले गोर्खा वरिपरिका स्थान थुम्काहरू जितेपछि दिल्लीका बादशाह जहाँगिर खाँकहाँ एक प्रतिनिधि मण्डल पठाई जहाँगिर खाँबाट स्वस्ती श्री गिरिराजचक्रचुडामणि ...... समर विजयीनाम् भन्ने प्रशस्ति पाएका थिए । के. पी. ओलीले पनि विजयोन्मुख नयाँ जनवादी क्रान्तिलाई ध्वस्त पारी नेपालमा उदारवादी बुर्जुवा राज्य व्यवस्थालाई यथावत राख्न सफल भएकाले दलाल काँग्रेसको स्थान आफै ग्रहण गरी काँग्रेसलाई पराजित गरेकाले, मधेसी, मुस्लिम, आदिवासी, जाति, वर्गका आवाजलाई दमन गरेकाले राम शाहले जस्तै सर्वसाधारण, श्रमिक वर्ग, गरिब किसान, महिलाका आवाज अब नसुन्ने भन्दै राजनीतिक पार्टी, पेशागत संघ-संगठन, उत्पीडित वर्ग-समूहले आफ्ना मागहरू राखी हडताल, जुलुस, धर्ना गर्न नपाइने भन्दै दमनमा उत्रेकाले, भारत भ्रमणमा गएका बेला गार्ड अफ अनर भन्ने मान पदवी समेत प्राप्त गरेका छन् । उनैको भनाइमा भारतीय प्रधानमन्त्रीले रक्सौलबाट काठमाडौं रेल पुऱ्याइदिने, जलमार्गद्वारा भारत-नेपाल जोड्ने भनेका छन् । यसको पछाडि कोशी उच्च बाँधको रणनीति छ भन्ने कुरा सबैलाई थाहै छ । यसरी हेर्दा ओली चक्रवर्ती सम्राटजस्तादेखिन्छन् ।

तर, स्थिति त्यस्तो छैन । एकातर्फ पूराना सत्ताका सेना, प्रहरी, कर्मचारीतन्त्र यथावत छन् । अहिले पनि भ्रष्टाचार, घुस, कमिसन, कालोबजारी संस्थागत रूपमै छ, बेरोजगारको संख्या बढ्दै गएको छ, सीमित रोजगारीका अवसरहरूमा पनि आफन्त, नातापाता, आसेपासे बाहेक अरूले पाउने सम्भावना छैन, वैदेशिक व्यापार पूरा घाटामा छ, विदेशी हस्तक्षेप बढेको बढ्यै छ । सरकारले नीतिगत रूपमै उदारवादी, नवउदारवादी अर्थनीति स्वीकार गरेको छ । देशमा भएका सीमित कलकारखाना पनि कौडीको मूल्यमा बेचिएको छ । अब कसरी हुन्छ समृद्ध र सुखी नेपाल ? कसरी संक्रमण हुन्छ देश समाजवादतर्फ ? ओलीको सक्कली रूप अब चाँडै नै निलो स्यालको जस्तैगरीदेखिँदैछ । रङ्ग खुइलिन केही समय मात्र लाग्नेछ ।

क्रान्ति कसैको मनोकांक्षाले हुने वा नहुने होइन । जब उत्पीडनले चरम रूप लिन्छ, क्रान्तिको वस्तुगत अवस्था निर्माण हुन्छ । माओवादी पार्टी पूरा नष्ट भएको छैन । क्रान्तिकारी शक्ति यथावत छ । अहिलेको परिस्थितिमा माओवादी आन्दोलन रक्षात्मक रूपमा पुगेको मात्र हो । मुख्य नेतृत्वले गद्दारी गरे पनि जनताले जनयुद्ध बिर्सेका छैनन् । दस वर्षे जनयुद्ध खेलाँची थिएन । यसले हजारौं वर्षदेखि नेपाली समाजमा उत्पीडन मच्चाइरहेको सामन्तवादको आधारशीला जमिन्दारी प्रथा, जातीय असमानता, धार्मिक-लैङ्गिक उत्पीडनका विरूद्ध भौतिक कारवाही गरेको थियो । सबैभन्दा पछि पारिएका क्षेत्र सबैभन्दा अघि आएका थिए । जनतासँग भूगोल, जनसरकार, जनअदालत, जनसेना, जनकम्युनहरू थिए । हजारौं हजारको बलिदान हुँदा पनि ज्यामितीय हिसाबले जनताको शक्ति बढिरहेको थियो । उत्पीडनमा परेका महिलाले समेत् चुरापोते लगायतका श्रृंगारका सामान फालेर दुई तीन महिनाका नानीहरू अर्काको जिम्मा लगाई बन्दुक बोकेका थिए, जेल परेकाले जेल ब्रेक गरेका थिए, प्रतिक्रियावादी प्रहरी सेनाका हतियार खोसेका थिए । जमिन्दार, सुद्खोर, दलाल, नोकरशाह, दलाल पुँजीपतिहरूमाथि भौतिक कारबाही गरेका थिए । हजारौं वर्षदेखि आफूलाई बाघ सम्झने प्रतिक्रियावादीहरू जनअदालतमा गिडगिडाउँदै आफ्ना कर्तुतहरू स्वीकार गरिरहेका थिए । कैयौं सामन्त, दलाल, नोकरशाहहरू आफ्नो स्थानबाट विस्थापन भएका थिए । एकपछि अर्को गरी जिल्ला सदरमुकामहरू कब्जा भइरहेका थिए । जनसेनामा त्याग र बलिदानको उत्कृष्ट भावना थियो । सहिदको कोटा पूरा गर्न सबै तयार थिए । तर कमाण्डरले आफ्नो स्वार्थ पूरा हुने देखेपछि पूरानो सत्तासँग आत्मसमर्पण गरे । कमाण्डरबिनाको सेना र नेतृत्वबिनाको जनताले क्रान्तिलाई विजयसम्म पुऱ्याउन सक्ने कुरा भएन । सीमित केही उपलब्धिपछि माओवादी जनयुद्धको नेतृत्वको ठूलो हिस्सा पूरानो सत्तासँग आत्मसमर्पण गरी प्रतिक्रियावादमा पतन भयो । जनताले प्राप्त गरेका धेरै उपलब्धिहरू गुमेका छन् । प्राप्त उपलब्धिहरू पनि प्रतिक्रियावादीहरूले उपयोग गरेका छन् । माओवादीले विस्थापित गरेका सामन्त, दलाल, नोकरशाहहरू पुनः स्थापित भएका छन् । जनताले जनसत्ता गुमाएका छन्, तर जनताले जनयुद्धमा आफूले प्राप्त गरेका उपलब्धिहरू कहिल्यै बिर्सने छैनन् । जनताको पार्टी पनि अझै सक्रिय नै छ । फेरि नयाँ तरिकाले क्रान्ति सम्पन्न हुनेछ ।

# महान् जनयुद्ध : एक सङ्क्षिप्त चर्चा



`क. मोहन बैद्य `किरण

## क्रान्तिमा बल प्रयोगको भूमिका

मानव जातिको इतिहासबाट के प्रमाणित भएको छ भने क्रान्तिमा बल प्रयोगको भूमिका अनिवार्य र सार्वभौम हुन्छ । यो कुरा नेपाललाई अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थाबाट मुक्त गर्नका लागि सम्पन्न हुने नयाँ जनवादी क्रान्तिका सन्दर्भमा पनि सत्य नै हो । यो कुरालाई सिद्धान्ततः स्वीकार गरे पनि त्यसको व्यावहारिक प्रयोगको काम निकै जटिल र कष्टसाध्य काम हो । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले २०५२ साल फागुन १ गते ऐतिहासिक पहल गरेर त्यस प्रकारको कामलाई अगाडि बढायो । र, त्यो सशक्त रूपमा विकसित हुँदै गयो र दस वर्षसम्म जारी रह्यो ।

महान् जनयुद्धको बीचबाट नेपालमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्य हासिल गर्न त सकिएन । जनयुद्ध उत्कर्षमा पुग्दै गरेको समयमा मूल नेतृत्वद्वारा नै त्यसको अवसान गराउने काम भयो । तर त्यो जनयुद्ध नेपाली क्रान्तिको इतिहासमा एक अद्वितीय परिघटना थियो । आज जनयुद्धको औचित्यबारे कतिपय प्रश्न पनि उठ्ने गरेका छन् र कतिले यसलाई नकारात्मक रूपबाट पनि ग्रहण गरेको पाइन्छ । तसर्थ वर्तमान सन्दर्भमा महान् जनयुद्धको संक्षिप्त चर्चा गर्न आवश्यकदेखिन्छ ।

## तयारीको प्रक्रिया

वस्तुतः जनयुद्धको तयारीको प्रक्रिया नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशनकै कालदेखि सुरू भयो र यस प्रकारको तयारीलाई सापेक्ष रूपमा पूर्णता दिने काम नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को अवधिसम्म भयो । तयारीको प्रक्रियासँग मूलतः तीनओटा काम जोडिएका थिए । ती हुन् – दक्षिणपन्थी संशोधनवादको विरोधमा विचारधारात्मक संघर्ष चलाउनु, तयारीको कामलाई मूर्त बनाउनु र तयारीका कामलाई केन्द्रबिन्दुमा राख्नु ।

जनयुद्धको तयारीका निम्ति सबैभन्दा पहिले दक्षिणपन्थी अवसरवादका विरूद्ध सशक्त रूपमा विचारधारात्मक संघर्ष चलाउनु पऱ्यो । यो संघर्ष वाह्य र आन्तरिक दुवै क्षेत्रमा चलाइयो । तयारीका सन्दर्भमा गर्नुपर्ने काम के के हुने, तिनलाई पनि ठोस रूपमा मूर्त बनाइयो । तयारीका ती काम यस प्रकार थिए – सैद्धान्तिक तथा राजनीतिक तयारी, सांगठनिक तयारी, संघर्ष सम्बन्धी तयारी र प्राविधिक तयारी । तयारीका कामलाई यसरी मूर्तीकृत गरेपछि तिनै कामलाई केन्द्रबिन्दु बनाइयो र तिनैमा पार्टी कामलाई केन्द्रित गरियो ।

तयारीकै प्रक्रियामा पार्टीमा दक्षिणपन्थी प्रवृत्तिका विरूद्ध भीषण विचारधारात्मक संघर्ष चलाउनु पऱ्यो । ने. क. पा. (एकता केन्द्र)को एउटा हिस्सालाई पार्टीबाट निस्काशित गर्नुपर्ने अवस्था पैदा भयो । पार्टीभित्रको दक्षिणपन्थी अवसरवादी हिस्सालाई निष्काशित गरेपछि ने. क. पा. (माओवादी)को निर्माण भयो । त्यसले जनयुद्धको थप तयारी गऱ्यो र जनयुद्धमा जाने निर्णय लियो ।

## पहल, निरन्तरता र विकास

पार्टीद्वारा निर्धारित गरिए अनुसार निश्चित दिनमा केही फौजी तथा जनकार्यवाही सहित जनयुद्धको ऐतिहासिक पहल गरियो । त्यो एक गुणात्मक धक्का थियो । त्यसले नेपाली राजनीतिमा एउटा तरङ्ग पैदा गऱ्यो । सत्ताधारी वर्गद्वारा त्यसलाई छिट्टै ध्वस्त पारिने घोषणा गरियो । कैयौं कार्यकर्ता तथा शुभचिन्तकहरूले त्यसको स्वागत गरे । जनयुद्धले जनसमर्थन प्राप्त गर्दै गयो र दमन अभियान पनि तीव्र पार्दै लगियो । जनयुद्धको पहल निरन्तरता र विकासको प्रक्रिया अगाडि बढ्यो ।

दस वर्षको बीचमा जनयुद्ध रणनीतिक रक्षा र रणनीतिक सन्तुलनका चरण हुँदै विकसित भयो । यसले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा भारी उथलपुथल पैदा गरिदियो । अन्तर्राष्ट्रिय स्तरमा पनि यसको प्रभाव पर्दै गयो ।

देशभित्र र बाहिर समर्थन र विरोधका रूपमा विभिन्न प्रतिक्रियाहरू अभिव्यक्त हुँदै गए । जनता र जनमुक्ति योद्धाहरूका त्याग, वीरता र बलिदानका उत्कृष्ट कीर्तिमानहरू स्थापित भए ।

## महान् उपलब्धिहरू

दस वर्षसम्म सञ्चालित जनयुद्धको प्रक्रियामा राजनीतिक, फौजी, सांगठनिक, सांस्कृतिक र वैचारिक क्षेत्रमा कैयौं महत्वपूर्ण उपलब्धिहरू हासिल गरिए । ती उपलब्धिबारे संक्षिप्तमा उल्लेख गर्न आवश्यक छ :

**पहिलो : राजनीतिक उपलब्धि ।** जनयुद्धको बीचबाट मजदूर, किसान, महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, पिछडिएका क्षेत्र सहितका शोषित उत्पीडित वर्ग र समुदाय राजनीतिक रूपमा सचेत र क्रियाशील बन्दै गए । मजदूर तथा किसान वर्ग, उत्पीडित समुदाय, वामपन्थी, देशभक्त र प्रगतिशील शक्तिको विशाल हिस्साले जनयुद्धको समर्थन गर्दै गयो र त्यस प्रक्रियामा सहभागी समेत भयो । राजनीतिक क्षेत्रमा हासिल गरिएको एउटा प्रमुख उपलब्धि भनेको झण्डै ८० प्रतिशत जति देशका विशाल ग्रामीण भूभागहरूमा जनसरकारहरूको स्थापना गर्नु र शोषित पीडित वर्ग र जनसमुदायलाई राज्यसत्ताको मालिक बनाउनु हो ।

**दोस्रो : फौजी उपलब्धि ।** सामान्यतः लडाकुहरू तथा सुरक्षादलबाट छापामार दस्ता हुँदै जनमुक्ति सेना नेपालको जन्म भयो । जनयुद्धको प्रक्रियामा छापामार कारवाहीको बीचबाट छापामार एरियाहरू र आधार इलाकाहरूको निर्माण हुँदै गयो । फौजी स्रोत साधानहरूको संकलन, कब्जा र निर्माणको क्षेत्रमा मात्रात्मक स्थितिबाट गुणात्मकतिर विकास गर्दै जाने काम भयो । साना छापामार दस्ताबाट प्लाटुन, कम्पनी, बटालियन, ब्रिगेड र डिभिजन स्तरसम्मको सेना बन्यो । अन्तिम समयसम्म आउँदा ७ डिभिजनसम्मको जनमुक्ति सेना बन्यो ।

**तेस्रो : सांगठनिक उपलब्धि ।** जनयुद्धको थालनी गर्ने समयमा पार्टी र जनवर्गीय मोर्चाका संगठनहरू संख्या र भूगोल दुवै हिसाबले व्यापक थिएनन् । जनयुद्धको क्रममा ती देशव्यापी रूपमा फैलिए । पार्टी र ज. व. स. मोर्चाहरूको सदस्य संख्यामा भारी बृद्धि भयो । सबै संगठन जुझारू संगठनका रूपमा विकसित हुँदै गए । पार्टीमा विभिन्न विभागहरू बने ।

सांगठनिक फाँटमा कार्यकर्ता र नेताहरूको संख्या बढ्नुका साथै विकास पनि हुँदै गयो । पूर्णकालीन सदस्यहरूको विशाल संख्या विकसित भयो । सांगठनिक फाँटमा बढ्दै र विकसित हुँदै गएको यो विशाल पंक्ति क्रियाशील बन्दै गयो र जनताका बीचमा झाङ्गियो । पार्टी संगठनको फौजीकरण भयो ।

**चौथो : सांस्कृतिक उपलब्धि ।** सांस्कृतिक फाँटमा जनयुद्धको प्रक्रियामा जुन उपलब्धि हासिल गरिए ती विविध प्रकारका रहेका छन् । सर्वप्रथम त यस क्षेत्रमा वर्गचेतना विकसित हुँदै गयो । दोस्रो, सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवाद, साम्राज्यवाद/विस्तारवाद, ब्राह्मणवाद, पितृसत्तावाद र जातीय तथा क्षेत्रीय अहङ्कारवादका विरूद्ध वर्गीय तथा जातीय मुक्ति, देशभक्ति, स्वतन्त्रता र समानताको मान्यतामा आधारित प्रगतिशील, राष्ट्रिय, जनवादी तथा वैज्ञानिक संस्कृतिको विकास हुँदै गयो । वर्ग, जातपात, छुवाछुत, जातजाति, लिङ्ग र धर्ममा आधारित उत्पीडन र भेदभाव विरोधी चेतना विकसित भयो । श्रमप्रति सम्मानभाव, जनताप्रति प्रेम र वर्गदुस्मनप्रति घृणा, क्रान्ति र मुक्तिप्रति निष्ठाभाव, दायित्ववोध, जीवन र जगतप्रति क्रान्तिकारी आशावादी चेतना आदिको विकास हुँदै गयो । प्रेम, विवाह, मृत्यु जस्ता क्षेत्रमा लामो समयदेखि कायम रहिआएका पूराना संस्कारलाई तोड्दै र नयाँ संस्कारलाई स्थापित गर्दै जाने प्रक्रियाको थालनी भयो । पूराना चाडपर्वको नविनीकरण गर्ने प्रक्रिया अगाडि बढ्यो । प्रगतिशील, सामाजवादी यथार्थवादी र मार्क्सवादी मान्यताका आधारमा साहित्य, कला र सौन्दर्य चिन्तनका क्षेत्रमा सिर्जना, लेखन र सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने काम विकसित हुँदै गयो । समग्रमा, पूराना तथा पतनोन्मुख सामन्तवादी, साम्राज्यवादी/विस्तारवादी, संशोधनवादी सांस्कृतिक मूल्यका विरूद्ध नयाँ सांस्कृतिक मूल्य विकसित हुँदै गए ।

**पाँचौं : विचारका क्षेत्रमा उपलब्धि ।** मार्क्सवाद-लेनिनवाद-माओवादको बुझाइ, प्रयोग र विकासको प्रक्रियामा कार्यदिशा, नीति, संगठन र योजनाको क्षेत्रमा केही प्रगति भयो । आधार इलाकाहरूमा नयाँ राज्यसत्ता सञ्चालन, जातीय आत्मनिर्णयको सैद्धान्तिक स्वीकृतिसहित स्थानीय स्वायत्त शासन, महिला, दलित, मुस्लिम समुदायका लागि व्यवस्था लगायत कतिपय मान्यता विकसित गरिए । अन्तर्राष्ट्रिय भाइचारा तथा संयुक्त मोर्चाका सन्दर्भमा पनि कतिपय मान्यता विकसित भए ।

## गम्भीर विचलन र विश्वासघात

जनयुद्धको एउटा कालखण्डमा मूल नेतृत्वद्वारा सकारात्मक भूमिका खेलिए पनि अर्को कालखण्डमा त्यसमा विभिन्न प्रकारका गलत चिन्तन तथा प्रवृत्ति पैदा हुँदै गए । अन्ततः ती मध्यमार्गको रूप धारण गर्दै गम्भीर दक्षिणपन्थी अवसरवादमा परिणत भए । ती सबैको पराकाष्ठा कम्युनिस्ट पार्टी, क्रान्ति र जनयुद्धप्रतिको गम्भीर विश्वासघातमा प्रकट भयो । यस सन्दर्भमा उल्लेख गर्नुपर्ने मूल विषय यी हुन् :

**पहिलो : विचारधारात्मक क्षेत्र ।** विचारधारात्मक क्षेत्रमा निम्न पुँजीवाद अत्यन्तै घातक मनोवृत्ति हो । यस मनोवृत्तिको दोहोरो विशेषता हुन्छ । यो प्रवृत्ति एउटा निश्चित कालखण्डमा क्रान्तिकारी रूपमा प्रकट हुने गर्दछ भने क्रान्तिले सटिक तथा कठिन मोड लिएको अर्को कालखण्डमा अवसरवादी रूपमा देखा पर्ने गर्दछ । निम्न पुँजीवादी मनोवृत्तिले ग्रसित मानिसहरूमा चरम व्यक्तिगत महत्वाकांक्षा, अस्थिरता, अधैर्य, ढुलमुलपन आदि पाइन्छ । नेतृत्वको सर्वोच्च ओहदामा पुगेका मानिसहरूमा यसप्रकारका प्रवृत्ति पैदा भए भने तिनको परिणाम अत्यन्तै नकारात्मक तथा घातक बन्न पुग्दछ । आखिर त्यही नै भयो । मूल नेतृत्वले विसर्जनवाद र आत्मसमर्पणवादको बाटो पक्ड्यो । यसै क्रममा अनेकौं आवरण खडा गरी अवतरणका लागि आधार तयार पार्ने काम गरियो । संविधान सभा, जनयुद्ध र जनविद्रोहको फ्युजन, एक्काइसौं शताब्दीको जनवाद आदि यिनै आवरणका केही प्रमुख रूप थिए ।

**दोस्रो : राजनीतिक कार्यदिशाको क्षेत्र ।** राजनीतिक कार्यदिशाको क्षेत्रमा नयाँ जनवादको विरोध र विकल्पमा लोकतान्त्रिक गणतन्त्रको नारा पारित गरियो । यो गम्भीर प्रकारको दक्षिणपन्थी संशोधनवादी विचलन थियो । यो सुधारवाद र संसदवादको नाङ्गो अभिव्यक्ति थियो । यसै क्रममा भारतीय विस्तारवादको निर्देशनमा १२ बुँदे सम्झौता गरियो ।

**तेस्रो : फौजी कार्यदिशाको क्षेत्र ।** फौजी कार्यदिशाको क्षेत्रमा एकातिर जनयुद्ध तथा सशस्त्र जनविद्रोहको फ्युजन र अर्कोतिर सशस्त्र जनयुद्ध, निशस्त्र जनआन्दोलन, शान्तिवार्ता तथा कूटनीतिक बीच तालमेलको आवरण खडा गरियो । यी दुवै आवरण आफ्नो सारतत्वका लोकतान्त्रिक गणतन्त्रका रूपमा संसदवादको पुनरावृत्ति र पश्चगामी राज्यसत्तामै अवतरणका लागि खडा गरिएका थिए । जब विस्तृत शान्ति सम्झौताका रूपमा १० वर्षसम्म सञ्चालित जनयुद्धको अन्त भएको घोषणा गरियो त्यो बेला यी सबै आवरण स्पष्टसित उदाङ्गिए ।

**चौथो : साम्राज्यवाद सम्बन्धी दृष्टिकोण ।** साम्राज्यवादबारे लेनिन र माओद्वारा गरिएको विश्लेषण र त्यसद्वारा निर्मित रणनीति सम्बन्धी मान्यतालाई पछि परिसकेको बताइयो । वस्तुतः साम्रज्यवादले भूमण्डलीकृत स्वरूप ग्रहण गरे पनि त्यसको एकधिकारवादी सारतत्वमा कुनै परिवर्तन आएको थिएन र छैन पनि । परन्तु, साम्राज्यवाद सम्बन्धी लेनिन र माओका मान्यतालाई पछि परिसकेको बताई साम्राज्यवाद र विस्तारवादसित आत्मसमर्पण गर्नका लागि ढोका खोल्ने काम गरियो ।

यी सबैको परिणाम स्वरूप संविधान सभामा पश्चगामी राज्यसत्ता तथा संसदीय व्यवस्थालाई नै ब्युझाउने काम भयो र त्यसै संविधानको कार्यन्वयन गर्ने प्रतिवद्धता जाहेर गरियो ।

## गल्ती, कमजोरी र सीमा

जनयुद्धको प्रक्रियामा क्रान्तिकारी पथबाट अर्थात् तत्कालीन नेकपा (माओवादी) भित्रको क्रान्तिकारी धाराबाट पनि गल्ती, कमी तथा कमजोरी हुन गएका छन् । यस धारामा पनि कतिपय सीमा रहन गएका छन् । यी कुराबारे पनि उल्लेख गर्न आवश्यक छ ।

पहिलो त क्रान्तिकारीहरूमा पनि निम्न पुँजीवादी चिन्तनका कतिपय कमजोरी तथा सीमाहरू रहे । यस सन्दर्भमा मूलतः केही उदारता, आवश्यक सतर्कताको अभाव, मूल नेतृत्व प्रति आवश्यकताभन्दा बढी विश्वास जस्ता विषय उल्लेखनीय रहेका छन् ।

दोस्रो कुरा विचारको विकासको नाममा प्रचण्डपथलाई स्वीकार गर्नु सबैभन्दा ठूलो गल्ती हुन गएको छ । नेपालमा मार्क्सवाद-लेनिनवाद-माओवादको प्रयोगको प्रक्रियामा जुन मान्यता विकसित हुँदै गएका थिए सामूहिक नेतृत्वको भूमिका रहेको थियो । त्यो स्थिति हतारिएर व्यक्तिविशेषको नाममा पथ जोड्नु आवश्यक थिएन ।

हामी उक्त प्रकारका आफ्ना गल्ती, कमजोरी तथा सीमाप्रति गम्भीर रूपमा आत्मालोचित हुँदै आएका छौं ।

## जनयुद्धले सिकाएको पाठ

दस वर्षसम्म सञ्चालित महान् जनयुद्धको प्रक्रियामा जुन सकारात्मक तथा नकारात्मक अनुभवहरू हासिल गरिए ती अनुभवहरूले हामीलाई कैयौं महत्वपूर्ण

पाठहरू सिकाएका छन् । ती पाठहरूलाई हामीले संक्षिप्तमा सूत्रबद्ध गर्न जरूरी छ ।

**पहिलो,** क्रान्तिका लागि सही सिद्धान्त, सही कार्यदिशा र सही नेतृत्वको आवश्यकता पर्दछ । जब हामी मार्क्सवाद-लेनिनवाद-माओवादद्वारा पथप्रदर्शित भई नयाँ जनवादी क्रान्ति र जनयुद्धको राजनीतिक तथा फौजी कार्यदिशालाई आत्मसात गरी अगाडि बढ्यौं र नेतृत्व पनि सही नै रह्यो त्यो बेलासम्म जनयुद्धको विकासको प्रक्रिया प्रभावकारी ढंगले अगाडि बढ्यो, यसको उल्टो जब सही सिद्धान्त, कार्यदिशा र नेतृत्वमा गडबडी पैदा हुँदै गयो, त्यस स्थितिमा जनयुद्धले पनि गम्भीर धक्का खान पुग्यो ।

**दोस्रो,** सानो र कमजोर शक्तिले पनि सही सिद्धान्त र कार्यदिशाका आधारमा राम्रो तयारी गऱ्यो भने क्रान्तिकारी युद्ध अगाडि बढ्न सक्दो रहेछ । यो जनयुद्धले सिकाएको एउटा अर्को महत्वपूर्ण पाठ हो ।

**तेस्रो,** जनयुद्धमा सबै तह र तप्काका जनसमुदाय विशाल मात्रामा होमिए । यसो हुनका पछाडि वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक लगायत उत्पीडनको मारमा परेका मजदूर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएका क्षेत्र लगायतका जनताका समस्यालाई सही रूपमा संबोधन र जनतामा विश्वास गर्न सक्नु नै मूल कारण रहेका छन् ।

**चौथो,** पार्टीमा चल्ने दुई लाइन संघर्षमा जबसम्म क्रान्तिकारी धारा प्रभावी हुन्छ, त्यो बेलासम्म पार्टी सही हुन्छ र क्रान्तिको प्रक्रिया पनि सही ढंगले अगाडि बढ्छ, अनि जब यसमा विपरीत काम हुन थाल्दछ, त्यो बेला ठूलै गडबडी पैदा हुन्छ । जनयुद्धले सिकाएको यो एउटा अर्को महत्वपूर्ण पाठ हो ।

## उपसंहार

महान् जनयुद्धको संक्षिप्त चर्चा यही हो । यस विषयलाई अत्यन्तै सघन र सूत्रबद्ध रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । जनयुद्धको तयारी, पहल, निरन्तरता र विकास, महान् उपलब्धि, गम्भीर विचलन र विश्वासघात, क्रान्तिकारी धाराका कमजोरी तथा सीमा र जनयुद्धले सिकाएका पाठ - यी सबै विषय विशेष मननीय रहेका छन् । आवश्यकता अनुसार यी विषयलाई विस्तृत रूपमा उल्लेख र छुटेका कतिपय महत्वपूर्ण पक्षलाई पछि समावेश गर्नेबारे पनि ध्यान दिइनेछ ।

जनयुद्धमा कैयौं सबल तथा उर्बर पक्ष रहे । परन्तु समग्रमा जनयुद्ध नेपाली क्रान्ति, नेपाली कम्युनिस्ट आन्दोलन र विश्वकै क्रान्तिको सन्दर्भ र सापेक्षतामा पनि एक महान् ऐतिहासिक परिघटना हो । यद्यपि जनयुद्धले पूर्णता प्राप्त गर्न सकेन, तर पनि जयुद्धले उठाएका विषय र जनयुद्धको प्रक्रियामा भएका त्याग, वीरता, तथा बलिदानका कीर्तिमानी मूल्यहरू देश र जनताको मुक्ति प्राप्त नगरून्जेल निरन्तर प्रकट भइरहनेछन् । महान् जनयुद्धका असली उत्तराधिकारी नेपालका क्रान्तिकारी कम्युनिस्ट योद्धाहरू नै हुन् ।

***२०७४ फागुन ६ गते ।***

# वास्तविक वामपन्थीहरूको जिम्मेवारी



भक्तबहादुर श्रेष्ठ

नेपालका वामशक्तिहरू भनेको नेपालको सन्दर्भमा मार्क्सवादी सिद्धान्त मान्नेहरू नै हुन् । मार्क्सवादीहरूले केवल आंशिक सुधारमा मात्र ध्यान दिँदैनन्, उनीहरूको लक्ष्य आमूल परिवर्तनकारी दिशातर्फ अगाडि बढ्दै अन्तमा समाजवाद-साम्यवादसम्म पुग्नु हो । आज नेपालका वामशक्तिहरू सङ्गठनात्मक रूपमा विभाजित छन्, कार्यदिशामा मतमतान्तर छ, तर उनीहरूको मूल लक्ष्य एउटै छ र मूल प्रहारको निसाना एउटै छ, त्यो हो सामन्तवाद र साम्राज्यवाद । यो देशको आमूल परिवर्तनको मुख्य बाधकको रूपमा रहेको साम्राज्यवाद-विस्तारवाद र सामन्तवादलाई ढाल्ने दिशामा अघि नबढेसम्म आमूल परिवर्तनको लक्ष्यमा पुग्न सक्तैनौँ भन्ने कुरा पनि मौखिक रूपमा सहमत नै छन् । आज नेपालमा गणितीय हिसाबले हेर्दा वामशक्ति सशक्त रूपमा अगाडिदेखिन्छ । तर पनि किन यहाँ सशक्त सङ्घर्षको ज्वार उठिरहेको छैन, किन सामन्तवाद र साम्राज्यवादका दलालहरूले राइँदाइँ चलिरहेको छ भन्ने प्रश्नहरू उठिरहेका छन् । यसलाई वामशक्तिहरूले त्यति गम्भीरताका साथ लिएको पाइँदैन । स्थिति गम्भीर र जटिल बनिसकेको छ । अझ पनि गम्भीर बन्न सकेनौँ भने नेपाल र नेपालीले झन् दुर्दशा भोग्नु पर्ने छ र वामशक्तिहरूको अस्तित्व पनि खोज्नुपर्ने स्थिति पनि आउन सक्छ । मार्क्सवादीहरूले कारणहरूको पत्ता लगाई त्यसको निराकरण गर्दछन् । त्यसको कारणको खोजीमा नलागी, समस्या निराकरण गर्नुपर्ने महसुस नगरी आआफ्नो डम्फु बजाएर आफैँलाई श्रेष्ठ देखाउने र अरूको जरोकिलो उखेल्नेप्रति नै बढी ध्यान दिएकाले वामशक्तिहरू कतै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामन्तवाद र साम्राज्यवादको को खेलौना त बनिरहेका छैनौँ भनेर सोच्ने बेला आएको छ । नियतवश त्यस्तो नहोला, तर हाम्रो दूराग्रहपूर्ण भावनाले, हाम्रो सङ्कीर्ण मानसिकताले र हाम्रो निम्न पुँजीवादी स्वार्थ र सोचाइले हाम्रो सिद्धान्त र व्यवहारबीचको अनमेलले हामीलाई यस्तो स्थितिमा पुऱ्याएको छ । हामी बलियो भएर पनि दुर्वल बनेका छौँ र शक्ति भएर पनि शक्तिहीनजसता बनेका छौँ । त्यसैले हामी जुन पर्खाल ढाल्ने कुरा गरिरहेका छौँ, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा त्यसै पर्खालको अडेसो बन्न पुगेका छौँ । योभन्दा चिन्ताको विषय अरू के हुन सक्तैन । हामी वास्तविक मार्क्सवादी-लेनिनवादी हौँ र हाम्रो सिद्धान्त मार्क्सवादी द्वन्द्ववाद हो भने सङ्घर्षको साथसाथ एकता पनि खोजेर, हाम्रा अगाडि बाधकको रूपमा रहेको पर्खाल ढाल्न सशक्त रूपमा प्रतिबद्धताका साथ अगाडि बढ्नु आवश्यक हुन्थ्यो । हामीमा गम्भीर कमजोरी रहेका छन् भनेर हामीले जिम्मेवारीपूर्ण ढङ्गले सोच्नु आवश्यक छ ।

निम्न पुँजीवादी स्वार्थले उब्जाएको चिन्तन नै अहिले सबैभन्दा बढी बाधक बनेको छ । यस चिन्तनले हामीले जतिसुकै मार्क्सवादी-लेनिनवादी सिद्धान्तको गफ छाँटे पनि जतिसुकै आमूल परिवर्तनको र क्रान्तिका कुरा गरे पनि हामीलाई मार्क्सवादी-लेनिनवादी बन्नदिएको छैन, क्रान्तिको दिशामा जान दिएको छैन । आफू अगाडि बढ्न नसकेपछि बढ्न खोज्नेहरूका अग्रगामी चेतना र कदमलाई पनि यही निम्न पुँजीवादी महत्वाकाङ्क्षा बाधक बनेको छ । प्रोत्साहन र सहयोगको सट्टा अनेक विशेषणहरू दिएर बदनाम गर्न खोजिन्छ । यसले गर्दा हामी जुन पर्खाल ढाल्ने कुरा गरिरहेका छौँ उल्टो त्यसको अडेसो हुन गइरहेका छौ । यति सामान्य सोचाइ पनि नहुनु भनेको मार्क्सवादबाट विचलन हो । मार्क्सवादबाट विचलित भएपछि त्यहाँ निश्चित रूपले संशोधनवादले प्रवेश गर्छ । नेपालको कम्युनिस्ट आन्दोलनमा भएको नै यही हो । समय भड्किसकेको छैन, अझै पनि सोच्न सक्यौँ भने वामशक्तिहरूको विकासले नेपाललाई ऐतिहासिक विकासको स्थितिमा पुऱ्याउँछ । यसका लागि दुइटा कुरा हामीले महत्वपूर्ण रूपमा ग्रहण गर्नुपर्छ– सैद्धान्तिक र वैचारिक मतभेद हुनासाथ दुस्मनको पङ्क्तिमा लगेर शत्रुवत् व्यवहार गर्ने पद्धति त्याग्ने र अर्को जतिसुकै मतभेद भए पनि देश र जनताका सवालमा एकताबद्ध भएर जाने । द्वन्द्ववादकै भाषामा भन्ने हो भने विपरीत तत्वहरूको एकता र सङ्घर्षमा सत्रु पक्षसँग सङ्घर्ष र मित्रहरूको

पक्षमा एकता-सङ्घर्ष-एकताका रूपमा अघि बढ्नुपर्छ । सत्रु पक्षहरूका बीचमा गुणात्मक रूपकै अन्तर्विरोध हुने हुनाले गुणात्मक रूपबाट अन्तर्विरोध समाधान गरिन्छ भने मित्र पक्षहरूको बीचको अन्तर्विरोध जनवादी ढङ्गबाट हल गर्नुपर्छ । मित्रहरूमा केही कमजोरी देख्नासाथ सत्रुपक्षलाई बल पुग्ने गरी गुणात्मक रूपको अन्तर्विरोधको रूपमा लिन पुगियो भने यसले शत्रु पक्षलाई नै बल पुऱ्याउँछ । वामपन्थीहरूले यसलाई व्यवहारमा उतार्न सक्यौँ भने यसले निकै सकारात्मक योगदान पुऱ्याउँछ ।

वैचारिक मतभेद हुनासाथ त्यसलाई गुणात्मक रूपको अन्तर्विरोध सम्झेर सत्रुवत व्यवहार गर्ने र एकताको नाउँमा वैचारिक सङ्घर्ष नगर्ने यो अधिभूतवादी चिन्तन हो, यो मार्क्सवादी द्वन्द्ववाद होइन । मार्क्सवादीहरू शिष्ट हुन्छन् । उसले राजनीतिक भाषाहरू बोल्नुपर्छ र त्यसैअन्तर्गत वैचारिक मतभेदमा सैद्धान्तिक, वैचारिक दिशामा सुधार गर्ने उद्देश्यले ध्वंसात्मक नभई सिर्जनात्मक ढङ्गले आलोचना गर्नुपर्छ । शिष्ट भाषामा पनिन निर्मम किसिमले प्रस्तुत हुनन सकिन्छ । दुस्मनको खेमामा नपुगुञ्जेल दुस्मनलाई प्रयोग गर्ने भाषा प्रयोग गर्नु अशिष्ट मात्र नभएर फाटो बढाउने काम मात्र हुन्छ । यसलाई पनि गतिको रूपमा हेर्नुपर्छ । जतिजति दुस्मनको खेमामा जान्छ, त्यतित्यति निर्मम प्रहार गर्नुपर्छ । तर उद्देश्य सकारात्मक हुनुपर्छ, सकेसम्म दुस्मनको खेमामा नजाओस् भनने उद्देश्य हुनुपर्छ । यसले वामशक्तिहरूको विकासमा सहयोग पुऱ्याउनेछ । हाम्रो उद्देश्य दुस्मनको घेरा सानो र मित्र शक्तिको घेरा फराकिलो पार्ने नै हुनुपर्छ । क्रान्तिकारीहरूका लागि यो झन् महत्वपूर्ण कुरा हुनजान्छ ।

आजको अवस्थामा वामशक्तिहरूको काँधमा गम्भीर जिम्मेवारी आएको छ । यही जिम्मेवारीका कारण हामीले अनेकतामा एकता खोज्नु परेको छ । एकताको नाममा पछाडि फर्कने दिशातिर होइन, अग्रगामी चेतना बोकेर, जसरी प्रतिक्रियावादी शक्तिहरू अगाडि बढ्छन् त्यसको मुकाबिलाका लागि गतिका साथ अघि बढ्न सक्यौँ भने मात्र देश र जनताप्रतिको गहन जिम्मेवारी बहन गर्न सक्छौँ । हामीले बारम्बार धोखा खाइरहेका छौँ । २००७ साल,२०१७ साल, ०३६ साल र २०४७ सालमा हामीले धोका पायौँ । यसैको परिणाम आज हामीले भोगिरहेका छौँ । ०४६ सालको जनआन्दोलनपछि आएको राजतन्त्रात्मक संसदीय व्यवस्थाबाट जनताले केही आशा गरेका थिए । जनताका गाँसबासकपासको समस्या समाधान हुने र असमान सन्धिहरू खारेज भई राष्ट्रिय अखण्डता र एकता प्रबल रूपमा सुदृढ हुने आशा गरेका थिए । तर जनताको आशामाथि आरम्भका दिनहरूदेखि नै निर्मम प्रहार भएको छ । दस वर्षको यस अन्तरालमा राष्ट्रियताको खतरा झन् बढ्द गएको छ । नेपाललाई हातखुट्टा फैलाउन नपाउने गरी विस्तारवादले बाँधिराखेको असमान सन्धिहरू जस्तोतस्तै छन् । झन् यस अवधिमा राष्ट्रघाती महाकाली सन्धि भएको छ । नेपालको धर्तीमा भारतीय विस्तारवादको सेनाले परेड खेलिरहेको छ । भारतद्वारा सीमा अतिक्रमण जारी रहेको छ । खुलाबजार, निजीकरण, साम्राज्यवादी हस्तक्षेप आदिले नेपालको राष्ट्रिय अर्थतन्त्र चौपट छ । भ्रष्टाचारको जगजगी, महँगी र बेरोजगारीले जनताको जनजीवन अस्तव्यस्त भएको छ । शिक्षा, स्वास्थ्यजस्ता कुराहरू पनि पुँजीवादीकरण हुँदै इरहेका छन् र आमजनता सामान्य स्स्वास्थ्योपचारबाट समेत बञ्चित हुनुपरेको छ । न्यायव्यवस्था पनि जनताको स्थितिभन्दा बाहिर भएको छ । मुठ्ठीभर व्यक्तिहरूले सत्ताको आडमा लुट मच्चाएका छन् भने देश र जनता कङ्गाल बन्दै गइरहेका छन् । संविधानप्रदत्त सीमित अधिकारहरू पनि खोसिँदै गएका छन् । राज्यआतङ्क तीव्र बनेको छ । सत्ताधारी वर्ग फासिवादको अभ्यासमा लागेको छ । यसै स्थितिबाट फाइदा लिन पुनरूत्थानावादीहरूको चहलपहल बढेको छ । आजको वास्तविक वस्तुगत स्थिति यही हो । त्यसैले वामपन्थी शक्तिहरू सतर्क हुनुपर्ने र आमजनतालाई सतर्क गराउनु पर्ने आवश्यकता बढेर गएको छ ।

वामशक्तिहरूको तत्कालिक दायित्व भनेको जनतालाई विकल्पबोध गराउन र यस सरकारका तमाम देशघाती, जनघाती र भ्रष्ट आचरणहरूको विरोध गर्दै समस्या समाधान गर्ने सशक्त आन्दोलनको दिशाग्रहण गर्नु हो । तत्कालन व्यवस्था परिवर्तन गर्न सक्तैनौँ भन्दै विकल्पको ठाउँमा यसै व्यवस्थमा सुधार गर्ने भन्ने कुरा राजनीतिक सुधारवाद हो । जनतालाई अग्रगामी दिशातिर उन्मुख गराउने भन्दा अलमल्याउने काम भन्ने सुधारवाद हो । विकल्प प्रस्तुत गर्ने भनेको जनतालाई क्रान्तिको दिशातिर बढ्न प्रशिक्षित पार्नु हो । कम्युनिस्टहरूले यस्तै राज्यसत्ता भित्र गर्न सकिने सुधारलाई इन्कार नगरे पनि यस्तो व्यवस्था सुधार गरेर आमूल परिवर्तन गर्न सकिन्छ भन्ने सोचाई राख्नु सुधारवाद हो । वामपन्थी शक्तिहरूले यही पुँजीवादी

व्यवस्थालाई सुधार गरेर देश र जनताको समस्या समाधान नहुने हुनाले क्रान्तिकारी विकल्प सहित गुणात्मक दिशातिर अघि बढ्नु पर्दछ । यस्तो भएपछि मात्र हामीले आजको गहन जिम्मेवारी पूरा गर्न सक्छौँ । तर स्थिति यस्तो छैन । हामी आफूआफूमा विभाजित छौँ । आफ्नै डम्फू बजाइरहेका छौँ ।

त्यसैले मलाई के भन्न मन लागेको छ भने हामीले कम्युनिस्ट सिद्धान्त मान्ने कुराको घोषणा गरे पनि हामी वास्तविक कम्युनिस्ट हुन सकेका छैनौँ । हामीमा पुर्खादेखिका निम्न पुँजीवादी विचारधाराले जरो गाडेको छ । बाहिरी रूपमा क्रान्तिको चाहना भए पनि आन्तरिक रूपमा हामी आत्मसुरक्षावादी छौँ । त्यसैले हामीलाई वास्तविक कम्युनिस्ट बन्न दिएको छैन । हामी क्रान्तिको चाहना पनि गर्छौं, अर्कोतिर सम्पत्तिको सुरक्षा र बृद्धिको मोहमा नराम्रोसँग फसेका छौँ । यी प्रवृत्तिहरू सर्वहारा प्रवृत्तिहरू नभएर निम्न पुँजीवादी प्रवृत्तिहरू हुन् । अनि आफ्ना यी प्रवृत्तिहरू ढाकछोप गर्न, यसलाई सही ठहऱ्याउन, यी प्रवृत्तिहरूबाट मुक्त भई देशका लागि मरिमेट्नेहरूका विरूद्ध नै अनेक फत्तुर लगाउँछौँ । यो निम्न पुँजीवादी पूर्वाग्रह हो । आफ्नो गलत चिन्तनलाई सही साबित गर्न होइन सिद्धान्तलाई आफ्नो अनुकूल ढाल्ने कोसिस गर्छौँ । आजका वामपन्थी शक्तिहरूको कमजोरी भनेको नै यही हो । यी कमजोरीहरूबाट मुक्त नहोउन्जेल वामपन्थी आन्दोलनले सही धार पक्रन सक्तैन । यसमा हामी सबै गम्भीर बन्नु आवश्यक छ ।

मार्क्सवादीहरू राज्यसत्तालाई वर्गभन्दा माथि ठान्दैनन् । यसै व्यवस्थालाई सुदृढ पार्दै सुधार गर्दै लाने विचार मार्क्सवादी विचार हुन सक्तैन । यही विचारले वामपन्थी आन्दोलनलाई कमजोर बनाएको छ । यस विचारले पुँजीवादीहरू, सामन्तवाद र साम्राज्यवादीहरूको पुच्छर बनाइदिन्छ ।

अन्तमा म के भन्न चाहन्छु देश र जनताका मूल विषयमा केन्द्रित भई एकताबद्ध भएर इमानदारीताका साथ आन्दोलनमा उत्रने हो भने वामपन्थीहरूको भविष्य उज्वल छ । आजको इतिहासले पनि यही खोजेको छ ।

***(साभारः भक्तबहादुर श्रेष्ठका सङ्कलित रचनाहरू भाग १ बाट)***

# नेपाली जनयुद्ध र यसका शिक्षाहरू



सी. पी. गजुरेल

२०५२ साल फागुन १ गतेदेखि दस वर्षसम्म निरन्तर रूपमा नेपालमा अघि बढेको जनयुद्ध नेपालको कम्युनिस्ट आन्दोलनको दृष्टिले मात्र होइन, नेपालको राजनीतिक आन्दोलनको हिसाबले मात्र पनि होइन, समग्र नेपाली समाजको इतिहासका हिसाबले समेत सर्वाधिक महत्वपूर्ण क्रान्तिकारी आन्दोलनका रूपमा स्थापित भएको छ । सफलताको सन्निकट पुगेको यो क्रान्तिले राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी शक्तिहरू तथा स्वयम् जनयुद्धको नेतृत्व गरेका र नायकका रूपमा चर्चामा आएका नेताहरूको वर्गीय आत्मसमर्पण, राष्ट्रिय आत्मसमर्पण, क्रान्तिप्रति नै गरेको विश्वासघात र गद्दारीका कारण ठुलो धक्का खायो । आज बाम खोल ओढेको प्रतिक्रियावादी गठबन्धन त्यो महान् क्रान्तिलाई नै कालो पोतेर बिरूप बनाउन टुप्पीदेखि पैताला सम्मको बल लगाएर लागिपरेको छ । त्यसको आधार मात्र समाप्त पार्ने होइन कि त्यसको जरोकिलो नै गर्ने कसरतमा लागिपरेको छ । तिनीहरू नेपालमा भविष्यमा यस प्रकारको क्रान्ति हुन नदिने गुरू योजना अनुसार यो काममा सक्रियतापूर्वक लागिरहेका छन् । जनयुद्धलाई कुरूप बनाउने योजनालाई चकनाचुर पारेर यसका सकारात्मक पक्षहरूको रक्षा र विकास गर्नु नेपालमा नयाँ जनवादी क्रान्तिको तयारी गर्नु पनि हो । जनयुद्ध ठिक कि बेठिक भन्ने बहसमा भाग लिइरहँदा यसको महत्वलाई यसै आधारमा बुझ्नु आवश्यक छ ।

## जनयुद्ध प्रयोगद्वारा सिद्ध कार्यदिशा

तत्कालीन अर्धसामन्ती र अर्धऔपनिवेशिक विशाल देश चीनमा सम्पन्न नयाँ जनवादी क्रान्तिमा लामो समय प्रयोग गर्दै ती सबै अनुभवलाई समेत गम्भीर प्रकारको संश्लेषण गरेर माओले प्रतिपादन गर्नु भएको फौजी कार्यदिशा हो-दीर्घकालीन जनयुद्ध । खासगरी अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा क्रान्ति सम्पन्न गर्नका लागि यो कार्यदिशालाई अवलम्बन गर्दै आफ्नो देशको क्रान्तिलाई अघि बढाउने प्रयास विश्वका विभिन्न देशमा अझै पनि भइरहेका छन् । यतिखेर जनयुद्धको कार्यदिशा पिछडिएका अल्पविकसित देशहरूमा मात्र लागु हुन्छ भन्ने मान्यता थियो । तर अहिले जनयुद्धको सार्वभौमिक चरित्र हुन्छ, जुन विकसित देशका क्रान्तिमा पनि लागु हुन्छ भन्ने मान्यता स्थापित भएको छ । नेपालमा दस वर्षसम्म यसको सुन्दर ढंगले प्रयोग भयो । दस वर्षको अवधिमा जनसेनाको निर्माण, आधार इलाका र छापामार इलाकाहरूको निर्माण, जनसरकारहरूको संचालन, देशैभरि जनयुद्धको पक्षमा उभार, व्यापक अन्तर्राष्ट्रिय समर्थन आदि यसका महत्वपूर्ण उपलब्धिहरू थिए । जति बेलासम्म जनयुद्धको नेतृत्व गरिरहेको तत्कालीन ने. क. पा. (माओवादी) ले मालेमावादप्रति इमान्दार हुँदै जनयुद्धको आम कार्यदिशालाई नेपाली विशिष्टतासँग जोडेर इमान्दारीपूर्वक लागु गऱ्यो त्यसबेलासम्म कतिपय कमजोरीका वावजुद जनयुद्ध सफलतापूर्वक अघि बढ्यो । जब नेतृत्वमा विचलन आयो, जब विचार र राजनीतिक कार्यदिशाले गलत बाटो पक्रियो, जब नेतृत्व नै देशी, विदेशी शक्तिहरूसँग साँठगाँठ गरेर जनयुद्धका विरूद्ध षड्यन्त्रमा संलग्न भयो, यसले धक्का खानु वाध्यता बन्न पुग्यो । तथापि जनयुद्धले पारेको सकारात्मक प्रभाव, जनयुद्धका उपलब्धि र जनतामा त्यसले छाडेको छाप, नेपाली समाजमा लागु गर्ने सन्दर्भमा त्यसले वैचारिक र राजनीतिक क्षेत्रमा गरेको विकास र त्यसले उठाएको चेतना स्तर अहिले पनि नेपाली समाजमा कायम छन् । यही नै जनयुद्धको जग हो । नेपालमा सम्पन्न हुने नयाँ जनवादी क्रान्ति, नेपालमा स्थापना हुने जनगणतन्त्रको भावी संघर्षमा यो जगको महत्वपूर्ण भूमिका रहनेछ । यो जनयुद्धले पुष्टि गरेका केही वैचारिक, सैद्धान्तिक र राजनीतिक मान्यताको राम्रोसँग पुनर्पुष्टि गरेकोछ । भावी क्रान्तिको सफलताका लागि यी संश्लेषणहरूलाई आत्मसात् गर्ने कुराको ठुलो महत्व छ ।

## वैचारिक र राजनीतिक कार्यदिशाले सबै चिजको निर्णय गर्छ

माओले यो संश्लेषण गर्नु भएको थियो कि अन्तमा सबै चिजको निर्णय वैचारिक र राजनीतिक कार्यदिशा सही वा गलत हुने कुराले गर्दछ । वहाँले यो कुरा पनि स्पष्ट पार्नु भएको थियो कि यदि वैचारिक, राजनीतिक कार्यदिशा सही छ भने हामीसँग नभएका चिजहरू पनि प्राप्त हुन्छन् । यदि संगठन छैन भने त्यो प्राप्त हुन्छ, यदि सेना छैन भने सेना पनि प्राप्त हुन्छ, सत्ता छैन भने सत्ता पनि प्राप्त हुन्छ । यदि वैचारिक र राजनीतिक कार्यदिशा गलत छ भने भएका चिजहरू पनि गुम्दछन्, सेना छ भने त्यो पनि गुम्दछ, सत्ता छ भने त्यो पनि गुम्दछ । माओका उपरोक्त भनाइ नेपाली जनयुद्धका सन्दर्भमा अक्षरशः लागु भएको पाइन्छ ।

जुन बेला हामीले जनयुद्धको तयारी गरिरहेका थियौं, त्यतिखेर हामीसँग ठुलो र मजबुत कम्युनिस्ट पार्टी थिएन, हामीसँग सेना थिएन, हामीसँग, सरकार थिएन । तर त्यतिखेर हामीसँग सही वैचारिक, राजनीतिक कार्यदिशा थियो । तिन कै आधारमा संघर्ष गर्दै जाँदा हामीलाई सबै चिज प्राप्त भएको थियो । तर जब पार्टीमा वैचारिक, राजनीतिक विचलन पैदा भयो, जब वैचारिक र राजनीतिक कार्यदिशा गलत भयो, हामीसँग भएको जनसेना विघटन भयो, जनसरकारहरू विघटन भए, जनआधारहर सबै गुमे । जनयुद्धबाट पुनर्पुष्टि भएको यो शिक्षा वर्तमान र भविष्यमा पनि त्यसरी नै लागु हुनेछ । गलत वैचारिक र राजनीतिक कार्यदिशा बोकेर हिंडेको माओवादी केन्द्र धराशायी हुने कुरा निश्चित छ । एउटा माओवादी संगठनका रूपमा त त्यसको विघटन भै सकेको छ । एमालेमा विलय हुनु भनेको माओवादी संगठनको विघटन हो । अहिले त्यो नवसंशोधनवादी र प्रतिक्रियावादी संगठनमा रूपान्तरित भएको छ । केही समय पछि त्यसको पनि अन्त्य हुनेछ । अर्कातिर हाम्रो पार्टी सही वैचारिक, राजनीतिक कार्यदिशा लिएर अघि बढेको हुनाले अहिले हामीसँग प्राप्त नभएका चिजहरू पनि प्राप्त हुनेछन् । अन्तमा हामो जनगणतन्त्र नेपाल निर्माण गर्ने उद्देश्य पनि पूरा हुनेछ, हामीलाई जनगणतन्त्र नेपाल पनि प्राप्त हुनेछ ।

## राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति अनुकूलताको प्रश्न

सामान्यतया, क्रान्ति सम्पन्न हुनका लागि वस्तुगत पक्ष र आत्मगत पक्ष तयार हुनु पर्दछ, सकभर ती दुबै चिज परिपक्व हुनु पर्दछ । यसका साथै अन्तर्राष्ट्रिय परिस्थिति पनि क्रान्तिका लागि अनुकूल हुनु पर्दछ भन्ने भनाइ छ । यी सबै चिज आफैं तयार हुन्छन् कि तिनको सचेत रूपमा तयारी गर्नु पर्दछ त ? सामान्यतया उत्पीडित राष्ट्रहरूमा क्रान्तिका लागि वस्तुगत परिस्थिति तयार नै हुन्छ । आत्मगत परिस्थिति आफैं तयार भइरहेको पाइँदैन, यसको सचेत रूपमा तयारी गर्नु पर्दछ । यो काम क्रान्तिकारी पार्टीको हो ।

यस विषयमा जनयुद्धको अनुभवले एउटा राम्रो शिक्षा प्रदान गरेको छ । जुन बेला नेपालमा जनयुद्धको पहल गरियो (२०५२ साल फागुन १ मा), त्यतिखेर पार्टीको आत्मगत अवस्था त्यति अनुकूल र बलियो थिएन अर्थात् राष्ट्रिय परिस्थिति क्रान्तिका लागि त्यत्ति अनुकूल थिएन । अन्तर्राष्ट्रिय रूपमा स्थिति एक प्रकारले अनुकूल भन्दा पनि प्रतिकूल थियो । विश्व कम्युनिस्ट आन्दोलनका हिसाबले त्यतिखेर अघि बढेको पेरूको जनयुद्धले, त्यसको नेतृत्व गरिरहेको पेरू कम्युनिस्ट पार्टीका सर्वोच्च नेता क. गोंजालोको गिरफ्तारीपछि धक्का खान थालिसकेको थियो । उता तत्कालीन सोभियत संघको विघटनपछि अमेरिकी साम्राज्यवाद एक मात्र अति महाशक्तिका रूपमा विश्वभरि नै आफ्नो शक्ति प्रदर्शन र दादागिरी देखाइरहेको थियो । यस प्रकारको परिस्थितिमा पहल गरिएको जनयुद्धले अपेक्षाकृत कम समयमै तीव्र रूपमा विकास गऱ्यो र त्यसले विश्वभरि नै ठुलो प्रभाव पारेको थियो । यो अनुभवबाट हामीले के शिक्षा लिन सक्दछौं भने नेपालमा क्रान्ति हुँदैन वा त्यसका निमित्त धेरै दशक लाग्न सक्दछ भन्ने भनाइलाई गलत सावित गरेको छ । नेपालमा अहिले पनि क्रान्तिका लागि वस्तुगत परिस्थिति तयार नै छ । हामीले प्रयास गरेर आत्मगत परिस्थितिको तयारी गर्न सक्दछौ । नेपाली क्रान्ति धेरै टाढा गयो भनेर चिन्ता गर्नु आवश्यक छैन ।

## क्रान्तिकारी उभार पर्खने कुरा

नेपालमा तत्कालीन अवस्थामा जनयुद्धको पहल र विकास कसरी गरियो भन्ने संक्षिप्त चर्चा

गरिसकिएको छ । राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति क्रान्तिको पक्षमा नभएको अवस्थामा पनि नेपालमा जनयुद्ध सुरू भएको र त्यसले विकास गरेको अनुभवका विषयमा पनि उल्लेख गरिसकिएको छ । यसमा एउटा थप प्रश्न उठाउने गरिन्छ : ठिकै छ जनयुद्धको कार्यदिशा लागु गर्दा ती सबै अनुकूलताको आवश्यकता नपर्ला, तर जनविद्रोहको कार्यदिशा अवलम्बन गर्दा त क्रान्तिकारी उभार पैदा नभैकन जनविद्रोह गर्न सकिन्न । जनविद्रोहलाई बुझ्ने विषयमा यहाँ गम्भीर समस्या देखिन्छ । कतिपय मानिसहरूले के बुझेको पाइन्छ भने जनविद्रोहका लागि देशमा एउटा ठुलो क्रान्तिकारी उभार आवश्यक पर्ने भएको हुनाले हामीले त्यस प्रकारको उभारको प्रतीक्षा गरेर बस्नु पर्दछ । त्यसभन्दा अगाडि सामान्य राजनीतिक कामहरूमा सीमित भएर बस्ने हो । यसले पार्टीलाई निस्क्रिय बनाउने काम गर्नेछ ।

मुख्य कुरा के हो भने नेपालमा हुने जनविद्रोह जनयुद्धसँग घनिष्ट रूपमा जोडिएको हुन्छ । त्यसकारण, नेपालको जनविद्रोहमा कतिपय जनयुद्धका नीतिहरू पनि लागु हुन्छन् । त्यसले के संकेत गर्दछ भने नेपालको नयाँ जनवादी क्रान्तिको तयारीमा पार्टी निरन्तर लागिरहनु पर्दछ । अर्को पक्ष, जनविद्रोह गर्नु भनेको निष्क्रिय बसेर उभार कहिले आउला भनेर पर्खेर बस्नु पर्दछ भनेको कदापि होइन । जनविद्रोह गर्ने भनेको त देशव्यापि अथवा देशको एउटा ठुलो हिस्सामा उभार पैदा गराउनका लागि संघर्षका विविध रूपहरूको प्रयोग गर्दै निरन्तर रूपमा सक्रियता साथ अघि बढ्नु पर्दछ भन्ने हो । निष्क्रिय रूपमा उभार पर्खने विचार त आत्मघाती विचार हो । संघर्षका साना, ठुला, वैधानिक अवैधानिक सबै रूपहरूलाई प्रयोग गर्दै आन्दोलन र उभारको स्थिति पैदा गर्ने नीति नै सही नीति हो । अहिले पनि नेपाली समाजमा राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी समस्या विद्यमान् छन् र ती दिनदिनै झन् झन् जटिल बन्दै गएका छन् । यी समस्याका लागि संघर्षको निरन्तर रूपमा वातावरण बनि नै रहन्छ । यसबाहेक अन्य कैयौं समस्याहरू आइ नै रहन्छन् । यी सबै विषयलाई लिएर संघर्षलाई अघि बढाउँदै जानु पर्दछ । यसका साथै देशका विभिन्न भागमा छिटपुट र छरिएका संघर्षहरू निरन्तर भइ नै रहन्छन् । यी सबैलाई केन्द्रित गर्ने र ठुला संघर्षमा विकास गर्ने कामलाई पनि जारी राख्नु पर्दछ । यी सबै प्रकारका संघर्ष र आन्दोलको केन्द्रीकृत अभिव्यक्तिका रूपमा देशव्यापी उभार पैदा हुने कुरा निश्चित नै छ ।

## जनयुद्धको मूल्यांकनमा विविधता

जनयुद्धका प्रारम्भदेखिकै विरोधीहरूले जनयुद्धको कसरी मूल्यांकन गरेका छन् भन्ने कुरा जगजाहेर नै छ । यसरी जनयुद्धको विरोध गर्नेहरूमा ने. का., एमाले, रा. प्र. पा. आदि पर्दछन् । उनीहरूका लागि जनयुद्ध क्रान्ति नै होइन, त्यसलाई उनीहरू आपराधिक क्रियाकलाप भन्न समेत पछि पर्दैनन् ।

विगतमा जनयुद्धमा संलग्न भएकाहरू पनि तीन कित्तामा विभाजित भएका छन् । एकथरि मानिसहरूले जनयुद्ध गलत थियो, समाजवाद र साम्यवादको सिद्धान्त पनि गलत हो, यो अब सान्दर्भिक नै छैन भन्ने निष्कर्षमा पुगेका छन् । उनीहरू आज जनयुद्ध र कम्युनिस्ट आन्दोलन विरूद्ध खुला रूपमा विषवमन गरिरहेका छन् । तिनीहरूले पार्टीको नाम फेरेर नयाँशक्ति राखेका छन् ।

जनयुद्धको प्रमुख नेतृत्वमा रहेका तर पछिल्लो समयमा जनयुद्धलाई समाप्त पार्न सक्रिय रहेका देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरूसँग आत्मसमर्पण गरेर जनयुद्धप्रति गद्दारी गर्ने र विश्वासघात गर्नेहरूको एउटा डफ्फा छ, जो अझै पनि जनयुद्धलाई भजाएर खान सकिन्छ कि भनेर जनयुद्ध एक समयमा नेपालमा भएको थियो भन्नु पर्छ भन्ने विचार राख्दछ । ने. क. पा. (माके)का नामबाट चिनिने यो गुटले एमालेमा विलय हुने निर्णय गरिसकेको छ । यसरी यो गुटको प्रतिक्रियावादीकरणको प्रक्रिया पनि पूरा हुँदैछ ।

वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादको विरोध, जनयुद्धप्रति गद्दारी र विश्वासघात गर्नेहरूको विरोधमा विद्रोहको झण्डा उठाएर पार्टीको पुनर्गठन गर्नेहरूको समुह छ–ने. क. पा. (क्रान्तिकारी माओवादी) । यो पार्टीले जनयुद्धलाई नेपालमा नयाँ जनवादी व्यवस्थाको स्थापनाका लागि गरिएको महान् क्रान्तिका रूपमा मूल्यांकन गर्दछ । विश्व परिस्थिति र मुख्यतः नेपालको परिस्थितिमा आएका कतिपय परिवर्तनका कारण फौजी कार्यदिशामा केही फेर बदल गर्नु परेको भए पनि अझै पनि जनयुद्धका कतिपय विशेषताहरूलाई सामेल गरेर मात्र नयाँ जनवादी क्रान्ति पूरा गर्न सकिन्छ भन्ने यो पार्टीको धारणा रहेको छ । यसको अर्थ हो जनयुद्धको महत्व एउटा ऐतिहासिक घटनाका रूपमा मात्र सीमित छैन, अपितु नेपाली क्रान्तिको वर्तमान र भविष्यसँग पनि यसको महत्व जोडिएको छ ।

## नायक नै खलनायक

हामीले माथि नेपालको जनयुद्धका सकारात्मक पक्ष र यसका विशेषताका बारेमा चर्चा गरिसकेका छौं । यसका साथै जनयुद्धका केही यस प्रकारका नकारात्मक विशेषता पनि छन् जुन विश्व इतिहासमा भएका क्रान्तिहरूमा पनि पाउन कठिन छ । त्यो विशेषता हो, जनयुद्धको नेतृत्व गरिरहेको पार्टीका प्रमुख नेता, जनमुक्ति सेनाको सुप्रिम कमाण्डर जो एउटा नायकको रूपमा चिनिएका थिए, उनी आफैंले त्यही क्रान्तिका विरूद्ध प्रतिक्रान्तिको नेतृत्व गरे । ती व्यक्ति हुन्– प्रचण्ड । कुनै पनि देशमा हुने क्रान्ति प्रतिक्रान्तिको सामना गर्दै अगाडि बढ्दछ । क्रान्तिकारी पार्टीहरूमा पनि केही मानिसहरूले गद्दारी गर्ने, प्रतिक्रान्तिकारीहरूसँग मिलेर क्रान्तिलाई धोका दिने गरेका घटनाहरू इतिहासमा पाइन्छन् । तर, क्रान्तिको प्रमुख नेता क्रान्तिको नायक आफैंले त्यही क्रान्तिप्रति गद्दारी गरेर आफैंले प्रतिक्रान्तिको पनि नेतृत्व गरेका घटना प्रायः विश्व इतिहासमा पाइँदैन । तर नेपालको जनयुद्धका दौरानमा यस प्रकारको कुरूप घटना पनि घट्यो ।

## क्रान्ति र जनगणतन्त्र नेपाल

यतिखेर नेपालमा "वामपन्थी" खोल ओढेको प्रतिक्रियावादी गठबन्धन सरकार कायम भएको छ । यसले अन्तमा न वामपन्थीहरूको समर्थन पाउन सक्छ, न त यसमाथि साम्राज्यवाद, विस्तारवाद, घरेलु दलाल र नोकरशाही वर्गको पूर्ण विश्वास छ । अन्य नामका पूराना दलालहरू जनताका बीचमा बदनाम भएका हुनाले प्रतिक्रियावादीहरूले "वाम गठबन्धन"को खोल ओढेका नयाँ दलाललाई सत्तासीन गराएका छन् । यिनीहरूको सामाजिक र वर्गीय धरातल पनि तिनै प्रतिक्रियावादीकै भएको हुनाले नेपाली समाजको अन्तर्विरोध यिनीहरूले समाधान गर्न सक्ने संभावना नै छैन । यिनीहरूले पछिल्लो सरकार बनाएको तीन महिना पनि बित्न नपाउँदै वर्गीय र सामाजिक अन्तर्विरोधहरू झन् चर्किंदै गएका छन् । यिनको समाधान त नयाँ जनवादी क्रान्तिले मात्र गर्न सक्नेछ । जनगणतन्त्र नेपाल अवश्यम्भावी छ ।

२०७४ चैत्र २२

# जनयुद्धको दूरगामी महत्व



**हरिभक्त कँडेल**

महान् बहसको समय (१९५६-१९६६)मा क. माओ भन्नुहुन्छ–"सशस्त्र क्रान्ति सर्वहारा क्रान्तिको सार्वभौम नियम हो, मजदूर आन्दोलनको समग्र इतिहासले के बताउँछ भने सशस्त्र संघर्षलाई सर्वहारा क्रान्तिको सार्वभौमिक नियम मान्नु वा नमान्नु, पूरानो राज्ययन्त्रलाई चकनाचुर पार्नु पर्ने आवश्यकता स्वीकार गर्नु वा नगर्नु तथा पुँजीवादी अधिनायकत्वको ठाउँमा सर्वहारा अधिनायकत्व स्थापित गर्नु पर्ने आवश्यकता मान्नु वा नमान्नु सँधै मार्क्सवाद-लेनिनवाद र अवसरवादका सबै रूपहरूका बीचको विभाजन रेखा हो ।" वर्गीय समाजमा जुनसुकै बेला पनि वर्ग संघर्ष चलिरहन्छ । त्यो कतिपय बेलामा सुसुप्त अर्थात मन्द गतिमा अघि बढ्छ, कतिपय अवस्थामा तीव्र र उच्च स्तरमा विकसित भएर जान्छ । यसमा क्रान्तिका आ-आफ्नै नियम र मान्यता अनुसार वस्तुगत अवस्था र क्रान्तिकारी शक्तिहरूको आत्मगत परिस्थितिले पनि ठूलो भूमिका खेलेको हुन्छ । समाज परिवर्तनको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी नियमलाई जो कसैले पनि नकार्न मिल्दैन, किनकि यो विज्ञान हो, किनकि यो सत्य हो । जब वर्ग संघर्षका समस्याहरूको (अन्तर विरोधहरूको) समाधान अन्य कुनै तरिकाले संभव हुँदैन त्यस अवस्थामा बल प्रयोगको भूमिका अपरिहार्य हुन्छ । यसबारे क. माओ भन्नुहुन्छ–"सशस्त्र बलद्वारा राज्यसत्ता छिन्नु, युद्धद्वारा समस्याको समाधान गर्नु, क्रान्तिको केन्द्रीय कार्य र सर्वोच्च रूप हो ।"

विश्व सर्वहारा वर्गका महानायक एवम गुरू क. माओ त्सेतुङ्गको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्तिको सफलताको राप र तापसँगै नेपालमा वि. सं. २००६ (सन् १९४९) सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । स्थापना कालदेखि नेपाली कम्युनिष्ट आन्दोलनले वर्ग संघर्षका र अन्य संघर्षका थुप्रै आरोह-अवरोहका साथ करिब ७ दशक पार गरिरहेको छ । यस अवधिमा २००७ सालदेखि २०११ सालसम्म भएका बारा, पर्सा, रौतहटका किसान आन्दोलन र पश्चिम नेपालको कैलाली, कञ्चनपुर, डोटी-डडेल्धुराका किसान आन्दोलन, सिन्धुपाल्चोकको पिस्कर, गुल्मीको पूर्तिघाट, खनियावास, धनकुटाको छिन्ताङ्ग र २०३५/३६ को जुगेडी-जुटपानीसम्मका जुझारू आन्दोलनहरूको सामन्तवाद र जमिन्दार विरोधी जनसंघर्ष र वर्ग संघर्षमा महत्वपूर्ण भूमिका रहे पनि नेतृत्वमा रहेको अस्पष्ट धारणा र योजनावद्ध पहलकदमीको अभावले परिणाममुखी बन्न सकेन । यसै क्रममा भएको झापाको वर्ग संघर्ष जनआन्दोलन र जनसंघर्षको निरन्तरतामा क्रम भंगताको एउटा झिल्को बन्न पुग्यो परन्तु यसले पनि विकास गर्न सकेन । यो प्रतिक्रियावादी निरंकुश पञ्चायती सत्ताको दमन र नेतृत्वको गलत चिन्तनको शिकार बन्न पुग्यो । लामो समयसम्म कम्युनिष्ट आन्दोलनले जनसंघर्ष र जनआन्दोलनको गोलचक्करबाट गुणात्मक फड्को मार्न सकेन । यो सुधारवादी र संसोधनवादी घेराभन्दा माथि उठ्न सकेन । २००७ सालदेखि २०४६ सालसम्मको इतिहासलाई नियालेर हेर्दा राजनीतिक घटनाक्रममा सत्ताको अंशबण्डा मिलाउन जोड-घटाउ भए, राज्यसत्ताको मूल चरित्र र संरचनामा हेरफेर भएन । प्रतिक्रियावादी राज्यसत्ताभित्र गरिएका सानातिना सुधारको पृष्ठभूमिमा देश र जनताका लागि झन् ठूलो राष्ट्रघात र जनघातको संकट बढ्ने गरेको छ ।

उपरोक्त परिवेश र क्रान्तिको आवश्यकतामाथि ध्यान दिंदै ने. क. पा. (माओवादी) ले सचेत प्रयत्नका साथ लामो तयारीका बीचबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने लक्ष्य राखी २०५२ फाल्गुण १ गते महान् जनयुद्धको ऐतिहासिक पहल सुरू गऱ्यो । जनयुद्धको तयारीको क्रममा पार्टी के. स. को विस्तारित बैठकबाट महान् जनयुद्धको ऐतिहासिक पहलका लागि पार्टीलाई एकतावद्ध गरी सर्वहारा वर्गको क्रान्तिलाई अघि बढाउने नीति, जनयुद्धको सिद्धान्त, राज्यसत्ता प्राप्तिको धारणा, वर्ग दुश्मनलाई समाप्त पार्ने र नयाँ सत्ता कस्तो र के गर्ने, अन्तर्राष्ट्रियतावादी सर्वहारावाद, पार्टीको

भूमिका, संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माण, त्यसको परिचालन र सम्बन्ध, सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको नीति र युद्ध नीतिबारे पार्टीको धारणाहरू स्पष्ट राख्दै जनयुद्धबारे ७ बुँदे प्रतिवद्धता व्यक्त गरिएको छ । जनयुद्ध र प्रतिवद्धताबारे तेस्रो बुँदामा भनिएको छ– "हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा वर्गको अधिनायकत्व अन्तरगत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा साँस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिकै स्वर्णिम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ । एक पटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढताबिना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाव दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइने छैन । यसरी हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पुँजीवादी, संकीर्ण राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमहरूबाट सम्पूर्ण रूपले मुक्त रहनेछ ।"

त्यसैगरी २०५२ फाल्गुण १ गते जारी गरिएको पर्चामा नेपाली समाजको आर्थिक, राजनीतिक, साँस्कृतिक हरेक दृष्टिले संकटग्रस्त रहेको, राष्ट्रियता, जनतन्त्र एवम् जनजीविका जर्जर र भयानक अवस्था, निजीकरण र उदारीकरणको नाममा दलाल एवम् नोकरशाह पुँजीपति वर्गकै हालिमुहालीको प्रकृयाले देश र आम जनतालाई निर्धक्क लुट्ने उपक्रम बढेको, बेलाबेलामा भएका राजनीतिक घटनाक्रमले कुनै परिवर्तन नल्याएर पूरानै चरित्र र संरचना यथावत रहेकोले सर्वहारा वर्गको नेतृत्वमा जनयुद्धको आवश्यकता औंल्याइएको छ । जनयुद्धको माध्यमबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनवादी सत्ता स्थापना गर्ने प्रतिवद्धता सहित क्रान्तिको रणनीति र त्यसको प्रकृया बताइएको छ । पर्चामा भनिएको छ–"सामन्तवादले विदेशी साम्राज्यवादका सामु घुँडा टेक्ने तथा साम्राज्यवादले सामन्तवादलाई काखी च्यापेर आम जनतालाई लुट्ने उपक्रम सुरू गरियो ।" त्यस पर्चामा अरू अगाडि भनिएको छ–"विदेशी साम्राज्यवाद र विस्तारवादका अगाडि भने घुँडा टेकेर बारम्बार नेपालको राष्ट्रियता र सार्वभौमिकताको सौदाबाजी गर्दै आएको छ । नेपालको प्राकृतिक जलसम्पदादेखि नेपाल आमाको छातीमा समेत बुट बजार्ने वर्तमान सरकारले निर्लज्जातापूर्वक छुट दिंदै आएको छ । ............ आज सामान्तवाद र साम्राज्यवादको दलाली गरेर त्यही प्रतिक्रियावादी सरकारको जुठोपूरो चाट्न पुगेका कम्युनिष्ट नामधारी संशोधनवादीहरूले नै जनतालाई सबैभन्दा बढी विश्वासघात गरेका छन् । आमूल परिवर्तन र कम्युनिष्ट पार्टीप्रति जनताको आस्थामाथि गरिएको विश्वासघात र हजारौ सहिदहरूको रगतमा टेकेर प्रतिक्रियावादी कुर्सीमा जाने ती गद्दारहरूलाई नेपाली जनता र नेपालको इतिहासले कहिल्यै माफी दिने छैन ।"

जनयुद्धको रणनीति र त्यसको प्रकृयाबारे पार्चामा भनिएको छ–"हामी कुन कुरामा पूर्णतः सचेत छौं भने–हजारौं वर्षदेखि दासताको जन्जीर चुँडाएर नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने यो लडाइं निकै कठिन, निकै बाङ्गोटिङ्गो र दीर्घकालीन प्रकृतिको हुनेछ । तर, यही र केवल यही मात्र जनताको मुक्तिको महान् र उज्ज्वल भविष्यको बाटो हो । यो बाटो नेपालको ऐतिहासिक विकासको आवश्यकता अनुसार संघर्षका सबै रूपहरूको प्रयोग गर्दै मुख्यतः हामीले भन्दै आए झैं गाउँबाट सहर घेर्ने रणनीतिका आधारमा कृषि क्रान्तिलाई मेरूदण्ड मानी वर्गसंघर्षका बीचबाट र त्योसँग एकाकार हुँदै अघि बढ्नेछ र त्यो जनयुद्धको प्रकृतिबाट मात्र अघि बढ्न सक्नेछ ।" जनयुद्ध थालनी पूर्व गरिएका प्रतिवद्धता र थालनीको पर्चामा उल्लेखित उपरोक्त अभिव्यक्तिहरूले जनयुद्धको आवश्यकता र त्यसप्रतिको निष्ठा र समर्पण भावलाई राम्रोसँग उजागर गर्न सफल बन्यो । जनयुद्धको थालनीमा जारी पर्चामा उत्पीडित वर्ग र समुदाय मुख्यतः मजदूर किसान, महिला, शिक्षक, विद्यार्थी, वुद्धिजीवी, उत्पीडित क्षेत्र, उत्पीडित समुदाय आदि लगायत सबै तह र पेशामा आवद्ध जनसमुदायसँग जारी गरिएको अपिलले क्रान्तिको आवश्यकता र त्यसको अनिवार्यताको राम्रोसँग पुष्टि मात्र गरेन कि त्यस प्रकृयामा उठाइएका मागहरू औचित्यपूर्ण ठहर भएका छन् । यी सबै विषय वस्तुहरू तत्कालीन सन्दर्भका विषयहरू त थिए नै वर्तमानमा पनि त्यतिकै सान्दर्भिक देखिएका छन् ।

दश वर्षसम्म चलेको यस महान् जनयुद्धले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नै निकै ठूलो तरङ्ग र उथलपुथल पैदा गऱ्यो । जनयुद्धको यो पहलकदमी प्रतिक्रियावादी राजतन्त्रात्मक संसदीय व्यवस्था तथा

समग्र संसदीय विश्वव्यवस्था, सत्ता र उनीहरूको स्वर्गमाथिकै एक ऐतिहासिक धावा थियो । त्यतिमात्र नभएर यो नेपाली कम्युनिष्ट आन्दोलनमा लामो समयदेखि हावी हुँदै आएको सुधारवाद, संसदवाद र संशोधनवादमाथि समेत एक ऐतिहासिक धावा पनि थियो । जनयुद्धले कम्युनिष्ट आन्दोलनमा देखिएको भँडुवा विकासवाद, वर्ग समन्वयवाद, स्वतस्फूर्तवाद, संसदीय कुपमण्डुकतावाद, सारसंग्रहवाद र वितण्डतावादका विरूद्ध चोटिलो प्रहार समेत गरेको छ । किनकि यसबारे क. मार्क्स भन्नुहुन्छ–"व्यवहारवाद, पृथक् चिन्तनको यथार्थता या अयथार्थता सम्बन्धी विवाद कोरा वितण्डतावादी प्रश्न मात्र हो ।" यसले प्रतिक्रियावादी कित्ता र सबैखाले संसदवादी–संशोधनवादी कित्तामा ठूलै हलचल र कम्पन ल्यायो । यसले पार्टी र जनताको आम जीवन पद्धति, कार्यपद्धति, चिन्तन पद्धति र कार्यशैली तथा संगठन र संघर्षका सबै क्षेत्र र रूपहरूमा गुणात्मक परिवर्तन ल्याउन समेत सफल भयो । यसले पूराना कतिपय अन्तरविरोधहरू भत्काउँदै नयाँनयाँ प्रकारका अन्तरविरोधहरू पैदा गर्दै त्यसलाई तीव्र र घनीभूत बनायो । यसरी यो नेपाली क्रान्तिको प्रश्नमा मात्र नभएर विश्व सर्वहारा क्रान्तिका लागि पनि एउटा महत्वपूर्ण ऐतिहासिक भूमिकाको निर्वाह गरी विश्व सर्वहारा क्रान्तिकै अंग बन्न पुग्यो ।

समाजमा विद्यमान युगौंदेखिको शोषण, दमन र उत्पीडन एवम् वर्ग विभेदका असमान खाडलहरूलाई चिर्दै अघि बढ्ने अर्थात् यसको अन्त गर्नु पर्ने आवश्यकता हो । आन्दोलनबाट यस प्रकारको उन्मुक्तिको अनुभूत हुन सकेन । समाजमा मानिसहरू स्वतन्त्र र स्वाभिमानका साथ वास्तविक सभ्य र सुसंस्कृत मानवको रूपमा बाँच्न पाएका छैनन् । त्यसैको प्राप्तिका लागि किसान–मजदूर तथा विभिन्न पेशा र व्यवसायमा संलग्न युवा–युवतीहरूले त्याग, वीरता र बलिदानको उच्च किर्तिमान कायम गरे । आफ्ना व्यक्तिगत, पारिवारिक र संकीर्ण स्वार्थभन्दा माथि उठेर देश र जनताको आमूल परिवर्तनका लागि उच्च प्रकारको साहसका साथ सर्वहारा वर्गीय दायित्व पूरा गर्न, आफ्नै भविष्य र भावी पुस्ताका लागि जनयुद्ध (क्रान्ति)को समग्र कर्ममा दिलोज्यानले पंक्तिवद्ध भै लागि परे । जनयुद्ध सामाजिक, राजनीतिक, आर्थिक र साँस्कृतिक रूपान्तरणकै एउटा उर्जाशील पाटो बन्न पुग्यो । यसले पूरानो सडेगलेको कुरूप इतिहासका मान्यतालाई ध्वंश गरी नयाँ इतिहास रचना गर्न महत्वपूर्ण भूमिका खेल्यो ।

समाजका अत्यन्तै अपहेलित र दमित दलित समुदायले न्याय र समानताको आन्दोलनमा सगौरव उपस्थिति जनाए । छुवाछुत र सामाजिक भेदभावका विरूद्ध उत्पीडित समुदायले खुला र आत्मसम्मानको अनुभूति गर्न पाए । उत्पीडित र अल्पसंख्यक समुदायले हाम्रो पनि समाजमा नयाँ स्थान र स्वाभिमान हुर्कन पाउने कुराको अनुभूत गर्न थाले । अनि त वर्गीय र सामाजिक उत्पीडनका विरूद्ध ठूलो संख्यामा जनयुद्धमा लामवद्ध भए । हिमाल, पहाड र तराई, गाउँ र शहर, सुविधा प्राप्त (सापेक्षिक) भूभाग र सुविधाहीन भूभागहरू नयाँनयाँ परिवेश र परिस्थितिसँगैको आन्दोलनको आवश्यकताले एक आपसमा जोडिने र एक अर्काको पूरक बन्ने विकसित चिन्तन र संस्कृतिले नयाँ प्रकारको एकताको भाव पैदा गर्दै लग्यो । भावनात्मक र वर्गीय मायाले प्रेम र विवाहका सामाजिक भेदभाव र अपहेलनाको खाडल चिर्दै नयाँ जनवादी संस्कार र संस्कृतिको अभ्यासलाई जीवन्त बनाई दियो । जनयुद्धले शिक्षा, स्वास्थ्य र जनताको आन्तरिक जीवनमा समेत नयाँनयाँ ढंगको अनुभव, चेतना र आवश्यकताको बोध गरायो । के र कस्तो अवस्थामा धुकधुकी धानेका रहेछौं ! के कारणबाट यस्तो अवस्था आयो ? अब के गर्नु पर्ला त ? भन्ने जस्ता वर्ग संघर्षको आवश्यकता र जनयुद्धको भूमिकाको चेतना उत्पीडित वर्ग र समुदायमा सर्वत्र अंकुरण हुँदै गयो ।

सुगम दुर्गम बने, दुर्गम सुगम बने । सहरिया र ग्रामीण क्षेत्रमा हुने वर्ग संघर्ष आ–आफ्नै रूप र ढंगबाट अभिव्यक्त हुन पुगे । जनयुद्धमा दुर्गम र दूरदराजका गाउँहरू सुगम बन्न पुगे । ग्रामीण इलाकाका सुरक्षा निकायहरू र जाली फटाहाहरू क्रमशः सहर र सदरमुकाम केन्द्रित हुन थाले । जनताको खुला र घोषित आन्दोलन न्यून हुँदै गए र जनयुद्धमा छापामार युद्धले व्यापकता लिँदै गयो र क्रमशः सापेक्षित आधार इलाकाको आकार ग्रहण गर्दै गयो । रणनैतिक रक्षाको अवस्थाबाट रणनैतिक सन्तुलनको अवस्थामा संक्रमण गऱ्यो । राजनीति र सामाजिक जीवनका हरेक क्षेत्रमा नयाँनयाँ अवस्था र तरङ्गको अनुभूत हुँदै गयो । जसले गर्दा असमानताका खाडलहरू पुर्दै लैजानु पर्ने वैज्ञानिक सर्वहारा वर्गको अग्रदस्ता बोल्सेभिक पार्टी, मालेमावादी सिद्धान्त, क्रान्तिकारी जनसेना र क्रान्तिकारीको संयुक्त मोर्चालाई अझै व्यापक र सबल

बनाउनु पर्ने आवश्यकता सर्वत्र महसुस गर्न थालियो । यसले सबैतिर चेतनालाई ह्वात्तै माथि उठाई दियो ।

ध्वंश नगरी निर्माण हुँदैन भन्ने माओको मान्यतालाई राम्रोसँग आत्मसात् नगरी कोही पनि मालेमावादी बन्न सक्दैन । किनकि पूरानोको ध्वंश आफैमा नयाँको निर्माण हो । पुँजीवादी विचारधारालाई ध्वंश गर्ने क्रममा नै मालेमावाद स्थापित भएको हो र त्यसै क्रममा पूरानो पुँजीवादी प्रतिक्रियावादी सत्तालाई ध्वंश गरेर नै वैज्ञानिक समाजवादी सत्ताको स्थापना सम्भव भएको हो । ठोस वस्तुगत अवस्थामाथि ध्यान दिंदै मार्क्सवाद-लेनिनवाद-माओवादको निरन्तर विकास हुँदै आएको हो । यो लगातार चलिरहन्छ, यो क्रान्तिको नियम हो । वर्ग समाजमा मानव जातिको इतिहासको चर्चा गर्दै क. चाओ एन लाई भन्नुहुन्छ–"मानव जातिको इतिहास अनिवार्यताको राज्यबाट मुक्तिको राज्यसम्म निरन्तर विकासको इतिहास हो । इतिहासको यस प्रक्रियाको कहिल्यै अन्त हुँदैन । एउटा यस्तो समाज जहाँ वर्गको उपस्थिति छ, त्यहाँ वर्ग संघर्ष कहिल्यै समाप्त हुँदैन । र, वर्गविहीन समाजमा, नयाँ र पुरानाका बीच तथा सही गलतका बीच संघर्ष कहिल्यै समाप्त हुँदैन ...... ।"

महान् जनयुद्धले पैदा भएको चेतनाबाट आम नेपाली जनसुमदायले परिवर्तनको संवाहकको रूपमा लिएको ने. क. पा. (माओवादी) लाई पहिलो संविधान सभाको चुनावमा परिवर्तनको नेतृत्व गर्न सक्छौ भने गर भनी एउटा अवसर दिएको हो । यो एक प्रकारले जनयुद्धप्रतिको जनअनुमोदन पनि थियो । तर प्रचण्डले त्यसको नेतृत्व गर्न सकेनन् । उनले नवसंशोधनवादी बाटो र तरिका अपनाएको र प्रचण्ड मण्डलीमा संसदवादी भूत दिमागमा सवार भइसकेकाले यो प्रकृयाबाट परिवर्तन संभव हुन सकेन, सक्दैनथ्यो पनि । हुन त प्रचण्ड मण्डली र यसको गठबन्धनले स्थायित्व, विकास, समृद्धि र समाजवादको नारा दिएको छ । यिनीहरू आफूलाई स्वघोषित सृजनशीलताको पगरी गुथ्दै कम्युनिष्ट जनमतलाई नराम्रोसँग ठगिरहेका छन् । अनि सच्चा क्रान्तिकारी मालेमावादी पार्टी ने. क. पा. (क्रान्तिकारी माओवादी) लाई संकीर्णतावादी–जडसूत्रवादी र उग्रवादी आदिको बौछार गरी आक्रमण गरिरहेका छन् । आत्मसमर्पणवादी र दक्षिणपन्थी संशोधनवादीको आँखाबाट यस प्रकारको लान्छना स्वभाविक होला किनकि मालेमावादीहरू पनि उग्रवाद, संकीर्णतावाद र जडसूत्रवादका विरोधी नै हुन् । दुवैतर्फको यस विरोधलाई कसरी छुट्याउने त ? यसबारे कुन संगठनले के नीति र व्यवहार अवलम्बन गरेका छन् ? त्यसबाट स्पष्ट हुन जरूरी छ । मार्क्सवादबाट पलायनको बाटो समातेका विकास र समाजवादको नारा भट्याउने दक्षिणपन्थी अवसरवादीबारे लेनिन भन्नुहुन्छ– "भनाइमा समाजवाद र गराइमा साम्राज्यवाद छ, अर्थात् अवसरवाद साम्राज्यवादका रूपमा बदलिएको छ ।" हामीले के कुरा बुझ्न जरूरी छ भने यस प्रकारका संशोधनवादीहरू सच्चा कम्युनिष्ट पार्टी र क्रान्तिकारी जनसमुदायको विरोध गर्ने प्रतिक्रियावादीहरूका झुण्ड हुन् । त्यो झुण्ड भनेको अहिलेको कथित वाम गठबन्धन हो ।

जनयुद्धको क्रममा विकसित चिन्तन, चेतना, संस्कार–सँस्कृति र आम व्यवहारबाट परिस्थिति तीव्र गतिमा स्खलित मात्र हैन, उल्टो दिशातर्फ किन गइरहेको छ ? जस्तो कि केन्द्रीय सैन्य आयोगको पहिलो घोषणा पत्रमा भनिएको छ– "वर्गीय समाजमा राज्यसत्ता बाहेक अरू सबै भ्रम हो । वर्गसापेक्ष रहने राज्यसत्ताको मुख्य अंग नै सेना हो । सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन ।" पार्टीको नेतृत्वमा संगठनको मुख्य रूप जनसेना, संघर्षको मुख्य रूप जनयुद्धको नीति हाम्रो नीति हो । अहिले त्यो स्थिति छैन, न हामीसँग जनसेना छ, न जनयुद्ध त्यो रूपमा छ । अनि प्रतिक्रियावाद सबै क्षेत्रमा उदाउनुलाई अस्वभाविक मान्न मिल्छ र ? प्रचण्ड मण्डली अर्थात् माके गुटले गरेको बृहत् शान्ति संझौता, जनसेना विघटन, स्थानीय सत्ताको विघटन, संविधान सभाको नारालाई रणनीति बनाउनु, प्रतिक्रियावादी सत्ता, व्यवस्था र प्रतिक्रियावादी संविधान निर्माण र त्यसको पक्षपोषण एवम् सहभागिता आदि प्रतिक्रियावादीकरण र प्रतिगमन हुन् । अहिले त एमाले + माके गुटले यस प्रतिक्रियावादी व्यवस्था र सत्ताको नेतृत्व नै गरिरहेका छन् ।

पेरिस कम्युनले फ्रान्समा बुर्जुवा राज्य मेसिनरी कब्जा त गऱ्यो तर त्यसलाई चकनाचुर नगरी जस्ताको तस्तै प्रयोग गर्नाले सर्वहारा वर्गको उद्देश्यको संरक्षण गर्न सकेन । बुर्जुवा राज्य मेसिनरीले निर्ममता पूर्वक सर्वहारा वर्गको कत्लेआम गरी सर्वहारा वर्गको राज्यसत्ता खोसेर बुर्जुवा वर्गकै राज्यसत्ता स्थापित गरेको थियो । यसै सन्दर्भमा संश्लेषण गर्दै क. कार्ल मार्क्स भन्नुहुन्छ– "मजदूर वर्गले राज्यको बनिबनाउ मसिनरीमा कब्जा गरेर नै त्यसको उपयोग आफ्ना उद्देश्यहरूको पूर्तिका

लागि गर्न सक्दैन ।" यहाँ त त्यो पनि हुन पाएन । बरू शान्तिपूर्ण संक्रमणको कुख्यात संशोधनवादी ख्रुश्चोभी नीतिको पिछलग्गु मात्र नभएर प्रचण्ड मण्डलीको माके गुट साम्राज्यवादी विश्वव्यवस्थाकै अंग संसदीय व्यवस्थामा नै संक्रमित र पलायन हुन पुग्यो । कथित वाम गठबन्धनको यो सरकारले प्रतिक्रियावादी दलाल पुँजीपति, नोकरशाही पुँजीपति तथा सामन्त वर्गकै प्रतिनिधित्व गर्न पुगेको छ । विगतमा भएका थुप्रै आन्दोलनका मोडहरूमा जसरी नेपाली काँग्रेस र एमालेले पटक पटक पूरानै सत्तासँग सम्झौता गरेर परिवर्तनको एजेण्डा र स्प्रिट विपरीत जनतालाई ढाँटेर गम्भीर प्रकारले धोका दिए । जनयुद्धको तयारीको क्रममा गरिएका प्रतिवद्धता, जनयुद्धको पहलको क्रममा जारी गरिएको विज्ञप्ति, सैन्य आयोगको प्रथम विज्ञप्ति र पटक पटक गरिएका प्रतिवद्धता विपरीत १२ बुँदे सहमति, बृहत् शान्ति सम्झौता तथा पटकपटक पुरानो सत्तासँग गरिएका सहमति र सम्झौताले महान् जनयुद्धको मर्म, भावना र त्यस दौरान जनयुद्धका प्राप्त उपलब्धि र विकासलाई लत्याउँदै पार्टी, क्रान्ति र मालेमावाद माथिनै गम्भीर विश्वासघात र गद्दारी गरी प्रतिक्रान्तिको सेवा गर्न प्रचण्ड मण्डली र त्यसको माके गुट पुग्यो । यस प्रकार अहिलेको एमाले र माकेको कथित वाम गठबन्धन क्रान्तिकारी कम्युनिष्ट त रहेन नै 'वाम गठबन्धन' को नाममा निरङ्कुशता र नोकरशाहीको अभ्यास गर्दैछन् । 'वाम गठबन्धन' साम्राज्यवाद र विस्तारवादको नयाँ दलालको रूपमा दर्ज भएको छ ।

पेरिस कम्युनको अनुभवबाट प्रतिक्रियावादी राज्यसत्ता समग्र रूपमा नष्ट गरेर युद्धकै दौरान सत्ता अभ्यास गर्दै त्यसको विकासले मात्र सर्वहारा वर्गको सत्ता अर्थात कम्युनिस्ट पार्टीको नेतृत्वमा सर्वहारा वर्गको अधिनायकत्व कायम गर्न सकिन्छ । निरन्तर र सचेत वर्ग संघर्षको बीचबाट क्रान्तिकारी आन्दोलन र नेतृत्वको सुदृढीकरण र विकास गर्न सकिन्छ । जनयुद्धले जुन व्यापकता र जागरण पैदा गऱ्यो- अर्को यसले जुन योजना र लक्ष्य निर्धारण गऱ्यो- त्यो पुरा नभएकोले त्यसको प्राप्तिको लागि फेरि सशस्त्र आन्दोलनको आवश्यकता अनिवार्य बन्न पुग्दछ । जतातते व्यापक अन्तरविरोधको पृष्ठभूमिमा जनयुद्धको अनुभव र विकास प्रकृयाको चेतनाले अर्को सशस्त्र जनविद्रोहको रणनीतिलाई इंगित गर्दछ । त्यस अर्थमा पनि जनयुद्धको युगान्तकारी भूमिकालाई कसैले नकार्न मिल्दैन ।




# माओ, जनयुद्ध र जनवादी क्रान्ति

माओको नेतृत्वमा रहेको चिनियाँ कम्युनिष्ट पार्टीले सुरूमा लामो (दीर्घकालीन) युद्धको नीति र पछि १९४५ मा मात्र जनयुद्धको नीति अवलम्बन गरेर विश्वमा पहिलो पटक अक्टोबर १९४९ मा नयाँ जनवादी क्रान्ति सफल बनाएको थियो । त्यसकारण हामीले चिनियाँ नयाँ जनवादी क्रान्ति र जनयुद्ध सम्बन्धी विषयलाई ठीक तरिकाले बुझ्नका लागि माओ र चिनियाँ कम्युनिष्ट पार्टीले अख्तियार गरेको सिद्धान्त, नीति र कार्यक्रमहरूलाई अध्ययन गर्न र बुझ्न आवश्यक छ । छोटकरीमा त्यो विषयलाई यसरी बुझ्न सकिन्छ :

जनयुद्ध जसलाई लामो (दिर्घकालीन) जनयुद्ध पनि भनिन्छ, चिनियाँ मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी एवं राजनीतिक नेता माओले पहिलो पटक विकास गरेको सैन्य-राजनीतिक रणनीति हो । जनयुद्धको आधारभूत अवधारणा भनेको जनताको समर्थन लिएर दुस्मनलाई भित्री भागसम्म ल्याउनु हो, जहाँ जनताले तिनलाई चलायमान युद्ध र छापामार युद्धलाई मिलाएर सखाप पार्नेछन् ।

यसले लामो (दिर्घकालीन) जनयुद्ध अन्तरगत वास्तवमै जित्न सकिने होसियारीपूर्वक छनौट गरिएका लडाइँहरूका तीन चरणको रणनीतिलाई अवलम्वन गर्दछ ।.......

पहिलो चरणमा क्रान्तिकारी शक्तिले पहाडि अथवा अन्य कठिन भूगोल सहितका दुर्गम इलाकाहरूमा युद्ध शुरू गर्दछ जहाँ उसका दुश्मनहरू कमजोर हुन्छन् । उसले क्रान्तिकारी आधार इलाका भनेर जानिने स्थानीय पकडक्षेत्र स्थापना गर्ने प्रयत्न गर्दछ । जब उसको शक्ति बृद्धि हुन्छ, त्यसले दोस्रो चरणमा प्रवेश गर्दछ, अरू आधार इलाकाहरू स्थापना गर्दछ र आसपासका गाउँहरूमा आफ्नो प्रभाव बढाउँछ, जहाँ ऊ शासन गर्ने शक्ति बन्न र भूमिसुधार जस्ता कार्यक्रमहरू मार्फत लोकप्रिय जनसमर्थन प्राप्त गर्न सक्दछ । अन्तत : तेस्रो चरणमा त्यो संघर्षले आखिरमा देशभरि सत्ता कब्जा गर्दासम्म स-साना सहरहरू त्यसपछि ठुला सहरहरू घेर्ने र कब्जा गर्न पर्याप्त शक्ति हासिल गर्दछ । [People's War, Part of a Series on Maoism, Wikipedia, and www. Marxists. org.]



**परि थापा**

माओले चिनियाँ कम्युनिष्ट पार्टीको युद्ध इतिहासको चर्चा गर्दै पार्टीलाई प्रत्यक्षरूपमा नै युद्धको तयारीमा लगाउनलाई पार्टीको आफ्नै सेना हुन अत्यावश्यक भएको र त्यसको महत्वलाई बुझेर चिनियाँ कम्युनिष्ट पार्टीले लालसेनाको निर्माण गरेको उल्लेख गर्दै भनेका छन्ः

"हाम्रो पार्टीले ३ या ४ वर्षको अवधिसम्म अर्थात् १९२१ (जतिबेला चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना भएको थियो) देखि १९२४ (जतिवेला कोमिन्ताङको प्रथम राष्ट्रिय अधिवेशन सम्पन्न भएको थियो) सम्म आफूलाई प्रत्यक्षरूपले युद्धको तयारीमा लगाउने कुराको महत्व बुझ्न, सैन्य बल गठन गर्नमा असफल रह्यो । यस विषयमा १९२४-२७ र अरू पछिको अवधिसम्म पर्याप्त बुझाइको कमी रहयो तथापि जब यसले वाम्पाओ सैनिक प्रतिष्ठानमा सहभागिता जनाउन थाल्यो, यसले नयाँ अवस्थामा प्रवेश गर्‍यो र सैन्य मामिलाको महत्व देख्न थाल्यो । क्वान्तुङ प्रान्तमा भएको युद्धमा कोमिन्ताङलाई सहयोग गरेर र उत्तरी अभियानमा सहभागी भएर पार्टीले केही सशस्त्र बलहरूमाथि नेतृत्व हासिल गर्‍यो । तब क्रान्तिको तितो पाठबाट सिकेर पार्टीले नानचिङ विद्रोह, शरद बाली विद्रोह र क्यान्टन विद्रोह संगठित गर्‍यो, अनि एउटा नयाँ अवधिमा प्रवेश गर्‍यो । [The War History of the Chinese Communist Party, Mao Selected Works Vol. II, Pp. 225]

लामो (दीर्घकालीन) युद्धको नीति माओले चीनको विशिष्ट अवस्थामा प्रतिपादन गर्नु भएको हो । खास गरेर जापान जस्तो बलियो साम्राज्यवादी शक्तिको आक्रमणका विरूद्ध त्यस्तो युद्धको नीति अख्तियार गरिएको थियो । त्यस अन्तरगत "गृहयुद्ध", "घेराउ र दमन", "चलायमान युद्ध", "कमजोर पार्ने र सिध्याउने युद्ध", "करौति जस्तो युद्ध", "छापामार युद्ध", "प्रतिरोध युद्ध", "गाउँले सहरलाई घेर्ने", "आधार इलाका तयार पार्ने" जस्ता रूपहरू अपनाइएको थियो ।

माओले युद्ध लामो (दीर्घकालीन) हुनुका कारणहरू उल्लेख गर्दै भनेका छन्ः

"......तथ्य यो हो कि अहिले शत्रुपक्षको र हाम्रो आफ्नै शक्तिको बीचमा अत्यन्तै ठूलो असमानता छ ताकि शत्रुपक्षका कमजोरीहरू विकास भैसकेका छैनन्, र यो बेला उसको शक्तिलाई उल्टाउन पुग्ने हदसम्म विकास हुन सक्दैन । जबकि हाम्रा उपलब्धिहरू विकास भैसकेका छैनन् र यो बेला हाम्रो कमजोरीलाई पूर्ति गर्ने हदसम्म विकास हुन सक्दैन । त्यस कारण यतिखेर सन्तुलन हुन सक्दैन, असन्तुलन मात्र हुन्छ । ...... यसरी शत्रुपक्ष सापेक्षित रूपले बलियो हुन पुग्छ र हामी सापेक्षित रूपले कमजोर छौ कि शत्रुपक्ष सापेक्षित रूपले उच्च अवस्थामा छ र हामी सापेक्षित रूपले निम्छरो अवस्थामा छौं....

त्यस कारण यो अवस्थामा शत्रुपक्षको जीत र हाम्रो हार हदैसम्म निश्चित रूपले नै सीमित भएको छ र यस कारण यो युद्ध लामो हुन जान्छ ।" [Why a protracted War? Mao Selected Works Vol. I, Pp. 135]

तर माओले जापान विरूद्ध प्रतिरोध युद्ध र जनवादी क्रान्तिलाई सफल पार्नका लागि झनै कठिनतम् बाटो अपनाउनु पर्ने बताउँदै "जनयुद्ध" र "जनसेना" को नीति १९४५ मा गएर मात्र ल्याएका हुन । त्यस बारेमा उनले यसरी उल्लेख गरेका छन् :

यस अवधिको एकदम सुरूमा नै हामी कम्युनिष्टहरूले चीनको जापान विरोधी प्रतिरोध युद्धका लागि दुईवटा वैकल्पिक बाटाहरू छन् भनेर भनेका थियौं । विजयसम्म पुग्न समग्र पक्षलाई समेट्ने जनयुद्ध वा पराजयमा पुग्ने जनता उत्पीडित अवस्थामा रहने आंशिक युद्ध । हामीले यो पनि भनेका थियौ कि त्यो युद्ध लामो (दीर्घकालीन) हुनेछ र धेरै बाधा र कठिनाइहरू अपरिहार्यरूपमा सामेल हुनेछन्, तर चिनियाँ जनताहरूले आफ्नो मिहिनेतद्वारा अन्तिम विजय हसिल गर्ने कुरा सुनिश्चित थियो । [History Follows a Tortuous Course, Mao Selected Works Vol. III, Pp. 213]

माओले पार्टीको नेतृत्वमा रहेको र जनताका पक्षमा उभिने सशक्त सेना र आम जनसमुदायको बीचमा हुने व्यापक सहयोग र सहकार्य मार्फत चलाइने युद्ध नै वास्तविक "जनयुद्ध" हुने बताउदै भनेका छन्ः

तर जनता नै अति असल न्यायाधीशहरू हुन् । जनताले थाहा पाए कि त्यो बेला उनीहरूको संख्या थोरै भए तापनि आठौ मार्गसेना र नयाँ चौथो सेनाहरू उच्च गुणस्तरीय थिए, ताकि उनीहरूले एक्लै वास्तविक जनयुद्ध लड्न सक्दथे र जब उनीहरू एकपटक जापान विरोधी मोर्चामा पुगे र त्यहाँ व्यापक जनसमुदायसँग मिले भने उनीहरूका सामु असीमित सम्भावनाहरू खुल्नेछन् । र, जनताले ठिक भनेका थिए । यति खेर मैले यो प्रतिवेदन बनाउँदा हाम्रो सेनामा १,१०,००० जनासम्म पुगिसकेका छन् र हाम्रा ग्रामीण लडाकुहरू जसलाई सामान्य उत्पादनयुक्त कामबाट फिर्ता गरिएको छैन, त्यो २२,००,००० भन्दा बढी पुगेको छ.... ।

साथसाथै जनताले मुक्त इलाकाहरूमा विभिन्न खालका राजनीतिक, आर्थिक, सांस्कृतिक र स्वास्थ्य सम्बन्धी काम उत्साह पूर्वक सम्पादन गरेका छन् ......

त्यो नै वास्तविक जनयुद्ध हो । त्यसप्रकारको जनयुद्ध संचालन गरेर मात्र हामीले राष्ट्रिय दुस्मनलाई हराउन सक्दछौं । [The People's War, Mao Selected Works Vol. III, Pp. 214-217]

जनताको पक्षमा उभिने सेना बिना चिनियाँ जनताले स्वतन्त्रता र एकीकरण हासिल गर्न, संयुक्त सरकार गठन गर्न, जापानी अतिक्रमणकारीहरूलाई पूर्णरूपले हराउन र नयाँ चीन निर्माण गर्न असम्भव छ । अहिले जनताका पक्षमा पुरै उभिने सैन्य शक्ति भनेको मुक्त इलाकाहरूका आठौ मार्गसेना र नयाँ चौथो सेना मात्रै हुन् जो धेरै ठूला त छैनन्, चाहिने जति भन्दा बढी नै छन् । [The People's Army, Mao Selected Works Vol. III, Pp. 245]

त्यतिमात्र होइन, चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा लामो (दीर्घकालीन) जनयुद्ध मार्फत घरेलु प्रतिक्रियावादी शासकवर्गको प्रतिनिधि पार्टी कोमिन्ताङको शासनलाई अपदस्त गर्न र जापानी साम्राज्यवादको अतिक्रमणलाई परास्त गरी नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नमा तत्कालीन सोभियत संघको निकै ठूलो सहयोग र भूमिका रहेको थियो ।

सोभियत संघले जापान विरोधी प्रतिरोध युद्धलाई राजनीतिक, कुटनैतिक र सैन्य हिसाबले समर्थन गऱ्यो । उसले १९३७ देखि १९३९ सम्म मात्रै ९८५ वटा हवाईजहाज ८२ वटा टैंक र १३१७ वटा तोप दिएको थियो । चीनमा १९४० सम्म ३६६५ जना सोभियत सेनाहरू, पाइलट, पैदल सेनाका रूपमा हवाइ सुरक्षा र अन्य क्षेत्रहरूमा कार्यरत थिए । ९ अगस्त, १९४५ मा सोभियत संघले जापान विरूद्ध युद्ध घोषणा गऱ्यो । १० लाखभन्दा बढी सेनाका साथ मन्चुरियातर्फ बढ्यो र यसरी जापानी अतिक्रमणकारीमाथि चिनियाँ

सेनाको विजयलाई अगाडि बढायो ।

चीनमा लालसेनाको गठनसँगै माओ र चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्व र निर्देशनमा चलाइएको २५ वर्ष लामो क्रान्तिकारी युद्धका दौरानमा त्यहाँको बदलिंदो विशिष्ट अवस्था अनुसार माओले "गाउँले सहरलाई घेर्ने", "लाल आधार इलाका निर्माण गर्ने" र "लामो (दीर्घकालीन) जनयुद्ध" जस्ता युद्धका स्वरूपहरू र सैन्य रणनीतिहरू विकास गर्नु भएको थियो । चिनियाँ नयाँ जनवादी क्रान्तिलाई सफल बनाउने क्रममा चलेका विचारधारात्मक र राजनीतिक संघर्षका दौरानमा ती रणनीतिहरूको विकास भएको थियो । अन्ततः १ अक्टोबर १९४९ का दिन तियानमियान चोकमाथि उभिएर माओले जनवादी गणतन्त्र चीनको घोषणा गरेका थिए । जुन घोषणा माओले नेतृत्व गरेको चिनियाँ कम्युनिष्ट पार्टी र च्याङ काइ-सेकद्वारा नेतृत्व गरिएको कथित राष्ट्रवादी सत्ता, जसलाई अमेरिकाको पूर्ण समर्थन र सहयोग रहेको थियो-का बीच वर्षौंसम्म चलेको गृहयुद्धको चरमोत्कर्षको परिणाम थियो । चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएर जनवादी गणतन्त्रको स्थापना भएपछि साम्राज्यवादी र पुँजीवादी शक्तिलाई ठूलो आघात परेको थियो । परिणामस्वरूप, अमेरिका र बेलायत एवम् फ्रान्सजस्ता उसका गठबन्धनमा रहेका सहयोगीहरूको प्रस्तावमा चीनको संयुक्त राष्ट्रसंघको स्थायी सदस्यतासमेत खोसेर ताइवानलाई दिइएको थियो । अर्को शब्दमा भन्नुपर्दा, मुख्यतः ताइवानलाई नै चीनको मान्यता दिइएको थियो । तर अल्वानियाले लगातार जनवादी गणतन्त्र चीनको स्थायी सदस्यता फिर्ता एवम् कायम गराउन प्रत्येक वर्ष राष्ट्रसंघमा प्रस्ताव राख्दै आएको थियो र आखिर दुई दशकपछि २५ अक्टोबर १९७१ मा त्यो प्रस्ताव पारित भएको थियो ।

आज माओको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएर जनवादी गणतन्त्र स्थापना भएको सात दशक पुग्दैछ ।

# मान्छे बन



**गौरी दाहाल**

पाखोको कर तिर्दछन् गरिबले पुग्दैन खानै तर
व्यापारी छल गर्दछन् सहज नै नाफा हुँदाको कर
कामै गर्न सकिन्न क्यै घुस बिना यो राज्य रोक्दैन र
यो अन्याय भयो भनी नसहने मान्छे यहाँ को छ र ?

किन्छौं खाद्य भनी अखाद्य तर छौं निर्धक्क हामी सबै
शिक्षा स्वास्थ्य सबै प्रदूषित हुँदा चुपचाप बस्छौं अझै
पानीको बिल तिर्दछौं नियमितै पानी बिनाको तर
यो अन्याय भयो भनी नसहने मान्छे यहाँ को छ र ?

रोप्छन् जो पसिना तरर्र जल झैँ ज्याला उनैको कमी
केही उद्यम छैन किन्तु भन त्यो सम्पन्नशाली छ नि !
ठग्ने स्वीकृति दिन्छ राज्य सजिलै सेवा भनेमा तर
यो अन्याय भयो भनी नसहने मान्छे यहाँ को छ र ?!

जो जो पुग्दछ माथि माथि सुविधा सेवा उनैको बढी
निर्धाको अधिकारमा मनपरी गर्छन् उनै गड्बढी
छन् आरक्षणमा सुरक्षित यहाँ ठूला र आफ्ना तर
यो अन्याय भयो भनी नसहने मान्छे यहाँ को छ र ?!

सुध्रिन्थ्यो जनता जुरूक्कन उठे अन्यायका खातिर
सुख्खै छैन यहाँ नसुध्रिकन यो 'मान्छे' उठे आखिर
सुध्रिन्थ्यो जनपक्षको असजिलो आधारको अन्तर
यो अन्याय भयो भनी नसहने 'मान्छे' बनेमा तर ।

# जनयुद्धको उत्थान, विकास र अवतरण



दीर्घप्रसाद पाण्डे

## ऐतिहासिक पृष्ठभूमि

मार्क्सवादले समाज र सामाजिक विकासको नियमको अध्ययनमा जोड दिन्छ । त्यसैले अतीतको इतिहास अध्ययन गर्नु, वर्तमानलाई बुझ्नु र भविष्यको अनुमान गर्नु नै क्रान्तिको आधार हो । नेपालमा कम्युनिस्ट पार्टीले स्थापना भएको बीस–बाईस वर्षसम्म पनि मार्क्सवादी दर्शनलाई ठिकसँग ग्रहण गर्न सकिरहेको थिएन । पार्टीको आफ्नै छुट्टै नीति कार्यक्रमसम्म थिएन । राजा र कांग्रेसको कार्यनीति बीच अल्झिरहेको थियो । सर्वप्रथम २०२५ सालमा क. पुष्पलालले छुट्टै राष्ट्रिय सम्मेलन गरी मार्क्सवाद, लेनिनवाद, माओ विचारधाराको पार्टी निर्माण गरेका थिए । यो पार्टीले आफ्नो कार्यनीति अनुसार आन्दोलनलाई अघि बढाउन कोसिस गरिरहेको थियो । एकातर्फ चाँडै नै यस पार्टीमा टुटफुट आयो भने अर्कोतर्फ २०३५ सालमा क. पुष्पलालको निधन भएकाले पार्टी राष्ट्रिय सम्मेलनको नीति कार्यक्रम अनुसार अघि बढ्न सकेन ।

२०२८ सालमा झापाका विद्रोहीहरूले पनि माओवाद, लेनिनवाद, माओ विचारधारा 'चारूको लाइन' भन्दै वर्गशत्रु खत्तम गरी नौलो जनवादी व्यवस्था स्थापना गर्न व्यावहारिक रूपमै सशस्त्र युद्ध सुरू गरे, वर्गशत्रु खत्तम गर्ने नाममा केही सामन्तहरूको हत्या पनि गरे । फासिस्ट पञ्चायती व्यवस्थाले सुरूमै आक्रमण गरी कैयौं युवाहरूको हत्या गऱ्यो । यो विद्रोह २-३ वर्षसम्म पनि टिक्न सकेन । संगठन नै ध्वस्त भयो । क्रान्तिकारी युवाहरूले पार्टी पुनर्गठन गर्न सफल भएर ने. क. पा. (माले) गठन गरे । मार्क्सवाद, लेनिनवाद, माओ विचारधाराको मार्गनिर्देशक सिद्धान्त पनि निर्माण गरे । तर फेरि सशस्त्र क्रान्ति सुरू गर्ने हिम्मत गर्न सकेनन् । विस्तारै संसदीय बुर्जुवा राजनीतिक नारा 'राजनीतिक स्वतन्त्रता' भन्दै संसदीय फाँटको यात्रा सुरु गरे ।

पूराना नेता मध्येका मनमोहन अधिकारी, मोहनविक्रम सिंह, निर्मल लामा, शम्भुराम श्रेष्ठहरूले २०२८ सालमै अर्को पार्टी ने. क. पा. (केन्द्रीय न्युक्लियस) गठन गरे । यसले पनि मार्क्सवाद, लेनिनवाद, माओ विचारधारालाई पार्टीको मार्ग निर्देशक सिद्धान्त मान्यो । यी पूराना नेताहरूले क्रान्तिकारीहरूलाई एकजुट गर्नभन्दा अन्य क्रान्तिकारी समूहहरूलाई खुइल्याउनतर्फ लागे । गद्दार पुष्पलाल त केन्द्रीय न्युक्लियसको दस्तावेज नै बन्यो । केन्द्रीय न्युक्लियस गठनसँगै मनमोहन, शम्भुरामहरू पार्टीबाट बाहिरिए । २०३१ सालमा केन्द्रीय न्युक्लियसले चौथो महाधिवेशन गऱ्यो । चौथो महाधिवेशनले मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई पार्टीको मार्ग निर्देशक सिद्धान्त स्वीकार गरे पनि दीर्घकालीन जनयुद्धको लाइन पास गरेन । देशभक्त र जनतान्त्रिक शक्तिको सरकारको नारा पास गऱ्यो । शत्रु मित्र छुट्याउन पनि सकेन । राजा, नेपाली काँग्रेस, विस्तारवादी भारत सबैलाई प्रधान दुस्मन किटान गऱ्यो । देशभक्त र जनतान्त्रिक शक्तिको सरकारको नारा अन्तर्गत सशस्त्र जनयुद्ध हुने कुरा भएन । चौथो महाधिवेशनले चित्रबहादुर के. सी., भक्तबहादुर श्रेष्ठ, मोहन वैद्य (किरण) हरूलाई केन्द्रीय समितिमा चयन गऱ्यो । यी नयाँ केन्द्रीय सदस्यहरूमध्ये क. किरणले दर्शन शास्त्रमा दख्खल राख्दथे, भक्तबहादुर श्रेष्ठ पनि अध्ययनमा रूचि राख्दथे । एकातर्फ नयाँ अनुहारका सदस्यहरूले पार्टीलाई कसरी क्रान्तिकारी धारमा लान सकिन्छ भनेर कोसिस गरिरहेका थिए, अर्कोतर्फ, पूराना नेता मोहनविक्रम सिंहको आफ्नै धार थियो भने निर्मल लामाले पार्टीलाई संसदीय फाँटमा लान कोसिस गरिरहेका थिए । महासचिव मोहनविक्रम सिंहलाई यौन काण्ड लागेपछि निर्मल लामा महासचिव भएका थिए । उनलाई कारवाही भएपछि भक्तबहादुर श्रेष्ठ महासचिव भए । २०४० सालमा भक्तबहादुर श्रेष्ठ गिरफ्तार भए । यस समयसम्म पार्टीमा धेरै नयाँ युवाहरू आइपुगेका थिए । विधानतः महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय समिति अल्पमतमा परेपछि पार्टी स्वतः विघटन हुन्थ्यो । मोहनविक्रम सिंह पुनः यौन कारवाहीमा, निर्मल लामा कारवाहीमा, भक्तबहादुर श्रेष्ठ गिरफ्तार भएको यस संकटपूर्ण घडीमा सूर्यलाल यादव

र जयगोविन्द साहले राजिनामा दिएपछि पार्टी विघटन हुन पुग्यो । पार्टीमा रहेका युवाहरूले २०४० साल कार्तिकमा तेस्रो राष्ट्रिय सम्मेलन गरी निर्माण गरेको पार्टी ने. क. पा. (मशाल) ले चित्रबहादुर के. सी. को नेतृत्वमा २०४१ साल आश्विनमा पाँचौ महाधिवेशन गऱ्यो । पुराना पुस्तामध्येका मोहनविक्रमलाई कारवाही गरी पार्टीबाट निकाल्यो । क. किरणलाई महासचिवमा चयन गऱ्यो । यसरी पार्टीको नेतृत्व युवाहरूमा आयो । पाँचौ महाधिवेशनले पनि सत्ता जनतामा हस्तान्तरण गर भन्ने राजनीतिक नारा पास गरेकाले क्रान्तिको कार्यदिशा अलमलमै रह्यो । यसको एक वर्षपछि क. चित्रबहादुर के. सी. ले अल्पमतका केही सदस्यहरू लिई छुट्टै ने. क. पा. (मसाल) गठन गरेपछि क. किरणको बहुमत पक्ष पाँचौ महाधिवेशनको पार्टी नै ने. क. पा. (मशाल) को रूपमा अगाडि बढ्यो । यसैको पहलमा ने. क. पा. (चौम), सर्वहारावादी श्रमिक संगठन, ने. क. पा. (विद्रोही मसाल) आदिसँग पार्टी एकता गरी ने. क. पा. (एकता केन्द्र) निर्माण गऱ्यो । २०४८ सालमा एकता केन्द्रको एकता महाधिवेशन पनि सम्पन्न गऱ्यो । दीर्घकालीन जनयुद्धको लाइन पनि बहुमतले पारित गऱ्यो । जनयुद्ध सुरू गर्ने सवालमा एकतामा आएका संशोधनवादीहरू तयार भएनन् । २०५१ सालमा जनयुद्ध पक्षधरहरूको प्रथम राष्ट्रिय सम्मेलन गरी पार्टीभित्रका संशोधनवादीहरूलाई पार्टीबाट निष्कासन गरी १९ जनाको केन्द्रीय समिति निर्माण गऱ्यो । २०५२ साल आषाढमा पार्टीको विस्तारित बैठक गरी पार्टीको नाम ने. क. पा. (माओवादी) राख्यो । यही नेतृत्वले दश वर्षसम्म जनयुद्ध हाँक्यो । १९ जनामध्ये एक जनामा छिट्टै विचलन आयो । उनी पार्टीबाट निष्काशन भए, एक जना गिरफ्तार परी जेल परे । उनले जेलमा आत्मसमर्पण गरे, एक जनाले पार्टी छाडे, एक जना बेपत्ता पारिए । १९ जनामध्ये १५ जना अन्तिमसम्म रहे । बीचमा केन्द्रीय समिति २७, ५५ हुँदै ९५ जनाको पनि बन्यो । अन्तिममा २०६३ मा शान्ति प्रक्रियामा पार्टी खुल्ला हुँदा ३५ जनाको केन्द्रीय समिति थियो ।

## जनयुद्धको उत्थान

ने. क. पा. (मशाल) बनेपछि जनयुद्धको लागि प्रयासहरू सुरू भए । सर्वप्रथम कम्युनिस्ट आन्दोलमा देखा पर्ने तीन प्रवृत्तिहरू-जनताभन्दा धेरै पछि-पछि हिंड्ने, जनताभन्दा धेरै अघि हिंड्ने अवसरवादी तरिकाले दोष लगाउने र जनतासँगै जनताभन्दा एक कदम अघि बढेर जनताको नेतृत्व गर्ने कुराको निर्वाह गर्ने थिए । अहिलेसम्म कम्युनिस्ट पार्टीहरू जनताका पछिपछि थिए । जनताभन्दा अघि बढेर झापालीहरूले सशस्त्र विद्रोह नै गरेका थिए । केशरमणिहरूले हर्रेबर्रे काण्ड गरेका थिए, सर्वाहारावादी श्रमिक संगठनले जुगेडी काण्ड, पुर्तिघाट बैंक काण्ड, चुवा काण्ड गरेका थिए । यी विद्रोहले एकपछि अर्को विकास गर्न सकेका थिएनन् । केशरमणि, रूपलालहरू पछि कांग्रेसमै प्रवेश गर्न पुगे भने झापा विद्रोहको पार्टी माले, एमाले हुँदै जनताको बहुदलीय जनवादको नाममा संसदीय फाँटमा कांग्रेसकै नीति कार्यक्रमको, काँग्रेसकै विकल्पको पार्टीको रूपमा परिणत भएको थियो । क. भीमदत्त पन्तले जनता सँगसँगै एक कदम अघि बढेर जनताको नेतृत्व गर्न खोजेका थिए । तर उनको पार्टी थिएन । उनको हत्या भयो । यस समयमा सबै कम्युनिस्ट नामधारी पार्टीहरू स्वतस्फूर्त रूपमा भएका आन्दोलनमा रमाइरहेका थिए । मार्क्सले भने अनुसार भावी संघर्षका लागि क्रान्तिकारी सिद्धान्त र प्रगतिशील दर्शनको ठूलो भूमिका रहन्छ । आलोचनाको हतियारले हतियारको आलोचनालाई बदल्न सक्दैन, भौतिक हतियारलाई भौतिक हतियारले मात्रै हटाउन सक्दछ । सिद्धान्त पनि भौतिक शक्तिमा बदलिन्छ सिद्धान्तले त्यस अवस्थामा मात्र जनसमुदायलाई बसमा पार्न सक्छ जब यसले जनसमुदायका अति जरूरी आवश्यकताहरू, आधारभूत रूपमा प्रतिविम्बित गर्दछ । यिनले विचारलाई राम्रै अवलम्बन गर्न सुरू गरे । जनता स्वतन्त्र बन्न चाहन्छ भने युद्धमा आफूलाई स्वतन्त्र तरिकाले मात्र सीमित राख्न सक्दैन । आम विद्रोह, यत्रतत्र छरिएका छापामारहरूलाई संगठित गर्नु पर्दछ । यिनै तरिकाले मात्र अल्पसंख्यक व्यक्तिले ठूलो शक्तिमाथि विजय गर्न सक्दछ । यिनै तरिकाले मात्रै कमजोर सेनाले बढी सुसंगठित र शक्तिशाली सेनालाई जित्न सक्दछ । अब यस पार्टीले जनता सँगसँगै रहेर जनताभन्दा एक कदम अघिबाट नेतृत्व गर्ने दृढ संकल्प गऱ्यो ।

द्वन्द्ववाद भनेको सबै वस्तुलाई गतिमा हेर्ने दर्शन हो, यथार्थ वा वस्तु जस्तो छ त्यस्तै हेर भन्ने दर्शन हो । पार्टीले जस्तो दर्शन अँगाल्छ, कार्यनीति पनि त्यस्तै बन्ने हो । स्वयम् मार्क्सले पुँजीवादको विकास भएका अमेरिका, बेलायत आदि देशमा क्रान्ति हुन्छ किनकि यी देशमा औद्योगिक विकासले सर्वहारा वर्गको जन्म गराउँछ । त्यही सर्वहारा वर्गले पुँजीवादलाई चिहानमा

गाडेर नयाँ समाजिक व्यवस्था ल्याउँछ भनेका थिए । विकास क्रममा पुँजीवादले एकाधिकार पुँजीको विकास गरेर साम्राज्यवादी रूप लियो । यी साम्राज्यवादी नेताहरूले आ-आफ्ना देशका मजदूर नेताहरूलाई सुख सुविधाले सम्पन्न बनाएर नोकरशाही मजदूर नेतामा परिणत गरे । यस्ता देशहरूमा समाजवादी क्रान्ति टरेर गयो । अनि यस्तो क्रान्ति कम विकसित अर्धसामन्त र अर्धऔपनिवेशिक कृषिप्रधान देशहरू एसिया, अफ्रिका र ल्याटिन अमेरिका तर्फ सर्न गयो । रूस लगायत केही देशमा आम विद्रोहद्वारा क्रान्ति सम्पन्न भए तापनि अर्धसामन्त र अर्धऔपनिवेशिक देशहरूमा दीर्घकालीन जनयुद्धको कार्यनीतिले नयाँ जनवादी क्रान्ति पूरा गर्न सकिन्छ भन्दै माओले चीनमा नयाँ जनवादी क्रान्ति पूरा गरेका थिए । नेपाल पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक रूपमै भएकाले माओको दीर्घकालीन जनयुद्धको लाइन नै उत्तम हो भन्ने स्वतः सिद्ध भयो । माओको दीर्घकालीन जनयुद्धको लाइन नै सार्वभौमिक रूपमा स्वीकार गरेपछि माओ विचारधारालाई माओवादमा स्वीकार गर्नु यो पहिलो जनयुद्धको उत्थानको कदम थियो ।

भारतीय विस्तारवादद्वारा पालित-पोषित घरेलु प्रतिक्रियावाद र नेपाली जनता बीचको अन्तरविरोध नै मुख्य अन्तरविरोध किटान गरेर जनयुद्धको उत्थान भयो । यसको अर्थ सामन्तवाद भित्रको जातीय उत्पीडन, क्षेत्रीय उत्पीडन, धार्मिक उत्पीडन आदि र भ्रष्टाचार, कालोबजारी, जमिन्दारी प्रथा, बिर्ता प्रथा आदिका विरूद्ध क्रान्तिको दिशा निर्धारण हुन्थ्यो । अर्कोतर्फ, भारतले दलाल मार्फत राज्य संयन्त्रमा पहुँच पुऱ्याएको थियो भने सीमा अतिक्रमण गरेको थियो, भारतीय सेना नेपाल प्रवेश गरिरहेका थिए, उद्योग व्यापारमा त हाली मुहाली गरिरहेको थियो । गुण्डागर्दीका रूपमा भारतीय गाडीहरू निर्बाध रूपमा गुडिहेका थिए । सांस्कृतिक क्षेत्रमा छाडा चलचित्रहरू सञ्चालन गरिरहेको थियो । यी माथिका सामन्तवादी उत्पीडन सहित भारतीय विस्तारवादको ज्यादती तीव्र थियो । नेपाललाई स्वाधीन बनाउन यी माथिका सबै अवरोधहरू हटाउन आवश्यक थियो । राष्ट्रिय र स्थानीय रूपमा रहेका जनताका यी समस्याहरूलाई सानो-सानो रूपमा यत्रतत्र उठान गरी यसलाई राजनीतिक एजेण्डा बनाएर जनयुद्धको उत्थान गरेको थियो ।

२०४६ सालमा जनआन्दोलन भयो । यस पार्टीले पनि संयुक्त जनआन्दोलनमा सरिक भएर पत्यक्ष भाग लियो । चैत्र २४ गतेको धक्काले पञ्चायती व्यवस्था ढल्यो । प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनस्थापना भयो । पार्टीमाथिको प्रतिबन्ध फुकुवा भयो । तर नाम र राजनीतिक नेतृत्वमा मात्र परिवर्तन भयो । पूरानो नोकरशाही राज्य व्यवस्था, पूरानो सेना, पूरानो अदालत, पूरानो जमानामा जन्मी हुर्की पञ्चायती तानाशाहीको सेवामा कपाल फुलाएका न्यायाधीस जस्ता यसका सबै आधारहरू जस्ताका तस्तै रहे । भारतीय हस्तक्षेप पनि यथावत् रह्यो । जनआन्दोलनका अन्य सबै शक्ति किंकर्तव्यविमूढ र उदासीन रहे । २०४७ सालमा संविधान पनि बन्यो तर राजाको अधिकार कटौती गर्न सकेन । हिन्दु धर्मलाई राष्ट्रिय धर्म मान्यो । यसको अर्थ राजा पृथ्वीको ईश्वर हुन्थ्यो ।

जनयुद्ध सुरू गर्न जनमत तयार गर्न आवश्यक थियो । वैधानिक संघर्ष गर्न पाउँदासम्म अवैधानिक क्रियाकलाप गर्नु क्रान्तिकारी लफ्फाजी हुन्थ्यो । संयुक्त जनमोर्चाको नाममा संसदीय चुनावमा पनि भाग लियो । संघर्षलाई सडक र सदनमा जोड्यो । जब वैधानिक संघर्षमा राज्यले हिंसाको बाटो लियो, सम्झना दाहालहरूको हत्या गऱ्यो, पश्चिम नेपालमा रोमियो अप्रेसन गरी जनताको जीउधनमाथि धावा बोल्यो तब ४० सूत्रीय मागहरू सरकारलाई दिंदै जनयुद्धको बाटोमा पार्टी गयो । यसरी सबै आधार तयार पारी जनयुद्धमा गएकाले जनयुद्धको उत्थान राम्रै भयो ।

## क्रान्तिको विकास

क्रान्ति हुनका लागि वस्तुगत परिस्थिति परिपक्क हुनु पर्दछ । बहुदलको पुनःस्थापनापछि आफ्ना समस्याहरू समाधान हुनेमा जनता आशावादी थिए । पुनःस्थापना भएको छोटै समयमा बहुदलीय व्यवस्थाले पञ्चायतलाई पनि माथ गरेर सामन्तवाद र विस्तारवादलाई स्थापित गऱ्यो । जनता विकल्पको खोजीमा थिए । यस विकल्पलाई ने. क. पा. (माओवादी) ले उपयोग गऱ्यो ।

ने. क. पा. (माओवादी)मा सबै केन्द्रीय सदस्यहरू युवा थिए । प्रायः सबै शिक्षक, वुद्धिजीवी र विद्यार्थी फाँटबाट आएकाले अन्य पार्टीका नेता कार्यकर्ता भन्दा बौद्धिक, तार्किक र आचरणमा शुद्ध देखिन्थे । पार्टीको नीति कार्यक्रम निर्माण गर्ने क. किरण, भक्तबहादुर जस्ता मार्क्सवादी दर्शन र नीति कार्यक्रममा दख्खल राख्ने नेताहरू थिए । क. प्रचण्ड

जस्ता चलाख बहुआयामिक प्रतिभा देखाउन सक्नेका हातमा मुख्य नेतृत्व थियो जसले एक दशकदेखि पार्टीको नेतृत्व गरिरहेका थिए । त्यसैले बहुदलीय व्यवस्थाको विकल्प नयाँ जनवादी व्यवस्था ने. क. पा. (माओवादी)ले प्रस्तुत गर्दा जनताको झुकाव स्वतः माओवादी पार्टीप्रति भयो ।

यता बहुदलीय व्यवस्था अन्तरगतका सरकारहरू असफल हुँदै गए । काँग्रेसले आफ्नो बहुमतको सरकार विरूद्ध आफै मध्यावधि चुनावको घोषणा गरी आफू प्रतिपक्षमा पुग्यो । २०५१ मा भएको मध्यावधि चुनावलाई माओवादीले सक्रिय बहिस्कार गऱ्यो भने ने. क. पा. (एमाले) ले सबभन्दा बढी ८८ सिट जितेकाले सरकार बनाउन सफल भयो । यसपछि सरकार फेरिने क्रम चल्यो । यता २०५१ सालमा प्रथम राष्ट्रिय सम्मेलन गरी दीर्घकालीन जनयुद्धमा जाने निर्णय गरेको माओवादीले एक वर्षको छोटै कालमा २०५२ आषाढमा पार्टीको तेस्रो विस्तारित बैठक गरी जनयुद्ध सुरू गर्न सैन्य योजना सहितको नीति पास गऱ्यो । सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी सर्वहारा वर्गको अधिनायकत्वमा नयाँ जनवादी सत्ता स्थापना गर्ने स्पष्ट किटान गऱ्यो । 'एक पटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढताबिना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् जनताप्रति अपराध हुनेछ । यो सशस्त्र संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने प्रतिक्रियावादलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइने छैन' भन्ने प्रतिबद्धता पनि गऱ्यो । छोटै समयमा सैद्धान्तिक तथा वैचारिक, संगठनात्मक, भौतिक तथा प्राविधिक र आर्थिक तयारी पूरा गरी २०५२ फाल्गुण १ गते जनयुद्ध नै सुरू गऱ्यो ।

जनयुद्धलाई अन्य सबै पार्टीले खेलाचीका रूपमा हेरे । माओवादीका नेता कार्यकर्ता सबै भूमिगत भए । अब संगठनात्मक रूप सैन्य र युद्धको रूप सशस्त्र हुने भयो । जनयुद्धले जाति, वर्ग, लिङ्ग, क्षेत्र सबैका समस्याहरू उठाएकाले सबै जनताको सहयोग भयो । २०५२ देखि २०५७ सम्म आइपुग्दा माओवादीले हजारौं जनसेना, हजारौं ग्रामीण इलाका, लाखौं नेता कार्यकर्ता, जनसरकार, जनअदालत आदि निर्माण गर्न सफल भयो । यो स्थिति निर्माण गर्न ७-८ हजार नेपाली सपुतको बलिदान समेत भएको थियो ।

२०५७ सालमा ने. क. पा. (माओवादी) ले दोस्रो राष्ट्रिय सम्मेलन गरी गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको नारा पास गऱ्यो । सामूहिक नेतृत्वको मूर्तीकरण भन्दै प्रचण्डपथ पास गऱ्यो । साथै एक्काइसौं शताब्दीको जनवाद भन्दै राजनीतिक कोर्स नै परिवर्तन गऱ्यो । पार्टी भित्रका क्रान्तिकारीहरूले यसलाई कार्यनीतिको रूपमा बुझेर लागे भने प्रचण्डको मनसाय यो रणनीति नै रहेछ । त्यसपछि वार्ताहरू पनि भए, संविधान सभाको नारामा कुनै राजनीतिक पार्टी पनि सहमत भएनन् । २०५८ माघ ८ गते सैनिक क्याम्पमा आक्रमण गरेर जनयुद्धलाई अझै उँचाइमा पुऱ्याउने काम पनि भयो । जिल्ला सदरमुकामहरू कब्जा गर्ने स्थितिसम्म माओवादी जनयुद्धले विकास गऱ्यो । प्रतिक्रियावादी सरकारमा फेरबदल हुँदा हुँदै राजा वीरेन्द्रको वंशनास सम्ममा प्रतिक्रियावादी व्यवस्था पुग्यो । नयाँ राजाले स्वयम् सत्ता लिएर पनि माओवादीसँग वार्ता भयो । सिंहदरबारबाट धपाइएका, सडक संघर्ष गर्न समेत नसकेका संसदीय राजनीतिक पार्टीहरूले राजाले संविधान सभाको नारा माने पनि आफूहरूले नमान्ने भन्दै कराइ रहेका थिए । राजाले लात हान्दा पनि गणतन्त्रको नारा ल्याउन सकेका थिएनन् । यिनीहरूलाई साथ लिई गणतन्त्र ल्याउनु सिद्धान्ततः ठिकै हुन्थ्यो तर यिनीहरूसँग बाह्रबुँदे सम्झौता भारतको मध्यस्तामा भयो । यस समयसम्म सैद्धान्तिक नेतृत्व लिँदै आएका क. किरण भारतीय जेलमा हुनु, पार्टीमा पकड नभए पनि भारतको इसारामा चल्ने डा. बाबुरामसँग सम्झौता गरी चुनबाङ बैठकले पार्टीलाई संसदीय धारमा ल्याउने काम गऱ्यो । सामान्य भरूवा बन्दुकबाट सुरू गरेको जनयुद्धले सबै क्षेत्रमा विकास गर्नु एक्काइसौं शताब्दीको आश्चर्य नै थियो । २०६२-६३ को जनआन्दोलनको नेतृत्व गर्नु, सबै संसदीय पार्टीहरूलाई गणतन्त्रको नारामा ल्याउन सक्नु, धर्म निरपेक्ष राज्य घोषणा गर्नु, संघीय राज्य घोषणा गराउनु, समावेशी समानुपातिक सिद्धान्तलाई परित गर्नु, संविधान सभाको चुनाव गराउनु, संविधान सभामा श्रेष्ठता कायम गर्नु, सरकारको नेतृत्व गर्दै पूरानो सेनाको र शिविरमा रहेका जनसेनाको नेतृत्व गर्नु, देशमा अर्धसैनिक बल वाइसिएलद्वारा जनताको रक्षा गरिनु यो विश्वमा कहिं कतै नभएको क्रान्तिको नमुनासम्मको विकास माओवादीले गऱ्यो । मार्क्सले भने जस्तै क्रान्तिकारीहरूले पनि बुर्जुवा क्रान्तिमा भाग लिन सक्छ, लिनै पर्दछ, यो मजदूर क्रान्तिको पूर्व बेला हो तर क्रान्तिकारीहरूले एक क्षणको लागि पनि बुर्जुवा क्रान्तिलाई आफ्नो अन्तिम उद्देश्य ठान्नु हुँदैन भन्ने क.

किरण, क. गौरवको क्रान्तिकारी धार थियो । पार्टीको केन्द्रीय समितिमा क्रान्तिकारी लाइनको बहुमत थियो । अब क्रान्तिलाई कसरी अगाडि बढाउने भन्ने बारेमा क्रान्तिकारीहरूले पहल गरिरहेका थिए भने पार्टीको मुख्य नेतृत्वमा रहेका प्रचण्ड, बाबुरामहरूले अब कसरी बुर्जुवा संसदीय व्यवस्थामा अवतरण गर्ने भन्ने मानसिकताले काम गरिरहेका थिए । क्रान्तिकारीहरूले क्रान्तिमात्र देखे, प्रतिक्रान्ति देख्न सकेनन् । प्रचण्डले दुई लाइन संघर्षमा बाबुरामलाई सिखण्डीको रूपमा प्रयोग गरिरहे । बाबुराममा क्रान्तिप्रति निष्ठा नभएको कुरामा पार्टीमा सबै स्पष्ट थिए । उनको राजनीतिक लाइन, कार्यदिशा केही थिएन । यिनी पार्टीभित्र बुर्जुवाका एजेण्ट थिए । पार्टीमा रहेका दोस्रो स्तरका नेताहरूमा वैचारिक, स्पष्टता बनेकै थिएन । जसको उदाहरण यिनीहरू कहिले कता कहिले कता गर्दै अन्तिममा प्रचण्डको आत्मसमर्पणवादी लाइनमा जानुले स्पष्ट गर्दछ । यस्तो स्थिति सँधै रहिरहन हुँदैनथ्यो । पार्टीको बैठक, भेला जे गरे पनि निरन्तर क्रान्तिको पक्षमा बहुमत देखिन्थ्यो । क्रान्तिको विकासले स्वयम् प्रचण्डलाई नै अप्ठेरोमा पारेको थियो । क्रान्तिबाट अवतरण गराउन प्रचण्डले छिट्टो विद्रोहको नयाँ फर्मुला ल्याए ।

## अवतरण

हाम्रो जस्तो देश जहाँ लघुउत्पादन पद्धति छ, त्यहाँ निम्न पुँजीवादी चिन्तनले मलजल पाएको हुन्छ । निम्न पुँजीवादी चिन्तनले दुवै दक्षिणपन्थी र उग्रवामपन्थी विचलन ल्याउँछ । तर अत्याधिक मात्रामा दक्षिणपन्थी अवसरवाद हुर्कने र बढ्ने गर्दछ । निम्न पुँजीवादीहरूको सोचाइ र चिन्तन पनि त्यस्तै व्यक्तिगत र संकीर्ण हुन्छ । उनीहरूलाई हमेसा भविष्यको चिन्ता, सुख सुविधा, पारिवारिक चिन्तन र चिन्ता नै पुँजीवादी हुने हुनाले उनीहरूको स्वार्थ मजदूर वर्गको जस्तो सामूहिक नभई व्यक्तिगत हुन्छ । व्यक्तिगत स्वार्थले नै उनीहरूलाई अवसरवादी बनाइदिन्छ । यसको प्रभावले त्याग र वलिदानको भावनाबाट विचलित हुन पुग्छन् र आत्मसुरक्षावाद हाबी हुन्छ । सिद्धान्त अनुसार आफू अनुकूल नहुने र सिद्धान्तलाई आफू अनुकूल ढाल्ने गर्दछन् । ने. क. पा. (माओवादी) मा पनि नेतृत्व मजदूर किसानबाट भन्दा पनि शिक्षक, विद्यार्थी, वुद्धिजीवीबाट आएकाले निम्न पुँजीवादी चिन्तन चाँडै मौलायो ।

दोस्रो राष्ट्रिय सम्मेलनपछि जेजस्तो भीषण युद्ध भए, हजारौंले बलिदान दिए । यसलाई प्रचण्ड मण्डलीले प्रतिक्रियावादीलाई दबाब दिई सत्ता साझेदारीलाई आफ्नो गन्तब्य बनाएका रहेछन् । दस वर्षसम्म अथक रूपमा युद्धमा अघि बढेको माओवादी शक्तिलाई प्रचण्डले चाँहदैमा प्रतिक्रियावादमा तत्काल अवतरण गराउन सम्भव थिएन । यसका लागि मुखले क्रान्तिका कुरा गरेर हृदयदेखि भने प्रतिक्रियावादीसँग साँठगाँठ गर्ने समय चाहिएको थियो । उनले लामो समय क. किरणतर्फ लागेर क्रान्तिलाई दिग्भ्रमित पार्दै गए । पार्टीगत रूपमा क्रान्तिको नयाँ मोडल अब जनविद्रोह गर्ने भन्दै, व्यक्तिगत रूपमा साम्राज्यवादीको नुन खाएर आइएनजीओको नाम र सरकारको उच्च पदमा रही माओवादी जनयुद्धलाई दमन गर्ने विभिन्न खाले झालेमाले छिर्केबिर्के वुद्धिजीवी भनाउँदाहरूलाई पार्टीमा ल्याउने काम भयो । उनी त्यागी बन्दै प्रचण्डपथ छाड्न पनि तयार भए । माओवादीमा युद्ध सुरू गर्दाका १९ जना, युद्धको बीचमा २७ जना, दोस्रो राष्ट्रिय सम्मेलनमा ५५ जना र युद्धकै क्रममा ९५ जना केन्द्रीय समिति बनी कार्य गर्दै आएकोमा जनयुद्धको बीचबाट बनेको केन्द्रीय समिति 'अव्यावहारिक भयो' भन्दै चुनबाङ बैठकले ३५ जनामा झारेको थियो । त्यही नेतृत्वले दस वर्षे जनयुद्ध हाँकेको थियो । यो केन्द्रीय समितिमा क्रान्तिकारीहरूको बहुमत थियो । यसलाई ध्वस्त नपारेसम्म प्रचण्ड बाबुरामको मनोकांक्षा पूरा हुने सम्भावना थिएन । त्यसैले ने. क. पा. (एकता केन्द्र-मसाल)सँग पार्टी एकताका नाममा माओवाद र माओ विचारधारा दुवै प्रयोग गर्ने, प्रचण्डपथ स्थगित गर्ने गरी दुई अढाइ सय जनाको केन्द्रीय समिति बनाइयो । क्रान्ति होइन, क्रान्तिको रिहर्सल भन्दै लाखौं जनतालाई सडकमा ल्याउने काम पनि भयो । प्रचण्डले क्रान्ति बल प्रयोगद्वारा होइन, अब उत्सवको रूपमा गर्ने भन्दै नाचगान भजन गर्दै, ६ दिनसम्म जनतालाई सडकमा राख्ने काम गरे । यसरी जनतालाई पनि झुक्याउने काम भयो । विद्रोह असफल भयो भन्दै जनतालाई घर फर्काए । अब केन्द्रीय समितिमा क्रान्तिकारीभन्दा आयातीत झालेमालेको संख्या कैयौं गुणा ठूलो भयो । तर यिनको संगठनात्मक संख्या नभएकाले बालाजु खण्डा गार्मेन्ट, पालुङ्टार आदि भेला सम्मेलनमा क्रान्तिकारीहरूको नै बहुमत देखियो । यति गर्दा पनि समग्र पार्टीलाई लिएर प्रतिक्रियावादी कित्तामा जाने नीति कार्यक्रम सफल हुन सकेन ।

प्रतिक्रियावादमा पतन भएपछि बुर्जुवाहरूले

केसम्म गर्न सक्ने रहेछन् भन्ने उदाहरण प्रचण्डले देखाए । आफ्नो निजी स्वार्थ, घरपरिवारबाट सम्पत्ति, यतिसम्म कि काखको २-३ महिनाको छोराछोरी समेत छाडेर कि मुक्ति कि मृत्यु भन्दै लागेका पुरूष महिला जनसेना जसले प्रचण्डको आदेशलाई अक्षरशः पालन गरे, प्रचण्डको आदेश पालन गर्दा १४-१५ हजारले बलिदान समेत गरे । यस्तो गौरवमय जनसेनालाई पूरानो प्रतिक्रियावादी सेना जुन त्यस समयमा माओवादी सरकारकै मातहतमा थियो, प्रयोग गरी ध्वस्त पारे । जनसेनाले पाएको पारिश्रमिक बापतको चेक समेत खोस्न पछि परेनन् । अब पार्टीको नेतृत्वमा झालेमालेको बाहुल्यता भयो । जनमुक्ति सेना विघटन भयो । जनसत्ता खारेज भए । जनताले पसिना र रगत बगाएर कब्जा गरेको प्रतिक्रियावादीहरूको धनसम्पत्ति फिर्ता भयो । माओवादी क्रान्ति प्रतिक्रान्तिमा परिणत भयो ।

## उपसंहार

स्वयम् मार्क्सका पालामा सन् १८४८/४९ को युरोपका क्रान्तिहरू असफल भएपछि मार्क्सले नै जर्मनीको क्रान्तिकारी पार्टी नै विघटन गरे भने पेरिस कम्युन असफल भएपछि प्रथम कम्युनिस्ट इन्टरनेसनल संगठन पनि विघटन गरेका थिए । तर नेपालमा माओवादी क्रान्ति आफ्नै नेतृत्वबाट प्रतिक्रान्तिमा परिवर्तन भए पनि पार्टीभित्र ठूलो संख्यामा क्रान्तिकारीहरू भएकाले क. किरणको नेतृत्वमा पार्टी पुनर्गठन हुन सफल भयो । २०६९ साल आषाढमा बौद्धमा भेला गरी ने. क. पा.- माओवादी गठन भयो ।

२०६९ सालदेखि हालसम्म ५ वर्षको कालमा दोस्रो संविधान सभाको चुनाव भयो । ने. क. पा.-माओवादीले बहिष्कार गऱ्यो भने नेकपा (एमाओवादी)ले भाग लियो । तर सम्मानजनक सिट जित्न सकेन जसले अब आफ्नो क्रान्तिकारी मुकुण्डो समेत जोगाउन सकेन । जसका विरूद्ध १० वर्षसम्म लडेको थियो, जसले उनीहरूको टाउकोको मोल समेत तोकेका थिए, ती सबै काँग्रेस, एमालेसँग भिन्दाभिन्दै सत्ता साझेदारी गर्न पुगे । स्थानीय निर्वाचनमा काँग्रेससँग चुनावी तालमेल गऱ्यो भने संघीय र प्रदेशको चुनावमा एमालेसँग पार्टी एकता नै गर्ने सर्तमा चुनावी तालमेल गरी चुनाव लड्यो । उसको नारा अब शान्ति र समृद्धिको समाजवाद भएको छ । अब माकेको विलय एमालेमा भई अन्तिम अवतरण हुँदैछ । मजदूर वर्गको आर्थिक आन्दोलनले, वर्ग संघर्षले, वेतन बृद्धिले वस्तुहरूको मूल्य बढाउँछ । व्यावसायिक संगठनको हडतालले हानीभन्दा केही गर्न सक्दैन । अब वर्ग संघर्ष होइन, प्रेम र बन्धुत्वको भावना विकास गरी आर्थिक उन्नतिमा लैजानु पर्छ, पुँजीवाद भित्रका खराब पाटाहरू हटाउँदै यसका गतिला कुराहरू संरक्षण गर्दै शान्तिपूर्ण तरिकाले समाजवादमा पुग्न सकिन्छ आदि कर्णप्रिय नारा अलापिरहेका छन् । यो नारा यिनीहरू आफैले निर्माण गरेको नभएर मार्क्सकै पालामा फ्रान्समा प्रुँधोले, जर्मनीमा लासालले र बेलायतमा ओवेनले ल्याएका नारा हुन् । निम्न पुँजीवादी प्रवृत्ति र चरित्र कस्तो हुँदो रहेछ भन्ने कुरा हेर्न क. किरणसँगै प्रचण्डलाई लालगद्दार भन्दै ने. क. पा.-माओवादी गठन गर्न आएका जसले दोस्रो संविधान सभाको निर्वाचन बहिष्कार गर्न स्वयम् आफैले चुनाव पेटीमाथि प्रतिकारको रूपमा घन प्रहार गरेका थिए, उनैले छुट्टै समूह गठन गरी सोही कित्तामा सहभागी भई सत्ता साझेदारी गरिरहेका छन् । हाल माओवादी आन्दोलन कमजोर भएको छ तर विसर्जन भएको छैन । एकातर्फ ने. क. पा. (क्रान्तिकारी माओवादी)को नाममा क. किरणले र अर्कोतर्फ ने. क. पा. को नाममा विप्लवले क्रान्तिलाई अघि बढाइरहेका छन् । यी दुईका बीचमा एकतासम्म हुने सम्भावना छ । ठिकसँग मार्क्सवाद-लेनिनवाद-माओवादी सिद्धान्तलाई अङ्गीकार गरी अघि बढेमा क्रान्तिको सम्भावना छिटै छ ।

# साहित्यका प्रतिमान र तिनको पहिचान



प्रा.डा. जगदीश चन्द्र भण्डारी

मार्क्सवादी दर्शनको अधारभूत मान्यता वर्ग संघर्ष, बलप्रयोगको अनिवार्यता तथा सर्वहारा वर्गको अधिनायकत्व हो । मानवीय चेतनाका विविध रूप वर्गहित वा वर्गस्वार्थमा अधारित एवम् आश्रित हुन्छन् । वर्ग निरपेक्ष वा गैरवर्गीय चिन्तन/विचारधारा हुँदैन । सामाजिक चेतनाकै एक रूप रहेको कला वा साहित्य पनि वर्गीय तथा वर्गसापेक्ष हुने कुरा निश्चित नै छ । मार्क्सवादी वा मालेमावादी सिद्धान्त/मान्यतालाई बुझ्नुले मात्र मालेमावादी हुन सक्दैन । वर्गसंघर्षलाई नमान्ने वा वर्गसंघर्षप्रति नकारात्मक हुने अर्थात् कर्ममा त्यसलाई लागु नगर्ने मानिस मालेमावादी हुन सक्दैन । साहित्यमा पनि वर्गसंघर्षलाई आत्मसात् नगर्ने लेखक/साहित्यकार मार्क्सवादी हुन नसक्ने कुरा मार्क्सवादी कला-चिन्तकहरूले उठाउँदै आएका छन् ।

नेपालको राजनीतिक इतिहासमा आफूलाई क्रान्तिकारी भनाउने र चिनाउने थुप्रै किसिमका शक्तिहरू विद्यमान छन् । खासगरी ने. क. पा. (एमाले) र ने. क. पा. (माके) (जो केही समयपछि एकीकृत हुँदै छन्) ले वर्गसंघर्षलाई छोडेर बुर्जुवाहरूको राजनीतिक मान्यतासँग आफूलाई गाँसेका छन् । ने. क. पा. (एमाले) र ने. क. पा. (माके)ले यहाँसम्म आइपुग्न थुप्रै सैद्धान्तिक विचलन गरेका छन् । वर्गसंघर्ष, बलप्रयोगको सिद्धान्त, सर्वहारा अधिनायकत्व जस्ता मूलभूत कुरालाई हटाएर संसदीय पद्धतिका माध्यमबाट समाजवादमा जाने जस्ता पटमुर्खद्वारा गरिने किसिमका तर्क अघि सारी उनीहरू बदलिएका छन् । भँड्डुवा समाजशास्त्र र विकासवादका प्रभावमा मार्क्सवादी चिन्तनलाई भ्रस्ट गर्ने काम उक्त क्रान्तिविरोधी तत्वबाट भएको छ । विश्वमा देखापरेको दलाल पुँजीवादी तथा गैरजनगणतन्त्रवादी राजनीतिक शक्तिहरूसँगको सान्निध्य प्राप्त गर्ने लालसा पहिले–पहिले ने. क. पा. (एमाले)मा देखा पऱ्यो भने पछिल्लो अवधिमा ने. क. पा. (माके)मा त्यस प्रवृत्तिले जरा गाड्यो । फलस्वरूप दुवै क्रान्तिकारी राजनीतिक चिन्तन तथा विचारधारालाई निषेध गरी बुर्जुवा पक्षमा समाहित हुन पुगे । जनगणतन्त्र र जनवादलाई छाडी संसदवाद र दलाल पुँजीवादमा आफ्नो स्वार्थ पूरा हुने अभीष्टमा ती दुवै शक्ति एकीकृत हुन पुगेको कुरा ऐतिहासिक तथा समकालीन तथ्यद्वारा पुष्टि हुन्छ । समकालीन विभेदपूर्ण सामाजिक, आर्थिक एवम् सांस्कृतिक अवस्थाका विपरीत शान्तिपूर्ण संसदीय पद्धतिमा न्यायपूर्ण सामाजिक-आर्थिक र सांस्कृतिक अवस्था हुने जस्तो संशोधनवादी तथा नवसंशोधनवादी दृष्टिकोण प्रतिक्रियावादी रहेको छ । गैरवर्गीय चिन्तनलाई नै आफ्नो मूलभूत मान्यता बनाउने र क्रान्तिकारी वर्गलाई झुक्याउने उक्त तत्व क्रान्तिविरोधी एवम् प्रतिक्रियावादी हुन पुगेको छ । दलाल पुँजीवादी तथा सामन्तवादी तत्वसँग समाहित भई प्रतिक्रियावादमा पतन हुन गएको क्रान्तिविरोधी, जनवादविरोधी एवम् राष्ट्रियता विरोधी तत्व संसदपरस्त तथा दलालपन्थी हो । मार्क्सवादी दर्शनमा रहेको एउटा महत्वपूर्ण मान्यता वर्गसंघर्ष हो भने त्यसलाई सर्वहारावर्गको अधिनायकत्वसम्म पुऱ्याउनु र मुक्तिकार्यलाई सम्पन्न गर्नु मार्क्सवादी अर्थात् मालेमावादी दर्शनको मूल चिन्तन हो । यस विपरीत संशोधन तथा नवसंशोधन तत्वसँग सामिप्य रहेको सर्जक पनि अन्ततः संसदवादी तथा बुर्जुवापन्थी हुनु स्वाभाविक रहन्छ ।

दार्शनिकतः विचलन र पतन भइसकेको भ्रष्ट विचारविहीन संशोधनवादी तत्व क्रान्तिविरोधी भई सिर्जनाका मूलभूत आधार तथा प्रतिमान विपरीत आदर्शवादी मानकहरूलाई मुख्य बनाउने गर्दछन् । वर्गनिरपेक्ष अन्तर्वस्तुको आग्रह, घृणास्पद प्रवृत्ति प्रतिको लोभ, अनि सुधारवादी अभिवृत्ति, निजी स्वार्थपरक क्रियाकलाप, उपभोक्तावादी राग, इतिहास र भविष्यविरोधी भाव, खण्डित चेत, क्रान्ति र संघर्षप्रति विमोह, क्रान्तिकारी उदात्त आदर्शप्रतिको घृणा, यथास्थितिवादप्रति आकर्षण, संसदवादी क्रियाकलाप, सर्वहारा वर्गीय अधिनायकत्वको विरोध, बुर्जुवा अधिनायकत्वको गौरव गान, जनयुद्ध, सशस्त्र संघर्ष र जनविद्रोहप्रतिको विराग, सर्वहारा वर्ग-सौन्दर्यप्रतिको विमोह जस्ता प्रवृत्ति क्रान्तिविरोधी अर्थात्

संशोधन/नवसंशोधनपरक स्रस्टा/लेखकमा हुन्छन् । यिनै प्रवृत्तिका आधारमा तिनको पहिचान गर्न सकिन्छ ।

निष्कर्षतः सर्वहारा तथा उत्पीडित वर्गको मुक्तिमै कलात्मक सौन्दर्य प्रकट हुने कुरालाई निषेध गर्ने समकालीन संशोधनवादी/नवसंशोधनवादी तत्व कला विरोधी रहेको छ । वर्गीयता, वर्गसंघर्ष, बलप्रयोगको अनिवार्यता, सर्वहारा वर्गको अधिनायकत्व तथा सर्वहारा मानवतावाद नै क्रान्तिकारी सर्जकको पहिचान तथा मानक हुन् । संशोधन/नवसंशोधनवादी विचारमा सम्बद्ध सर्जक संशोधनवादी समाजवाद र लोकतान्त्रिक बुर्जुवा गणतन्त्रमै आफ्नो दलाल पुँजीपन्थी चिन्तनको निष्कर्षमा आफुलाई उभ्याउँछ । सुधारवादीहरू संसदपन्थी आदर्शकै सारतत्वलाई क्रान्तिकारी देखाउने प्रयत्न गर्दै बुर्जुवा मूल्य-मान्यताको सम्बर्द्धनमा लाग्दछन् । मालेमावादी साहित्यिक मूल्य-मान्यता सम्बद्ध सक्रिय वा क्रान्तिकारी चेतनाको नकारमै रमाउने उक्त तत्वले वर्गसंघर्ष, वर्गीयता, क्रान्तिमा बलप्रयोगको सिद्धान्त तथा सर्वहारा वर्गीय अधिनायकत्वका विरूद्ध आफुलाई उभ्याउँछ । तिनीहरूको कलात्मक भूमिका वर्गीय नभई निर्वर्गीय हुन्छ, क्रान्तिकारीहरूलाई उत्प्रेरणा होइन, पलायन र निराशातिर अग्रसर गराउने काम गर्दछन् । तिनीहरू प्रतिक्रियावादसामु आत्मसमर्पण गरी वर्गशत्रुकै विचारधारा र प्रवृत्ति अंगाली सर्वहारा वर्गको संघर्षलाई निस्तेज तथा न्यूनीकरण गर्ने कुरामा रमाउँछन् । सुधारवादी, संसदपन्थी बुर्जुवा समाजवादीहरू वास्तविक अर्थमा प्रगतिवादी वा समाजवादी हुँदैनन्, सर्वहारा वर्गीय साहित्य र बुर्जुवा साहित्यलाई एकै ठाउँमा घोलघाल गरी रंगहीन, कलाहीन र सौन्दर्यहीन बनाउँछन् । यसर्थ मालेमावादी सर्जकहरूले दलाल पुँजीवादी बुर्जुवापन्थी तथा संशोधन/नवसंशोधनवादी समाजवादी यथार्थवाद र सर्वहारा वर्गीय समाजवादी यथार्थवादका बीच रहेको भिन्नतालाई पहिचान गरी कलात्मक सिर्जनामा संलग्न हुनु पर्दछ ।


**सम्पूर्ण अभिभावक, विद्यार्थी तथा शिक्षकहरूमा**

## नयाँ वर्ष २०७५ को हार्दिक मंगलमय शुभकामना !

**कक्षा नर्सरीदेखि कक्षा ८ सम्म सीमित सिटमा नयाँ भर्ना खुल्यो । आफ्ना नानीहरूलाई आजै भर्ना गर्नुभई सिट सुरक्षित गर्नुहोस् ।**

## ज्ञानकुञ्ज उच्च माध्यमिक विद्यालय

**माछागेट, रविभवन, काठमाडौं**

**फोन नं. : ०१-४२७२३३०**

# साँस्कृतिक रूपान्तरणमा जनयुद्धको प्रभाव

वर्गबोधले जनयुद्ध विशेषाङ्कका रूपमा यो अङ्क प्रकाशन गर्ने जमर्को नै जनयुद्धको महान् ऐतिहासिक मूल्य स्थापित गर्ने जमर्को हो भन्ने लाग्छ । जनयुद्ध र त्यसका मूल्यलाई प्रतिक्रियावादीका पाउमा समर्पित गर्ने दुई मुख्य नेतृत्वद्वारा जनयुद्धको अन्त्य र आत्मसमर्पण गरिए तापनि यसको योगदान र ऐतिहासिक मूल्य अविस्मरणीय छ । जनयुद्ध त एउटा इतिहास हो, महान् इतिहास । जसले विजयमा पुग्न त सकेन तर हार्न पनि हारेन । गद्दारी र पलायन विरूद्ध लडेर आएको भए पनि गद्दारी र पलायनमै गएर जनयुद्ध विसर्जन हुन पुग्यो । तरपनि फेरि त्यसका उत्तराधिकारीहरू आज गद्दारी र पलायनविरूद्ध पुनर्संगठित बन्दैछन् र त्यसका आदर्शलाई जीवित राख्न शक्तिसञ्चयमा लागेका छन् । जनयुद्धका मुख्य दुई नेतृत्वले गद्दारी र विश्वासघात गरेपछि यति ठूलो त्याग र वलिदानले समृद्ध क्रान्ति पनि कसरी प्रतिक्रान्तिमा फेरिन सक्दो रहेछ भन्ने उदाहरण हो–नेपालको जनयुद्ध । नेतृत्वकै कारण विजयको सन्निकट पुगेको यो महान् युद्ध हार र प्रतिक्रान्तिमा वदलिन पुगेको छ । मुलुकको ८० प्रतिशत भूभागमा फैलिएर आफ्नो वर्चश्व कायम गर्न सफल भएको जनयुद्ध विसर्जनमा पुग्नु एउटा घोर विडम्बना हो ।

यद्यपि जनयुद्धको विसर्जन हुन पुगेको छ । त्यसका दुई नायकमध्ये एकले आफूलाई शुद्ध बुर्जुवा वर्गमा फेरेका छन् र घोषणासहित प्रतिक्रियावादको शरण लिन पुगेका छन् । उनी मार्क्सवाद नै छाडेर प्रतिक्रियावादी चिन्तनलाई आदर्श मान्न थालेका छन् भने अर्कोले माओवादलाई पूर्णतः विसर्जन गर्दै संसदवादको टुकुचामा डुबुल्की लाएर बडो गर्वसाथ पवित्र बनेको पाखण्ड प्रदर्शन गर्दै मार्क्सवादको चाहिं खोल ओढी प्रतिक्रियावादी वर्गको सेवामा हाम फालेका छन् । आफैले प्रतिक्रियावादी, राष्ट्रघाती, प्रतिवर्गी, संशोधनवादी घोषणा गरेको पार्टीमा निःशर्त विलयन हुने घोषणा पनि गरेका छन् र त्यही विलयनलाई जनयुद्धभन्दा ठूलो कामको संज्ञा दिंदैछन् ।

जनयुद्ध समग्र युद्धको प्रतीक थियो । आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक परिवर्तनका साथै राष्ट्रिय स्वाधीनता निर्माणको युद्ध पनि थियो । त्यसै हुनाले यो देशीय सामन्तवाद र प्रतिक्रियावाद तथा वैदेशिक साम्राज्यवाद र विस्तारवादलाई पराजित गर्दै त्यसका ठाउँमा स्वाधीन, स्वतन्त्र राष्ट्रनिर्माणद्वारा आत्मनिर्भर र समृद्ध नेपालको स्थापना गर्ने आदर्श अँगालिएको युद्ध थियो । तर अहिले आएर केही राजनैतिक र सामाजिक सामान्य स्वार्थका अँगाडि अरू सबै महानतम आदर्शलाई तिलाञ्जली दिनु नेताहरूको यसप्रतिको कृतघ्नता र विश्वासघात हो । जसको पूर्णाहुति सिंगो पार्टीकै अस्तित्व समाप्त पारेर गरिंदै छ । यसर्थ त्यो इतिहास र क्रान्तिप्रति यो भीषण गद्दारी हो । एकपटक हतियार उठाएपछि त्यसलाई अन्तिम विजयसम्म नपुराई सामान्य सुधार र सम्झौतामा हतियार नबिसाउने प्रतिज्ञा र जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादसम्म पुग्ने जनयुद्धको सङ्कल्प पनि समाप्त पारिएको छ । सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्ने कुरा, सर्वहारा वर्गको राज्यसत्ता प्राप्त गर्ने कुरा, विस्तारवादको चंगुलबाट देशलाई मुक्त गर्ने कुराहरू पनि सबै मारिएका छन् । अर्थात् जनयुद्धका सपनाहरूको मृत्यु भएको छ । उल्टो अहिले सामन्त र प्रतिक्रियावादी वर्गको प्रतिनिधित्व गर्दै, उनकै सत्ताको स्थायित्व र उनकै वर्गको समृद्धिका लागि विस्तारवादका पाउमा लम्पसार पर्न र देशका कुनै अङ्ग वलि चढाएर प्रभु अर्थात् दिल्लीश्वरलाई खुसी पारी सत्ता (सरकार) प्राप्त गर्ने खेलमा लुछाचुँडी शुरू भएको छ । यो आत्मसमर्पण वर्गीय र राष्ट्रिय दुबै किसिमको आत्मसमर्पण हो । सर्वहारावर्गको छातीमा लात हानेर कसरी जनता र देशले नै विश्वास गरेका नेताहरू प्रतिवर्गको सेवामा समर्पित हुन सक्छन् भन्ने दृष्टान्त र उनीहरूले देश र जनताप्रति गरेको गद्दारी र विश्वासघातको नमूना हो–वर्तमान राजनीति । यद्यपि कथित विराट् मानवता, समग्र मुक्ति, सबैको प्रजातन्त्र, सबै जनताको हित, राष्ट्रवाद जस्ता छलवाणीद्वारा विभ्रम सिर्जना गर्दै कथित समाजवादको राग भने अलाप्न छोडेका छैनन् ।



ईश्वरचन्द्र ज्ञवाली

वस्तुतः जनयुद्धले नेपाली माटोमा गहिरो र महत्वपूर्ण योगदान पुऱ्याएको छ । इतिहासको एउटा

नमेटिने कालखण्ड हो नेपाली जनयुद्ध । यसले सँस्कृतिमा पनि अहम् प्रभाव छोडेको छ । ती प्रभावहरूमा : क) राजनैतिक रूपले यसले ग्रामीण पिछडिएका जनतासम्म चेतनाको आलोक पुऱ्यायो । शताब्दियौं देखिको सामन्ती युगका विरूद्ध विचार-राजनीतिको प्रकाश अर्थात् सामाजिक जागरण र उद्बोधन अभूतपूर्व रूपमा ल्यायो । ख) महिलालाई जगाएर अधिकार वोधका साथै लिङ्गीय समानताको काम पनि यसले गरेको छ । चुलोचौकोको अत्यन्त रूढ सीमाभित्रका जञ्जीरमा जेलिएका नेपाली महिलालाई जञ्जीरबाट निकालेर महिला सशक्तीकरणको जग बसायो-यसले । ग) दलितहरूलाई आफ्नो सामाजिक सम्मान र अधिकारका लागि माथि उठाउने काम पनि गऱ्यो । घ) क्षेत्रीय उत्पीडनका वारदातहरूलाई बाहिर उजागर गर्ने र प्रकाशन गर्दै त्यहाँका उत्पीडित, उपेक्षित जनतामा आफ्नो अधिकार प्राप्तिको चेतना पुऱ्याउने काम पनि यसैले गरेको हो । जनयुद्धभन्दा पहिले एकात्मक र केन्द्रीकृत व्यवस्थाद्वारा भए-गरेका क्षेत्रीय उत्पीडन विरूद्ध यसभन्दा पहिले यति सशक्त आवाज कहिल्यै उठेको थिएन । बरू दब्बुपना र निरीहता मात्र थियो । विशेषतः मधेसी समुदाय, थारू समुदाय र कर्णालीवासीले अधिकार प्राप्तिको विगुल बजाउने शक्ति जनयुद्धबाटै प्राप्त प्राप्त गरे । ङ) जनजाति र आदिवासी, अल्पसङ्ख्यक र उपेक्षितहरूमा जुन जातीय जागरण पैदा भयो, जुन चेतनशीलताको विकास भयो, जुन आत्मपहिचान र स्वअस्तित्वको खोजी शुरू भयो त्यो जनयुद्धभन्दा पहिले केवल सुषुप्त रूपमा मात्रै थियो तर जनयुद्धले त्यसलाई जाग्रत गऱ्यो र उद्घोष गर्ने तहसम्म ल्यायो । फलतः उनीहरू पहिचान र अस्मिताको खोजी गरिरहेछन् । अहिले केन्द्रीकृत सत्ता विकेन्द्रित र एकात्मक सत्ता संघीयतामा संरचित हुनु त्यसैको उपलब्धि हो । यद्यपि यो संघीयता देखावटी मात्रै हो तापनि यसले संघीयतालाई अपरिहार्य बनाएको भने अवश्य छ । जसले अहिले नै पहिचानको मूल्य दिन भने सक्दैन । बरू उल्टो यसलाई राष्ट्रिय विखण्डन वा विभाजनकारी तथा साम्प्रदायिक र असहिष्णुको आरोप लगाइँदैछ । यसो गर्नुको उद्देश्य साम्राज्यवादी शक्तिहरूले यस नाराको दुरूपयोग गर्दै ल्इ, क्ष्ल्इ मार्फत् गलत दिशामा मोडेर उनकै योजनानुरूप साम्प्रदायिक असहिष्णुता र विद्वेष पैदा गराउँने द्वन्द्वको निरन्तरताको रणनैतिक उद्देश्यतर्फ लगिनु हो । अर्थात् जातीय मुक्तिको नारालाई साम्राज्यवादले दुरूपयोग गरिदियो र जाति जनजातिवीच विखण्डनको भाव दिन सक्षम भयो । अहिले आत्मनिर्णयको अधिकारलाई राष्ट्रिय विखण्डनको अर्थमा परिभाषित गर्न खोजिएको छ, जुन जनयुद्धको कतै कुनै उद्देश्य नै थिएन । त्यसको उद्देश्य त सबै जनजातिलाई उत्पीडनबाट माथि उठाउनु र समानता तथा अधिकारका तहमा पुऱ्याउनु मात्र थियो । च) जनयुद्धले राष्ट्रियता र देशप्रेमको सँस्कृति निर्माण गर्न विस्तारवादी हस्तक्षेप र अतिक्रमण, शोषण र उत्पीडनबाट नेपाललाई मुक्त गर्ने र स्वाधीनता-स्वाभिमान-स्वतन्त्रता स्थापित गर्दै आत्मनिर्भर, विकसित नेपाल निर्माण गर्ने जनयुद्धको उद्देश्यलाई अहिले लम्पसारवादमा परिणत गरिएको छ । छ) जनयुद्धले त्याग, वलिदान र उत्सर्गको सँस्कृति स्थापित गरेको हो । आत्म वीरता, साहस र शौर्यको सँस्कृति स्थापित गरेको हो जसलाई आज निस्तेज र निरर्थक पारिएको छ । यसले शौर्य, साहस, वीरताको सँस्कृतिमार्फत् अर्काको लागि लड्ने-मर्ने नेपाली युवाहरूलाई आफ्नो लागि लड्ने-मर्ने वलिदानी सँस्कृतिमा फेरेको थियो । यो स्वाभिमान र वीरताको सँस्कृति गर्विलो, आत्मसम्मानको सँस्कृति थियो । यसले सामन्तवादका सामु आफूलाई दास र बँधुवा सम्झने दमित नेपाली परम्परा र चेतनालाई स्वतन्त्र नागरिकको आत्माभिमानमा परिणत गऱ्यो । ठुलाठालु, धनीमानी, साहुमालिक, सम्भ्रान्त-शोषक, मुखिया-जमिन्दार वर्गका सामु लत्रिने, चाकर हुने, चाउरिने, गुलामी र दीनता प्रस्तुत गर्ने नेपाली समाजको मानसिकता फेरेर ठाडो शीरले बोल्न सक्ने बनायो । दमित र दलित सामाजिक मानवीय स्वभाव यसरी आत्मसम्मानको भावमा फेरियो । ज) यस सँगसँगै यसले रूढिवादी सँस्कृति, अन्धविश्वासी र आडम्वरी सँस्कृति, अवैज्ञानिक परम्परा, कुसँस्कार विरूद्ध पनि गाउँगाउँमा चेतनाको सञ्चार गऱ्यो । घुम्टो प्रथा, दाइजो प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा, हरूवा-चरूवा-अगुवा प्रथा, बाल र बहुविवाह प्रथा आदि कैयौं प्रथाहरूमाथि जनयुद्धले प्रहार गऱ्यो । फलतः महिलामाथिका हिंसा जनयुद्धकालमा ज्यादै न्यून मात्र भए । त्यस अवधिमा कसैले  दोस्रो विवाह गर्ने आँटसम्म गरेन । थारूहरू जागे । झ) जातीय उत्पीडनमाथि पनि जनयुद्धले प्रहार केन्द्रित गरेको थियो । वर्दिया, कैलाली र दाङमा हजारौं थारू युवाले जमिन्दारहरू विरूद्ध धावा बोले । हजारौं जनसेनामा भर्ती भए । हजारौं थारू युवाहरूको वलिदान र बेपत्ताको स्थितिले सोकुरालाई पुष्टि गर्छ । तर आज तिनै कुप्रथाहरू पुनर्स्थापित हुँदै गएका छन् । बोक्सी आरोपमा मारिने वा कुटिने महिलाका घटना मासिक रूपमा घटित भइरहेछन् । अर्थात् रूढिवाद, ब्राह्मणवाद, मनुवादले पुनः आफ्नो स्थान ओगटेको

छ । यो सबै जनयुद्धलाई आत्मसमर्पणमा लगेर विसर्जन गर्नुको परिणाम हो । ञ) फेरि पनि जनयुद्धले राजतन्त्रको अन्त्य, धर्मसापेक्ष हिन्दुवादमा सुधार गर्दै धर्मनिरपेक्षता, समावेशी र समानुपातिक प्रतिनिधित्व, मौलिक अधिकारमा सुधारका केही कार्यभार भने पूरा गरेको छ । यो एक कदम अँगाडि जरूर हो तर युगान्तकारी कदम भने हैन । किनकि यस परिवर्तनले पुरानो सामन्तवादी सत्ता र सँस्कृतिमा कुनै तात्विक परिवर्तन आएन । राजतन्त्रको अन्त्य नै सामन्तवादको अन्त्य ठान्ने विचार नितान्त गलत हो । संसारका धेरै मुलुकमा गणतन्त्र आएको धेरै भयो, चीन र भारतमा पनि । त्यहाँ गणतन्त्रपछि पनि सामन्तवादी सत्ता र सँस्कृति जीवितै थिए र छन् । जसका विरूद्ध माओले त जनवादी क्रान्तिकै नेतृत्व गरे । अझ नभएर १९६६ देखि 'महान् सर्वहारा साँस्कृतिक क्रान्ति' नै गर्नु पर्‍यो । क्रान्तिपछि पनि सामन्तवादी सँस्कृतिको सत्ता चीनमा १९६६ सम्म नै प्रभावशाली रहेको यसले पुष्टि गर्छ भने यहाँ त राजतन्त्र जाँदैमा जनवादी क्रान्ति पूरा भयो पो भन्न थालिएको छ । यो भदौमा आँखा फुटेको गोरूले सधै हरियो देखे जस्तै हो ।

जे होस् जनयुद्धले साँस्कृतिक क्षेत्रमा पनि परिर्वनको जग हालेको कुरा भने स्पष्ट हुन्छ । साहित्य–कलामा पनि जनयुद्धले पारेको प्रभाव जनयुद्धबारे लेखिएका कृतिको एउटा ससानो पुस्तकालय नै बन्न सक्ने यथार्थले नै प्रस्ट पार्छ । 'जनान्दोलन'मा दुई चारसय जनाको जुलुस र पुलिससँग लट्ठी तानातानको मजाकले यो गणतन्त्र आएको हैन । यो त लाखौंलाख गाउँबाट सहर पसेका जनयुद्धबाट दीक्षित जनता र १४ हजारभन्दा बढी साहसी, शूरवीर युवाहरूको वलिदानको परिणाम हो । हो, जनान्दोलन एउटा माध्यम जरूर बनेको थियो । यसको सहयोगी भूमिका अवश्य थियो तर मुख्य होइन । विना वलिदान संसारमा कहाँ परिवर्तन आएको छ र ? के त्यस्तो कुनै उदाहरण दिन सकिन्छ र ? 'जति उच्च वलिदान त्यत्ति महान् मुक्ति' भन्ने सूक्ति त्यसै बनेको पनि हैन ।

साँस्कृतिक परिवर्तनका जगमा टेकेको राजनैतिक रूपान्तरण मात्र दिगो हुन्छ भन्ने सत्य सबैलाई थाहा छ । तर हाल आएर नेपालको राजनैतिक परिवर्तन भने भाटभटेनी झै हवामा झुण्डिएको छ । साँस्कृतिक रूपान्तरणको बलियो जग यसको बन्न सकेन । यसको जग आधारभूत साँस्कृतिक परिवर्तनको जग हुनु पर्थ्यो, तर भएन । जुन सँस्कृतिको जग भर्खर बन्न मात्र लागेको थियो त्यसलाई नजम्दै प्रतिक्रियावादीहरूसँग मिलेर गद्दारहरूले भत्काइसकेका छन् । माथि उल्लेख गरिएका साँस्कृतिक क्षेत्रमा जनयुद्धले पारेका प्रभाव आज निस्प्रभावी बनाइँदै लगिएका छन् । वास्तविक जनयुद्ध लड्ने वर्ग=सर्वहारा वर्ग=मजदुर, किसान, ज्यामी, गरिब, सुकुम्वासी आदि फेरि सत्ताबाट पाखा लगाइएका छन् र तिनको नाममा नवप्रतिक्रियावादी, संशोधनवादी, अवसरवादी, विदेशी दलाल, नोकरशाह एवम् दलाल पुँजीपति वर्ग तथा धनी, सामन्तवर्ग नै सत्तामा फेरि स्थापित हुन पुगेका छन् । अहिले बनेको सरकार र उसले चलाउने सत्ता सर्वहारा वर्गको प्रतिनिधि र श्रमजीवी वर्गको हितरक्षक हुनै सक्दैन । स्वयं यिनका नेताले नै घोषणा गरेका छन्-'कम्युनिष्ट नाम हुँदैमा कोही कम्युनिष्ट हुँदैन । जस्तो धनबहादुर धनी हुन्छ भन्ने हुँदैन । यो नाम त एउटा ट्याग मात्र हो । यो एउटा लेबल मात्रै लगाइएको हो । हात्ती छाप चप्पललाई हात्ती झैं बलियो भने झैं ।'(के.पी. ओली)। हैन समाजवाद निर्माणका कुरा त गरेका छन् नि ! भन्ने प्रश्न गर्न सकिन्छ । तर त्यो उनीहरूले भनेको समाजवाद त प्रतिक्रियावादी बुर्जुवा समाजवाद मात्रै हो । सर्वहारा वर्गको समाजवाद हुँदै होइन । संसारमा चुनावबाट, संसदीय व्यवस्थाबाट, दलाल पुँजीवादी अर्थव्यवस्थाबाट समाजवाद स्थापना भएको इतिहास कहिँ पनि छैन । ल्याटिन अमेरिकी मुलुकको उदाहरण दिने गरिन्छ तर त्यहाँको वर्तमान स्थिति कस्तो छ सबैका सामु छर्लङ्ग नै छ । प्रतिक्रियावादी शोषक वर्गले सर्वहारा वर्गको समाजवाद स्थापित गर्ने कुरा विज्ञान वा तथ्यसम्मत हुन सक्दैन । यो सत्य हैन नक्कली कुरा हो, नक्कली राष्ट्रवाद जस्तै, जनता झुक्याउने प्रपञ्च । यो छलकपटपूर्ण तर्क मात्रै हो । कहिँ शोषक वर्गले शोषित वर्गको लागि समाजवाद स्थापना गर्छन् र ? कहिँ एउटा वर्गले अर्को वर्गलाई सत्ता दान दिएको इतिहास पनि भेटिन्छ र ?

यसबारे एउटा मात्र यो प्रसङ्ग हेरौं–ओलीले आफूलाई राष्ट्रवादी अडान राखेकाले र वाम गठबन्धन गरेकाले जनताले जिताएको चर्चा गरेका छन् । चुनावमा यही राष्ट्रवादको ट्याग प्रयोग भयो । तर चुनाव जितेपछिका गतिविधि केलाउनुस् त ! त्यहाँ सर्वहाराको स्थान र राष्ट्रवादको स्थान कहाँ छ ? उनी हतार हतार बैंकक पुगेर 'र' का प्रमुखसँग रहस्यमय र गोप्य लामो वार्ता गर्छन् । त्यसपछि देश फर्के लगत्तै विदेशीको निर्देशनमा हिंजो सम्बिधान संशोधन हुनै नसक्ने भन्ने अडान छोडेर मधेसीसँग सम्बिधान संशोधन गर्ने वाचा गर्न पुग्छन् । त्यसपछि प्रधानमन्त्रीको पद शेरबहादुरले नछाड्ने शङ्का लागेपछि सुषमा स्वराजलाई निम्ता गर्छन् । एकान्तमा एक्लै गोप्य कुरा

हुन्छ र आशीर्वाद लिन्छन् । सम्बन्ध सुधार हुन्छ र पूर्व राजदूत जयन्तप्रसादले घोषणा गर्छन्–ओलीजी हिंजो पनि भारतका असल मित्र थिए, घनिष्ट थिए, छन् र रहनेछन् । उनीसंग भारतको आन्तरिक सुमधुर सम्बन्ध यथावत् छ । हिंजो एउटा मेघा प्रोजेक्ट सम्बन्धी सम्झौता पारित गराउनमा ओलीले पार्टीभित्र खेलेको भूमिका भारतका लागि सदास्मरणीय छ ।' अनि दिल्लीबाट मोदीजीको रातारात फोन आउँछ, बधाइ प्राप्त हुन्छ, भारत भ्रमणको निम्ता मिल्छ, प्रधानमन्त्री पनि बन्छन् । तब ओलीजी प्रभुको सेवामा दिल्ली जान हतारिन्छन् । हतार हतार भ्रमणको मिति र विधि पनि तय हुन्छ । अब भारतसंग 'प्रगाढ सम्बन्ध' कायम गर्न ओली लालायित छन् । उनको सन्तुलित समान छिमेकी सम्बन्ध यस्तो  छ । उनको पञ्चशीलताको परराष्ट्र नीति पनि यस्तो छ । सायद दिल्लीधाममा दिल्लीश्वरसंग भेट भएपछि अब विगतका प्रधानमन्त्रीले झैं नेपाल आमाको कुनै अङ्ग काटेर वलि चढाइनेछ र प्रभुलाई खुसी पारेर फर्किनेछ । देशको फेरि अर्को एउटा अंश गुम्नेछ तर जनतालाई थाहै हुने छैन–टनकपुर जस्तै । सट्टामा ओलीले वर प्राप्त गर्नु हुनेछ–स्थायी सरकारको, स्थीरताको, मित्रताको । यसरी प्रभु खुसी भएपछि केही आर्थिक झोली सहायतामा प्राप्त हुनेछ । उनले महाकालीको पानी दिल्ली लैजान र राष्ट्रघाती महाकाली सन्धी कार्यान्वयन गर्न दिनेछन् । थुप्रै ठाउँमा उसले हडपेको भूमि उसकै हो भन्ने कुरा पनि प्रचण्डले झैं स्वीकार्ने छन् । कुनै पनि असमान सन्धीका बारेमा केही बोल्ने छैनन् । कर्णाली, अरूण नदी जस्ता बचेखुचेका जलस्रोत जिम्मा लगाइदिनेछन् आदि आदि । कारण राष्ट्रवाद त ट्याग अर्थात् लेबल अर्थात् नाम मात्र न हो । नाम हुँदैमा काम हुँदैन–उनकै शब्दमा । कम्युनिष्ट ट्यागमा कम्युनिष्ट नभए जस्तै । नेपाली राष्ट्रियता यसरी फेरि पनि खतराकै निशानामा रहिरहनेछ ।

अब भन्नुस् कहाँ जनवादी क्रान्ति पूरा भयो र समाजवाद स्थापना गर्ने झुट सपना बाँडिरहेछन् । नवउपनिवेश र अर्धसामन्ती व्यवस्था कहाँ समाप्त भयो खै ? विदेशीको हस्तक्षेप र प्रभुत्व अन्त्य भएको खै ? राष्ट्रिय स्वाभिमान स्थापित भएको खै ? नयाँ जनवादी क्रान्ति पूरा भएको देशमा श्रमजीवी र सर्वहारा वर्गको अधिनायकत्व खै ? राष्ट्रिय पुँजीपति वर्गको निर्माण भएको खै ? स्वतन्त्र, आत्मनिर्भर, राष्ट्रिय अर्थतन्त्र बनेको खै ? विदेशी दलाल, सामन्त तथा दलाल पुँजीपतिवर्गका प्रतिनिधिले चलाएको सत्ता नयाँ जनवादी व्यवस्था हुन्छ र ? यो पनि कम्युनिष्ट ट्याग जस्तै हो । हात्ती र हात्ती छाप चप्पल जस्तै । यहींनेर एउटा प्रश्न गर्छु– के केपी ओलीले राष्ट्रघाती महाकाली सन्धीबारे क्षमा याचना गर्दै त्यसको खारेजीको पहल गर्छन् ? के गत २२ वर्षको १ खरब २० अरब वार्षिक आम्दानी (जो उनले नै घोषणा गरेका थिए) असुल गर्ने जनतासामु प्रतिबद्धता व्यक्त गर्छन् ? के भारतले गत २२ वर्ष एकलौटी उपभोग गरेको नेपालको भागमा परेको पानीको रोयल्टी भारतसित चुक्ता गराउनेछन् ? यो स्थिति सिर्जना हुनमा प्रचण्ड र बाबुरामहरूको ठुलो हात छ । हाल वादल पनि त्यसमा सामेल भएका छन् । यसले उनीहरूको साँस्कृतिक चरित्रलाई उद्द्योत गर्छ । उनीहरूले कस्तो सँस्कृति अपनाएका छन् त अहिले ? वा चुनवाङ बैठकपछि अपनाउँदै आए । यसबारे तल केही सूच्यात्मक रूपमा चर्चा गर्न चाहन्छु ।

१) उनीहरूले अहिले स्थापित गरेको पार्टीभित्रको सँस्कृति दक्षिणपन्थी अवसरवादी सँस्कृति हो । जसमा उनीहरूको निम्नपुँजीवादी चरित्र पनि मिश्रित छ । वर्ग छोडेर, विचार छोडेर, आदर्श र सपना छोडेर जता काफल पाक्यो उतै चरी नाच्योको पीपलपाते तालमा बिहान, दिउँसो, साँझ फरक–फरक कुरा गर्ने, झुट र भ्रम फिंजाउँदै जनतालाई ठग्ने विश्वासघाती सँस्कृति र राजनीति उनीहरूको वर्तमान आदर्श हो । यो गद्दारी र विसर्जनबाट सिर्जना भएको छ । आफ्नो स्वार्थका लागि देशकै अस्मितामाथि खेलवाड गर्ने उनीहरू स्वार्थकै लागि देशको अस्मिता सुम्पिन पनि तयार हुन्छन् । खाली उनीहरू बाँच्नु पऱ्यो, हेगमा पुऱ्याइनु भएन, भ्रष्टाचार आदिका मुद्दा लाग्नु भएन, पुराना युद्धका मुद्दा पनि उकल्झाइनु भएन, विलासितापूर्ण जिन्दगी जिउन पाउनु पऱ्यो, सात पुस्तासम्मका लागि भविष्यको व्यवस्था मिल्नु पऱ्यो । यो उपभोक्तावाद र क्षणिक आनन्दको प्रवृत्ति हो, जसलाई उनीहरूले अँगालेका छन् । अर्थात् सारमा यो शून्यवादी सँस्कृति नै हो ।

२) नवउदारवादी अर्थव्यवस्थाभित्र चुर्लुम्म डुब्दै उनीहरूले उपभोक्तावादी सँस्कृतिलाई अवलम्बन गर्न पुगेका छन् । खाऊ पिऊ मोज गर, ऐस आराम र भोग गर, विलासमा रमाऊ, समग्र राष्ट्र र जनताको प्रश्न पाखण्ड मात्र हो ! राष्ट्रियमूल्य र सर्वहारा मानवता अब असम्भव छ । त्यो परिकल्पना मात्र हो, भन्ने चिन्तन र प्रवृत्ति पार्टीको तल्लो तहसम्म  स्थापित हुन पुगेको छ । त्यसैले द्रव्यपिशाची संस्कार पनि बसालेको हो । सब थोक पैसा हो र पैसाले बुद्धि, विवेक, चेतना, ज्ञान, श्रम, शक्ति आदि सबै किन्न

सकिन्छ भन्ने सोंच पलाएको छ । त्यसैले सानोदेखि ठुलोसम्म आर्थिक व्यवस्थापन गर्ने दौडमा छन् । 'फेरि मिल्छ मिल्दैन पाएको बेला छोड्नु हुन्न' भन्ने सोंचबाट परिचालित सिंगो पार्टी भ्रष्टाचारीहरूको अखाडा जस्तै भएको छ । पैसाको निम्ति नैतिकता, मूल्य, मर्यादा, प्रतिष्ठा, इज्जत सबै त्यागेको हुनाले 'काम भएपनि पैसाले नभएपनि पैसाले'को स्थिति छ । यसरी माके द्रव्यधूर्तहरूको पार्टीमा परिणत भइरहेको तथ्यहरूले नै देखाउँछन् । यसरी नीचता र भ्रष्टता नै आदर्श बन्न पुगेको छ । यही उपभोक्तावादी सँस्कृति हो जसलाई अद्यावधि उनीहरूले आत्मसात् गरिरहेका छन्

३) हाईफाई र तामझामको सँस्कृति पनि उनीहरूको अर्को आयाम हो । शान्तिप्रक्रियामा अवतरण गरेसँगै प्रचण्ड-बाबुरामहरू पाँचतारे होटल र रिसोर्टको बसाइमा ओर्ले । देशीविदेशी शक्ति, शक्तिशाली सम्भ्रान्त वर्ग र धनीवर्गसँग उनीहरूको अत्यधिक बस-उठ, आत्मीयता सदाबहार नै बन्यो । हरर्र हुरी झैं एक ठाउँबाट अर्को ठाउँमा पुग्ने र फर्किने, तामझामसँग अघिपछि आछेपाछे लिएर कुद्ने, हिंजो गास काटेर दिएका, बास दिएका, सुरक्षा दिएर ज्यान बचाइदिएका जनता र इमान्दार, नैतिक, आस्था र आदर्शबाट परिचालित आफ्नै सहयात्रीलाई गाडीको हावाले उडाउँदै हिंडने तथा 'मै हूँ' सबथोक अरू कोही केही होइन भनी ठान्ने उद्दण्ड-प्रचण्ड अहङ्कारबाट सञ्चालित उनीहरूले जेपनि र जसो पनि गरे । अर्थात् यो हाईफाई र तामझामको सँस्कृति नै थियो जसले माथिदेखि तलसम्म व्यक्तिवादी, स्वार्थी, लोभीपापी, धुपौरे र आराधनाको सँस्कृति स्थापित गऱ्यो । फलतः नेताको भजन गाएपछि, उनीहरूको प्रदक्षिणा गरेपछि, पद, पैसा, प्रतिष्ठा सबथोक प्राप्त हुन थाल्यो । पद्धति, विधि, प्रक्रिया सबै व्यर्थ हुन थाले । इमान्दारिता, नैतिकता, निष्ठाको मूल्य समाप्त पारियो । पार्टी हैन व्यक्ति, सिद्धान्त हैन नेता, कर्म हैन चाकरी, अनुशासन हैन अराजकता गर्ने कार्यकर्ताले जसरी भएपनि पैसा असुल्ने र त्यसको निश्चित अंश माथिल्लो नेतालाई दिने गर्न थालेपछि धूर्तहरू मालिक बन्न पुगे-पार्टीमा । मरेर निष्ठालाई पालना गर्ने, आदर्शमा अडिई संगठन र पार्टीको काममा तल्लीन रहने, गणेश फेरो नमार्ने, पार्टी हितमा निरन्तर क्रियाशील तर नेताको भजन नगाउने, प्रदक्षिणा नगर्नेहरू निकाला भए, असक्षम ठानिए । यसरी पाखण्डी र अहंकारी, धूर्त र बेइमान, स्वार्थी र लालचीहरूको नितान्त व्यक्तिवादी चरित्र पार्टी-सँस्कृति र आदर्श बन्न पुग्यो । यही हाईफाई र तामझामको सँस्कृति थियो ।

४) निरन्तर क्रान्ति जनताका लागि निरन्तर उत्सव भन्ने नेता निरन्तर विसर्जन, निरन्तर गद्दारी, निरन्तर विश्वासघात, निरन्तर फुट र निरन्तर भ्रममा ओर्लिए । निरन्तर नक्कली 'इस्यु'हरूको डरत्रास पार्टीमा देखाएर 'संसदमा लड्नु जनयुद्ध लड्नुभन्दा जटिल काम' भन्दै कार्यकर्तालाई भ्रम दिन थाले । विसर्जन र गद्दारी मूल प्रवृत्ति नै बन्न पुग्यो । सर्वहारा वर्ग विरूद्ध, गरिब र विपन्न वर्ग विरूद्ध निर्णय गर्न थाले । विस्तारवादसामु लम्पसारको नीति लिन थाले । देशको अस्मिता बन्धक बनाउने र देशका सम्पदा जलस्रोत (नदीहरू) बेच्न थाले । उनीहरूले माओवादको विसर्जन गरे । सर्वहारा अधिनायकत्व पनि विसर्जन गरे । शक्तिप्रयोगको सिद्धान्तलाई पनि विसर्जन गरेर शान्तिपूर्ण परिवर्तन, समन्वय र वर्गमिलापको राजनीतिलाई अँगाले । अर्थात् खुस्चोभको शान्तिपूर्ण परिवर्तन र सबैको प्रजातन्त्रकै अनुसरण गरियो । विचार, सिद्धान्त, दृष्टिकोण विसर्जन गर्दै प्रतिवर्गसँग काँधमा काँध मिलाएर देश र जनताका विरूद्ध लाग्न थाले । उनले क्रान्तिको विसर्जन गरे, युद्धको विसर्जन गरे, जनयुद्धका उपलब्धि सेना, जनअदालत, स्थानीय सत्ता, सहकारी, कम्युन आदि पनि विसर्जन गरे । वर्ग छोडे, वर्गप्रेम छोडे र सपना पनि छोडे । सहिदका रगतको मूल्य पनि छोडे । सबथोक तिलाञ्जली दिएर जनताका आँसु, रगत, पसिना विरूद्ध, त्याग, वलिदान, साहस, वीरताको हिंजोको सँस्कृति विसर्जन गरे । क्रान्तिकारी यात्राको विसर्जन गरी उल्टो धारतिर हिंड्न शुरू गरे । अनि उनको निरन्तर क्रान्ति निरन्तर अभिशापमा बदलियो । यसरी जनता र देशलाई हराउने काम भयो । यो वर्ग, विचार, सिद्धान्त, लक्ष्य, सपनाको मृत्युका नायक उनै हुन् जो क्रान्तिका नायक थिए । नायकको खलनायकमा रूपान्तरण इतिहासमाथि धोका थियो । यसले आम जनता र कार्यकर्तामा निराशा, खिन्नता, पीडा, घृणा, आक्रोश पैदा गऱ्यो । फलतः कार्यकर्ता, जनसेना पलायन हुन थाले । पार्टी अस्तव्यस्त हुन थाल्यो । विचलन र विसर्जनको सँस्कृति पार्टीमा मूल सँस्कृति बन्यो । तर यो निराशा र कुण्ठाले प्रतिशोध भने जन्माउन सकेन । एक-आध जुता-थप्पड हनाइ बाहेक । बरू कार्यकर्तामा निराशाले आत्महत्याका घटना र मानसिक विक्षिप्ति देखिन थाल्यो । यो सबै मृत्यवादी र विसर्जनवादी सँस्कृतिको परिणाम थियो ।

५) निराशा, कुण्ठा, पलायन, हताशा, निष्क्रियताको प्रवृत्ति देखिनुका पछाडि नातावाद र कृपावाद, परिवारवाद र फरियावाद, आसेपासे

र चाकरीवादको प्रवृत्ति पार्टीमा हावी हुनु थियो । यसो हुनुमा ज्वाइँ सँस्कृति, सलाद सँस्कृति, स्याम्पेन सँस्कृतिले पनि अहम् भूमिका खेलेको थियो । जुन २०६० सालतिरदेखि पार्टीमा असरदार बन्दै आएको थियो । जसबारे मैले कलम पत्रिकाको तत्कालीन सम्पादकीयमा पनि लेखिसकेको छु । नेतृत्वको दादागिरीले गर्दा पार्टीमा विचारको बहस हुन छाड्यो । फरक विचारमा बहस गरे कारवाही हुन थालेपछि सबै पछि हटे । चुनवाङ बैठकमा संशोधनवादी निर्णयलाई तीन हात उफ्रेर बाबुराम, विप्लव, वादल, देव गुरूङ, रवीन्द्र, जनार्दनहरू सबैले समर्थन जनाउँदै प्रचण्डमा विलयको घोषणा नै गर्न पुगेका थिए । किरण, गौरव, लोकेन्द्र, सोनामहरूलाई भने मिलाएर यसअघि नै जेलमा कोंचिसकिएको थियो । जसमा बाबुरामको विशेष हात रहेको चर्चा पनि चलाइयो । किनभने उनी जेएनयुका उत्पादन र भारतीय प्रवृत्तिका समर्थक थिए ।

६) नातावाद, कृपावादको सँस्कृतिले पद, पैसा र प्रतिष्ठाको दौड पार्टीमा शुरू भयो । चाकरी, चापलुसी, प्रशंसा र प्रदक्षिणा गरेपछि पद प्राप्त हुने, पद पाएपछि सोही व्यक्तिमा पैसाको केन्द्रीकरण हुने र मनखुसी पनि गर्न पाइने र पद, पैसा भएपछि स्वतः प्रतिष्ठा स्थापित हुने भएपछि त्यो सँस्कृतिले पार्टीमा जरा गाड्यो ।। यो चाकरी र चापलुसीको सँस्कृति थियो । अर्थात् सामन्तवादी सँस्कृतिकै नयाँ सँस्करण । व्यक्तिवाद सामन्तवाद नै हो । मान्छेहरू चरम स्वार्थी, अवसरवादी, लालची, घुस्याहा, जँड्याहामा परिवर्तन भए । जुन प्रचण्ड–बाबुरामले दिल्ली बसाइका क्रममा स्थापित गरेको स्याम्पेन सँस्कृति कै निरन्तरता थियो । पैसा दिएपछि शत्रु पनि आफ्नो र नदिने वा दिन नसक्ने भएपछि सँगै युद्ध लडेको साथी पनि पराया भए । मुख्यालयको सीमित कोटरी र परिवारले मूल्याङ्कन, निर्णय, आर्थिक परिचालन गर्न थाल्यो । जनयुद्धमा कुनै योगदान नै नभएकाहरू वा आन्दोलनसंग भर्खरै मात्र जोडिएकाहरू मालिक बनेर वलिदान र त्यागका पर्याय बनेका सज्जन र सोझा कार्यकर्तामाथि शासन गर्न थाले । यही व्यक्ति मुख्य हुने, सर्वेसर्वा हुने, व्यक्तिको बोली निर्णय हुने (सामन्त बोले कानुन भए जस्तै) सँस्कृति पार्टीमा लागु भयो । यसरी क्रमशः पार्टी खिइँदै जान थाल्यो । ओरालो लाग्यो र पतनको दिशा समात्न पुग्यो ।

७) जोश, जाँगर, साहस, वीरता, सक्रियता, समर्पणको युद्धकालीन सँस्कृति उल्टो सँस्कृतिमा बदलियो र सँस्कृतिको रूप निराशावादी–मृत्यून्मुखी बन्न थाल्यो । अब कार्यकर्तामा त्याग, सेवा, सामाजिकता, वर्गप्रेम, राष्ट्रप्रेम, सहयोगी र निस्वार्थी भाव हराउँदै गयो । नेतृत्वको आचरण नै आदर्श बन्यो–सबैका लागि । अनि प्रचण्ड जस्तै तामझाम, हाईफाई, शौखिन, विलासी व्यवहार यहाँसम्म कि प्रचण्डको शारीरिक हाव–भाव समेत तल्लो तहका कार्यकर्तालाई अनुकरणीय आदर्श बन्न पुग्यो । द्रव्यप्रेमले सबैलाई छोयो र एउटा कार्यकर्ता पैसा विना डेग चल्न छोड्यो । सरकारमा पुगेकाहरू व्यक्तिगत भ्रष्टाचारी बने । नेताहरू सत्तामा बसेर मोजमस्तीको ऐश्वर्यमय जीवन बिताइरहेको देखेर तल ईर्ष्या भयो । अनि उनीहरूले पनि आफ्नो व्यवस्था मिलाउन सबैथोक गर्न शुरू गरे । पार्टी बदनाम भयो र नेतृत्वप्रति जनतामा भित्रभित्रै अथाह घृणाको विकास भयो । उनमा आक्रोश, अविश्वास र असहजता सिर्जना भयो । यो उत्सर्गशीलता विरूद्ध जागेको घृणाको सँस्कृति थियो । कार्यकर्ता पनि नेताको सिको गरेर धुर्त्याइँ, छलछाम, ठगी गर्न थाले । प्रचण्ड–बाबुरामलाई भित्रभित्र धूर्तराजको उपाधि दिन थाले । अब बेइमानी नै सँस्कृति बन्यो, झुट नै सँस्कृति बन्यो । तल्ला नेताले माथिल्ला नेतासामु झुट्टा प्रतिवेदन पेश गरी नेतृत्वलाई प्रभाव पार्ने र आशीर्वाद प्राप्त गर्ने गर्न थाले । जनता र कार्यकर्तावीच सबभन्दा बदनाम व्यक्ति नै नेताका प्रियपात्र बन्न थाले । प्रचण्डले वृहत् शान्ति सम्झौता पहिले पार्टीलाई 'अप्रिल थेसिस' 'अक्टोबर क्रान्ति झैं विद्रोह' को विचारबाट आश्वस्त पारेका थिए । जनयुद्धको जगमा जनविद्रोह त्यही लाइन थियो । 'मुखमा चुनाव दिमागमा विद्रोह'को कुरा पनि गरे । तर यो सबै समय बित्दै गर्दा आँखाको छारो र तिलस्मी भ्रम प्रमाणित हुँदै गयो । अनि क्रमशः संसदीय आहालमा 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्न' सिपालु भए । विचारमा पर्दा लगाएर विधि, पद्धति र प्राविधिक कुरामा जोड दिन थालियो । संसदमा 'जनयुद्धभन्दा ठुलो लडाइँ लडिरहेको' ढ्वाङ पनि फुकियो । फलतः मैले खरिपाटीमा सुँगुरको खोरमा पसेर खोर सफा गर्न भन्दा आफै सुँगुर भएको र विचारबाट निर्देशित भन्दा खोक्रो दिमागले सञ्चालित (भुस भरेको खोक्रो दिमाग) भएको भन्दा मलाई कोठामा थुनेर हातखुट्टा भाँच्ने धम्की दिइयो । मेरो विरोध विचलन र विचारहीनताप्रति थियो तर त्यसलाई विधिमा लगेर जोडी धम्क्याउन शुरू गरियो । यो व्यवहारवादी, विधिवादी, अनुभववादी, विचारहीन, मानसिक खोक्रोपनको सँस्कृति थियो जसले किरणको दस्तावेजलाई जनसेनाका ब्यारेकमा छिर्नसम्म पनि बन्देज गर्‍यो । यो प्रपञ्च नक्कली क्रान्तिकारिता बाँडेर सिङ्गो पार्टीलाई नै संसदवादमा

जाक्ने प्रपञ्च थियो । जसलाई किरण समूहले विरोध गऱ्यो र पछि सम्बन्ध विच्छेद पनि भयो । अहिले आएर बल्ल बाबुरामले प्रचण्डलाई मीठो धून बजाएर सबै मूसालाई त्यही धूनमा लठ्ठ पारी समुद्रमा एकसाथ डुबाएर मार्ने कथासंग तुलना गर्दैछन् । जसका अनुयायी स्वयं आफै पनि थिए र छन् । अर्थात् यो दुबै नेता मिलेर माओवादी आन्दोलनलाई संसदीय आहालमा विसर्जन गर्ने गुरूयोजना नै थियो । यही आत्मसमर्पणवादी सँस्कृति हो र गद्दार सँस्कृति पनि । यो नै कृतघ्न सँस्कृति तथा बेइमान सँस्कृति हो । यही दलाल सँस्कृति हो । सारमा सामन्तवादी सँस्कृतिको अर्को रूप । यो जनताप्रति ठुलो विश्वासघात थियो । यसैलाई जनताले 'बाहिर बाहिर राष्ट्रवाद भित्रभित्र लम्पसार' भनेका छन् । विस्तारवादको दासता र दलालीमा बाँच्नु भन्दा जनताको काखमा मर्नु महान् विषय थियो । तर उनीहरूभित्र लुकेर रहेको कायरताले जनताप्रति यस्तो विश्वास गर्न नै सकेन ।

८) उनीहरूले 'राष्ट्रवाद'को नारा लगाएर छ दिने आन्दोलनमा पार्टीलाई होमे पनि तर त्यो नितान्त नक्कली राष्ट्रवाद थियो, फगत् त्यो त भारतसंग 'सत्ताको बार्गेनिङ्ग' बाहेक केही थिएन भन्ने कुरा पछिल्ला घटनाक्रमले पुष्टि गरेका छन् । उनीहरू साम्राज्यवाद-विस्तारवादपरस्त दास मानसिकता बोकेका दलाल नै हुन् भन्ने कुरा उनीहरूले सही गरेका वा स्वीकार गरेका सन्धी सम्झौताले पुष्टि गर्छन् । जस्तो घुम्ती टोलीमार्फत लाखौंलाख विदेशीलाई नागरिकता वितरण, भारतीय एयर मार्शल विमानस्थलमा राख्न दिने स्वीकृति, देशघाती माथिल्लो कर्णाली आयोजना, अरूण तेस्रो आयोजना, माथिल्लो मर्स्याङ्दी आयोजना, असमान बिप्पा सम्झौता, सबै असमान, गलत पुराना सम्झौतालाई स्वीकार गर्ने काम, भारतले एकतर्फी नक्साङ्कन गरेको सीमा नक्साप्रति सकारात्मक धारणा आदि मुख्य छन् । त्यस्तै हरेक पटक सत्तारोहण गर्न दास मनोवृत्ति बोकेर दिल्ली दौडिने व्यवहार पनि त्यस्तै एक प्रवृत्ति हो । कैयौं ठाउँमा सीमा मिचिंदा, सीमामा भारतीय सीमा सुरक्षा बलले नेपालीप्रति गर्ने अपमान र अत्याचार गरिंदा, करिब एक दर्जन नेपाली नागरिकलाई गोलीले भुट्दा गरिने देखावटी विरोध, कोशी, गण्डक जस्ता निरपेक्ष, अन्यायपूर्ण, असमान सन्धीबारे दृढताका साथ कहिल्यै पनि कुरा नगर्ने प्रवृत्ति र दिल्ली पुगेपछि अडान जति छोडिदिने नियतिले पनि त्यही कुरालाई पुष्टि गर्छ । राष्ट्रहितका मामलामा कहिल्यै अडान नलिने र कहिल्यै एकमत नहुने राष्ट्रद्रोही चरित्र पनि यसमा जिम्मेवार छ । यी यस्ता सँस्कृति हुन् जसले अब उनीहरू कम्युनिष्ट रहेनन् भन्ने कुरालाई सत्यापित गर्छ । साँस्कृतिक क्षेत्रमा जनयुद्धले पारेको सकारात्मक नकारात्मक प्रभावको मुख्य रूपरेखा यही हो । कैयौं विषय यहाँ छुटेका होलान् तापनि मुख्य प्रवृतितर्फ भने संकेत भएको छ । सँस्कृतिमा जनयुद्धको प्रभावबारे यो सानो विमर्श मात्रै हो ।

यसरी जनयुद्धको सँस्कृतिलाई उनीहरूले संसदवादी र नवप्रतिक्रियावादी सँस्कृतिमा रूपान्तरण गरेका छन् । उनीहरूले अब माओवाद, वर्गसंघर्ष, सर्वहारा अधिनायकत्व, सशस्त्र क्रान्ति, आमूल परिवर्तन, त्याग, वलिदान, राष्ट्रियता तथा देशप्रेमको सँस्कृतिलाई तिलाञ्जली दिएका छन् र प्रतिक्रियावादी, राष्ट्रघाती सँस्कृतिलाई आलिङ्घन गर्न पुगेका छन् । जनयुद्धका प्रस्थापना र शुरू गर्दाका प्रतिवद्धता रूपान्तरण भएर गद्दारी, आत्मसमर्पण, विश्वासघातमा बदलिएका छन् । जसविरूद्ध अब क्रान्तिकारीहरू पुनर्संगठित भई आवाज उठाउनु जरूरी भएको छ । मुख्य कुरा सही विचार र सही लाइन हो । अहिले विचारको लडाइँ लड्नु नै मुख्य कुरा हुन आएको छ । गद्दारी र विश्वासघातको यो सँस्कृतिको चिरफार नगरी र सत्यकुराको बुझाइ जनतासम्म नपुऱ्याई ठुलो धोका पाएको जनता फेरि उठ्न तयार हुने छैन । निराशा, अविश्वास, घात, भ्रम, विसर्जन आदिको अगुल्टोले प्रताडित जनता विजुली देखे पनि तर्सिने अवस्थामा छन् । फेरि पनि क्रान्ति निरपेक्ष कुरा हो, क्रान्ति हुन्छ, क्रान्ति अझै पनि आवश्यक छ । परिवर्तन अनिवार्य छ । रूपान्तरण जरूरी छ । जतिसुकै बलिया सम्राट्हरूको पनि मृत्यु सुनिश्चित छ । अहिलेको यही संसदीय कथित लोकतन्त्रबाट सर्वहारावर्गको, गरिब विपन्नहरूको हित र मुक्ति असम्भव छ । अस्तु ।

२०७४-१२-१३

# दस वर्षे महान् जनयुद्ध : समग्र वर्गयुद्ध

*"गृहयुद्ध बिना आजसम्म इतिहासमा कुनै पनि महाक्रान्ति सम्पन्न हुन सकेको छैन र त्यस बिना पुँजीवादबाट समाजवादमा संक्रमण कुनै पनि मार्क्सवादीले सोच्न सक्तैन ।"*

**– भ्लादिभिर इल्यिच लेनिन**



**हस्तबहादुर केसी**

## विषय प्रवेश

नेपालको कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धाराको इतिहासमा तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले २०५२ साल फाल्गुन १ गते (सन् १९९ फेब्रुअरी १३ तारिख) का दिन सशस्त्र जनयुद्धको थालनी गऱ्यो । त्यसले २०५२ साल फाल्गुन १ गते रोल्पा जिल्लाको होलेरी प्रहरी चौकी, रूकुम जिल्लाको राडीज्यूला प्रहरी चौकी, सिन्धुली जिल्लाको सिन्धुलीगढी प्रहरी चौकी र गोरखा जिल्लाको कृषि विकास बैंकमाथि राती एउटै समयमा सशस्त्र आक्रमण गरेर जनयुद्धको थालनी गरेको थियो ।

केन्द्रीकृत सामन्ती राज्यसत्ताको समूल अन्त्य गरी नेपाली समाजको आमूल रूपान्तरण गर्ने लक्ष्य साथ आरम्भ भएको महान् जनयुद्ध २०७४ फागुन १ बाट २३ औं वर्षमा प्रवेश गरेको छ । जनयुद्धले केन्द्रीकृत सामन्ती राज्यसत्ताको आधार र अधिरचनामा केही रूपान्तरण गर्न सके पनि आमूल परिवर्तन गर्नुपर्ने युगान्तकारी कार्यभार भने ज्युकाँ त्युँ बाँकी नै छ ।

०५२ फागुन १ गते जनयुद्ध आरम्भ गर्दा यसको मूल नारा थियो – 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश गर्दै नया जनवादी राज्यसत्ता स्थापना गरौं ।' आफ्ना खुल्ला प्रतिबद्धताहरूमा पार्टीले जनतासमक्ष वाचा गरेको थियो – 'जनयुद्धको लक्ष्य र क्रान्तिको कार्यभार पूरा नगर्दासम्म हतियार नबिसाउने, जनयुद्धलाई बीचैमा स्थगित नगर्ने, नौलो जनवादी राज्यसत्ता स्थापना नहुँदासम्म जनयुद्धलाई जारी राख्ने ।'

एक दशक लामो नेपाली जनयुद्धले नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत तमाम क्षेत्रमा जबर्जस्त रूपान्तरण गरिदियो । गाउँगाउँमा पूरानो सामन्ती सत्ताका आधार र अधिरचनालाई भत्काउँदै जनयुद्धले ऐतिहासिक कार्यहरू गरेर देखाइदियो । आफ्नै स्थानीय जनसत्ता, जनसेना, जनकम्युन, जनअदालत स्थापना गरी माओवादीले पूरानो सत्ताको विकल्पमा नयाँ जनवादी सत्ताको अभ्यास गरेर घरेलु प्रतिक्रियावादलाई दरिलो झापड दियो भने संसारभरका आममेहनतकस जनता र क्रान्तिकारी भाइचाराहरूलाई क्रान्तिकारी आशावादको झिल्काहरू प्रस्तुत गऱ्यो । रूसमा स्टालिनको निधन (सन् १९५३), चीनमा कमरेड माओको मृत्यु (सन् १९७६) पछि विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक चरणमा त छँदै थियो, पछि पेरूमा कमरेड गोञ्जालोको गिरफ्तारीपछि भर्खरै बल्न थालेको क्रान्तिको 'रातो लाल्टिन' निभ्न खोज्यो । त्यस प्रकारको स्थितिमा माओवादीले विश्वकम्युनिस्ट आन्दोलनमा पुन एकपटक जनयुद्ध आरम्भमार्फत क्रान्तिको 'रातो लाल्टिन' प्रदान गऱ्यो ।

विश्व र नेपाली कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवादको दबदबा रहेको, संसारभरका प्रतिक्रियावादीहरू 'मार्क्सवाद असफल भयो', 'क्रान्ति र इतिहासको अन्त्य भयो' जस्ता ग्वेयवल्स शैलीमा झुठा प्रचार गरिरहँदा ती प्रचारहरूलाई नकामसिद्ध पार्दै नेपाली जनयुद्धले विश्वभर क्रान्तिकारी आशावाद सिर्जना गऱ्यो । स्थानीय जनवादी सत्ता निर्माण गर्दै माओवादी केन्द्रीय सत्ता कब्जाको सन्निकटमा पुग्यो, देशका अधिकांश भू-भाग जनसेनाको नियन्त्रणमा रह्यो । विभिन्न अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसमेतले नेपालमा माओवादीले पचहत्तर प्रतिशत भू-भाग आफ्नो नियन्त्रणमा लिएको बताएका थिए । दबिएका, हेपिएका र उपेक्षित दलित, महिला, जातिजनजातिहरूले उन्मुक्त जीवनको अनुभूति गर्न पाए । स्थानीय सत्ता आफ्नो हातमा लिएका उत्पीडित नेपाली जनता जनयुद्धले नै सबैको भविष्य सुनिश्चित गर्नेमा प्रतिबद्ध र विश्वस्त थिए ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा २०५२

फाल्गुन १ बाट सुरू गरिएको महान् जनयुद्ध देशलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाबाट मुक्त गर्दै नेपालमा नयाँ जनवादी गणतन्त्र स्थापना गरी बैज्ञानिक समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्ने मूल उद्देश्यमा आधारित थियो ।

क्रान्ति सचेतन अवस्थाबाट मात्र पूरा गर्न सकिन्छ । कुनै आवेक वा व्यक्तिको इच्छा, आकांक्ष र लहडको भरमा क्रान्ति पूरा हुने होइन । यो वैज्ञानिक योजना र मार्क्सवादको दायराभित्रबाट मात्र पहल गरेर क्रान्तिलाई विजयसम्म पुऱ्याउन सकिन्छ ।

विश्व सर्वहारावर्गका महान् नेता भ्लादिभिर इल्यिच लेनिनले "क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त आवश्यक हुन्छ" भन्नु भयो । विश्व सर्वहारावर्गका अर्का महान् नेता तथा चिनीया कम्युनिस्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओत्सेतुङले "क्रान्तिका लागि क्रान्तिकारी पार्टीको आवश्यकता पर्दछ ।" भन्नु भयो ।

विश्वसर्वहारा वर्गका ती महान् नेताहरू लेनिन र माओले भन्नु भए झैं पुरै मार्क्सवादी दायरा भित्र रहेर क्रान्तिको वैज्ञानिक पद्धति, नियम अनुसार सशस्त्र जनयुद्धलाई अगाडि बढाउने उद्देश्यले तत्कालिन नेकपा (माओवादी) ले क्रान्तिका लागि क्रान्तिकारी विचार निश्चित गर्ने, क्रान्तिका लागि क्रान्तिकारी पार्टी निर्माण गर्ने, क्रान्तिकारी तथा वैज्ञानिक खालका दीर्घकालीन तथा अल्पकालिन योजनाहरूको तर्जुमा गर्ने र देश र जनताको सामु क्रान्तिलाई अन्तिम विजयसम्म पुऱ्याउन प्रतिबद्धता जाहेर गर्ने कार्यसमेत पूरा गऱ्यो । जस्तै :

## क्रान्तिकारी विचारको सुनिश्चता :

क्रान्तिका लागि क्रान्तिकारी विचार अर्थात् सैद्धान्तिक कार्य पहिलो भएकाले २०४८ सालमा तत्कालिन नेकपा (एकताकेन्द्र) ले एकता महाधिवेशनको आयोजना गऱ्यो । त्यस महाधिवेशनले मार्क्सवाद-लेनिनवाद-माओवादलाई पार्टीको पथप्रदर्शक सिद्धान्त ठोस गर्ने काम गऱ्यो । र त्यही एकता महाधिवेशनले दीर्घकालीन जनयुद्धको कार्यदिशा र पार्टीको सैद्धान्तिक लाइन पारित गऱ्यो ।

अर्थात् नेपाली नयाँ जनवादी क्रान्तिको राजनीतिक तथा फौजी कार्यदिशा पारित भइसकेकाले पार्टीले नेपाली सशस्त्र संघर्षको स्वरूप किटान गऱ्यो 'जस्तो कि- सा.ले.मा. को सैद्धान्तिक निर्देशन र नेपाली समाजका सामान्य विशेषताका आधारमा हाम्रो पार्टीले "सर्वहारावर्गको नेतृत्व, मजदूर - किसान एकताको आधारमा सामन्तवाद र साम्राज्यवादका विरूद्ध परिलक्षित जनवादी अधिनायकत्व सहितको नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने राजनीतिक, रणनैतिक रणनीति निर्धारण गरेको छ । विश्वसर्वहारा समाजवादी क्रान्तिको दिशामा अघि बढ्नु तथा सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्ति चलाउँदै साम्यवाद हासिल गर्न पार्टीको भावी उद्देश्य हो । नेपाली सशस्त्र संघर्षको स्वरूप र दिशा ठिक त्यही राजनीतिक, रणनीतिक र उद्देश्यद्वारा निर्देशित एवं आबद्ध रहने कुरा स्पष्ट छ । त्यसअनुसार नेपाली सशस्त्र संघर्षको स्वरूप दिशाबारे पार्टीको राष्ट्रिय एकता महाधिवेशनले, "गाउँबाट शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धको कार्यदिशा" मूल्य लक्ष्य हुने कुरा स्पष्ट गरेको छ; भन्दै सशस्त्र संघर्षको निशानाको सामन्तवाद र नेपाली जनता, साम्राज्यवादको मुख्यतः भारतीय विस्तारवाद र नेपाली जनता, दलाल एवं नोकरशाही पुँजीवाद र नेपाली जनताका बीचको आधारभूत अन्तरविरोध र तत्कालिक रूपले भारतीय विस्तारवादका संरक्षित सामन्त, नेकरशाह र दलाल पुँजीपतीवर्ग मिलेर बनेको घरेलु प्रतिक्रियावादसँग नेपाली जनताको अन्तरविरोध हल गर्नु नै सशस्त्र संघर्षको काम हो ।

## क्रान्तिकारी पार्टीको निर्माण :

२०५१ साल फाल्गुन २देखि ४ गतेसम्म गोरखामा तत्कालिन नेकपा (माओवादी) को तेस्रो विस्तारित बैठक सम्पन्न भयो । त्यस विस्तारित बैठकबाट निर्मल लामाको पार्टीबाट वाहिरियो र नेकपा (एकताकेन्द्र) लाई पुनर्गठन गर्न पुग्यो भने पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को गठन गरियो । पार्टीले मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पथप्रदर्शक सिद्धान्तको रूपमा स्वीकारर्ने निर्णय गऱ्यो ।

## ऐतिहासिक जनयुद्धको पहिलो योजना र प्रतिबद्धता जाहेर गर्ने काम :

तत्कालिन नेकपा (माओवादी) को आयोजनामा २०५२ साल असारमा केन्द्रीय समितिको पूर्ण बैठक बस्यो । उक्त पूर्ण बैठकले ऐतिहासिक जनयुद्धको पहिलो योजना पारित गऱ्यो ।

पार्टीले जनयुद्धको प्रथम ऐतिहासिक पहलका निम्ति निम्न चार तयारी पूरा गर्ने भन्ने योजना पारित

गऱ्यो ।

१) वैचारिक तयारी
२) संगठनात्मक तयारी
३) संघर्ष सम्बन्धि काम
४) प्राविधिक सम्बन्धि काम

यस अन्तर्गत योजना तर्जुमा गर्ने, लक्ष्यहरू किटान गर्ने, नाराहरू किटान गर्ने आदि निर्णय गऱ्यो ।

'जनयुद्धको ऐतिहासिक पहलका लागि सात सैद्धान्तिक प्रतिबद्धताहरू' पनि पारित गऱ्यो जो तल स्पष्ट रूपमा राखिएको छ :

१) हाम्रो यो योजना क्रान्तिकारी हिंसा सम्बन्धी मार्क्सवाद-लेनिनवाद-माओवादका शिक्षामा आधारित हुनेछ । हाम्रो देशको विशिष्टता अनुसार गाउँबाट शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एकपटक पुनः माओद्वारा विकास गरिएको सर्वहारा वर्गको सार्वभौम र अपराजय मार्क्सवादी सैन्य सिद्धान्तका रूपमा जनयुद्धको सिद्धान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछ ।

२) जनयुद्धको थालनीको हाम्रो यो योजना 'राज्यसत्ता बाहेक अरू सबै भ्रम हो' भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निमित्त राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र संघर्षको प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखा पर्ने अर्थवाद, सुधारवाद, अराजकतावाद लगायतका सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरूद्ध निरन्तर संघर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्दछ ।

३) हाम्रो यो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारावर्गको अधिनायकत्व अन्तरगत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिकै स्वर्णीम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ । एक पटक हतियार उठाए पछि त्यसलाई अन्तसम्म लैजाने दृढता विना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवं आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दवाब दिई सामान्य सम्झौतामा टुंग्याउने साधन बन्न कदापि दिइनेछैन । यसरी हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पुँजीवादी, संकीर्ण, राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवं जातिवादी विभ्रमहरूबाट सम्पूर्ण रूपले मुक्त रहने छ ।

४) हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रवादको महान् भावनामा आधारित रहनेछ । नेपाली क्रान्ति, सर्वहारा विश्व क्रान्तिको अभिन्न अंग हो र यसले विश्व क्रान्तिको सेवा गर्नेछ । हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद-लेनिनवाद-माओवादको निर्देशनमा विश्व क्रान्ति अघि बढाउन तथा नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको 'क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन' (रिम) (जसको हाम्रो पार्टी पनि सदस्य छ) को विकासमा अझ बढी सहयोग पुऱ्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ ।

५) हाम्रो यो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सार्वभौमिकता अनुसार पार्टी भित्री संघर्षलाई द्वन्द्वात्मक ढंगले ग्रहण र त्यसलाई संचालन गर्नु र पार्टीलाई त्यसरी सजीव राखी हर क्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु, पूरा हृदयले जनताको सेवा गर्न जनतासँग घनिष्ट संबन्ध कायम राख्ने जनदिशाको सिद्धान्तमा अविचल रहने कुरामा पार्टी कटिबद्ध छ ।

६) हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यता अनुसार बन्नेछ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद विरोधी सबै तह र तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र संघर्ष संचालन गरिने छ । कृषि क्रान्तिलाई मेरूदण्ड मानी हाम्रो सशस्त्र संघर्ष श्रमजीवी जनसमुदाय मुख्यतः गरीब किसानहरू माथि भर परेर चल्ने छ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवं प्रतिक्रियावादी गुटहरूको दवाव, धम्की र प्रलोभनमा पर्ने छैन ।

७) युद्धका आफ्नै नियम अनुसार त्यो सरल रेखामा होइन जटिल बक्र रेखामा अघि बढ्ने छ । लेनिनको "क्रान्ति आफैले आफ्नो विकास क्रममा सँधै नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ" भन्ने कुराको महत्वलाई आत्मसात गरेर जानु जरूरी छ । जीत र हार, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्ने छ । खराब कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तरविरोधको नियमलाई ठिक ढंगले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्नेछौं ।" - नेपाल कम्युनिस्ट पार्टी (माओवाद) का ऐतिहासिक दस्तावेजहरू, प्रसवि प्रकाशन, नेकपा (माओवादी) मेची-कोसी क्षेत्रीय ब्यूरो पूर्वी

कमाण्ड २०६३ कार्तिक, पृष्ठ १३-१४)

यसरी तत्कालिन नेकपा (माओवादी) द्वारा २०५२ साल फाल्गुन १ गतेदेखि महान् जनयुद्धको पहल भएको मितिले अहिले जनयुद्ध पन्ध्रौ वर्षमा प्रवेश भैसकेको छ । महान् जनयुद्ध देशलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाबाट मुक्त गर्दै नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना गरी समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्ने मूल उद्देश्यमा आधारित थियो । यसप्रकारको उद्देश्य हासिल गर्नका लागि जनयुद्धलाई आधार इलाकाहरूको निर्माण गर्दै विकसित तुल्याउने फौंजी रणनीतिक योजना बनाइएको थियो । तदनुरूप महान् जनयुद्ध सशक्त रूपमा विकसित हुँदै गयो । त्यसले रणनीतिक रक्षा र सन्तुलनका चरणहरू पार गर्दै प्रत्याक्रमणको चरणमा प्रवेश गऱ्यो । यसै प्रक्रियामा पार्टीद्वारा अन्तरिम सरकार, लोकतान्त्रिक गणतन्त्र र संविधानसभाको कार्यनीतिक शृङ्खला तय गरिएको थियो ।

महान् जनयुद्धको ऐतिहासिक प्रक्रियामा १४ हजार जतिको सहादत भयो, हजारौं वेपत्ता र घाइते

भए । नयाँ नेपालको निर्माणका लागि क्रान्तिका वीर योद्धाहरूले त्याग, वीरता र बलिदानका अपूर्व कीर्तिमान कायम गरे । (आउटलुक पेज-५)

गाउँदेखि शहर कब्जा गर्ने नीति बमोजिम पहल गरिएको महान् जनयुद्धको प्रकृया अन्तर्गत ग्रामीण इलाकाहरूमा क्रान्तिका लागि आधार इलाकाहरू निर्माण गर्ने, जनमिलिसिया दस्ता हुदै छापामार दस्ताहरूको निर्माण गर्ने, स्थानीय जनसत्ता, जनअदालत जनकम्युन र जनसरकारहरूको निर्माण गर्दै अगाडि बढ्ने क्रममा जनमुक्ति सेना, नेपालको सातौं डिभिजन सम्म निर्माण गर्ने कामहरू सम्पन्न पुगे ।

जनमुक्ति सेनाले तत्कालिन प्रतिक्रियावादी सत्ताका तत्कालिन शाही नेपाली सेनाको सैनिक क्याम्पहरूमा फौजी आक्रमण गरेर कब्जा गर्ने, डोल्पा, जुम्ला, अछाम, म्याग्दी, अर्घाखाची जिल्ला सदरमुकामहरू कब्जा गर्ने कार्यहरू भए ।

महान् दस वर्षे जनयुद्ध समग्र वर्गयुद्ध भएकाले त्यसले राजनीतिक क्षेत्रमा, आर्थिक क्षेत्रमा, सामाजिक क्षेत्रमा र सांस्कृतिक क्षेत्रमा समेत ठूलो परिवर्तन र रूपान्तरण ल्याई दियो ।

यसरी महान् दस वर्षे युद्धले त्यस वर्षका बीचमा नेपालको सम्पूर्ण भूभागको करीब ८० प्रतिसत भूभाग आफ्नो कब्जामा ल्याउन सफल भयो ।

## नेतृत्वमा पैदा भएको वैचारिक विचलन :

यहाँ जनयुद्ध असफल भएका कारण माओवादी आन्दोलन विर्सजनको दिशातिर पुग्यो भन्ने विश्लेषण गर्ने र प्रचार गर्ने गरेको पाइन्छ । यो । गलत कुरा हो । जनयुद्ध असफल भएको होइन । माथि पनि प्रशस्तै मात्रामा उल्लेख गरिएको छ, महान् दस वर्षे जनयुद्ध नीति, विचार, सिद्धान्त, दर्शन, कार्यक्रम, कार्यदिशा, रणनीति र कार्यनीति तथा योजनाका सवालमा ठिक ढंगले, वैज्ञानिक ढंगले र मार्क्सवादी दायरा र पद्धति भित्र रहेर व्यापक तयारीका साथ थालनी गरिएको थियो । कमी कमजोरी केही पनि थिएनन् भन्न त मिल्दैन । त्यसका पनि सीमा रहने कुरा त रहयो नै ।

तर यहाँनेर बुझ्नै पर्ने कुरा के छ भने जनयुद्ध असफल भएको होइन, जनयुद्ध हाक्ने पार्टीको मुख्य नेतृत्व असफल भएको हो । उसमा वैचारिक विचलन पैदा भए पछि महान् दस वर्षे जनयुद्ध हाक्दै आएको मुख्य नेतृत्व असफल भएबाट महान् दस वर्षे जनयुद्धको प्रक्रियाबाट प्राप्त गरिएका उपलब्धिहरू जस्तो, आधार इलाकाहरू, जनसत्ता, जनअदालत, जनकम्युन, जनसरकार, जनमुक्ति सेना र हतियारहरू समेत गुमाउनु परेको हो । जनयुद्धको समग्र पक्षको मूल्यांकन गर्ने र समीक्षा गर्ने काम त भएको छैन । तर यसो गर्न जरूरी छ ।

## वैचारिक विचलनको पहिलो उत्कर्ष चुनवाङ

२०६२ साल असोजमा तत्कालिन नेकपा (माओवादी) को वैठक बस्यो । त्यस बैठकले सशस्त्र जनयुद्धको कार्यदिशालाई स्थगित गरेर लोकतान्त्रिक गणतन्त्रको तात्कालिक कार्यदिशा पारित गऱ्यो । त्यसै बैठकको निर्णय बमोजिम २०६२ मंसीर ७ गते सात संसदवादी राजनीतिक दलहरूको बीचमा भारतको राजधानी नयाँ दिल्लीमा १२ बुँदे समझदारी कायम गरियो ।

महान् दस वर्षे जनयुद्धको जगमा टेकेर उठान गरिएको २०६२।२०६३ को १९ दिने ऐतिहासिक जनआन्दोलनले विघटित संसदलाई पुनस्थापना गऱ्यो । त्यसपछि माओवादी शान्ति प्रक्रिया आयो । यसले त संसदीय व्यवस्थालाई पुनस्थापित गर्ने र बलियो बनाउने काम गऱ्यो ।

इतिहास साक्षी छ २०६३ मंसीर ५ गते नेपाल सरकार र माओवादीका बीचमा बृहत्त शान्ति सम्झौता सम्पन्न भयो । त्यसमा सरकारको तर्फबाट तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला र माओवादीका अध्यक्ष प्रचण्डले संयुक्त रूपमा हस्ताक्षर गरे । त्यस सम्झौतामा 'आजसम्म चल्दै आएको सशस्त्र युद्धको अन्त्य गरियो' भन्ने बुदामा प्रचण्डद्वारा हस्ताक्षर गरियो । यो कदम नै जनयुद्ध प्रति गरिएको गंभीर प्रकारको गद्दारी थियो । त्यसपछि २०६३ माघ १ गते

अन्तरिम संविधान जारी गरियो । त्यसै दिन तत्कालिन नेकपा (माओवादी) अन्तरिम संसदमा प्रवेश गऱ्यो । यसै प्रक्रिया अन्तर्गत २०७३ चैत्रमा अन्तरिम सरकारमा सामेल भयो ।

## ऐतिहासिक पहिलो संविधान सभा निर्वाचन

२०६४ चैत्र २८ गते सम्पन्न पहिलो संविधानसभा निर्वाचन चाहिँ माओवादीको माग बमोजिम सात संसदवादी राजनीतिक दलहरूको बीचको सहमतिकै आधारमा भएको थियो । पहिलो संविधानसभाको निर्वाचनबाट माओवादी पहिलो ठूलो राजनीतिक दलको रूपमा संविधानसभामा उपस्थित भयो । ठूलो राजनीतिक दल भएकै कारणले उसले नौ महिने सरकारको नेतृत्व गर्ने मौका पाएको कुरा सर्वविधितै छ । सरकारमा पुगेको बेला उसले सहिद, घाइते, अपाङ्गहरूको पहिचान गर्ने र राहत उपलब्ध गराउने कार्यको थालनी गऱ्यो । यो सकारात्मक कदम थियो ।

## वैचारिक, सैद्धान्तिक विचलनको दोस्रो श्रृंखला

'कटुवाल प्रकरण' बाट उसलाई प्रधानसेनापतिबाट हटाउन असफल भएपछि नेतृत्वले जुन सरकारबाट हट्ने निर्णय लियो र सरकारबाट बाह्रियो । त्यसपछि प्रचण्ड बाबुरामको संयुक्त टोली चीनमा गयो । यी चिनीया नेतृत्वले उनीहरूलाई सरकार छोडनु गलत भयो, जसरी पनि सरकारमा जाने काम गर, त्यसपछि चीनले सबै प्रकारका सहयोग गर्नेछ भनेर फकाईदियो । त्यसपछि सरकारमा जानका निम्ति प्रचण्ड-बाबुरामले भारतीय शासकहरूको सहयोगबिना सम्भव नरहेको ठहर गरेर पहिलो पटक मलेसिया र सिंगापुर पुगेर भारतीय गुप्तचर संस्था 'र'सँग सल्लाह लिने र उसले राखेका सर्तहरू स्वीकार्ण तयार भए भने पछिल्लो पटक प्रचण्ड स्वयम् भारतको सिलगुढी पुगेर 'र' को प्रमुखलाई भेटेर सबै योजना बनाएर फर्के । त्यस पछि माओवादीको मुख्य नेतृत्व भारतीय विस्तारवादी शासकहरूका सामु लम्पसार परेर आत्मसमर्पण पुग्यो ।

यसै सिलसिलामा पार्टीले २०६५ मंसीरमा सम्पन्न राष्ट्रिय भेलाबाट पारित गरिएको "सामन्तवाद तथा साम्राज्यवाद विरोधी सारतत्व बोकेको जनताको संघीय जनगणतान्त्रिक संविधान निर्माण गर्ने, यस प्रयासमा प्रतिक्रियावादी पक्षबाट षडयन्त्र भएमा जनविद्रोह मार्फत क्रान्ति सम्पन्न गर्ने" भन्ने निर्णयलाई लत्याएर प्रचण्ड र बाबुरामले 'शान्ति र संविधान' नाम दिइएको पुँजीवादी संसदवादी कार्यदिशा आत्मसाथ गर्न पुगे पछि पार्टी भित्र गंभीर प्रकारको वैचारिक सैद्धान्तिक तथा राजनीतिक मतभेद पैदा भयो । पार्टी भित्रका क्रान्तिकारीहरूले अगाडि सारेका क्रान्तिकारी कदमहरूलाई एक पछि अर्को गर्दै लत्याउदै अगाडि बढेर प्रचण्ड बाबुरामले जनमुक्ति सेनालाई विधिवत रूपमा विघटन गर्ने र हतियार प्रतिक्रियावादी सेनालाई बुझाई सकेपछि २०६९ साल जेठ १४ गते मध्यरातमा पहिलो संविधान सभाको विघटन गरेर जुन भारतीय विस्तारवादको निर्देशन, योजना र ग्राण्ड डिजाइनमा कथित दोस्रो संविधान सभा निर्वाचनको घोषणा गरियो ।

यस परिघटना पश्चात तत्कालिन एमाओवादी भित्र रहेका क्रान्तिकारीहरूले सैद्धान्तिक तथा साँगठनिक रूपमा समेत विद्रोह गर्दै महान् नेपाली नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभारहरू पूरा गर्ने प्रतिबद्धताका साथ २०६९ असार २-४ गतेको बौद्ध भेलाबाट एमाओवादी भित्रको नवसंशोधनवादी हिस्सासँग सम्बन्ध विच्छेद गरेर नेपाल कम्युनिस्ट पार्टी-माओवादीको पुनर्गठन गर्न पुग्यो । यसले क्रान्तिको झण्डालाई माथि उठाउने र क्रान्तिको रक्षा गर्ने प्रतिबद्धता समेत जाहेर गऱ्यो ।

## माओवादी आन्दोलन दुई विपरित धारामा विभाजित

२०६९ असार २-४ को राष्ट्रिय भेला पश्चात दस वर्षे महान् जनयुद्ध गरेर आएको माओवादी आन्दोलन क्रान्तिकारी धारा र दक्षिणपन्थि नवसंशोधनवादी धारामा गरि स्पष्ट रूपमा दुई विपरित धारामा विभाजित हुन् पुग्यो ।

### क्रान्तिकारी धारा

महान् दस वर्षे जनयुद्ध संचालन समेत गरेर आएको माओवादी आन्दोलनको क्रान्तिकारी धाराले वर्तमान युगको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषण गर्दै र खास गरि वर्तमान नेपाली समाजको वर्गविश्लेषण ठोस गर्दै जनयुद्धको आधारमा सशस्त्र जनविद्रोह मार्फत महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने तयारी गर्ने सवालमा देशभरी छरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउने प्रयासका साथ कमरेड मोहन वैद्य किरणको नेतृत्वमा अगाडि बढिरहेको छ ।

### दक्षिणपन्थी नवसंशोधनवादी धारा :

माओवादी आन्दोलन भित्रको दक्षिणपन्थी नवसंशोधनवादी धाराले आज भारतीय विस्तारवादको निर्देशनमा र ग्राण्डडिजाइनमा योजना बनाइए बमोजिम

कथित दोस्रो संविधानसभा निर्वाचन हुँदै प्रतिक्रियावादी संविधान निर्माण गर्ने काममा महत्वपूर्ण भूमिका पूरा गऱ्यो ।

दक्षिणपन्थी संशोधनवादी एमालेसित 'कथित बामगठबन्धन' कायम गर्दै पार्टी एकताका नाममा एमालेमा विलय हुन पुगेको छ । र प्रतिक्रियावादी कित्तामा सामेल हुन पुगेको छ । आजको यथार्थता यही नै हो । यो परिघटनाले माओवादी आन्दोलन भित्रको नवसंशोधनवादी धारा र क्रान्तिकारी धारालाई स्पष्ट पारि दिएको छ र सबै प्रकारका भ्रमहरूलाई चिर्न सजिलो बनाई दिएको छ ।

## उपसंहार

महान् दस वर्षे जनयुद्धको ऐतिहासिकता अमर छ । दस वर्षको जनयुद्धको प्रक्रिया अन्तर्गत महान दस वर्षे सशस्त्र जनयुद्ध समग्र वर्गयुद्ध भएकाले त्यसले नेपाली समाजको हरेक क्षेत्रमा ठूलो रूपान्तरण पनि ल्यायो । लामो रियलसियल पछि दस वर्षे जनयुद्धको नेतृत्व गरेको मुख्य हिस्सा प्रचण्डले नेतृत्व गरेको नेकपा (माके) एमालेमा विलय भइसकेपछि नाटकको एउटा अध्याय सिद्धिएको छ ।

माकेको एमाले विलय पश्चात यहाँ माओवादको अवशान भएको, माओवादी जनयुद्धको अवशान भयो भनेर जुन प्रचार गरिएको छ, यो गलत प्रचार मात्र हो । माओवाद र माओवादी जनयुद्ध त अमर छन् १० वर्षे माओवादी जनयुद्धको मुख्य नेतृत्व गरेर आएको प्रचण्ड समुहको अवशान भएको कुरा साँचो ।

माओवाद अमर छ । माओवाद त विश्वसर्वहारा क्रान्तिकै सार्वभौम सिद्धान्त हो । यसको अवसान होइन, नयाँ चरणमा विकास भएर अगाडि बढ्छ । माओवादी जनयुद्ध प्रचण्डसँगै अवसान हुने वस्तु होइन । नयाँ अनुभवका साथ पुनर्गठित भएर क्रान्तिकारी माओवादीहरूले लक्ष्यमा पुऱ्याई छाड्ने द्वन्द्ववादको यो वैज्ञानिक सच्चाइलाई कसैले निषेध गर्न सक्नेवाला छैन ।

# गर्भ



**शीला योगी**

तिमी हाँक नगर
यो गर्भ तिम्रो हो
मन लागे जन्माउने
नलागे तुहाउने
परिवर्तनको रूप हो यो
तिमीले कोरेर कोरिने हो र ?
यो त गर्भभित्रको चिसो र तातोसँगै
बढ्दै जान्छ
त्यसैले त भन्छु
परिवर्तन जन्मिँदै छ
आफ्नो गर्भभित्र जीवनको खुसी बोकिरहेछु
भोलिको नयाँ जीवन हुर्काइरहेछु
तिमी भन्छौ -
यो परिवर्तन म जस्तै हुन्छ
मेरो रंग रूपको हुन्छ
तर यो तिम्रो भ्रम मात्र हो ।

मेरो परिवर्तन हुर्किरहेछ
मेरो रूपरंग जस्तै
उसको रूप पनि बन्दै छ
सिकाइ सकें गर्भभित्रै उसलाई
खुब रून अनि चिच्याउन
मानिसको पीडा र संबेगको अनुभव गराइ सकें
हँसाउन पनि सिकाइ सकें
हाँस्नुको अर्थ बुझाइ सकें
हाँसोको रंग कस्तो हुन्छ
जहां संसार पनि रमाउँछ र हाँस्छ ।

आकाश र धर्तीको परिचय दिइसकें
कति कुरूप छन् यहाँका बाटाहरू
बुझाइ सकें उसलाई यो कुरूपताको बांगोटिंगो रूप
अनि सिकाइ सकें मेरो सुन्दरताको
सरल अनि उज्योलो रूप
त्यसैले ऊ हिंड्छ म सँगसँगै
बनाउँछ नयाँ बाटाहरू
जहाँ केवल मानवताको यात्रा हुन्छ
जहाँ केवल समानताले परेड खेल्छ ।

०००

# रसियन र चिनियाँ समाजवाद निर्माणका अनुभवहरू



हुकुमबहादुर सिंह

अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा विश्व सर्वहारा क्रान्तिका दुई मोडल स्थापित छन्- रसियन र चीनीयाँ मोडल । त्यसैगरी समाजवादी निर्माणका सन्दर्भमा पनि हामीसित दुइवटा अनुभवहरू छन्ः रसियन र चीनीयाँ अनुभवहरू

अहिले नेपालमा आफूलाई मार्क्सवादी–लेनिनवादी भन्नेहरूले संसद र प्रदेश निर्वाचनमा करीब करीब दुई तिहाई मतका साथ सरकार बनाएका छन् । उनीहरू आफूलाई मार्क्सवादी–लेनिनवादी भन्दछन् र देशमा समाजवादी क्रान्ति गर्ने भनेर कोकोहोलो गर्दैछन् । उनीहरूको समाजवादी क्रान्तिको डम्फूको ताल नेपालको संविधान २०७२ हो । जसमा समाजवाद उन्मूख अर्थतन्त्र लेखिएको छ भन्ने छ । के निश्चित हो भने वर्तमान प्रतिक्रियावादी संविधानमा लेखिएको समाजवाद उन्मूख अर्थतन्त्रले उनीहरूलाई कही कतै लैजादैन् । तै पनि जनताका बीचमा आफूलाई मार्क्सवादी–लेनिनवादी भन्ने भ्रम दिइरहेकाले उनीहरूले भन्ने समाजवाद कस्तो हो, स्पष्टताको खांचो छ ।

अहिले तिनीहरूका लागि मार्क्सवादी वारेको लेनिनको परिभाषा दोहोऱ्याउने समय आएको छ । लेनिनले एउटा मार्क्सवादीको परिभाषा गर्दै भन्नु भएको थियो कि एउटा मार्क्सवादी भनिनका लागि वर्गसङ्घर्षलाई स्विकार गर्नु काफी छैन् । उहाँले भन्नु भएको छ कि मार्क्सवादी त्यसलाई भनिन्छ जसले वर्गसङ्घर्ष र सर्वहाराको अधिनायकत्व दुवैलाई मान्नेता दिन्छ । आजकल मार्क्सवादी हुनका लागि वर्ग सङ्घर्ष र सर्वहाराको अधिनायकत्वलाई स्विकारनु मात्रै काफी हुँदैन्, एउटा मार्क्सवादी भनिन उसले महान् सर्वहारा सांस्कृतिक क्रान्तिका आधारभूत बुझाइलाई स्विकार गर्नु पर्दछ । यसरी वर्ग संघर्ष, बलप्रयोगको सिद्धान्त,सर्वहाराको अधिनायकत्व र सर्वहारा सांस्कृतिक क्रान्तिका आधारभूत बुझाइलाई स्विकार नगर्नेहरू आखिरमा नक्कली मार्क्सवादी–लेनिनवादी भएको स्पष्ट हुन्छ । वर्तमानमा रूस र चीनमा समेत सबै समाजवादी आधारहरू कम्युनिस्ट पार्टी आफैभित्र पुँजीपतिको चालबाजीपूर्ण योजनाले गर्दा हराइ सकेका छन् । नेपालका यी मार्क्सवादी–लेनिनवादी भन्नेहरूले आफूलाई मार्क्सवादी–लेनिनवादी भन्ने गरेता पनि सारमा पुँजीपतिको चालबाजीपूर्ण योजनालाई नेपालको धर्तिमा कार्यान्वयन गर्ने नै उनीहरूको समाजवाद हुनेछ भन्ने स्पष्ट छ । तै पनि नेपालका कम्युनिस्ट समर्थक जनतालाई समाजवाद के हो र यो कसरी अगाडि बढछ भन्ने जानकारी होस भन्ने उद्येश्यले समाजवादी निर्माणको रसियन र चीनीयाँ अनुभवहरू राख्ने प्रयास गरिएको छ ।

## १. समाजवादी निर्माण– रसियन अनुभव

अक्टोवर क्रान्तिको समय वोरीपरी समाजवादको निर्माणसित सम्वन्धीत त्यहाँ दुई प्रकारका तथाकथीत मार्क्सवादी विचारहरू थिए । एउटा विचार मेन्सेविकहरूद्धारा र उनीहरूजस्ता अन्य प्रतिनिधित्वद्धारा गरिएको थियो । यी मानिसहरू समाजवादी क्रान्तिलाई अगाडि बढाउनु पर्दछ भन्ने विचारका विरोधी थिए र पुँजीपतिहरूकै हातमा शक्ति रहेको देख्न चाहन्थे । उनीहरूको तर्क (अर्गुमेण्ट) थियो कि किनभने पुँजीवादले पूर्णरूपले विकास गरिसकेको थिएन् र उत्पादनका साधनहरू खासगरी कृषिमा केन्द्रीत थिए, त्यसैले सर्वहाराका लागि सत्ता कब्जा गर्ने कुरा असान्दर्भिक थियो । तिनीहरूले प्रस्ताव राखे कि सर्वहाराले केही समय पर्खनु पर्दछ जबसम्म पुँजीवादले पुँजीपतिको शासन अन्तरगत केही हदसम्म विकास गरेर जावस । यसले उत्पादनका सबै साधनहरूको राष्ट्रियकरण गरेर समाजवादको निर्माणको लागि परिस्थिति बनाउने छ । मेन्सेविकहरू यसरी समग्रमा सर्वहाराले सत्ता खोस्ने र समाजवादी निर्माणको कार्यक्रमसित अगाडि जानेको विरोधी थिए ।

बोल्सेविक पाटीभित्रको एउटा समूह जसलाई 'वाम'कम्युनिस्टहरू भनिन्थ्यो त्यसले अर्को विचारको प्रतिनिधित्व गर्दथ्यो । उनीहरूको अडान थियो कि सत्ता क्याप्चर गरिनु पर्दछ र उत्पादनका सबै साधनहरूलाई तुरून्तै राष्ट्रियकरण गरिनु पर्दछ । राष्ट्रियकरण गर्दा

साना र मध्यम किसानहरू र अन्य उत्पादकहरूका सम्पत्ति खोसेर गनु पर्दछ । यी 'वाम' कम्युनिस्टहरूले यसरी किसानवर्गलाई एउटा शत्रुतापूर्ण हानी पुऱ्याउने अडान लिन चाहन्थे र यसरी क्रान्तिको प्रमुख मित्रलाई नै धपाएर पठाउन चाहन्थे ।

लेनिनले, यी दुई प्रवृतिहरूका विरूद्ध संघर्षमा समाजवादी निर्माणका लागि सही मार्ग खिंच्नु भयो । समाजवादी निर्माणका लागि लेनिनको मार्गको प्रमुख पक्षहरू निम्न बूँदाहरूमा राख्न सकिन्छः

१. सर्वहाराले मौका वा अवसरलाई गुम्न दिन हुँदैन् तर सत्ता आफ्नो हातमा लिनका लागि उपयुक्त परिस्थितिहरूको पूर्ण उपयोग गर्नु पर्दछ । केबल पर्खेर बस्नु भनेको पुँजीवाद अगाडि जानेछ र साना र मध्यम व्यक्तिगत उत्पादकहरूको लाखौको जीवनलाई नर्कमा लैजाने छ ।

२. उद्योगमा हुने उत्पादनका साधनहरू जवरजस्ति जफत गरिनु पदंछ र सार्वजनिक सम्पत्तिमा बदलि दिनु पर्छ ।

३. साना र मध्यम व्यक्तिगत उत्पादकहरूलाई क्रमसः उत्पादकहरूको सहकारीहरू जस्तै ठूला कृषि इन्टरप्राइजेजहरूमा, सामूहिक कृषि फर्महरूआदिमा एकताबद्ध गरिनु पर्छ ।

४. उद्योगलाई उच्चतम बिन्दुसम्म विकास गरिनु पर्छ र संयुक्त कृषि फर्महरूलाई ठूलास्तरका उत्पादनको आधुनिक प्रवृद्धिको आधारमा राखिनु पर्छ । सामूहिक फर्मको सम्पत्ति जफ्त गरिनु हुँदैन, तर त्यसको वदलामा तिनीहरूलाई हार्दिकताका साथ पहिलो वर्गका ट्रयाक्टरहरू र अन्य मेसिनहरूको आपूर्ति गरिनु पर्छ ।

५. किन्ने र बेच्नेमार्फत अदलाबदली गर्ने जस्तै सामानहरूको उत्पादन एउटा केही अवधिका लागि सुरक्षित गरेर राखिनु पर्दछ किनभने किसानहरूले नगर र देशबीचमा आर्थिक गाठोको कुनै अन्य प्रकारहरू स्विकार गर्ने छैनन् । यद्धपि व्यापार केबल, सोभियत व्यापारमार्फत मात्रै गरिनुपर्छ खासगरी राज्य, सहकारी र सामूहिक फर्महरूबीचमा । यसैलाई पूरा विकास गरिनु पर्दछ र सबै प्रकारका र सबै विवरणका पुँजीवादीहरूलाई व्यापार कृयाकलापबाट हटाइनु पर्छ ।

यी पाँच वटा बूँदाहरू, पहिला खुडकिलाहरू, सत्ता खोस्ने कुरा र ठूला उद्योगहरूलाई राष्ट्रियकरण गर्ने कुरा पहिलो केही महिनाहरूभित्रैमा पूर्ण गरिएका थिए । यद्धपि समाजवादी निर्माणका प्रक्रियाहरूमा अन्य खुडकिलाहरूलाई तुरून्तै लागु गर्न सकिएन किनभने पहिलो सर्वहारा राज्यले शत्रुहरूको चौतर्फी आक्रमणका कारण ज्यादै कठिन अवस्थाहरूको सामना गर्नु पऱ्यो । गृह युद्धले गर्दा राज्यलाई कसरी बचाउने भन्ने प्रश्न थियो । आपतकालिन उपायहरूको एउटा सेट जसलाई 'वार कम्युनिज्म' भनिन्थ्यो लागु गरियो ।

वार कम्युनिज्म अन्तरगत सोभियत सरकारले मध्यम र साना उद्योगहरूको नियन्त्रण आफ्नो हातमा लियो, साथै ठूला स्तरका उद्योगहरू, यसले अनाज व्यापारको एउटा राज्य एकाधिकार लागु गऱ्यो र अनाजमा नीजी व्यापारलाई बन्देज लगायो । यसले अतिरिक्त–विनियोजित प्रणाली स्थापित गऱ्यो, जस अन्तरगत किसानहरूका उत्पादित सबै बचत एउटा निश्चित मूल्यमा राज्यलाई हस्तान्तरण गर्नु पर्दथ्यो, र अन्त्यमा पुँजीपतिका लागि शारिरिक परिश्रम अनिवार्य बनाउदै सबै वर्गहरूका निम्ति सार्वभौम लेवर सेवा लागु गऱ्यो । यसरी अग्र भागमा मजदुरहरूलाई ज्यादा महत्वपूर्ण उत्तरदायित्वहरू प्रदान गर्दै गयो । 'वार कम्युनिज्म'को यो नीति यद्धपि युद्धको आवश्यकतालाई पूरा गर्न एउटा अस्थाई प्रकृतिको थियो । यसले समग्र जनतालाई युद्धका लागि परिचालन गर्न मद्त गऱ्यो र यसरी १९२०को अन्त्यसम्ममा सबै विदेशी हस्तक्षेपहरू र आन्तरिक प्रतिक्रियावादीहरूको पराजयमा परिणाम निष्कयो र नयँ सोभियत गणतन्त्रको सार्वभौमिकता र स्वतन्त्रताको संरक्षणको सफलता भयो ।

१९२१बाट रसियामा परिस्थितिमा अर्को वदलाव आयो । गृह युद्धमा विजय पूरा गरेपछि मुख्य काम आर्थिक पुनस्थापनाको शान्तिपूर्ण कामलाई सिफ्ट गर्नु पर्ने थियो । यसका लागि 'वार कम्युनिज्म'बाट नयाँ आर्थिक नीतिमा एउटा नीतिगत सिफ्ट बनाइयो । जस अनुसार किसानहरूबाट अनिवार्य बचत विनियोजनलाई रोकियो । । निजी व्यापारलाई पुनः सुरूवात गरियो र नीजी उत्पादनकर्ताहरूलाई साना व्यापारहरू सुरू गर्न अनुमति दिइयो । यो आवश्यक थियो किनभने 'वार कम्युनिज्म'का उपायहरू धेरै टाडा अगाडि गइसकेको थियो र पार्टीको जनआधार खासगरी किसानका केही भागहरूले नाराजगी प्रदर्शन गरेका थिए । यद्धपि ट्रट्स्किवादीहरूले कडारूपमा नयाँ आर्थिक नीति(नेप) लाई केही होइन् केबल एउटा प्रतिगमन हो भनेर विरोध गरेका थिए । मार्च १९२१ म भएको पार्टीको दशौ कंग्रेसमा लेनिन ट्रट्सकाइटहरूका विरूद्ध उत्रिनु भयो र कंग्रेसको नीतिमा आएको परिवर्तनबारे कंग्रेसलाई कन्भीन्स गर्नु भयो । त्यसपछि कंग्रेसले

यसलाई स्विकृति दियो । जुलाई १९२१मा भएको कम्युनिस्ट अन्तराष्ट्रियको तेस्रो कंग्रेसमा उहाँले प्रस्तुत गरेको उहाँको प्रतिवेदन रसियन कम्युनिस्ट पार्टीको कार्यनीतिहरूमाथिको रिपोर्टमा नेपको सच्याईको बारेमा एउटा सैद्धान्तिक निचोड फेरी दिनु भयो । नेप १९२५को अन्ततक निरन्तर भयो, जब चौधौ पार्टी कंग्रेसले समाजवादी निर्माणको अर्को चरण जो समाजवादी औधोगिकिकरण थियो, तर्फ अगाडि बढयो ।

**समाजवादी औधोगिकिकरण :** सोभियत संघ त्यो समयमा अझै एउटा पिछडिएको कृषिमा आधारित देश थिय,ो जसको कुल उत्पादनको दुई तीहाई कृषिबाट आउने गर्दथ्यो र केबल एक तीहाई उद्योगबाट । यो भन्दा अझ पहिलो समाजवादी राज्य हुनुका नाताले, कसरी यसलाई साम्राज्यवादबाट आथिर्करूपले स्वतन्त्र बनाउने भन्ने सवाल केन्द्रीय महत्वको थियो । त्यसकारण समाजवादी निर्माणको मार्ग प्रथमत समाजवादी औधोगिकिकरणमा केन्द्रीत गर्नु पर्ने थियो । स्तालिनका शब्दहरूमा, "हाम्रो देशलाई एउटा कृषिबाट एउटा औधोगिक देशमा परिवर्तनका लागि मुटु भनेको हामी कति हाम्रो आफ्नै प्रयासद्धारा हामीलाई आवश्यक मेसिनरीहरू उत्पादन गर्न समर्थ हुनेछौ भन्ने हो र त्यही नै हाम्रो जनरल लाइनको आधार हो । यसरी प्रमुख ध्यान हेभी उद्योगमाथि थियो, जसले कृषिकालागि र अन्य उद्योगका लागि मेशिनहरू उत्पादन गर्ने छ ।"

यो नीतिले साम्राज्यवादबाट स्वतन्त्र एउटा बलियो औधोगिक आधार निर्माणमा सफलता प्राप्त भयो । यसले प्रथम विश्व युद्धमा समाजवादी आधारको रक्षागर्न सक्षम पनि बनायो । साथै साम्राज्यवादी प्रणालीको ज्यादै ठूलो अहंकारलाई प्रमाणित गर्दै एकदमै विकसित साम्राज्यवादी देशहरूभन्दा घेरै गुणा तिब्र गतिमा उद्योगहरूलाई फैलाउन सफल भयो । यसका पछाडिको प्रमुख कारक तत्व भनेको समग्र मजदुर वर्गद्धारा उत्पादन वृद्धिमा सम्पूर्ण दिल दिमागको सहभागीता थियो । एउटा त्यस्तो समय जब समग्र पुँजीवादी विश्व एउटा अति नै आर्थिक संकट मूनी पिसिइरहेको थियो भने समाजवादी उद्योग जे भएता पनि कुनै पनि समस्याविना अगाडि बढिरहेको थियो ।

यद्धपि, ठूला उद्योगको विकासको प्राथमिकतामा विशेष जोड दिइएका कारण योजनाहरूमा कृषिलाई वेवास्ता गरिएको थियो । यसरी त्यस्तो अवधि जब औधोगिक उत्पादन नौ गुणाभन्दा बढता माथि गयो, अनाज उत्पादन पाँचभागको एक भागभन्दा पनि माथि जान सकेन । यसले देखायो कि कृषिको बृद्धि उद्योगको तुलनामा धेरै तल थियो । यो यसकारणले पनि भयो कि उद्योगभित्र ठूलो उद्योगले साना उद्योगले भन्दा ज्यादा तिब्र गतिमा बृद्धि गरिरहेका थिए । माओले सोभियत अर्थशास्त्रको उहाँको आलोचनामा, यो जोडलाई आलोचना गर्नु भएको थियो र उद्योग र कृषिलाई संगसंगै एकैसाथ प्रवर्द्धनका लागि आव्हान गर्नु भएको थियो । उद्योगभित्र उहाँले एकै समयमा ठूला र साना उद्योगको विकासका लागि आव्हान गर्नु भयो ।

**कृषिको सामूहिकिकरणः** यो प्रक्रियाको पहिलो पाइला, साना र मध्यम किसानहरूका बीचमा पहिलो सहकारीहरूको गठनसित नेप पुनर्वहालीको अवधिमा ल्याइएको थियो । यद्धपि धनी किसानहरू जसलाई कुलकहरू(धनी किसानहरू) भनिन्थ्यो, उनीहरूको विरोधका कारण त्यसमा चाहेजति प्रगति हुन सकेन् । यो भन्दा पनि कुलकहरूले सक्रिय विरोधको एउटा पोजिसन लिएका थिए र समाजवादी निर्माण प्रक्रियाको अन्तरध्वंस गरेका थिए । तिनीहरूले उनीहरूको बचत भएको आनाजलाई सोभियत राज्यलाई बेच्न इन्कार गरे । तिनीहरूले शहर बाहिर सामूहिक किसानहरू, पार्टी कार्यकर्ताहरू र सरकारी अधिकारीहरूका विरूद्ध आतंकित पार्ने काम गरे र सामूहिक फर्महरू र राज्य अन्न भण्डारहरू जलाइदिए । १९२७मा यो अन्तरध्वंसले गर्दा फसलको बजार सेयर पूर्व युद्धको तथ्यांकको केबल ३७ प्रतिशत थियो । यसरी पार्टीले,त्यो वर्षमा कुलकहरूका प्रतिरोधलाई तोडन एउटा आक्रमक कार्यक्रम अपनाउने निर्णय गर्‍यो । गरिब किसानहरूमाथि भर पर्दै र मध्यम किसानहरूमाथि मित्रता बढाउदै पार्टीले अनाज किन्नेमा सफलता पाउन सफल भयो र सामूहिकीकरण प्रक्रियालाई अगाडि बढायो । यद्धपि मुख्य उपलब्धि १९२८को अन्त्यबाट आउन थाल्यो ।

१९२९भन्दा पहिले, सोभियत सरकारले कुलकहरूलाई बन्देजको एउटा नीति अनुशरण गर्‍यो । यो नीतिको प्रभाव कुलकवर्गको वृद्धिलाई सम्वोधन गर्नु थियो, जसका केही भागहरू, यी बन्देजहरूका कारण उत्पन्न दवावलाई झेल्न असक्षम भए । व्यापारको मार्ग छोडन वाध्य पारिए र जर्जर भए । तर यो नीतिले कुलकलाई एउटा वर्गका रूपमा उसको आर्थिक जगहरू ध्वस्त पारेन नत तिनीहरूलाई निमिटयान्न पार्ने मनसाय नै थियो । यो नीति केही समय सम्मका लागि

आवश्यक थियो, यो भनेको, जबसम्म सामूहिक फर्महरू र राज्य फर्महरू कमजोर थिए र अनाजको उत्पादनमा कुलकहरूलाई विस्थापित गर्न असक्षम थिए ।

१९२९को अन्त्यमा, सामूहिक फर्महरू र राज्य फर्महरूको वृद्धिसंगै सोभियत सरकारले यो नितिलाई कुलकहरू सखाप पार्ने नीतिमा कडाइ पूर्वक बदल्यो, एउटा वर्गका रूपमा तिनीहरूलाई ध्वस्त पार्दै, यसले जमिन भाडामा दिने लेवरहरू राख्ने कानुनलाई फिर्ता लियो र यसरी कुलकहरूलाई जमिन र लेवर भाडामा लिनेबाट वेदखल गरिदियो । यसले कुलकहरूको सम्पत्तिको कब्जामाथिको वन्देजलाई पनि हटायो । यसले किसानहरूलाई कुलकहरूबाट सामूहिक फर्महरूको फाइदाका निम्ति क्याटल, मेसिनहरू र अन्य फार्म सम्पत्ति खोस्न पाउने अधिकार दियो । यसरी कुलकहरूले उनीहरूका उत्पादनका साधनहरू सबै गुमाए । तिनीहरूलाई त्यसरी नै छुटकारा गरियो जसरी १९१८मा उद्योगको क्षेत्रमा पुँजीवादीहरूलाई छुटकारा गरिएको थियो । फरक यतिमात्रै थियो कि कुलकहरूको उत्पादनका साधनहरू राज्यको हातहरूमा गएनन् तर किसानहरूको अधिनमा सामूहिक फर्महरूमा एकत्रित भयो ।

पाइला पाइलामा यो नीति कार्यान्वयनका निम्ति योजना स्विकृत गरियो । विभिन्न क्षेत्रहरूमा विद्यमान अवस्थाहरूलाई आधार वनाएर सामूहिकिकरणका फरक फरक दरहरू स्थापित गरियो र सामूहिकिकरणको पूर्णताका लागि लक्षित वर्ग निश्चित गरियो । ट्रयाक्टर्स, हार्भेष्टर्स र अन्य कृषि मेसिनरीहरूको उत्पादनमा धेरै गुणा वृद्धि गरियो । सामूहिक फर्महरूलाई दिइने राज्य रिणहरूलाई पहिलो वर्षमा नै दोव्वर गरियो । पच्चिस हजार वर्ग सचेत मजदुरहरूलाई छानियो र उनीहरूलाई यो योजनाको कार्यान्वयनका लागि ग्रामीण क्षेत्रहरूमा पठाइयो । सामूहिकिकरणको प्रक्रिया केही कमीकमजोरी र गल्तीका वावजुद सफलतातर्फ तिब्र गतिमा अगाडि बढयो । १९३४मा देशको कुल अनाज क्षेत्रको ९०प्रतिशतलाई समाजवादी कृषि अन्तरगत ल्याइ सकिएको थियो , त्यो भनेको राज्य फर्महरू अथवा सामूहिक फर्महरू थिए ।

कृषि सामूहिकिकरणको समग्र प्रक्रिया क्रान्तिभन्दा बढता केही थिएन् जसमा कुलकहरूको वर्चश्वलाई तोडनका लागि सर्वहाराले गरिब किसान र मध्यम किसानहरूका साथ मित्रता थियो ।

यो क्रान्तिले एउटै झड्कामा समाजवादी निर्माणका तीन वटा आधारभूत समस्याहरूको समाधान गऱ्यो ।

१. यसले देशमा रहेका शोषकहरूको सबैभन्दा अनेक वर्ग कुलक वर्ग, जो पुँजीवादको पुनस्थापनाको प्रमुख निवास हो, त्यसलाई उन्मूलन गऱ्यो ।

२.यसले देशको सबैभन्दा अनेक परिश्रमी वर्ग, किसान वर्गलाई पुँजीवादको पुनस्थापना गर्ने व्यक्तिगत फार्मिंगको मार्गबाट सहकारी, सामूहिक समाजवादी फार्मिंगमा रूपान्तरण गऱ्यो ।

३. यसले सोवियत शासनलाई कृषिमा समाजवादी आधारसहित -सबैभन्दा विशाल र अति आवश्यक, तै पनि अझै एकदमै कम विकसित, राष्ट्रिय अर्थतन्त्रको हांगालाई मौलाउने काम गऱ्यो ।

सामूहिकीकरण आन्दोलनको विजयसितै, पहिले समाजवादको विजयको घोषणा गऱ्यो । १९३३ जनवरीमा स्तालिनले घोषणा गरे कि "राष्ट्रिय अथतन्त्रको सबै हाँगाहरूमा समाजवादको विजयले मानिसद्धारा मानिसको शोषणलाई निमूल पारेको छ ।" जनवरी १९३४को सत्रौ पार्टी कंग्रेसको रिपोर्टले घोषणा गऱ्यो कि " सामाजिक र आर्थिक संरचनाको समाजवादी रूपले अहिले अविभाजित नियन्त्रण गर्दछ र यो नै समग्र राष्ट्रिय अर्थतन्त्रमा पुरै कमाण्डींग फोर्स हो ।" १९३६मा संविधान र पछिका राजनीतिक प्रतिवेदनहरू प्रस्तुत गर्दै गर्दा कुनै पनि शत्रुतापूर्ण वर्गहरूको अनुपस्थिति पछि पनि वारम्वार जोड दिइएको थियो ।

**रसियन अनुभवका कमजोरीहरू :** समाजवादी निर्माणमा रसियन अनुभव अन्तराष्ट्रिय सर्वहाराका लागि र खासगरी ती सबै देशहरू जहाँ सर्वहाराले सत्ता खोसेको थियो, का लागि केन्द्रीय महत्वको थियो । स्तालिनले उहाँको काम-सोभियत संघमा समाजवादका आर्थिक समस्याहरूमार्फत समाजवादका आर्थिक नियमहरू समाजवादी निर्माणका प्रक्रियाका सम्वन्धमा सैद्धान्तिकीकरण गर्ने कोसिस गर्नु भएको थियो । उहाँले यद्धपि रसियन अनुभवको एउटा आत्मआलोचित विश्लेषण वनाउनु भएको थिएन् । पछि माओले रसियन अनुभवको एउटा विश्लेषण गर्नु भयो र व्यवहारमा जादाका र साथै स्तालिनका मान्यताहरूमा रहेका केही त्रुटीहरू देखाउनु भयो ।

माओले रसियन अनुभवमादेखिएका निम्न प्रमुख त्रुटीहरूलाई यसरी औंल्याउनु भएको थियो :

१. उत्पादन सम्वन्धहरू र उत्पादित शक्तिहरूबीचका अन्तरविरोधहरूलाई अति महत्व

नदिनु । यो लामो समयसम्म लगातार रहेका स्वामित्वका दुई प्रकारको सहअस्तित्व-एकातिर सबै जनताको स्वामित्व, जो राष्ट्रियकरण गरिएका उद्योगहरू र राज्य नियन्त्रित फर्महरूमा प्रतिनिधित्व गरेका थिए र अर्को अर्कोतिर सामूहिकताहरूद्धारा भएको स्वामित्वमा परावर्तित थियो । माओले अनुभूति गर्नु भयो कि समग्र जनताद्धारा स्वामित्वको लगातार लामो सहअस्तित्वसित सामूहिकताहरूद्धारा भएको स्वामित्वले उत्पादित शक्तिहरूको विकासलाई कमभन्दा कम लागु गर्न सकिने हुनु वाध्यात्मक थियो । अत्यावश्यक सामूहिकताबाट सार्वजनिक स्वामित्वमा संक्रमण गराउने एउटा मार्ग पत्ता लगाउनु थियो ।

२. समाजवादी निर्माणका दौरानमा मास-लाइनलाई महत्व नदिनु । माओले देखाउनु भयो कि सुरूका अवधिमा मास लाइनलाई लागु गरियो तर त्यसपछि, सोवियत पार्टी मासमाथि कम निर्भर हुँदै गयो । यहाँ यो चीजलाई जोड दिएको थियो कि प्रविधि र प्राविधिक कार्यकर्ता राजनीति र जनसमूहहरूभन्दा बढता महत्व थियो ।

३. वर्ग संघर्षलाई इन्कार गर्नु । सामूहिकिकरणको प्रक्रियापछि वर्ग संघर्षको निरन्तरतालाई महत्व दिइएन् ।

४. ठूला उद्योग एकातिर र साना (हल्का) उद्योग र कृषि अर्कातीर बीचको सम्वन्धमा असन्तुलन हुनु ।

५. किसानहरूको अविश्वास । माओले किसानहरूलाई आवश्यक महत्व नदिने रसियन नितिको आलोचना गर्नु भयो ।

स्तालिन र रसियन अनुभवबाट यी पाठहरू खिच्नुको अलवा उहाँले चीनीयाँ अनुभवबाट सिक्नु भयो । उहाँले यसरी समाजवादी निर्माणको मार्क्सवादी सिद्धान्तको विकास गर्ने एउटा प्रयास गनु भयो ।

## समाजवादी निर्माण– चीनीयाँ अनुभव

नयाँ जनवादी आर्थिक कार्यक्रमको कार्यान्वयन क्रान्तिको राष्ट्रव्यापी विजयभन्दा पहिले समेत सुरू गरिएको थियो । लाल सेना र चीनीयाँ क्रान्तिपछि लगत्तै १९४७मा रणनीतिक प्रत्याक्रमणमा प्रवेश गऱ्यो, माओले घोषणा गर्नु भयो र कार्यान्वयन गर्न सुरू गर्नु भयो, जसलाई नयाँ जनवादी क्रान्तिका तीन प्रमुख आर्थिक नीतिहरू भनिन्थ्यो । यीनीहरू (१) सामन्त वर्गको जमिन खोस्ने र यसको किसानबीचमा वितरण, (२) दलाल पुँजीपतिको पुँजी खोस्ने र (३) राष्ट्रिय पुँजीपतिको उद्योग र वाणिज्यलाई संरक्षण । यी नीतिहरू क्रान्तिकारी नियन्त्रण अन्तरगत रहेका उत्तरी चीनका विशाल क्षेत्रहरूमा कार्यान्वयनका लागि तुरून्तै लागु गरियो र १९५०को मध्यतीर कृषि सुधार पूरा गरियो । साथसाथै कृषि सुधार कार्यक्रम देशका वाँकी भागहरूमा पूरा गरियो ।

**जनरल लाइन र पाइला-पाइला सामूहिकीकरणः** १९५१मा, पार्टीले पुँजीवादबाट समाजवाद संक्रमणको अवधिका लागि समाजवादी निर्माणका लागि जनरल लाइनका रूपमा नाम राखिएको कार्यक्रम लागु गऱ्यो । यो अवधिका लागि निस्चित गरिएको आधारभूत लक्ष्य कृषि, हयान्डीक्राफ्ट, र पुँजीवादी उद्योग र वाणिज्यको औधोगिकिकरणलाई पूरा गर्नु थियो । यो प्रक्रिया पूरा गर्नलाई लक्ष्यकरीब १८वर्षहरू सेट गरिएको थियो । यसलाई गृह युद्धको हानी र विध्वम्सबाट पुनर्स्थापित गर्नका लागि पुनस्थापनाको तिन वर्षहरूमा विभाजित गरियो साथै अर्थतन्त्रको योजनाबद्ध विकासका लागि १५ वर्षमा पूरा गर्ने तेस्रो पञ्च वर्षिय योजना लागु गरियो ।

यो जनरल लाइन अनुसार, एउटा 'चरण-बाई-चरण' योजना कृषिको समाजवादी रूपान्तरणका लागि खिंचिएको थियो । पहिलो चरण किसानहरूलाई कृषि उत्पादकहरूको एक आपसमा सहयोग गर्ने टिमहरू जसमा केहि दर्जन अथवा बढता प्रत्येक घरधुरीहरू । यी टिमहरूमा टिमका सदस्यहरूबीच समाजवादका केहि मात्रै आधारभूत तत्वहरू जस्तै सहयोग र सद्भाव थिए । दोस्रो चरण यी एक आपसका सहयोगी टिमहरूका आधारमा किसानहरूलाई साना कृषि उत्पादनहरू सहकारीहरू संगठित गर्न आव्हान गर्नु थियो । यी सहकारीहरू प्रकृतिमा अर्ध समाजवादी थिए र एकताबद्ध व्यवस्थाद्धारा र शेयरहरूको रूपमा जमिन लिएर हैसियत कायम गरिएका थिए । अनि तेस्रो चरण किसानलाई यी साना अर्ध-समाजवादी सहकारीहरूको आधारमा अरू बढी जोडिने र ठूला पूर्ण समाजवादी कृषि उत्पादकहरूको सहकारीहरू संगठित गर्ने । यो आधारभूत 'चरण-बाई- चरण' योजनाको निहित आधारभूत सिद्धान्त स्वयमसेवी सहभागीता र पारस्परिक फाइदा थिए । किसानहरू सामूहिकीकरणको प्रक्रियामा स्वयमसेवी सहभागीतालाई अगाडि बढाउने गरी गरिनु पर्ने थियो ।

पारस्परिक सहयोगी टिमहरूको पहिलो चरण

क्रान्तिकारी आधारहरूमा सुरू गरिएको थियो । क्रान्तिको राष्ट्रव्यापी विजय भन्दा पहिले समेत थियो । दोस्रो चरण प्राथमिक सहकारीहरूतर्फ १९५३–५५मा लियो । विकसित सहकारीतर्फको संक्रमणको तेस्रो चरण १९५६मा आयो । ग्रामिण क्षेत्रमा समाजवादी रूपान्तरणको एउटा सामान्य विद्रोह थियो । साथसाथै , १९५६को सुरू महिनाहरूमा, एउटा त्यसैसित मिल्दो आन्दोलनले तीव्रताकासाथ अगाडि बढयो र व्यापारको राष्ट्रियकरणको प्रक्रिया पूरा गर्‍यो । यसरी चीनको उद्योग र व्यापार तालिकाको धेरै पहिले नीजी स्वामित्वबाट समग्र जनताको स्वामित्व हस्तान्तरण गरियो ।

## समाजवादी निर्माणको प्रक्रियालाई माओको द्वन्द्वात्मक पद्धति :

जनरल लाइन आधारभूत रूपमा समाजवादी निर्माणको सोभियत मोडलमाथि भरपर्दो थियो । १९५३–५७को पहिलो पञ्च वर्षीय योजनाको केन्द्रीय दिशा उद्योगमाथि खासगरी ठूला उद्योगमाथिको जोड थियो । अझ बढता सबै सोभियत नीतीहरू आलोचना वीना लागु गर्ने एउटा प्रवृति थियो । सोभियत संघमा आधुनिक संशोधनवादको उदयसित (खासगरी फरवरी १९५६मा सोभियत संघको कम्युनिस्ट पार्टीको बिसौ कंग्रेसपछि), चीनीयाँ कम्युनिस्ट पार्टीमा संशोधनवादी प्रवृतिहरू तुरून्तै बलिया बनाइए । १९५६मा 'हतार विकासलाई विरोध'लाई एउटा अभियान पार्टीभित्रबाट सुरू गरियो – त्यो भनेको समाजवादीकरणको प्रक्रिया ठप्प गर्न । सोही समयमा उत्पादीत शक्तिहरूको संशोधनवादी सिद्धान्तले जसको प्रमुख प्रतिनिधि पार्टी महासचिव, ल्यु साओ–ची थिए पार्टीभित्र प्रभुत्व प्राप्त गर्‍यो । यो प्रवृतिको प्रतिनिधिले ख्रुश्चेभवादी झण्डालाई उचाल्यो, वर्ग संघर्षलाई निषेध गर्‍यो र आधुनिक उत्पादीत शक्तिहरू, खासगरी ठूला उद्योगहरूमार्फत निर्माण गर्नेमा ध्यान केन्द्रीत गर्‍यो । उनीहरूको तर्क के थियो भने उत्पादित शक्तिहरू परिवर्तनका प्रमुख चालक हुन् र चीनमा उत्पादीत शक्तिहरूको पृष्ठभूमि यो थियो, जुन देशको विकासलाई पछाडि धकेल्ने एउटा प्रमुख कारक तत्व थियो । उत्पादन सम्वन्धमा हुने परिवर्तनहरूले त्यो समयसम्म पर्खनु पर्दछ जुन वेलासम्म उत्पादित शक्तिहरू काफि मात्रामा विकसित भइरहेका थिएनन् । कृषिको सहकारिकरणले त्यसवेलासम्म पर्खनु पर्दछ जुन वेलासम्म उद्योगहरूले ग्रामीण मेशिनीकरणका लागि मेशिनरी प्रदान गर्दैन थियो । सबै यी प्रस्तावहरूले उत्पादन सम्वन्धहरू र वर्ग संघर्षको महत्वलाई निषेध गर्दथे । यसले संशोधनवादी र नोकरशाही प्रवृतिको वृद्धिलाई अगाडि लैजाने काम गर्दथ्यो ।

सोभियत अनुभव देखेर र संशोधनवादी खतरा महसुस गरेर माओले तुरून्तै यी प्रवृतिहरूलाई हराउन एउटा संघर्ष आरम्भ गर्नु भयो,जसले त्यो समयमा पार्टीलाई नियन्त्रण गर्‍यो । उहाँको यो संघर्षमा पहिलो पहल १९५६ अप्रिलको उहाँको भाषण 'दस प्रमुख सम्वन्धहरूबारे' थियो । उहाँको भाषणमा, माओले पहिलो पटक समाजवादी आर्थिक निर्माणको सोभियत तरिकाको एउटा स्पष्ट आलोचना गर्नु भयो । एकातिर ठूला उद्योगहरू र अर्कोतीर साना उद्योगहरूबीचको सम्वन्धलाई लिएर, माओले जोड दिनु भयो कि "हामीले सोभियत संघ र पूर्वी युरोपका केहि अन्य देशहरूले भन्दा राम्रो गरेका छौ । उनीहरूको ठूला उद्योगहरूलाई काँटछाँटमा जोड दिएर कृषि र साना उद्योगहरूलाई निषेध गर्नेको परिणाम बजारमा सामानहरूको अप्रयाप्तता र एउटा अस्थिर मुद्रा हुनु भयो ।" त्यसैगरी उहाँले "किसानहरूलाई खुम्च्याउदै एक दमै कठिनमा लैजाने" सोभियत नीतिको आलोचना गर्नु भयो । उहाँले चीनीयाँ कम्युनिस्ट पार्टीभित्रका कठमूल्लावादीहरू, जसले सोभियत संघ र अन्य समाजवादी देशहरूका अनुभवबाट सिक्ने क्रममा "भेदभाव नगरी प्रत्येक चीजलाई नक्कल गर्ने र यान्त्रीक रूपले प्रत्यारोपन गर्ने" माथि आक्रमण पनि गर्नु भयो । उहाँले तीनीहरूको पनि आलोचना गर्नु भयो, जसले स्तालिनमाथि अविवेकि आलोचनामा ख्रुश्चेभको उदाहरणलाई अनुसरण गर्दथे । उहाँले स्तालिनलाई ७० प्रतिशत उपलब्धि भएका एउटा महान् मार्क्सवादीको रूपमा उँचा उठाउनु भयो । यसरी सोभियत संशोधनवादीहरूको आलोचना र सोभियत समाजवादी निर्माणमा भएका कमजोरीहरूको यो अनुभवमार्फत, माओले चीनीयाँ कम्युनिस्ट पार्टी भित्रका उत्पादन शक्तिहरूको त्यसवेला प्रभावित संशोधनवादी लाइनका विरूद्ध संघर्षको नेतृत्व गर्नु भयो ।

यद्धपि माओको भाषणको सबैभन्दा ठूलो उपलब्धि समाजवादी निर्माण र समाजवादी योजनाको प्रक्रियाको बुझाइको यसको प्रमुख विकास थियो । दस प्रमुख सम्वन्धहरूको रूपमा समाजवादी निर्माणको समस्याहरू प्रस्तुत गरेर, माओले समाजवादी समाज निर्माणको

प्रक्रियाको केन्द्रमा द्वन्द्ववाद र अन्तरविरोधहरूलाई ल्याइदिनु भयो । उहाँले देखाउनु भयो कि कसरी समाजवादी निर्माणले केबल लक्ष्यहरूका यान्त्रिक कार्यान्वयनको उत्पादन र वितरण मात्रै संलग्न गर्दैन्, बरू प्रक्रियामा प्रमुख अन्तरविरोधहरू र समाजवाद प्राप्तीका लागि सबै सकारात्मक शक्तिहरूको परिचालनको एउटा द्वन्द्ववादी बुझाइ पनि संलग्न गर्दछ । यसरी उहाँले भन्नु भयो "यो भनेको एउटा आधारभूत नीतिमाथि केन्द्रीत गर्ने हो, सबै सकारात्मक शक्तिहरू आन्तरिक र बाह्य, समाजवादको कामलाई सेवागर्नका लागि परिचालनको आधारभूत नीति हो । यी दस सम्वन्धहरू सबै अन्तरविरोधहरू छन् । विश्वले अन्तरविरोधहरू ग्रहण गर्दछ । अन्तरविरोधहरूविना विश्वको अस्तित्व नै रहदैन् । हाम्रो काम यी अन्तरविरोधहरूलाई ठिकसित चलाउने हो ।"

माओले यसवारे अर्को सालको उहाँको काम जनताको बीच अन्तरविरोधहरूको सही सञ्चालनबारेमा उल्लेख गर्नु भएको छ । यसमा उहाँले समाजवादी निर्माणको प्रक्रियाको द्वन्द्वात्मक बुझाइको विकासलाई निरन्तरता दिनु भयो । प्राथमिक रूपमा उहाँले वर्ग संघर्षलाई प्रक्रियाको एकदमै केन्द्रीय भागमा राख्नु भयो । उहाँले जोड दिनु भयो कि " वर्ग संघर्ष कुनै पनि तरिकाले अन्त्य भएको छैन् , जसको प्रश्न हार वीना हुनेछ, समाजवाद वा पुँजीवाद, वास्तविकरूपले अझै समाधान भएको छैन् ।" यसरी उहाँले पार्टीमा संशोधनवादी पक्षहरूका विरूद्ध संघर्षको सुरूवात गर्नु भयो, जसले समाजवाद अन्तरगत वर्ग संघर्ष लामो समयसम्म अतित्वमा रहदैन् भनिरहेका थिए । यसले देशभर एउटा सुद्धिकरण आन्दोलन, संशोधनवाद विरोधी आन्दोलनको सुरूवातको सन्देश दियो । यो अवधिका दौरान धेरै उच्चस्तरिए कार्यकर्ताले जनताका अगाडि उभिएर उनीहरूको आफ्नो आत्मआलोचना गर्नु पर्ने थियो । लाखौ विद्यार्थीहरूले आफूलाई मजदुरहरू र किसानहरूसित एकाकार हुनका लागि शारिरिक श्रममा लगाए, सबै पार्टी क्याडरहरूले कारखानाहरूमा र कृषि सहकारीहरूमा शारिरिक श्रममा भाग लिनु पर्‍यो, उनीहरूका कारखानाहरूमा निर्माण गर्ने काममा सहभागी हुन थाले, र किसानहरूबीचमा एउटा समाजवादी शिक्षा अभियान सुरू गरियो । यो प्रक्रियामार्फत पार्टीलाई जनताको नजिकमा ल्याइयो र बढिरहेका दक्षिणपन्थी प्रवृतिहरू, पार्टीभित्र र बाहिर दुवैतीर जाँच गरियो ।

## महान् अग्रगामी छलांग र जनताका कम्युनहरूको जन्म :

सुद्धिकरण आन्दोलनको प्रगतिसितै, पार्टीभित्रका दक्षिणपन्थीहरूलाई रक्षात्मक स्थितिमा फयाँकियो । यसले १९५८मा, १९५६मा आठौ पार्टी कंग्रेसलाई प्रभावित पारेको विशालु उत्पादित शक्तिहरूको सुद्धिकरणलाई अगाडि बढाउने नेतृत्व गर्‍यो । यो सिद्धान्तका प्रमुख सञ्चालक, ल्यु शाओ-चिलाई मे १९५८मा गरिएको आठौ पार्टी कंग्रेसको दोस्रो शेसनको अगाडि स्विकार गर्न बाध्य पारियो कि एउटा समाजवादी समाजको निर्माणको पूर्णताभन्दा पहिलेको अवधिभरी, प्रमुख अन्तरविरोध सर्वहारा र पुँजीपतिबीचमा थियो, समाजवादी बाटो र पुँजीवादी बाटोबीच थियो । उहाँको प्रतिवेदनले महान् अग्रगामी छलांग, जुनसुरू भइ सकेको थियो, को बारेमा पनि वर्णन गरेको थियो । समाजवादी निर्माणमा प्रत्येक मोर्चामाथि प्रमुख विकास भइसकेको थियो । उद्योग, कृषि र अन्य सबै स्थलका कृयाकलापहरूले ठूला र ज्यादै तीव्र वृद्धिको रेकर्ड दर्ता गरिएको थियो । तीव्र वृद्धिको अलवा यद्धपि, जनरल लाइन र पहिलेको योजनाहरूका प्राथमिकतामा एउटा प्रमुख परिवर्तन महान् अग्रगामी छलांग थियो । महान् अग्रगामी छलांगको जनरल लाइन् नोभेम्वर १९५७को अन्त्यमा केन्द्रीय समितिको बैठकमा निर्माण गरिएको थियो । यसले ठूला उद्योगमाथि दिइएको जोडलाई परिवर्तन गर्‍यो र कृषि, ठूला र साना उद्योगको विकासलाई संगसंगै लैजाने लक्ष्य थियो । यसले शहर र गाउँबीचको खाडल कमगर्ने लक्ष्य थियो, मजदुर र किसान बीच, र एकातिर मजदुर र किसान बीच र अर्कोतीर बुद्धिजीवी र म्यानेजरबीच । यसले केबल एउटा आर्थिक क्रान्तिलाई मात्रै लक्षीत थिएन् बरू शहर र गाउँलाई रूपान्तरण गर्न एउटा प्राविधिक, राजनीतिक, सामाजिक र सांस्कृतिक क्रान्ति लक्षित थियो ।

१९५८मा जनताको कम्युन- जनकम्युन निर्माण सुरू भयो । यो प्रक्रिया पहिले स्वस्फूर्त रूपले सुरू भयो, जब सुख्खाले असर गरेका छिमेकि किसान संगठनहरूले एउटा सिंचाई परियोजना कार्यान्यनका लागि उनीहरूको लेवर र अन्य स्रोतहरू एक ठाउँमा ल्याएर मर्जर गर्ने योजना तयार बनाए । तिनीहरूको मर्जरलाई माओले कम्युनको नाम दिनु भयो । माओले यस्ता संगठनको गठनलाई प्रोत्साहन दिनु भयो र

यसले देशभरी कम्युनहरूका एउटा तीव्र फैलावटलाई अगाडि बढायो । ठूला स्तरका आयोजनाहरू जस्तै बाढ नियन्त्रण, पानीको संरक्षण, वृक्षरोपण, मतस्यपालन र यातायातको जिम्मेवारी लिन छिमेकी सहकारीहरू मर्जर गरेर तिनीहरू संगठित गरिए । यसको साथै, घेरै कम्युनहरूले ट्रयाक्टरहरू, रसायनिक मल खादहरू, र उत्पादनका अन्य साधनहरू बनाउनका लागि उनहिरूको आफ्नै कारखानाहरू स्थापना गरे । जनकम्युनहरूको स्थापना गर्ने आन्दोलन एकदमै तीव्रताका साथ वृद्धि हुदै गयो । केन्द्रीय समिति र चीनीयाँ कम्युनिस्ट पार्टीले १९५८ डिसेम्वरको यसको प्रशिद्ध उहान प्रस्तावमा घेषणा गऱ्यो कि "१९५८को ग्रीष्ममा सुरूको कहि महिनाभित्र, सात लाख चालिस हजारभन्दा ज्यादा देशमा रहेका सबै कृषि उत्पादक सहकारीहरूले, किसानको जनताको हौसलापूर्ण मागलाई सम्वोधनमा, आफूलाई छविसहजार जनकम्युनहरूमा पुनःसंगठित गरे । एक सय विस लाख घरधूरीहरू, अथवा विभिन्न नेष्नलिटीहरूका सबै चीनका किसान घरधुरीहरूको ९९ प्रतिशतभन्दा बढीले, जनकम्युन ज्वाइन गरे ।" राजनीतिक महत्वलाई सारम्सकृत गर्दै, केन्दीय समितिले यो भन्योः –" उद्योग, कृषि, व्यापार, शिक्षा, र सैनिक कार्यहरूलाई एक आपसमा मिलाउदै जानेमा जनकम्युन हाम्रो देशको समाजवादी सामाजिक संरचनाको आधारभूत एकाई हो; सोही समयमा यो समाजवादी राज्य शक्तिको आधारभूत संगठन हो । मार्क्सवादी लेनिनवादी सिद्धान्त र हाम्रो देशमा जनकम्युनको सुरू अनुभवले अहिले हामीलाई अगाडि हेर्नलाई समर्थ बनाएको छ कि जनकम्युनहरूले हाम्रो समाजवादी निर्माणको गतिलाई छिटो लैजाने छन र महसुश गर्नका लागि हाम्रो देशमा, निम्न दुई संक्रमणहरूका लागि सबैभन्दा राम्रो आकार दिने छन ।

"पहिलो, ग्रामीण क्षेत्रमा सामूहिक स्वामित्वबाट समग्र जनताको स्वामित्वतर्फ संक्रमण; र, दोस्रो, समाजवादीबाट साम्यवादी समाजतर्फको संक्रमण । यसलाई पूर्व जानकारी गर्न पनि सकिन्छ कि भावी कम्युनिस्ट समाजमा, जनकम्युन हाम्रो सामाजिक संरचनाको आधारभूत एकाई रहने छ । "

यसरी कम्युन आन्दोलनले एउटा अत्यन्तै विकासको प्रतिनिधित्व गर्दछ, जसले आधारभूत रूपले कृषिको सामूहिकीकरणको प्रक्रिया पूरागरेको थियो । यद्धपि कम्युनको आकांक्षा पूर्ण पव्लीक स्वामित्वलाई संक्रमणको प्रक्रिया अगाडि लैजान चाहन्थे र कम्युनिज्मले त्यो स्तरसम्म पूरा गर्न सक्दैनथ्यो । साथै शहरी कम्युनहरू स्थापना गर्ने प्रयासहरूलाई एकत्रित गर्न सकिएन ।

महान् छलांग अवधिमा कम्युन आन्दोलनको पहिलेको अवधिमा, केहि 'वाम' गल्तीहरू थिए । माओले फरवरी १९५९मा दिएको भाषणमा यसलाई 'कम्युनिस्ट हावा' भन्नु भएको थिए । यी 'वाम' गल्तीहरू, जसलाई माओले पत्ता लगाउनु भयो, ती प्रमुख रूपले तीन प्रकारका थिए । पहिलो समग्र कम्युनलाई एउटा एकाउन्टींग एकाइभित्र राखेर कम्युन भित्र गरीब र धनी ब्रीगेडहरूको एउटै स्तरीकरण थियो । यसको अर्थ यो थियो कि धनी ब्रीगेडहरू(पहिलाका विकसित सहकारी)का किसान सदस्यहरूको शेयर कम्युन गठनपछि तिनीहरूले पाउने शेयरभन्दा सानो हुनेछ । तिनीहरूले यसप्रकार कम्युनको गठनको विरोध गर्ने छन् र तिनीहरूको सहभागिता स्वयमसेवी रहने छैन् । दोस्रो गल्ती यो थियो कि कम्युनद्धारा जम्मा गरिने पुँजी अति ठूलो थियो र कम्युनको कम्पेन्सेसनविना लेवरका लागि कम्युनको माग अति ठूलो थियो । जब ठूलो रकमहरू पुँजी जम्माका लागि एकातिर राखिन्छ, शेयर जुन किसानले पाउछन् सानो पाउछन् । त्यसैगरी कम्पेन्सेसनविनाको ज्यादा लेवर तवमात्र आउन सक्छ जहाँ चेतना त्यो स्तरसम्म उठिसकेको हुन्छ । तेस्रो गल्ती सबै प्रकारका 'सम्पतिको कम्युनिकरण' थियो । केही क्षेत्रहरूमा किसानका स–साना सम्पत्ति जस्तै कुखुरा र सुगुरहरू कम्युन अन्तरगत ल्याउने काम गरियो । यसको पनि विरोध गरियो ।

यी गल्तीहरूलाई छिटै सच्याइए । उत्पादन ब्रीगेड(पहिलेका विकसित सहकारी), लाई आधारभूत एकाउण्टींग एकाई राखियो , र १९६२मा, यसलाई यो भन्दा पनि अझ तल्लो स्तरमा ल्याइयो, जुन उत्पादन टिमको परिप्रेक्ष्यमा यद्धपि, उच्च समाजवादीकरण र कम्युनिज्मतिरको रूपान्तरणको एउटा प्रक्रियाको रूपमा माथिल्लो तहहरूलाई स्वामित्व र जिम्मेवारीको उठाइरहेको स्तरको परिप्रेक्ष्य सधै रहन्छ,। यसले सफलता पाउन सकेन । उत्पादन टिमको तल्लो स्तरमा आधारभूत एकाउण्टींग र स्वामित्व एकाई १९७६सम्म निरन्तर रहयो ।

## पुँजीवादी बाटो लगेकाहरूका विरूद्ध संघर्षः

यद्धपि 'वाम' गल्तीहरू छिटै सच्याइए, लिउ शाओ–चीले नेतृत्व गरेको पुँजीवादी बाटो लगेकाहरूको कब्जा पार्टीको उच्च तहहरूभित्र बलियो नै रहयो ।

दुई लाइन संघर्ष प्रत्यक्ष र अप्रत्यक्षमा प्रतिनिधित्व गरिएको थियो । जुलाई १९५९मा, पेङ् तेह-हुई, त्यस समयको रक्षा मन्त्रीले महान् अग्रगामी छलांगमाथि यसको "निम्न-पुँजीवादी कट्टरवाद" भन्दै आलोचना गर्दै र "एक पाइलामै साम्यवादमा पुग्ने चाहना" भनेर एउटा प्रत्यक्ष आक्रमण गऱ्यो । माओले यी आक्रमणहरूलाई निस्तेज पार्दै र महान् छलांगको राजनीतिलाई रक्षा गर्नु भयो । तैपनि, यद्धपि पेङलाई हटाइयो, अरू पुँजीवादी बाटो लगेकाहरूले अप्रत्यक्ष तरिकाहरूमार्फत उनीहरूको आक्रमणलाई निरन्तरता दिइनै रहे ।

एउटा तरिका पेङको मुकुण्डो रक्षागर्ने नममा त्यसमार्फत मिडियामा माओमाथि आक्रमणहरू गरेको थियो । लेखहरूमार्फत र नाटकहरू र सांस्कृतिक कार्यत्रमहरूमार्फत पनि यसो गरिएको थियो । यसमा कसरी पेङ एउटा इमान्दार कमरेड जसलाई शिकार बनाइएको थियो देखाउने कोसिस गरिएको थियो । अर्को तरिका उच्च तहहरूमा गरिएका नीतिगत निर्णयहरूलाई कार्यान्वयनमा रोक्नु र अलगै गलत बाटो दिने थियो । एउटा प्रमुख उदाहरण समाजवादी शिक्षाको कार्यक्रमको र १९६२मा चीनीयाँ कम्युनिस्ट पार्टीको दशौ प्लेनमले लिएको एउटा सास्कृतिक क्रान्ति आरम्भ गर्नलाई लिएको निर्णयमाथिको धोखा थियो । यद्धपि यो पुँजीवादी बाटो लागेकाहरूले औपचारिक सहमति गरेका थिए, तिनीहरूले पार्टी संरचनाभित्र उनीहरूको नियन्त्रणमार्फत निश्चित गरे, यो निश्चय गर्न कि त्यहाँ जनसमूहको परिचालन थिएन् । तिनीहरूले सास्कृतिक क्रान्तिलाई वर्ग संघर्षको बदलामा प्राज्ञिक र वैचारिक बहसको दिशामा फर्काउने कोसिस गरे ।

माओ, यो अवधिभरी(१९५९-१९६५), विभिन्न स्तरमा लडाइहरू लडनु भयो । उहाँले रसियन अनुभवको आधारमा पुँजीवादको पुनःस्थापनाको एकदमै वास्तविक खतरा महसुस गर्नु भयो । उहाँले, त्यसकारण, ख्रुश्चेभाइट संशोधनवादको राजनीति र अर्थशास्त्रको एउटा प्रमुख अध्यनको आधारमा, चीनीयाँ र अन्तराष्ट्रिय सर्वहाराको शिक्षाको लागि यो अनुभवको सैद्धान्तिक पाठहरू खिच्ने काम गर्नु भयो । ख्रुश्चेभको आधुनिक संशोधनवाद विरूद्ध महान् बहसको संघर्षमार्फत माओले विश्वभरी र चीनमा क्रान्तिकारीहरूलाई वोरिपरी राख्ने कोसिस गर्नु भयो । उहाँका कामहरू जस्तै सोभियत अर्थशास्त्रको आलोचना र सिपिसिको ख्रुश्चेभको नककली कम्युनिज्म र विश्वका लागि यसको ऐतिहासिक पाठहरूको विश्लेषणमार्फत उहाँले पार्टी क्याडरमा संशोधनवाद पुनःस्थापना विरूद्ध एउटा लडाइका लागि सैद्धान्तिक जगहरू भर्ने कोसिस गर्नु भयो ।

यद्धपि उहाँले प्रमुख रूपले समाजवादको रक्षा र विकास गर्न र पुँजीवादको पुनः स्थापनालाई रोक्नलाई संघर्षमा जनसमूहहरूलाई तान्ने कोसिस गर्नु भयो । समाजवादी शिक्षाका लागि उहाँका पहिले वर्णन गरिएका कार्यक्रम अलवा, उहाँले ताचाइको समाजवादी प्रष्पिर्धाका लागि र ताचाइको अनुभवहरू समाजवादको निर्माणमा मोडल अनुभवहरूको रूपमा नाराहरू पनि दिनु भयो । तर जनसमूहहरू परिचालन गर्नलाई जब सबै प्रयासहरू पार्टी ब्यूरोक्रेसीद्धारा अर्कैतर्फ मोडने काम गरिए, माओले महान् सर्वहारा सांस्कृतिक क्रान्तिमार्फत जनसमूहहरूको शक्तिहरू खुला छाडेर अथक प्रयासहरूपछि सफलता प्राप्त गर्नु भयो । यो माओको समाजवादी निमांणको मार्क्सवादी विकासको व्यवहारमा उत्कर्ष थियो ।

तुलनात्मक रूपमा हेर्दा नेपाल एउटा शान्तिपूर्ण देश हो । नेपाली शान्तिप्रेमी जाति हुन् । फेरि पनि नेपालीहरू परापूर्व कालदेखि नै युद्धमा होमिएका छन् । भलै त्यतिबेला नेपाली अर्कै नामले चिनिन्थे । उनको परिचय अर्कै थियो । उनीहरूको पहिचान अर्कै थियो । महाभारतको युद्धमा पनि नेपालीहरू सामेल भएका थिए । उनीहरू खस र किरात नाउँमा सामेल भएका थिए । भनिन्छ खसहरू दुर्योधनको पक्षबाट युद्धमा सामेल भएका थिए । पारसमणि प्रधानले एउटा अन्तवार्तामा भनेका छन् पाण्डुकी कान्छी महारानी माद्रीको मातृभाषा खस थियो भन्ने कुरा महाभारतको आदिपर्वमा उल्लेखित छ ।

बाइसे चौबीसे राज्यमा विभाजित नेपालले धेरै युद्ध बेहोऱ्यो होला । नेपालमा फैलिएको खस साम्राज्यले पनि धेरै युद्ध बेहोरेको थियो । नेपालमा किरात बंशले शासन गरे । गोपालवंशले शासन गरे । लिच्छवीहरूले शासन गरे । हरेक जातजातिका मान्छेले गरेको शासन युद्धकै अन्तिम परिणाम थियो । कसैले राज्य कसैलाई दान दक्षिणाको रूपमा दिने कुरो भएन । बकसपत्रको रूपमा दिने कुरो भएन । यसैले हामी परापूर्वकालदेखि युद्ध बेहोर्दै आएका छौं । भोट युद्ध हामीले लड्यौं । पृथ्वीनारायण शाहले सुरू गरेको गोरखा राज्यको विस्तार बन्दुक र तलबारकै बलमा संभव भएको हो । हामीले अंग्रेजकै विरूद्धमा ठूलो लडाइ लड्यौं । शायद अंग्रेजको विरूद्धमा ठूलो लडाइ लडेको

कारणले पनि गोरखाली विश्वमा बहादुर जातिको रूपमा चिनिए । प्रथम विश्व युद्धमा गोरखालीहरू वीरतापूर्वक लडे । दोस्रो विश्वयुद्धमा पनि गोरखालीहरू वीरतापूर्वक लडे । दोस्रो विश्वयुद्धका बेलामा नेपाली पल्टनका सिपाही पनि नेपालबाट विश्व युद्धमा सामेल हुन चन्द्रशमशेरद्वारा युद्ध मोर्चामा पठाइएका थिए । अहिले पनि नेपालबाट दोस्रो विश्वयुद्धमा जापानको विरूद्धमा लड्न गएर सहिद भएका सिपाहीहरूको स्मारक नागालैण्डको सिमेट्रीमा खडा गरिएको देखिन्छ । जे होस्, गोरखालीहरूले अंग्रेजका विरूद्धमा लडाइमा देखाएको वीरता र रणकौशलताले उनलाई विश्वभरि वीर जातिको रूपमा स्थापित गऱ्यो । उनीहरूले भीसी पाए । वीरचक्र वा परमवीर चक्र पाए । हरेक युद्धमा गोरखालीले बहादुरी पाए । नाम कमाए । हुँदाहुँदा अहिलेको विश्वमा गोरखाली नलडेको कुनै युद्ध छैन पनि भन्न सकिने अवस्था सृजित भएको छ । अंग्रेजको अनुरोधमा जंगबहादुरले नेपाली सेना लिएर लखनऊको भारतीय जनताको विद्रोह दवाउन लखनऊसम्म पुगेका थिए । उनले लखनऊको भारतीय जनताको स्वतन्त्रताको लडाइ दबाएर अंग्रेजलाई खुशी पारे । अंग्रेजले खुशी भएर नेपालबाट खोसेको भूभागमध्ये चार जिल्ला बाँके, बर्दिया, कैलाली र कंचनपुर नेपाललाई फर्काइदिएको थियो । यही ठाउँलाई हामी नयाँ मुलुक भन्दछौं । अंग्रेजलाई जंगबहादुरले सहयोग गरेको हुनाले नै कार्ल मार्क्सले जंगबहादुरलाई ब्रिटिश साम्राज्यवादको चौकीदार भनेका हुन् ।

प्रतिक्रियावादीहरू आफूलाई शान्तिवादी भन्दछन् । युद्धमा होइन शान्तिमा विश्वास महान् मानव बताउँछन् । तर दुनियाँमा सबभन्दा बढी युद्ध रूचाउने मान्छे नै प्रतिक्रियावादी हुन् । साम्राज्यवादी हुन् । लेनिनले भनेकै छन् साम्राज्यवादको अर्को नाम युद्ध हो । लेनिनले के पनि भनेका छन् भने विश्वमा कम्युनिस्ट जत्तिको शान्तिवादी कोही हुँदैन । तर यिनै शान्तिप्रिय कम्युनिस्टमाथि प्रतिक्रियावादी वर्गले युद्ध थोपर्छ । न्यायप्रिय जनतामाथि युद्ध थोपर्छ । उनीहरूलाई युद्ध गर्न वाध्य पार्दछ । लेनिन भन्दछन्-युद्ध दुई प्रकारका हुन्छन् । न्यायपूर्ण युद्ध र अन्यायपूर्ण युद्ध । कम्युनिस्टहरू न्यायपूर्ण युद्धको पक्षमा र अन्यायपूर्ण युद्धको विरूद्धमा हुन्छन् । लेनिनको के पनि भनाइ रहेको छ भने-युद्धद्वारा नै युद्धलाई समाप्त गर्न सकिन्छ । युद्धद्वारा नै शान्ति स्थापना गर्न सकिन्छ । कम्युनिस्टहरू अन्तिम लक्ष्य शान्ति हो । युद्ध होइन । कृष्णको गीताले अर्जुनलाई धर्मको रक्षाको लागि युद्धमा होमिन आह्वान गर्दछ । रामले रावणलाई हराउँदा दीपावली मनाइन्छ । यी सब कुराले पनि युद्धकै पक्षपोषण गरिरहेका छन् । न्यायपूर्ण युद्धको पक्षपोषण ।

यतिबेला कम्युनिस्टले वर्गयुद्ध वा राष्ट्रिय मुक्तियुद्ध सुरू गरे भने साम्राज्यवादी वा प्रतिक्रियावादीहरूले त्यसलाई आतंकवाद भन्न थालेका छन् । आफूले युद्ध गरे भने त्यसलाई शान्तिको युद्ध भन्दछन् । यो युद्धको अपब्याख्या हो । युद्ध न्यायपूर्ण हुन सक्दछ । युद्ध अन्यायपूर्ण हुन सक्दछ । तर युद्ध युद्ध नै हो ।

**सम्पूर्ण अभिभावक, विद्यार्थी तथा शिक्षकहरूमा**

**नयाँ वर्ष २०७५ को हार्दिक मंगलमय शुभकामना !**

**कक्षा नर्सरीदेखि कक्षा ८ सम्म सीमित सिटमा नयाँ भर्ना खुल्यो । आफ्ना नानीहरूलाई आजै भर्ना गर्नुभई सिट सुरक्षित गर्नुहोस् ।**

**एल. आर. आई. उच्च माध्यमिक विद्यालय**

**काठमाडौं**

**फोन नं. : ०१-५२१८१८८**

# दश वर्षे जनयुद्ध वर्गीय युद्ध थियो



**दिल साहनी**

नेपालको इतिहासमा दुई किसिमका युद्ध भएका छन् । बाहिरी शत्रु विरूद्धको युद्ध र आन्तरिक युद्ध । पृथ्वीनारायण शाहले गरेको युद्ध आन्तरिक युद्ध थियो । नेपालले भोट विरूद्ध वा अंग्रेज विरूद्ध गरेको युद्ध बाह्य शक्ति विरूद्धको युद्ध थियो । तर ०७ सालमा नेपाली कांग्रेसले राणा विरूद्ध गरेको युद्ध, शोषक सामन्त जमीन्दारको विरूद्धमा डा. के. आई. सिंहले सशस्त्र विद्रोह गरेका थिए । नेपालको प्रतिक्रियावादी सत्ताले दिल्ली सम्झौता धोका हो भन्ने डा. के. आई सिंहको विद्रोहलाई दबाउन भारतलाई गुहार्दा भारतीय फौज नेपालमा प्रवेश गरेको थियो । त्यसरी नै क्रान्तिारी भीमदत्तले पश्चिम नेपालमा किसान विद्रोह गर्दा भारतीय फौज नेपालमा प्रवेश गराएर उनको विद्रोहलाई दबाइएको थियो । उनको टाउको काटिएको थियो । २०२८ सालको भापा विद्रोह तथा माओवादीले २०५२ सालमा सुरू गरेको दस वर्षे जनयुद्ध यथार्थमा एक प्रकारका युद्ध नै थिए । यद्पि नेपाली कांग्रेसले ०७ सालमा र माओवादीले ०५२ सालमा सुरू गरेका युद्ध ०२८ सालमा मालेले झापामा गरेका विद्रोहभन्दा केही ठूला स्तरका संघर्ष थिए । युद्ध थिए । यस अर्थमा झापाको विद्रोहलाई आन्दोलनको रूपमा पनि हेर्ने गरिन्छ । झापा आन्दोलनको रूपमा व्याख्या र विश्लेषण गरिन्छ । झापा विद्रोह निश्चित रूपमा भारतको नक्सलबाडी आन्दोलनबाट प्रभावित थियो । कमरेड चारू मजुमदारको वर्गशत्रु खतम लाइनबाट प्रभावित थियो । वन एरिया एन एनेमी वन एक्सनको नीतिबाट संचालित थियो । मसालका नेता मोहनविक्रम सिहले झापा आन्दोलन बामपन्थी उग्रवादको रूपमा विरोध गरेका थिए । कमरेड पुष्पलालले झापा आन्दोनलको बाटो गलत तर त्यसको स्प्रिट राम्रो बताएका थिए । झापा आन्दोलनले थुप्रै कमरेडहरू सहिद भए । झापा आन्दोनलका क्रान्तिकारीले २७ फाल्गुनलाई भुल्देनौं, सहिदलाई भुल्दैनौं भनेर गीत पनि गाए । तर अहिले त्यही झापा आन्दोनलको व्याज खाँदै आज यहाँसम्म पुगेपछि उनीहरूलाई भुल्दै गए । सम्झन आवश्यक ठानेनन् ।

माओवादीले ०५२ सालमा सुरू गरेको दस वर्षे जनयुद्ध नेपाल अंग्रेज युद्धपछिको सबभन्दा ठूलो युद्ध थियो । जनयुद्ध थियो । तर यसलाई नेपाली कांग्रेसले आतंकवादको संज्ञा दियो । एमाले लगायत धेरै बहुदलवादी पार्टीले त्यसलाई आतंकवाद भनेर नै विरोध गरे । अहिले पनि कांग्रेस एमाले लगायतका केही पार्टी यसलाई जनयुद्ध मान्न तयार छैनन् । यो कुरा बेग्लै हो कि माओवादी जनयुद्धका योद्धाहरूमा हिजोका एमाले पनि थिए ।

दशवर्षे जनयुद्ध एउटा विश्व हल्लाउने जनयुद्ध थियो । यसले भारत अमेरिका लगायत विश्वभरिकै ठूलाठूला मुलुकलाई थरिकम पारेको थियो । जनयुद्धको महत्वलाई मान्न यो मुलुकका प्रतिक्रियावादी वर्ग मात्र होइन आफूलाई प्रगतिशील वर्ग मान्ने मान्छेहरू पनि तयार छैनन् । कुरा त्यति मात्र होइन यो मुलुकका शासकहरू कुनै दुर्घटनामा मृत्यु भएका व्यक्तिलाई बरू सहिद घोषित गरिरहेका छन् तर माओवादी जनयुद्धमा सहिद भएका वीर योद्धालाई सहिदको दर्जा दिन तयार छैनन् ।

१० वर्षसम्म चलेको माओवादी जनयुद्ध अन्ततः दिल्लीमा ७ मंसीर २०६२ मा भएको माओवादी र सात राजनीतिक दलहरूबीचको १२ बुँदे सम्झौता र तत्कालीन प्रधानमंत्री गिरिजाप्रसाद कोइरालासित ५ मंसीर २०६३ मा भएको बृहत् शान्ति सम्झौतामा पटाक्षेप हुन पुग्यो । एउटा उँचाइमा पुगेको जनयुद्धको दुःखद अवसान हुन पुग्यो । पटाक्षेप वा दुःखद अवसान यस कारण कि माओवादीले दिल्लीमा सात दल र नेपालमा तत्कालीन प्रधानमंत्री गिरिजाप्रसाद कोइरालासित गरेको बृहत् शान्ति सम्झौताको इमान्दारीपूर्वक परिपालन भएन । यसले गर्दा सशस्त्र द्वन्द्वले अर्थपूर्ण निकास पाएन । ठूलो धोका सत्तापक्षबाट मात्र होइन कि विद्रोही पक्षको नेतृत्व तहबाट पनि हुन पुग्यो ।

माओवादी सेना र नेपाली सेना समायोजन गरी राष्ट्रिय सेना निर्माण गर्ने कुरा पूरा गरिएन । डा. बाबुराम भट्टराई प्रधानमंत्री भएको बेलामा आफ्नै पार्टीको नेतृत्वको सरकारले क्यान्टोनमेन्टमा सैनिक हस्तक्षेप गऱ्यो । सेना समायोजन होइन नेपाली सेनामा भर्ती गरियो । माओवादी जनसेनाका धेरै योद्धाहरूलाई

अयोग्य घोषित गरेर क्यान्टोनमेन्टबाट बिदा गरियो । जनमुक्ति सेनाले ठूलो अपमान बेहोर्न पऱ्यो । उपेक्षित हुन पऱ्यो । कतिलाई छाती नापेर भर्ती हुन पऱ्यो ।

जनयुद्धका सहिदहरूलाई सहिदको दर्जा दिइएन । सहिद परिवारप्रति उचित सम्मान र आवश्यक सहयोग गरिएन । बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गरिएन । अपांग भएकाहरूको रोजगारीको कुनै व्यवस्था गरिएन । घाइतेहरूको आवश्यक उपचार भएन । सत्य निरूपण तथा मेल मिलापको सवाललाई बेवास्ता गरियो । यसको माध्यममार्फत समस्या समाधान गर्ने कुनै प्रयास गरिएन । सत्य निरूपण तथा मेलमिलापको मुद्दालाई अदालत पुराइयो र हत्याको आरोपमा बालकृष्ण ढुंगेललाई जेल पुराइयो । संविधान सभाको निर्वाचनको बेलामा पनि ठूलै राजनीतिक शक्तिलाई पाखा राखियो । जनयुद्धले अपेक्षा गरेको कुरा प्राप्त गर्न नसकिए पनि बाह्र बुँदे सम्झौता र बृहत शान्ति सम्झौताले निर्देशित गरेका कुरा पनि पूरा गर्ने कुनै प्रयास भएन । अरू त अरू स्वयं माओवादीको नेतृत्व आफ्नो अडान र समझदारीबाट पछि हट्यो । हुँदाहुँदा हिजो प्रचण्ड पथ छोडेको माओवादीको नेतृत्व अन्ततः माओवाद मात्र होइन मार्क्सवाद पनि छोड्ने अवस्थामा पुग्यो । हिजो माओवादीको माथिल्लो नेतृत्व एमालेलाई कुनै कम्युनिस्ट पार्टी मान्दैनथ्यो । आज त्यही माथिल्लो नेतृत्व एमालेलाई एक नम्बरको कम्युनिस्ट पार्टी मानेर उसैमा पार्टी एकताको नाममा विलय हुँदै छ । विलय हुने साइतमा छ ।

फेरि पनि हामी दस वर्षे जनयुद्धले केही पनि गरेन भन्न सक्ने अवस्थामा भने छैनौं । दस वर्षे जनयुद्ध नभएको भए आज हामीले यो मुुलुकमा जे जति परिवर्तन भएको कुरा पाउँदै छौं त्यो सम्भव थिएन । ०६२-०६३ को जनआन्दोलन दस वर्षे जनयुद्धकै जगमा उठेको हो । माओवादी जनयुद्ध नभएको भए न त ०६२-०६३ को जनआन्दोलन संभव थियो न लोकतान्त्रिक गणतन्त्रको स्थापना । दस वर्षे जनयुद्धको जगमा उठेको ०६२-०६३ सालको जनआन्दोलनले नै अन्ततः अढाई सय वर्षको इतिहास बोकेको निरंकुश राजतन्त्रलाई समाप्त पारेको हो । नेपाली कांग्रेस र एमाले त राजा मानेर नै बसेका थिए । राजाका पाउमा दाम चढाएर नै बसेका थिए । यद्यपि उनीहरू माओवादीसित राजतन्त्रको विरूद्धमा उत्रिन सहमत भए । वाध्य भए । तर अझै पनि नेपाली कांग्रेस र एमाले जनयुद्धको योगदानलाई गणना गर्ने पक्षमा छैनन् । उनीहरूले आफूले बाहेक अरूले निर्माण गरेको इतिहास मान्दैनन् । दुवै पार्टी आफूलाई क्रान्ति र परिवर्तनका मसिहा ठान्दछन् । जब कि यथार्थ के हो भने यो मुलुकको परिवर्तनमा धेरैको ठूलो योगदान छ । माओवादीको पनि ठूलो योगदान छ । आज जेजति परिवर्तन भएको छ त्यो सून्यको उपज होइन । यस परिवर्तनको लामो इतिहास छ । लामो श्रृंखला छ । पछिल्लो श्रृंखला जनयुद्ध र त्यसको जगमा उठेको उन्नाईस दिने जनआन्दोलन हो ।

माओवादी जनयुद्धले मुलुकमा आमूल परिवर्तन गर्न नसके पनि यसले वैचारिक क्षेत्रमा निकै ठूलो परिवर्तन ल्याएको छ । माओवादी जनयुद्धले उपेक्षित सीमान्तीकृत जाति जनजातिलाई जगाएको छ । आफ्नो अधिकारप्रति सचेत गराएको छ । उनीहरूलाई आफ्नो हक अधिकारको लागि लड्न सिकाएको छ । संघर्ष गर्न सिकाएको छ । माओवादी जनयुद्धले चुलोचौका वा दाउरा घाँस, मेलापात वनजंगल गर्ने महिलालाई बन्दुक बोक्ने बनाएको छ । मसिनगन वा एके ४७ बोकेर युद्धको मैदानमा उतारेको छ । महिला पनि पुरूष जस्तै सिपाहीमा भर्ती हुन सक्दछन् भन्ने संदेश प्रवाह गरेको छ । भेडीगोठ वा भैंसीगोठमा बस्ने गोठालाहरूलाई छापामार योद्धा बनाएको छ । फिडेल क्यास्ट्रो वा चे ग्वेभारा बनाएको छ । उनीहरूलाई तालिम प्राप्त नागरिक बनाएको छ । अहिले नेपाली जातिमा जे जति चेतना जागरित भएको छ त्यसमा १० वर्षे जनयुद्धको ठूलो योगदान छ ।

१४ हजारभन्दा बढी योद्धाहरूले ज्यान गुमाएको दस वर्षे जनयुद्धका केही नायकहरूले अन्ततः विसर्जनको बाटो समाते पनि हिजो उनीहरूले पूराएको योगदानको नेपालको इतिहासले उच्च मूल्यांकन गर्ने नै छ । जनयुद्धलाई उपेक्षा गरेर वा अवमूल्यन गरेर वर्तमान नेपालको इतिहास नै लेख्न सकिन्न । अन्ततः जनयुद्ध तुहे पनि यसले धेरै कुरा नेपाली समाजलाई दूरगामी वरदानको रूपमा दिएको छ । यो कुरा पक्कै हो जनयुद्धले निश्चित रूपमा धेरै क्षति पनि बेहोर्न परेको छ । उसरी जुनसुकै युद्धले पनि क्षति बेहोर्नै पर्ने हुन्छ । बिना क्षति र लाभैलाभको त कुनै पनि युद्ध हुँदैन । यद्यपि कम क्षतिमा ठूलो उपलब्धि हासिल गर्नु राम्रो कुरा हो । अन्त्यमा के भन्न सकिन्छ भने युद्धमा क्रान्तिकारीहरूले बगाएको रगत कहिले पनि खेर जाँदैन । ढिलो चाँडो त्यसले सकारात्मक परिणाम ल्याउँछ । ढिलो चाँडो न्यायपूर्ण युद्धकै विजय हुन्छ ।

निश्चित रूपमा जनयुद्ध वर्गीय युद्ध थियो । यसैले एउटा वर्गले यसलाई सकारात्मक रूपमा र अर्को वर्गले त्यसलाई नकारात्मक रूपमा हेर्ने कुरा स्वाभाविक नै हो ।

१४-१२-२०७४

# प्राविधिक विकास र कम्युनिस्ट आन्दोलन



रमेश शर्मा

आज विश्वमा भइरहेको विज्ञान र प्रविधिको विकासले मानव जीवन र प्रकृतिका विविध पक्षहरूलाई प्रभावित पार्दै गइरहेको छ । यो प्रभावको गति यति तीव्र छ कि यसलाई ठिकसँग र सन्तुलित र यथार्थपरक ढङ्गले बुझेर र ग्रहण गरेर अघि नबढ्ने हो भने मानिस समाज विकासको वैज्ञानिक पद्धतिबाट अलग्गिन पुग्नेछ । तसर्थ आज प्रत्येक चेतनशील व्यक्ति, खासगरी समाजलाई अत्यन्त मानवीय एवम् वैज्ञानिक प्रक्रिया अपनाएर विकास गर्दै लैजाने सोच भएका मार्क्सवादी चिन्तकहरू एवम् अग्रदस्ताहरूले बढी चनाखो भएर समयको गतिलाई बुझेर अघि बढ्नु अत्यन्त जरूरी छ । प्राविधिक विकासले हानेको फड्कोलाई आज भिन्न-भिन्न प्रकारले व्याख्या गरिदैछ । विभिन्न तप्काका व्यक्ति एवम् समूहहरूले यसलाई राजनीतिक रङ्ग दिएर आफ्नो वर्गीय स्वार्थ पूरा गर्ने मनशायले प्रयोग गरिरहेको पाइएको छ । यस सम्बन्धमा वैज्ञानिक मार्क्सवादी दृष्टिकोण के हुनु पर्ने हो भन्ने कुराको निर्क्योल हुनु जरूरी छ । नत्रभने आँखा नहुनेले हात्ती छामेर गरेको आफ्नो अनुकूलको व्याख्या ले नै मान्यता पाउने हो भने समाज विकासको क्रम विकृत हुन पुगी उल्टो प्रतिगमनको दिशामा जाने प्रवल संभावना रहन्छ । यसै विषयमा यहाँ छोटो चर्चा गरिन्छ ।

विज्ञान र प्रविधिको विकासले आज मानव जीवनका सबै पक्षहरू– आर्थिक, सामाजिक, सांस्कृतिक आदिलाई प्रभाव पारेको छ । अकल्पनीय ढङ्गले मानिसको जीवन सरल बन्दै गइरहेको छ । ज्ञानको दायरा फराकिलो हुनुका साथै ज्ञान आर्जन प्रक्रिया पनि अत्यन्त सरल हुन पुगेको छ । यसको प्रभाव सबै भन्दा बढी आर्थिक क्षेत्रमादेखिन्छ । तसर्थ यो लेखमा आर्थिक पक्षलाई बढी समेटिने छ ।

## सरल उत्पादन पद्धति

विज्ञान र प्रविधिको उपयोग ठूला आधुनिक उद्योगहरूमा धेरै पहिलेदेखि नै हुँदै आएको हो । उद्योगधन्धामा अत्यन्त गऱ्हुङ्गा र अप्ठ्यारा कामहरू मेशिनको प्रयोगले सजिलै र द्रुत गतिमा हुँदै आएको हो । तर यो क्रम बढेर अब रोबोटको प्रयोग सम्म आइपुगेको छ । उद्योगहरूमा सामान्य श्रमिकले गर्ने कामको निम्ति रोबोटको प्रयोग हुने संभावना बढेको छ । यसबाट ठूलाठूला कल-कारखानाहरूमा केही उच्चस्तरका दक्ष प्राविधिज्ञको सहयोगमा सयकडौंको संख्यामा मजदूरहरू रोबोटको उपयोगले विस्थापित भई बेरोजगार हुने संभावना छ । सूचना र संचारको क्षेत्रमा डिजिटल प्रविधिको विकासले गर्दा कम्प्युटर, इन्टरनेट आदिको प्रयोगले गर्दा ठूलो क्रान्ति नै आएको छ । लेख, रचना, पुस्तक, समाचार आदि पढ्नको निम्ति कयौं दिन, हप्ता, महिना कुरेर बस्नु पर्ने युगको अन्त्य भएको छ । केही मिनट वा घण्टा भित्र सबै सामग्रीहरू भाइरल बनेर विश्वव्यापीरूपमा प्रवाहित हुन्छन् । होटेल, यातायात, विमानस्थल आदि जस्ता सेवा उद्योगहरूलाई पनि नयाँ प्रविधिको प्रयोगले अत्यन्त सरल, सुलभ र सुरक्षित बनाएको छ ।

त्यतिमात्र नभइ, नयाँ प्रविधिको उपयोगले गर्दा नभइ नहुने तर सवैभन्दा हेय दृष्टिले हेरिने पेशाहरू– खेती-किसानी, पशुपालन, बागवानी आदि समेत अब सजिलो र आकर्षक हुन पुगेको छ । खेत जोत्ने, बाली लगाउने, काट्ने, दाउनी गर्ने, ओसार्ने, थन्क्याउने, बिक्रिगर्ने आदि सवै कामको लागि स्वचालित वा अर्ध-स्वचालित मेशिन उपलब्ध हुने हुनाले किसानहरू अब हल-गोरूको व्यवस्थापन गर्ने कामबाट मुक्त भएका छन् । सामान्य प्राविधिक ज्ञान भएका सीमित व्यक्तिहरूको श्रम नै सबै काम सम्पन्न गर्न पर्याप्त भएको छ ।

## पुँजी लगानीको प्रकृति

पुँजी लगानीको प्रकृति दुई प्रकारको हुन्छ– मूर्त लगानी र अमूर्त लगानी । सोही अनुसार कम्पनी, उद्योग, व्यवसाय आदिको सम्पत्तिको वासलात पनि मूर्त सम्पत्ति र अमूर्त सम्पत्ति भनेर छुट्याइन्छ । मूर्त सम्पत्ति वा लगानी भन्नाले कम्पनीको जमिन, भवन, मेशिनरी, कम्प्युटर, गाडी आदिलाई जनाउँदछ भने अमूर्त सम्पत्ति भन्नाले अभौतिक प्रकारका वस्तुहरू जस्तै, पेटेण्ट राइट,

कपिराइट, ट्रेडमार्क, गुडवील, इन्टरनेट, लाइसेंस, सफ्टवेयर, अनुसन्धान र विकास, विज्ञापन आदिलाई जनाउँदछ । पहिले-पहिले उद्योग-व्यवसायको सम्पत्ति मूल्याङ्कनमा मूर्त सम्पत्तिमात्र समावेश गरिन्थ्यो । अमूर्त सम्पत्ति नगन्य मात्रामा हुने गर्दथ्यो । तर एक्काइसौं शताव्दीको सुरूआतसँगै विकसित देशका कम्पनीहरूले आफूले गर्ने लगानीमा ठूलो फेरबदल ल्याए । उनीहरूले अमूर्त सम्पत्तिलाई पनि कम्पनीको मूल्याङ्कनमा राख्न थाले र मूर्त भन्दा अमूर्त सम्पत्तिको मात्रा बढी हुन थाल्यो । एक अध्ययन अनुसार विभिन्न देशमा अमूर्त सम्पत्तिको मात्रा निम्नानुसार रहेको छः

| | |
|---|---|
| स्वीजरल्याण्ड | ५७ % |
| संयुक्तराज्य अमेरिका | ५५ % |
| फ्रान्स | ५० % |
| मेक्सिको | ४९ % |
| नेदरल्याण्ड्स | ४९ % |
| चीन | ४९ % |
| बेलायत | ४७ % |
| जर्मनी | ४३ % |
| दक्षिण अफ्रिका | ४३ % |
| फिनल्याण्ड | ४२ % |

श्रोतः GIFT रिपोर्ट, २००९, पृ.७

यसप्रकार स्वीजरल्याण्ड र संयुक्तराज्य अमेरिका बढी अमूर्त सम्पत्ति भएका मुलुकहरूमा क्रमशः पहिलो र दोश्रो स्थानमा छन् ।

फोर्बिस नामको संचार संस्थाले सन् २०१८ मा गरेको विश्वका धनाढ्य व्यक्तिहरूको श्रेणी विभाजन अनुसार अरबौ डलर निजी सम्पत्तिका मालिकहरू मध्ये संयुक्तराज्य अमेरिकाका एमेजोन कम्पनीका मालिक जेफ बेजोस पहिलो धनाढ्य व्यक्ति भएका छन् । जसको सम्पत्ति ११२ अरब अमेरिकी डलर छ । त्यस्तै दोश्रो घनाढ्यमा संयुक्तराज्य अमेरिका कै माइक्रोसफ्ट कम्पनीका मालिक बिल गेट्स भएका छन्, जो यस अघि पहिलो नम्बरमा थिए । उनको सम्पत्तिको मूल्य ९० अरब अमेरिकी डलर बराबर छ । अमेरिका कै फेसबुक कम्पनीका मालिक मार्क जुकरबर्ग ७१ अरब अमेरिकी डलर सहित पाँचौं स्थानमा परेका छन् ।

अब केही ठूला कम्पनीहरूको श्रेणी र तिनका अमूर्त सम्पत्तिको विवरण तलको तालिकामा प्रस्तुत गरिन्छः

| कम्पनी | क्षेत्र | अमूर्त सम्पत्तिको मूल्य (बिलियन अमेरिकी डलर) | कूल सम्पत्तिको प्रतिशत |
|---|---|---|---|
| एप्पल | कम्प्युटर | ४५५ | ६२ % |
| माइक्रोसफ्ट | सफ्टवेयर | ४४२ | ८८ % |
| एमेजन | इन्टरनेट | ४१० | ९५ % |
| अल्फाबेट | इन्टरनेट | ३७८ | ६५ % |
| एटी एण्ड टी | दूरसंचार | ३४७ | ९५ % |
| फेसबुक | इन्टरनेट | ३४४ | ८४ % |

श्रोतः GIFT रिपोर्ट, २०१७, पृ.४२

यो तालिकाले देखाए अनुसार आज विश्वका सबै भन्दा माथिल्लो श्रेणीका कम्पनीहरू कम्प्युटर, सफ्टवेयर, इन्टरनेट, दूरसंचार आदिसँग सम्बन्धित छन् । जसको लगानी तथा सम्पत्तिको मूल्य मूर्त कुराहरूमा नगण्य मात्रामा छ । तर अमूर्त क्षेत्रमा कूल सम्पत्तिको ९५% सम्म हुन आएकोदेखिन्छ ।

यिनै सब तथ्याङ्कहरूलाई मध्यनजर गरेर बेलायतमा इम्पेरियल कलेजका अध्यापक जनाथन हस्केल र नेस्टाका स्टिआन पेस्टलेकले सन् २०१७ मा "Capitalism Without Capital – the rise of the intangible economy" नामको एउटा पुस्तक प्रकाशनमा ल्याएका छन् । जसमा उनीहरूले एक्काइसौं शताब्दीमा उद्योगहरूले मूर्त भन्दा अमूर्त लगानीको मात्रा बढाउँदै लगेको कुरा देखाएका छन् । यसलाई उनीहरू 'पुँजी बिनाको पुँजीवाद'को संज्ञा दिन पुग्दछन् । करिब एक दशक लामो अनुसन्धानबाट उनीहरू के निष्कर्षमा पुग्दछन् भने अमूर्त लगानी अर्थात कम्पनीको अनुसन्धान र विकासमा गरिने ठूलो मात्राको लगानी क्रमशः अब केही ठूला कम्पनीहरूमा सीमित हुँदैछ । साना कम्पनीले केही मात्रामा अमूर्त लगानी बढाए पनि उनीहरू त्यति ठूलो परिमाणको पुँजी अमूर्त लगानीमा लगाउन सक्दैनन् । पेटेन्ट राइटको माध्यमबाट यसको फाइदा पनि तिनै ठूला कम्पनीहरूले हासिल गर्दछन् । यसले गर्दा पुँजीपतिहरूको बीचमा नै आर्थिक असमानताको खाडल ठूलो हुँदै गएको छ । नयाँ-नयाँ आविष्कारहरू सामान्य व्यवसायीहरूको पहुँच भन्दा बाहिर हुन पुगेकोले गर्दा यसको उपलब्धि पनि आम सर्वसाधारणको बीचमा विस्तार हुन सकेको छैन र यसको उत्पादनशीलता पनि घट्दै गएको छ । यो क्रमले विश्वलाई विस्तारै आर्थिक मन्दीको दिशामा लैजाने प्रवल संभावना छ ।

## वस्तुस्थितिको प्रगतिवादी मूल्याङ्कन

वर्तमान अवस्थामा अमूर्त लगानी बढ्यो

भनेर लगानीको स्वरूपमा जुन परिवर्तन आएको कुरा देखाइएको छ, त्यो मार्क्सवादी अवधारणासँग मेल खाँदैन । किनभने त्यहाँ मानसिक श्रममा गरिने लगानीलाई अमूर्त भनेर परम्परागत पुँजी लगानी भन्दा भिन्न देखाउन खोजिएको छ । वास्तवमा यो भौतिक र अभौतिक कुरासँग मात्र सम्बन्धित छ । उत्पादन प्रणाली, सामाजिक सम्बन्ध आदि कुरासँग यसको खासै सम्बन्ध छैन । मार्क्सवादी दृष्टिले हेर्ने भनेको, मूर्त होस वा अमूर्त, उत्पादनका साधनहरू माथिको स्वामित्व कसको नियन्त्रणमा छ र शारीरिक होस वा मानसिक, श्रमिकहरूको ज्याला र उत्पादन मूल्यबीचको सम्बन्धमा हुने शोषण छ छैन भन्ने कुरासँग सम्बन्धित छ । पुँजीवादी उत्पादन प्रणालीमा हुने शोषणको स्वरूपमा शारीरिक वा मानसिक श्रमबीचको फरकले खासै महत्व राख्दैन । त्यसैले मानसिक श्रम बढी भयो भन्दैमा 'पुँजी बिनाको पुँजीवाद' भन्नु उपयुक्त छैन ।

मानसिक श्रमबाट ज्ञान प्राप्त हुन्छ, जुन वैज्ञानिक दृष्टिले हेर्दा शारीरिक श्रम भन्दा खासै फरक छैन । दुवै अवस्थामा मानव उर्जा कै उपयोग भएको हुन्छ । भनिन्छ, मानव मष्तिष्कले शरीरले खानपानबाट पाएको उर्जाको २०% भाग उपयोग गरिदिन्छ । यसबाट बृद्धि भएको ज्ञानले नै मानिसको स्नायु प्रणालीमा भौतिक परिवर्तन ल्याउँदछ । यसैबाट मानसिक कार्यको भौतिक स्वरूपलाई बुझ्न सकिन्छ । शारीरिक होस वा मानसिक, उत्पादनशील श्रमले नै वस्तुको उपयोग मूल्यलाई विनिमय मूल्यमा रूपान्तरित गर्दछ । मानसिक श्रमले ज्ञानको उपयोग मूल्यलाई ज्ञानको विनिमय मूल्यमा रूपान्तरित गर्दछ भने शारीरिक श्रमले वस्तुगतरूपमा नै विनिमय मूल्यमा रूपान्तरित गरेको हुन्छ । अन्ततोगत्वा ती दुवै भौतिक नै हुन पुग्दछन् ।

अहिलेको समयमा बौद्धिक व्यक्तिहरूको सामूहिक प्रयत्नबाट नयाँ–नयाँ अनुसन्धान र आविष्कार हुने गरेको छ । पुँजीपतिहरूले आफ्नो पुँजीको उपयोगबाट ती खोजहरूमा नियन्त्रण जमाउँदछन् । जसबाट अनुसन्धानमा संलग्न केही व्यक्तिहरू त पुँजीपतिबाट लाभान्वित हुन पुग्दछन्, तर आम जनताको निम्ति त्यसको प्रतिफल सर्वसुलभ हुन सक्दैन । किनकि पुँजीवादीहरूले बनाएको पेटेन्ट अधिकार, कपिराइट, बौद्धिक सम्पत्ति अधिकार, प्रतिलिपि अधिकार आदिजस्ता कानूनको प्रयोगबाट उक्त नयाँ आविष्कारको उपयोग पुँजीपतिहरूले आफ्नो नियन्त्रणमा लिन्छन् र आफ्नो स्वार्थ अनुकूल प्रयोगमा ल्याउँदछन् । परिणामस्वरूप नयाँ प्रविधिको विकासले उत्पादनमा ठूलो परिमाणमा वृद्धि ल्याउन सक्दा पनि त्यसको प्रतिफल पुँजीपतिहरूको नियन्त्रणमा भइदिनाले सामान्य जनताले अपेक्षित लाभ पाउँन सकेका छैनन् । यसप्रकारको बौद्धिक सम्पत्तिमाथिको अधिकार सम्बन्धि कानूनको पक्षमा मार्क्सवादीहरू हुँदैनन् । नयाँ आविष्कार सर्वसुलभ हुन सके मात्र त्यो मानव कल्याणकारी हुन्छ, अन्यथा त्यो सम्पत्ति केन्द्रीकरणको साधन मात्र हुन पुग्दछ । उदाहरणको निम्ति, आज कृषि उत्पादन बढाउन भइरहेको अध्ययन, अनुसन्धान र आविष्कारलाई सर्वसुलभ बनाइदिने हो भने खाद्यान्नको उत्पादन यति प्रचुर मात्रामा हुनेछ कि विश्वमा खान नपाउने मान्छे कोही रहने छैन । तर यसको बीउ-बिजन लगायतका पक्रियागत कुरामा पुँजीपतिहरूले बन्देज लगाइ दिएको हुनाले यसको उपयोग नाफा कमाउने उद्देश्य पूर्तिको निम्ति मात्र भइरहेको छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा भइरहेको अनुसन्धान रोग नियन्त्रण गरेर रोग लाग्न नदिने भन्दा पनि रोगीको उपचार गर्दै जाने र नाफा कमाउँदै जाने प्रक्रियामा लागेकोदेखिन्छ ।

हस्केल र वेस्टलेकले लगानीको पकृति मूर्त भन्दा अमूर्त बढी हुँदै गएकोले गर्दा आधुनिक पुँजीवादको प्रकृति पनि फेरिएको कुरा गरेका छन् । एउटा कुरा त के सत्य प्रमाणित भएको छ भने पुँजीवादी अर्थशास्त्रीहरूले वकालत गर्ने गरेका उत्पादनमा अर्थात् आर्थिक क्रियाकलापहरूमा बजार अर्थतन्त्रको भूमिका निर्णायक हुन्छ, उपभोक्ताको रूचि सर्वोच्च हुन्छ भन्ने जस्ता कुराहरू अब बकवास भएका छन् । किनकि वस्तुको उत्पादन, बजारको व्यवस्थापन लगायतका विषयमा अब पुँजीपतिहरूको पूर्ण नियन्त्रण कायम भएकोछ । उपभोक्ताको सर्वोच्चता भन्ने कुरा अब नारा मात्र रहन गएको छ । समग्रमा भन्ने हो भने अमूर्त लगानीमा आएको वृद्धिले गर्दा उत्पादनमा पुँजीपतिहरूको नियन्त्रण बढी बलियो भएको छ । यसले अतिरिक्त मूल्यको आर्जनको मात्रा पनि बढाउँदै लगेको छ । तर उत्पादन प्रणाली अहिले पनि यथावत छ । उत्पादक शक्ति र उत्पादनका साधनहरू बीचको अन्तरविरोधपूर्ण उत्पादन सम्बन्ध उही पुरानै छ । पहिले आधुनिक मेशिनको प्रयोगमा हुने होडवाजी अहिले नयाँ–नयाँ सफ्टवेयरको विकास गर्ने तर्फ उन्मुख छ । मार्क्सले भन्ने गरेको, 'एकाधिकारले प्रतिस्पर्धा जन्माउँदछ र प्रतिस्पर्धाले एकाधिकार जन्माउँदछ' भन्ने

कुरा अद्यावधि कायम छ । त्यसैगरी ठूला स्तरमा हुने अमूर्त लगानीहरू बढ्दो छ । तर विश्वव्यापी स्तरमा हेर्ने हो भने कूल लगानीको मात्रा र यसको उत्पादनशीलता र मुनाफा घट्दो छ । किनकि साना व्यवसायीहरू लगानी बढाउन नसकी पीडित अवस्थामा छन् । मार्क्सले भन्ने गरेको मुनाफा घट्ने नियम झन् बढी घनिभूत हुँदै गएको छ । ठूला कम्पनीहरूमा बढ्दै गइरहेको अमूर्त लगानीले पुँजीको केन्द्रीकरण र यसको बढ्दो संकेन्द्रणलाई देखाउँदछ । तसर्थ मार्क्सवादीहरूले 'पुँजी बिनाको पुँजीवाद' भन्नेहरूलाई त्यसको सट्टा 'पुँजीवाद बिनाको पुँजी' भन्ने नारालाई अघि सार्नु जरूरी भएको छ ।

## निष्कर्ष

आज विश्वमा विज्ञान र प्रविधिमा आएको विकासको फड्कोले कम्युनिस्ट आन्दोलनलाई झन् भन्दा झन् अपरिहार्य रूपमा आवश्यक बनाउँदै लगेको छ । मार्क्सवाद दिनानुदिन निखारिदै गएको छ । उत्पादनका साधनहरू र उत्पादक शक्ति यति विकसित र उत्पादनशील छन् कि तिनको उपयोग आम जनताको दैनिक आवश्यकताको परिपूर्तिको निम्ति गर्ने हो भने पृथ्वीमा कुनै पनि मानिस खान नपाएर भोको बस्नु पर्ने र लुगा लगाउन नपाएर नाङ्गो बस्नु पर्ने अवस्था आउँदैन । वस्तुगत परिस्थितिलाई विश्वस्तरमा उभिएर हेर्ने हो भने यो अवस्था मार्क्सले परिकल्पना गरेको साम्यवादी समाजको स्थापनाको अनुकूल भइसकेको छ । जहाँ मानिस आफ्नो दैनिक आवश्यकता परि पूर्तिको निम्ति न्यूनतम समय खर्च गरेर अधिकाँश समय मानव समाजलाई अझ बढी सभ्य, सुसंस्कृत र समुन्नत बनाउँदै लैजाने सृजनात्मक गतिविधिमा संलग्न हुन सक्दछन् । तर यसको निम्ति उत्पादन सम्बन्ध तगारोको रूपमा अगाडि आएको छ । विकसित उत्पादक शक्तिले समाज विकासको लागि गुणात्मक फड्कोको माग गरिरहेको छ । तर उत्पनदनका साधनमा पुँजीवादी स्वामित्व प्रणाली बाधक बनेर खडा छ । तसर्थ आजको आवश्यकता भनेको यो पुँजीवादी उत्पादन सम्बन्धलाई भत्काएर समाजवादी उत्पादन सम्बन्ध कायम गर्नु हो । जसले साम्यवाद तर्फको यात्रालाई अत्यन्त निकट ल्याउने संभावना छ । तर यो प्रतिगामी उत्पादन सम्बन्धलाई भत्काउनु भनेको कुनै संसदीय चुनावी प्रक्रियाको क्षेत्र र क्षमता भन्दा बाहिरको कुरा हो । किनभने आज विश्वभरिको ९० % भन्दा बढी साधन-श्रोतहरू मुट्ठीभर पुँजीपतिहरूको नियन्त्रणमा छ । विभिन्न देशहरूमा भएका राजनीतिक व्यवस्थाहरू हात्तीको देखाउने दाँत मात्र हुन् । यो त न्यून राजनीतिक चेतना भएका मानिसहरूलाई अलमल्याउने खेल मात्र हो । साधन-श्रोत माथिको यो पकड गुम्न नदिन र अझ बलियो पार्दै लैजान साम्राज्यवादीहरू जस्तोसुकै घृणित र अमानवीय काम गर्न तयार छन् भन्ने कुरा अफगानिस्तान, इराक, सिरिया, यमन आदि देशहरूमा भइरहेको नरसंहारले स्पष्ट पारिसकेको छ । यो कठिन तर महान् कार्य सम्पन्न गर्नको निम्ति माक्सवादको आधारभूत प्रस्थापना 'बल प्रयोगको भूमिका'को कुनै विकल्प छैन । यो भूमिका विकसित देशहरूमा सिधै साम्राज्यवादी बहुराष्ट्रिय कम्पनी र वित्तीय पुँजीका नियन्त्रकहरूको विरूद्ध लक्षित हुन्छ र समाजवादी व्यवस्थाको स्थापना हुन्छ भने नेपाल जस्तो भारतीय प्रभावमा रहेको नव-औपनिवेशिक देशमा साम्राज्यवादका एजेन्टहरू विरूद्ध लक्षित हुन्छ । यसले साम्राज्यवादी र तिनका दलाल बीचको कडी टुटाएर नयाँ जनवादी व्यवस्थाको स्थापना गर्दछ ।

यसप्रकार विज्ञान र प्रविधिको विकासले कम्युनिस्ट आन्दोलनलाई साम्यवादको निकट पुऱ्याउन खेलेको भूमिकालाई लुकाउने असफल प्रयास गर्दै साम्राज्यवादी चिन्तन बोकेका बुद्धिजीवीहरूले यसलाई राजनीतिक रङ्ग दिएर मार्क्सवादको विरोधमा उपयोग गर्न खोज्दैछन् । उनीहरू यसलाई पुँजी बिनाको पुँजीवाद आयो भनेर मार्क्सवादलाई अर्थहीन बनाउन खोज्दैछन् । अर्कोतर्फ कम्युनिस्ट आन्दोलनबाट थाकेर पलायन भई साम्राज्यवादी र विस्तारवादीहरूको सेवामा समर्पित भएका नामधारी कम्युनिस्टहरू प्रविधिमा आएको विकासले मार्क्स, लेनिन र माओद्वारा स्थापित आधार भूत मान्यताहरूका विरूद्ध विष बमन गर्दै नयाँ बाटोको खोजी गर्ने कुरा गर्दछन् । ती पलायनवादीहरूको नयाँ बाटो भनेको आखिर अरू केही नभइ पूरानै संसदीय दलदलमा भासिएर बुर्जुवा गणतन्त्रको फेरो समातेर जनता माथिको दमन र लूटतन्त्रमा सहभागी भई सीमित नेतृत्व-मण्डलीको वर्गउत्थानमा लाग्नु मात्र हो । तसर्थ आजको आवश्यकता भनेको कम्युनिस्ट आन्दोलन भित्र लुकेर वा खुलारूपमा रहेका सबै प्रकारका गद्दार, दलाल र आत्मसमर्पणवादीहरूले फैलाउन खोजेको भ्रमबाट मुक्त भइ नेपालमा जनयुद्धकालीन त्याग र बलिदानको उच्च आदर्शलाई स्मरण गर्नु हो । मानव मात्रको मुक्तिको महान् कार्यको लागि पुँजीवादी उत्पादन सम्बन्धलाई भत्काएर समाजवादी उत्पादन सम्बन्ध कायम गर्ने दिशामा आआफ्नो ठाउँबाट योगदान पुऱ्याउँदै जानु आज मार्क्सवादमा विश्वास गर्छु भन्ने प्रत्येक व्यक्तिको दायित्व हो ।

२०७४-१२-१८

# आजको साहित्य लेखन, अक्टोबर क्रान्तिको सान्दर्भिकता र स्रष्टाको दायित्व



प्रा.डा. ताराकान्त पाण्डेय

## १. साहित्य लेखनको सन्दर्भ र कलाको सारतत्त्व

साहित्य लेखनको कुरा भनेको साहित्य सिर्जनाको कुरा हो । साहित्य सिर्जना कस्तो हुनुपर्छ भन्ने कुरा गर्नुअघि साहित्य के हो वा यसको सारतत्त्व के हो भन्ने जिज्ञासा अगाडि आउँछ । साहित्य के हो भन्ने कुराको उत्तरबाट साहित्य कस्तो हुनु पर्छ भन्ने प्रश्नको उत्तर दिन सजिलो हुन्छ ।

साहित्य ललितकलाको एउटा रूप हो जो भाषिक माध्यमबाट अभिव्यक्त हुन्छ । उत्तर संरचनावादीहरू यसलाई कलाभन्दा पनि भाषिक खेल (वर्ड गेम) भन्न ज्यादा रुचाउँछन् । यथार्थवादीहरूका लागि भने यो भाषिक कला हो । कला बन्नका लागि निश्चय पनि विशेष कालीगढीको प्रक्रिया यसले पुरा गर्नुपर्छ र त्यो कालीगढी भाषाका विभिन्न पक्षसँगै सम्बन्धित हुन्छ । यो प्रश्न आफैमा त्यतिकै महत्त्वपूर्ण छ जति कला (साहित्य) किन सिर्जना गरिन्छ भन्ने प्रश्न महत्त्वपूर्ण छ । कला के हो भन्ने प्रश्नको एउटा र प्रारम्भिक उत्तर *निश्चित भाषिक कालीगढीको प्रक्रियाबाट निर्मित विशेष भाषिक वस्तु कला हो* भन्ने हुन आउँछ तर कला हुनु भनेको सुन्दर हुनु पनि हो र कलाको निर्माण गर्नु भनेको सुन्दर वस्तुको निर्माण गर्नु पनि हो । सुन्दरता (सौन्दर्य) कलाको आवश्यक गुण हो र यसलाई नैसर्गिक गुण पनि भन्न सकिन्छ । यो सुन्दरता कलामा कालीगढीबाट आउँछ तर निरपेक्ष रूपले कालीगढीबाट मात्र आउँदैन ।

साहित्य भाषिक कला भए पनि यो सुन्दर हुनका लागि केवल भाषिक कालीगढी मात्र पर्याप्त हुँदैन । त्यसले मानव जीवनको यथार्थसँग सम्बद्ध अन्तर्वस्तुलाई कसरी प्रस्तुत गऱ्यो वा गर्छ भन्ने कुर ासँग पनि त्यसको सौन्दर्य उत्तिकै सम्बन्धित हुन्छ । यसको तात्पर्य के हो भने कला मानवीय परिस्थिति र सामाजिक जीवनसँग सम्बन्धित हुन्छ र यो मानव जीवनकै एउटा विशिष्ट क्रियाकलापका रूपमा घटित हुन्छ । त्यसैले *कला(साहित्य) केवल भाषिक कालीगढीको परिणाम मात्र नभई भाषिक कालीगढीका माध्यमबाट जीवनको (गतिशील जीवनको) प्रतिबिम्बन* हुन आउँछ ।

उपर्युक्त सन्दर्भले कला (साहित्य)को सुन्दरता विशिष्ट कालीगढीका माध्यमबाट गतिशील जीवनको प्रतिबिम्बन हो भन्ने निष्कर्ष दिन्छ । यो कुरा कलात्मक कार्यसँग पनि सम्बन्धित छ । कुनै कला सुन्दर छ, छैन वा कति सुन्दर छ भन्ने कुरा त्यसले गर्नुपर्ने कार्य कति कसरी गऱ्यो भन्ने कुरासँग सम्बन्धित हुन्छ । कलात्मक कार्यको कुरा गर्दा यसका संज्ञानात्मक, आनन्दात्मक अथवा सौन्दर्यात्मक र विचारधारात्मक अथवा सङ्कल्पात्मक गरी तिन कार्य(भूमिका) को व्याख्या गरिएको पाइन्छ (चैतन्य ११८) । संज्ञानात्मक पक्षले द्वन्द्वशील यथार्थ (जीवन जगत्)को बोध गराउने, सौन्दर्यात्मक पक्षले आनन्द प्रदान गर्ने र सङ्कल्पात्मक पक्षले मानवीय आवश्यकता, उपयोगिता, कामनाको परिपूर्तिमा सहयोगी हुने काम गर्छन् । अर्को शब्दमा भन्दा यी तिन तत्त्व क्रमशः सत्यम्(जीवनसत्य/यथार्थ), सुन्दरम् (आनन्द) र शिवम् (कल्याण) को आवश्यकता परिपूर्तिमा सहायक हुन्छन् ।

कलात्मक कार्यको कुरा गर्दा गोल्डमानले पनि आफ्नै ढंगले विमर्श गरेका छन् र उनको सङ्केत पनि महत्त्वपूर्ण तथा उपयोगी रहेको छ । कलात्मक कार्य के हो र मानव परिस्थिति तथा सामाजिक जीवनसँग त्यसको के सम्बन्ध छ भन्ने प्रश्नबारे छलफल गर्दै उनी भन्छन्: "विद्यमान यथार्थ (रियल) र सम्भावना (पोसिबल/सम्भावित यथार्थ) का बिच कलात्मक तथा सांस्कृतिक कार्यको आधारभूत सम्बन्ध निहित हुन्छ" । उनी अगाडि भन्छन् :

> *मान्छे एउटा निश्चित/खास परिस्थितिमा रहन्छ/बाँच्छ तर सँगसँगै त्यस परिस्थितिबाट माथि जाने/सामर्थ्य पनि उससँग रहिरहेको हुन्छ । अर्थात् त्यसबाट रूपान्तरण/परिवर्तनको सामर्थ्य पनि उसमा हुन्छ । यथार्थ र सम्भावना (रियल र पोसिबल) बिचको यो सम्बन्ध द्वन्द्वात्मक हुन्छ किनभने यी दुवै एक अर्कामा आश्रित/निर्भर हुन्छन् । सम्भावना विद्यमान*

*यथार्थतामै आधारित हुन्छ । सम्भावना त्यति बेला यथार्थ हुन्छ जतिबेला यथास्थितिको विद्यमान/पुरानो यथार्थलाई त्यसले पराजित गर्छ वा विघटित गर्छ ।* (११८)

यसो भनेर उनी मान्छे र वस्तुमा भेद देखाउँछन् । उनका विचारमा वस्तु अस्तित्वान हुन्छ (छ), त्यसमा टुटफुट हुन्छ, त्यो गल्छ र रूपान्तरित हुन्छ तर त्यसले आफैलाई रूपान्तरित गर्दैन । मान्छे पनि रूपान्तरित हुने वस्तु हो तर ऊ रूपान्तरणको विषय पनि हो किनभने यसले आफैलाई रूपान्तरित गर्न सक्छ, गर्छ । उनका मतमा यथार्थ र सम्भावनाको यो खेलक्रम (अल्टरेसन) ऐतिहासिक रूपले सत्यापित छ ।

अब उनका विचारमा कलाको कार्य स्पष्ट हुन्छ । कलाले विद्यमान यथार्थता (यथास्थिति)को सामान्य वर्णन र प्रकृतवादी चित्रण गरेर पुग्दैन । त्यसो गरेर त्यसले अपेक्षित सुन्दरता प्राप्त गर्दैन र त्यसको सृष्टि पनि गर्दैन । त्यसभन्दा माथि उठेर कलाले यथार्थवादी ढंगले (मानवीय) सम्भावना र यथार्थको सम्बन्ध तथा उपस्थितिको चित्रण गर्नुपर्छ । गोल्डमान थप स्पष्ट पार्दै भन्छन् :

*जब मान्छेका सम्भावनाको निषेध गरिन्छ वा त्यसलाई सीमित गरिन्छ, तब ऊ एउटा वस्तुका रूपमा देखिन थाल्छ । अनि वस्तुकरण (रेइफिकेसन) को प्रक्रिया घटित हुन थाल्छ । त्यसले सम्भावनालाई सङ्कुचित गर्न थाल्छ र अझ समाप्त पार्ने काम गर्न थाल्छ । पश्चिमी समाजमा यो खतरा बढ्दो छ । यो खतरा हुँदाहुँदै पनि एउटा स्वीकार गर्नै पर्ने वा सम्झनै पर्ने कुरा के हो भने सामान्यीकृत रूपमा संस्कृति र विशिष्टीकृत रूपमा कला सम्भावनाको आयामसँग सम्बन्धित हुन्छ ।* (११८)

कलाले यसरी आफ्नो (यथा)स्थिति (म के हुँ, को हुँ भन्ने) बारे मात्रै सचेत गराउँदैन, "म के गर्न सक्छु" वा "म के बन्न सक्छु" भन्नेबारे पनि सचेत गराउँछ । यसले मानव समुदायलाई परिस्थितिसँग समायोजन गर्न, सन्तुलन कायम गर्न, संघर्ष गर्न र त्यसलाई बदल्न सिकाउँछ, प्रेरित गर्छ भन्ने निष्कर्ष उनी दिन्छन् । अब मार्क्सले भनेको कुरा सम्झिऊँ – आजसम्म यो संसारको व्याख्या सबैले गर्दै आएका छन् तर मुख्य कुरा यसलाई कसरी बदल्ने भन्ने हो । वास्तवमा बदल्ने कुरासँग मानव जीवनको आवश्यकता र सम्भावना दुवै जोडिएको छ । *मान्छेको अन्तिम उद्देश्य स्वतन्त्र, सम्यक् र सुन्दर मान्छे (र समग्रतः स्वतन्त्र, सम्यक् र सुन्दर मानव समाज) बनाउने हो ।* त्यसो गर्नका लागि मान्छेले सतत् रूपले आफूलाई र समाजलाई बदल्नु आवश्यक हुन्छ । बदल्ने सामर्थ्य माथि भनिएजस्तै मान्छेभित्रै निहित हुन्छ र त्यो सम्भव पनि हुन्छ । *सुन्दर मानिस, सुन्दर समाज र सुन्दर भविष्य निर्माणको यो यात्रा मानव जातिको अभीष्ट हो भने अब कला(साहित्य) को सुन्दरताको आधार योभन्दा पृथक् अरू हुनै सक्दैन ।* त्यो फगत व्यक्तिविशेषको आनन्दसँग सम्बन्धित र त्यसमै सीमित रहन पनि सक्दैन । अतः कुनै कला सिर्जनाको सौन्दर्य (विद्यमान) यथार्थको सामान्य चित्रणभन्दा माथि उठेर सुन्दर मानिस र सुन्दर समाज निर्माणका लागि भइरहेको मानवीय सङ्घर्ष र परिवर्तनको प्रक्रियाको कलात्मक (कालीगढीपूर्ण) प्रतिबिम्बन (पुनःसिर्जन) सँग सम्बन्धित हुन्छ वा त्यसमा आधारित हुन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । यही कलाको सारतत्त्व पनि हो ।

## २. साहित्य र अक्टोबर क्रान्तिबिच सम्बन्ध

इसाको २०१७ को वर्ष महान् अक्टोबर क्रान्तिको शतवार्षिकीको वर्ष रह्यो र त्यस अवसरमा त्यसका महत्त्व र सान्दर्भिकताका बारेमा संसारभरि नै विभिन्न मञ्च र विभिन्न माध्यमबाट छलफल र विमर्शहरू गरिए । समाजवादका विरोधीहरू, महाख्यानको अन्त्य भएको भनेर क्रान्तिको भविष्यलाई अस्वीकार र निषेध गर्नेहरूका लागि यसको महत्त्व नुहुनु अस्वाभाविक होइन, तिनका लागि यो असामयिक काम पनि होला तर मानव मुक्तिको आवश्यकता बोध गर्ने र त्यसमा विश्वास गर्नेहरूका लागि यो सोभियत अक्टोबर क्रान्तिको परिघटना मानव जातिका इतिहासको सर्वाधिक महत्त्वपूर्ण परिघटना थियो र त्यसको सान्दर्भिकता अहिले पनि उत्तिकै छ र समाजमा कुनै पनि प्रकारको उत्पीडन रहुन्जेल उत्तिकै रहिरहन्छ । अब प्रश्न छ, साहित्य र अक्टोबर क्रान्तिबिच के सम्बन्ध छ ?

अक्टोबर क्रान्तिअघि यथार्थवादी साहित्य वा सुन्दर साहित्य लेखिएन, त्यसो होइन तर अक्टोबर क्रान्तिको महत्त्वपूर्ण पक्ष के रह्यो भने यसले मानव जातिको मुक्तिको सपनालाई मानव जातिकै इतिहासमा पहिलो पटक यथार्थमा परिघटित गऱ्यो र समाजवादी समाज र संस्कृतिको निर्माण प्रक्रिया अघि बढायो । अर्को प्रकारले भन्दा माथि भनिएजस्तै सुन्दर र स्वतन्त्र मानव र मानव समाज निर्माण गर्ने मानवीय अभीष्टको अभ्यास आरम्भ भयो । यसबाट समाजवादी संस्कृति

र दृष्टिले मूर्तता पायो र स्वाभाविक रूपले यो स्थिति सुन्दर साहित्य सिर्जनाका लागि महत्त्वपूर्ण आधार वा उत्प्रेरक पृष्ठभूमिम बन्न पुग्यो । मानव मुक्तिको सम्यक् दृष्टि र अभ्यासका अभावमा आलोचनात्मक यथार्थवादमा सीमित रहिरहेको साहित्य सिर्जनाले विश्वव्यापी रूपमै समाजवादी यथार्थवादी साहित्य निर्माणका लागि विचार, कला र (नवीन) यथार्थको आधार प्राप्त गऱ्यो । एक प्रकारले अक्टोबर क्रान्ति र साहित्यबिच आधार र अधिरचनाकै जस्तै सम्बन्ध बन्न पुग्यो । यसबाट कला साहित्यको विशेषता र स्वरूपमै महत्त्वपूर्ण परिवर्तन आयो ।

आजका समयमा पनि अक्टोबर क्रान्तिसँग साहित्यको सम्बन्ध र सान्दर्भिकता उत्तिकै छ । यसो किन हो भने (कला) साहित्यको कार्य सुन्दर र स्वतन्त्र मानव तथा मानव समाज निर्माण हो र त्यो आजका लागि पनि उत्तिकै सत्य हो । हो, समाजवादी सोभियत सत्ताको विघटनसँगै अक्टोबर क्रान्तिका प्राप्ति छिन्नभिन्न भए र समाजवादी आन्दोलन रक्षात्मक स्थिति बेहोर्न बाध्य भयो तर यसको आवश्यकता र औचित्य समाप्त भएको छैन । संसारभरि कुनै न कुनै प्रकारले समाजवादी समाज निर्माण अर्थात् सुन्दर र स्वतन्त्र मनुष्य निर्माणको आन्दोलन जारी नै छ र त्यसलाई अक्टोबर क्रान्तिका प्राप्तिले ऊर्जा प्रदान गरिरहेकै छ । त्यसैले सुन्दर र कलात्मक साहित्य निर्माणका लागि आज पनि अक्टोबर क्रान्तिको सान्दर्भिकता छ र यी दुईबिच सम्बन्ध पनि गहिरो गरी रहेको छ ।

## ३. समाजवादी यथार्थवाद के समाजवादी क्रान्ति र समाजवादी समाज मात्रकै अभिव्यक्ति हो ?

सुन्दर र कलात्मक साहित्य सिर्जनामा अक्टोबर क्रान्ति र त्यसले निर्माण गरेको समाजवादी यथार्थवादको कुरा गर्दा यो प्रश्न पनि सान्दर्भिक रूपले उठ्न सक्छ र उठाउने पनि गरिन्छ । यस सन्दर्भमा पहिलो कुरा के सत्य हो भने अक्टोबर क्रान्तिले समाजवादी समाजको निर्माण गऱ्यो र त्यसकै सौन्दर्यशास्त्रीय विकासले समाजवादी यथार्थवादलाई मूर्तता र पूर्णता दियो । यस सन्दर्भमा सामान्यतया एउटा आम धारणा कस्तो पनि बन्न पुग्यो भने समाजवादी यथार्थवादी साहित्य र समाजवादी संस्कृति समाजवादी समाजमा मात्र हुन्छ । वास्तविकता भने त्यस्तो होइन । यथार्थका रूपहरू, जीवन पद्धति र जीवन संघर्षको स्थिति समाजवादी समाज र गैर समाजवादी समाजमा भिन्न हुन सक्दछन् र हुन्छन् नै तर समाजवादी यथार्थवाद भनेको यथार्थ मात्र होइन, यथार्थ र जीवनलाई हेर्ने वैज्ञानिक दृष्टिकोण र पद्धति (दुवै) हो । माथि हामीले भन्यौं, मान्छेको अन्तिम अभीष्ट सुन्दर र मुक्त मनुष्य र समाजको निर्माण हो । यो प्रक्रिया अथवा यस यात्रामा समाजवादी चरण (समाज) एउटा उन्नत अवस्था अवश्य हो तर समाजवादी यथार्थवाद यस चरणसँग मात्र सम्बन्धित छैन, सुन्दर एवं मुक्त मनुष्य र समाज निर्माणको आन्दोलन अनि त्यससँग सम्बद्ध कलासिर्जनालाई वैचारिक तथा कलात्मक दृष्टि र पद्धति प्रदान गर्ने सौन्दर्यचिन्तन हो । त्यसैले समाजवादी यथार्थवादी कलासिर्जनाका लागि समाजवादी समाजकै पृष्ठभूमि चाहिन्छ भन्ने हुँदैन । यो एक प्रकारले यथार्थवादी रचना नै हो तर उन्नत र वैज्ञानिक यथार्थवाद हो जसमा मान्छे र समाजलाई बदल्ने अनि सुन्दर एवं मुक्त मनुष्य तथा समाज निर्माण गर्ने सङ्कल्प र अभियानको कलात्मक अभिव्यक्ति गरिन्छ । समाज विकासका दृष्टिले त्यो समाज गैर समाजवादी पनि हुन सक्दछ । निश्चित रूपमा समाजवादी संस्कृतिको मूर्तता र पूर्णता समाजवादी समाजमै सम्भव हुन्छ तर त्यसको अभ्यास र त्यसका लागि संघर्ष अनि त्यसको मानसिक निर्माण त्यसअघि पनि सम्भव हुन्छ । त्यसै गरी समाजवादी यथार्थवादी कलासाहित्यको निर्माण पनि समाजवादी समाजअघि सम्भव हुन्छ ।

हामीले भन्दै आएको प्रगतिवादलाई समाजवादी यथार्थवादकै पर्यायका रूपमा बुझ्दा पनि हुन्छ । विश्वका अन्य भूभागमा मार्क्सवादी साहित्य पदावलीको प्रयोग व्यापक रूपमा भएको पाइन्छ । आजको परिवेशमा भने प्रगतिवादी साहित्य, मार्क्सवादी साहित्य र समाजवादी यथार्थवादी साहित्यलाई भिन्न भिन्न समय र सामाजिक चरणका भिन्न भिन्न साहित्यिक रूप नभई एउटै अर्थ र अभिप्रायमा बुझ्नु पर्दछ । नाउँ दिने कुरा मात्रमा भिन्नता हो । तात्त्विक रूपले मार्क्सवादी साहित्य, प्रगातिवादी साहित्य र समाजवादी यथार्थवादी साहित्यमा भिन्ता हुँदैन, हुनु हुँदैन । यसको सारतत्त्व भनेको सम्पूर्ण रूढि र उत्पीडनका विरुद्ध स्वतन्त्र र सुन्दर मनुष्य तथा समाज निर्माणको अभियान/सङ्घर्षको कलात्मक प्रतिबिम्बन नै हो । सङ्घर्षका स्थितिहरू, चरित्र/नायकका सङ्घर्षशील अवस्था र हैसियतहरू, सुखान्त र दुःखान्तजन्य परिणतिहरू भिन्न भिन्न हुन सक्दछन् तर त्यसका

अन्तर्यमा वा अन्तर्वस्तुमा समाजवादी/साम्यवादी भविष्यदृष्टि, वैज्ञानिक जीवनचेतना, सुन्दर समाज निर्माणसँग सम्बद्ध द्वन्द्वशील यथार्थको प्रतिबिम्बन जस्ता कुरा साझा रूपमा र आधारभूत रूपमा समान हुन्छन्, हुनु पर्छ ।

## ४. क्रान्तिको प्रक्रिया कमजोर वा सुषुप्त भएको बेला समाजवादी यथार्थवादी साहित्य लेखिनु कति सम्भव हुन्छ ?

यो प्रश्न पनि प्रायः उठ्ने, उठाउने गरिन्छ । निश्चित रूपमा सामाजिक रूपान्तरणको प्रक्रिया सधैं एकनास र एउटै गतिमा अघि बढ्दैन । सन् १९९० तिर सोभियत सत्ताको विघटन र चीनको फरक खाले पुँजीवादी बाटोको अवलम्बनले समाजवादी आन्दोलनमा गम्भीर क्षति पुगेकै हो र क्रान्तिको प्रक्रिया रक्षात्मक अवस्थामा पुगेकै हो । हाम्रै देशका सन्दर्भमा १० वर्षको महान् जनयुद्धको प्राप्ति यतिबेला समाप्तप्राय अवस्थामा पुगेको र गम्भीर प्रकारको प्रतिक्रान्तिको हावाहुरी बगिरहेको हामी देखिभोगिरहेका छौं । *माओवादी क्रान्तिकारी विचारधारा, जनयुद्धनिर्मित आदर्शमा आधारित पार्टी र क्रान्तिको उदात्त जीवनमूल्य अहिले बहुदलीय जनवादको फेरो समाएर जीवित रहनुको भ्रम बोक्न विवश भएको विद्रूप अवस्था विद्यमान छ ।* इतिहासमा यस्तो विडम्बना पनि आउने रहेछ भन्नु पर्ने अवस्थामा हामी छौं तर यसको अर्थ के अहिले नेपालमा समाजवादी यथार्थवादी साहित्य लेखिने समय होइन वा समाजवादी यथार्थवादी साहित्य लेखिनु सम्भव छैन भन्ने निष्कर्ष निकाल्न मिल्छ र ? मलाई लाग्छ, यस्तो निष्कर्ष वस्तुगत हुँदैन । यथार्थ यस्तो विद्रूप भए पनि यो यथार्थको एउटा आयाम वा पाटो मात्र हो । अर्को पाटोमा सामाजिक परिवर्तन अर्थात् सुन्दर तथा मुक्त समाज निर्माणका लागि आन्दोलन त फेरि पनि जुन स्तर र रूपमा भए पनि चलिरहेकै छ, चलिरहन्छ । यो सामाजिक विकास प्रक्रियाको सामान्य नियम हो र यथार्थता पनि हो । त्यसैले यस्तो प्रतिकूल र प्रतिरक्षात्मक अवस्थामा पनि समाजवादी यथार्थवादी कलासाहित्यको निर्माण सम्भव छ ।

## ५. आजको समयमा (नेपाली समाजका सन्दर्भमा र विश्व सन्दर्भमा समेत) समाजवादी यथार्थवादी लेखनको विशेषता वा त्यसका अभिलक्षण कस्ता हुन्छन् ?

समाजवादी यथार्थवादी साहित्य सिर्जनाका सन्दर्भमा यस्तो जिज्ञासा भने उठाउन सकिन्छ । यसलाई यसरी बुझ्न सकिन्छ :

क) समाजवादी यथार्थवादको पहिलो अभिलक्षण यथार्थलाई (जीवनलाई) हेर्ने ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो । कुनै पनि साहित्यमा यथार्थलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट हेरिनु आवश्यक हुन्छ । ऐतिहासिक भौतिकवादले समय र स्थान विशेषका सापेक्षतामा यथार्थका प्रगतिशील(अग्रगामी) र यथास्थिवादी तत्त्वको पहिचान गर्छ तथा सो अनुरूप प्रगतिशील(अग्रगामी) तत्त्वको उदात्तीकरण गर्छ । यसो हुन सकेन भने यथार्थलाई इतिहासका शृङ्खलामा हेर्न सकिँदैन र विकास/परिवर्तनको प्रक्रियासँग सम्बन्धलाई बुझ्न र उद्घाटित गर्न सकिँदैन । त्यसैले ऐतिहासिक भौतिकवादी चेतनाको आलोक आवश्यक हुन्छ ।

ख) समाजवादी यथार्थवादी साहित्यमा संज्ञानात्मक, सौन्दर्यात्मक तथा सङ्कल्पात्मक भूमिकालाई अङ्गीकार गरिन्छ । अर्थात् यसले सत्यम्, शिवम् र सुन्दरम्को त्रैत भूमिकालाई पुरा गर्छ, गर्नै पर्छ । त्यसका लागि यही सामाजिक युग वा चरण हुनु पर्छ भन्ने हुँदैन ।

ग) समाजवादी / साम्यवादी विचारधारालाई वैचारिक पीठिकाका रूपमा ग्रहण गर्नु पनि समाजवादी यथार्थवादी साहित्यको अभिलक्षण हो । यो भन्नु प्रत्ययवादी आदर्शवादी विचारधाराको व्यतिरेकी चरित्र लिएर देखा पर्ने मानवमुक्तिको वैज्ञानिक विचारधारा हो । स्रष्टाले यस विचारधारालाई आफ्नो रचनाको पीठिका बनाउँछ ।

घ) प्रारूपीकरणको विशिष्ट कलापद्धतिको अनुशरण पनि समाजवादी यथार्थवादी साहित्यको अभिलक्षण हो । प्रारूपीकरण भनेको सामान्यको विशिष्टीकरण र विशिष्टको सामान्यीकरण हो । अर्थात् एउटै निर्माण (घटना वा पात्र) सामान्य पनि हुन्छ र विशिष्ट पनि हुन्छ । विशिष्ट मात्र हुनु तर सामान्यको प्रतिनिधित्व गर्न नसक्नु समाजवादी यथार्थवादी लेखनका लागि उपयुक्त र महत्त्वपूर्ण हुँदैन । उदाहरणार्थ **शिरीषको फूल**की सकम्बरी विशिष्ट पात्र त हो तर ऊ सामान्य होइन, उसले सामान्य नारीको प्रतिनिधित्व गर्दिन, यसका विपरीत **अनिदो पहाड**सँगैकी सुवानी सामान्य भईकन विशिष्ट हो । सुवानी कुनै यथार्थ पात्र (साँच्चैको) होइन र कुनै एउटै विद्यार्थी नेतृको चारित्रिक गुण मात्र उसमा छैन, त्यसैले ऊ विशिष्ट

हो तर सुवानी जस्ता थुप्रै महिला विद्यार्थी नेताहरू हाम्रो विद्यार्थी आन्दोलनमा छन् र ती धेरै नेताका साझा गुणहरूको संश्लेषणबाट सुवानीको चारित्रिक प्रारूप तयार भएको छ, त्यसैले ऊ विशिष्ट भईकन पनि सामान्य हो । समाजवादी यथार्थवादी चरित्र निर्माणको यसै विशेषताले यसलाई अन्य साहित्यिक चरित्र निर्माणको पद्धतिबाट बेग्ल्याउँछ ।

समाजवादी यथार्थवादी साहित्य लेखनका प्रतिबद्धता र स्वतन्त्रता, सरलता र स्तरीयता, वर्गीय पक्षधरता जस्ता अन्य अभिलाक्षणिक विशेषता पनि छन् तर उपर्युक्त अभिलक्षणहरू यसका आधारभूत र अत्यन्त महत्त्वपूर्ण अभिलक्षणहरू हुन् ।

## ६. वर्तमान परिप्रेक्ष्यमा लेखकहरूको दायित्व

साहित्य सिर्जनाका सन्दर्भमा सुन्दर साहित्य सिर्जना, अक्टोबर क्रान्तिको सान्दर्भिकता तथा समाजवादी यथार्थवादी साहित्यका अभिलक्षणको कुरा गरिसकेपछि अब यस परिप्रेक्ष्यमा लेखकहरूको दायित्वबारे कुरा गर्नु उपयुक्त र सान्दर्भिक हुनेछ । के कुरा प्रस्टै छ भने यो समय संसारभरि नै सर्वहारा क्रान्तिले रक्षात्मक अवस्था भोगिरहेको, प्रतिक्रान्ति बलियो हुन पुगेको र प्रतिक्रान्तिकारीहरू शक्तिशाली बन्न पुगेको स्थिति छ । नेपालकै सन्दर्भमा पनि स्थिति यही हो । नयाँ संविधान बने पनि त्यसले बुर्जुवा संसदीय व्यवस्थालाई अझ संस्थागत र सबल बनाउने काम गरेको छ र क्रान्तिको मार्ग जटिल बन्न गएको छ । वर्गसङ्घर्ष र साम्यवादी आन्दोलन कमजोर भएको यस्तो अवस्थामा समाजवादी यथार्थवादी अथवा मार्क्सवादी स्रष्टाहरूको दायित्व के हुन्छ ? यो प्रश्न यति बेला निकै महत्त्वपूर्ण भएको छ । यसबारे तल केही बुँदामा छलफल गरौं ।

### (१) वर्तमानबोध / जीवनबोध / यथार्थबोधको प्रश्न

मार्क्सले भनेझैं संसारको व्याख्या भन्दा पनि संसार बदल्ने कुरा बढी महत्त्वपूर्ण छ तर संसार बदल्नका लागि आफू बाँचेको संसार कस्तो छ, समाजको वर्तमाान अवस्था/संरचना कस्तो छ, त्यसभित्रका कुरूप र सुन्दर पक्षहरू के हुन् र समग्रमा जीवनको यथार्थ कस्तो छ भन्ने जस्ता प्रश्नको उत्तर जान्नु आवश्यक हुन्छ । यसलाई जीवन अथवा संसारको यथार्थपरक बोध भन्न सकिन्छ । जीवन यथार्थ अनेक जटिल अन्तर्विरोधहरूको र अनेक आयामको समष्टि हो । अनि त्यसको वर्तमान अवस्थाले मात्र त्यसका समग्रताको बोध गराउँदैन किनभने हरेक समयको यथार्थ ऐतिहासिक परिघटनाको परिणति हुन्छ । त्यसैले वर्तमान यथार्थको सम्यक् बोधका लागि त्यसलाई त्यसका विकासको ऐतिहासिक परिप्रेक्ष्यमा हेर्नु आवश्यक हुन्छ । प्रभावकारी तथा शक्तिशाली समाजवादी यथार्थवादी साहित्य सिर्जनाका लागि स्रष्टामा जीवन यथार्थको वर्तमानताको सम्यक् बोध आवश्यक हुन्छ भन्नुको अर्थ त्यसलाई ऐतिहासिक विकासका शृङ्खलामा बोध गर्नु आवश्यक हुन्छ । समाजवादी यथार्थवादी स्रष्टाको यो पहिलो महत्त्वपूर्ण दायित्व हो । यसले उसलाई अन्य स्रष्टाबाट पृथक् बनाउँछ ।

यहाँ प्रश्न उठ्न सक्छ– नेपाली समाज पुँजीवादमा प्रवेश गरिसक्यो भन्ने मान्दा वा अर्धसामन्ती अवस्थामै छ भन्ने मान्दा यथार्थबोधमा भिन्नता आउँछ कि आउँदैन ? यो प्रश्न अस्वाभाविक पनि छैन । यसलाई यसरी बुझ्दा उपयुक्त होला – स्रष्टाले सोझै पार्टीको राजनीति लेख्दैन अनि तर्क र भनाइमा आउने पुँजीवाद वा सामन्तवाद साहित्यको चित्रणको विषय पनि बन्दैन । स्रष्टाले भोगेको यथार्थबाट सामग्री चयन गर्छ र एङ्गेल्सले भनेझैं प्रतिनिधि परिस्थिति, प्रतिनिधि घटना र प्रतिनिधि पात्रको चयन गर्छ अनि ती इतिहास असम्पृक्त हुँदैनन् अर्थात् ती (परिस्थिति, घटना र पात्रहरू) ऐतिहासिक परिप्रेक्ष्यमा निर्मित हुन्छन् । यसरी वर्तमानबोध गर्दा र त्यसबाट सामग्रीको चयन गर्दा स्रष्टा यथार्थप्रति निष्ठावान रह्यो भने समस्या आउँछ जस्तो लाग्दैन । तर्क र छलफलमा जे भनिए पनि रचनामा आएको समाज हाम्रो समयको यथार्थ हो होइन भन्ने बोध स्वयं लेखकको समाजसँगको सम्बन्धले, उसको स्वयंको भोक्ता अनुभूतिले र यथार्थप्रतिको गहिरो निष्ठाले गर्दछ, गर्नेछ ।

### (२) विचारधारात्मक स्पष्टता

साहित्य सिर्जना कलात्मक कर्म हुनुका साथै महत्त्वपूर्ण विचारधारात्मक कर्म पनि हो । अर्को शब्दमा यो आधारको विचारधारात्मक प्रतिबिम्बन नै हो । माथि भनिएजस्तै यसका तिन प्रकार्यमध्ये एक सङ्कल्पात्मक प्रकार्य विचारधारसँगै सम्बन्धित हुन्छ । हामीले संसार बदल्ने र सुन्दर मनुष्य तथा समाज निर्माण गर्ने अभीष्टको कुरा गऱ्यौं । यो महान् कार्य वैज्ञानिक र उन्नत विचारविना सम्भव छैन । त्यसैले समाजवादी यथार्थवादी स्रष्टाका लागि विचारधारात्मक स्पष्टता र वैज्ञानिक विचारको आलोक आवश्यक र अपरिहार्य नै हुन्छ । मनले अर्थात् भावनाले मात्र परिवर्तनको कुरा गरेर पुग्दैन । जीवनलाई हेर्ने, इतिहास, वर्तमान र भविष्यलाई हेर्ने, समाजको अस्तित्व र अन्तर्विरोध एवं परिवर्तनको प्रक्रियालाई हेर्ने वैज्ञानिक विचारको आलोक भएन भने स्रष्टा आदर्शवादी बन्न पुग्छ । उदाहरणार्थ स्रष्टाले लेख्यो– फूलको आँखामा फूलै

संसार, काँढाका आँखमा काँढै संसार । अब विचार गरौं- फूलको सौन्दर्य द्रष्टाका आँखामा छ कि वास्तविक फूलमा ? अथवा काँढाको काँढापन वास्तविक काँढामा हुन्छ कि द्रष्टाका आँखामा ? सौन्दर्यको वा कुरूपताको उपस्थिति वस्तुको वस्तुता (यथार्थ) भन्दा बाहिर मनमा मात्र हुन्छ र ? हुन्छ भन्नु आदर्शवादी चेतना हो । वस्तुको वस्तुता मूलतः वस्तु(पदार्थ/यथार्थ) मै हुन्छ र त्यसले चेतनाको निर्माण गर्दछ । दार्शनिक कुरा जस्तो लागे पनि वास्तविकता यही हो तर कहिलेकाहीँ अनजानवश पनि हामी यस्ता भनाइलाई ठिक ठान्न पुग्छौं । समाजवादी यथार्थवादी स्रष्टाले आदर्शवाद (मनोगतवाद) र भौतिकवाद (वस्तुवाद) का बिचको पार्थक्य बुझ्छ, बुझ्ने प्रयास गर्छ र वैज्ञानिक विचारका आलोकमा सिर्जनाको अभ्यास गर्छ, गर्नै पर्छ । यो उसको दायित्व हो ।

**(३) सामाजिक रूपान्तरणका पक्षमा उभिनु र आन्दोलनसँग गाँसिनु**

समाजवादी यथार्थवादी स्रष्टा निष्क्रिय लेखक होइन र केवल स्वान्तः सुखायका लागि पनि लेख्दैन । ऊ त सामाजिक परिवर्तनको परियोजनाको एक जना अभियन्ता पनि हो । त्यसैले ऊ सामाजिक गतिविधि, परिर्वतनको अनुष्ठान, आन्दोलन आदिबाट स्वतन्त्र, पृथक् बस्न सक्दैन । उसको दायित्व सामाजिक रूपान्तरणका पक्षमा उभिनु र उभिनु मात्र नभई त्यसका लागि हुने आन्दोलनसँग गाँसिनु पनि हो । अर्थात् शब्द र कर्मको एकत्व स्थापित गर्नु उसको दायित्व हो र त्यसले उसलाई जनताको लेखक, समाजवादी यथार्थवादी लेखक बनाउँछ ।

**(४) सिर्जनात्मक सक्रियता, हस्तक्षेप र प्रतिरोध आवश्यक छ**

माथिका दायित्व पुरा गर्न स्रष्टामा सिर्जनात्मक सक्रियता आवश्यक छ भने समग्र सिर्जनवृत्तमा हस्तक्षेप गर्नु र प्रतिरोधी बन्नु पनि आवश्यक छ । सक्रियताका अभावमा सिर्जनात्मक र समग्र रूपान्तरणकारी आन्दोलन कमजोर हुन्छ । त्यसै गरी सिर्जनात्मक सक्रियतासँगै सिर्जनात्मक हस्तक्षेप बढाउनु पनि आवश्यक छ । अनि कुरूपताका विरुद्ध धावा बोल्न स्रष्टा प्रतिरोधी बन्नु पनि आवश्यक छ । यसो गर्दा भने यति बेला नेपाली सिर्जन क्षेत्रमा केही चुनौती र जोखिमहरू छन् । खास गरी परम्परागत एक भाषिक, एक जातीय र पुरुषकेन्द्री सौन्दर्यचेतका विरुद्ध हस्तक्षेप र प्रतिरोध चेतनाको अभिव्यक्ति गर्दा यी जोखिमहरू देखिन्छन्ः

क) वर्गसंघर्षमा सौन्दर्य देख्ने भन्दा सभ्यताको द्वन्द्वको चेतनाले प्रभावित हुने र त्यस द्वन्द्वमा सौन्दर्य देख्ने ।

ख) पुरुष लैङ्गिक वर्चस्वका विरुद्ध लेख्दा आमूल /निरपेक्ष नारीवादी हुन पुग्ने ।

ग) संघर्षको समग्रता/समष्टिमा भन्दा अत्यन्त स्थानिक, टुक्रे र खण्डित संघर्षमा सौन्दर्य देख्ने र त्यसमै रमाउने ।

समग्रतः उत्तर आधुनिकतावादी भएर सिर्जनात्मक हस्तक्षेप गर्ने कि मार्क्सवादी भएर ? यो प्रश्न महत्त्वपूर्ण हुन पुग्छ । मार्क्सवादलाई हाम्रा सन्दर्भमा बुझ्ने कुरामा विमर्श हुन सक्ला तर त्यसको विकल्प अमार्क्सवाद वा आदर्शवाद हुन सक्दैन । अतः मार्क्सवादलाई आत्मसात् गरेर र त्यसप्रति निष्ठावान् भएर मात्र समाजवादी यथार्थवादी लेखन गर्न सकिन्छ ।

लेखकको उद्देश्य सामाजिक विसङ्गति र सम्पूर्ण प्रकारका उत्पीडनका विरूद्ध प्रतिरोधी चेतनाको अभिव्यक्ति नै हो । सबै प्रकारका उत्पडीन, विभेद र अन्यायबाट (मानव)मुक्ति र स्वतन्त्र तथा सुन्दर मनुष्यको निर्माण मार्क्सवादको लक्ष्य हो र मार्क्सवादी स्रष्टाको पनि लक्ष्य हो । त्यसैले मानवमुक्तिको अुनष्ठानरूपी लडाइँको यो मोर्चामा सिर्जनाको अस्त्र लिएर डट्नु हामी सबैको दायित्व हो ।

उक्त काम दुई ढङ्गले सम्पन्न हुन्छ :

१) वैयक्तिक रूपमा सिर्जनाका माध्यमबाट, र

२) सङ्गठित भएर सङ्गठित गतिविधिका माध्यमबाट । यो काम फरक फरक ठाउँमा रहेका लेखकहरूबिच साझा मोर्चा बनाएर पनि गर्न सकिन्छ । यद्यपि साझा मोर्चाका पनि आफ्नै समस्या र चुनौतीहरू छन् तर कम्तीमा मिल्न सकिने साझा बुँदामा सहमति कायम हुन्छ भने साझा मोर्चा बनाएर सिर्जनात्मक हस्तक्षेप सहित सांस्कृतिक आन्दोलनलाई अगाडि बढाउन सकिन्छ ।

## मुख्य सन्दर्भ


गोल्डमान, लुसिएँ. **एसेज अन मेथड इन सोस्योलजी अफ लिटरेचर**, विलिय क्यु. बोल्वरद्वारा अनुदित. टेलस प्रेस, सन् १९८० ।

चैतन्य, **मार्क्सवादी सौन्दर्य चिन्तन**. साझा प्रकाशन. २०६९ ।

पाण्डेय, ताराकान्त. **मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र**. साझा प्रकाशन, २०७३ ।

पाण्डेय, मैनेजर. **साहित्य और इतिहास दृष्टि,** तृतीय संस्क. वाणी प्रकाशन, सन् २००८ ।

सिंह, नामवर, सम्पा. **कार्ल मार्क्स : कला और साहित्य चिन्तन**. राजकमल प्रकाशन, सन् १९९१ ।

# उत्थान र पतन



हिरामणि दुःखी

चौतर्फी सडक जाम भइरहेको छ । ट्राफिकले साइड दिन छोडेर चर्को स्वरमा कराइरहेको आवाजतिर नजर च्यातिरहेका छन् । कोही बुझेर हाँसेजस्ता देखिन्छन् । कोही अरू हाँसेको देखेरै हाँसोमा हाँसो मिसाइरहेछन् । सहरका कुल्लीहरू, रिक्सावाल र मजदूरहरू अनि दूरदराजबाट सहर पसेका दुब्ला, पातला र ख्याउटे अनुहारहरू निकै गम्भीर देखिन्छन् । पलभरमा सहरको अति व्यस्त चोक मान्छेको भीडले पुरिएको छ । यहाँ के हुँदैछ ? एउटाले अर्कोलाई प्रश्न सोध्छ । कसैले कसैको न त प्रश्न नै सुन्छ न त जवाफ नै दिन्छ । पहिले आएकाहरू एकाग्र भएर कसैको भाषण सुनिरहेछन् । पछि आउनेहरू परपरबाट टाउको सकी न सकी तन्काएर अगाडिको दृश्य हेर्ने कोसिस गरिरहेछन् । मान्छेहरूको बीचभागमा केही ठाउँ खाली छ । जहाँ एउटा ठूलै पर्दा टाँगिएको छ । पर्दामा घरिघरि चलचित्रका जस्तै फुटेजहरू देखिन्छन् । कहिले सादा र रङ्गिन फोटाका दृश्यहरू आउँछन् त कहिले भिजुयल सहितका दृश्यहरू। ह्याण्ड माइक पकडेको मान्छेले ती दृश्यहरूको धाराप्रवाह वर्णन गर्दैछ । मानिसको भीड स्तब्ध छ । एकाग्र भएर उसको कुरा सुनिरहेछन् । दृष्यहरूको वर्णन निकै रोचक छ । ऊ भन्दैछ–

"ऊ त्यो दृष्यमा देखिएको घर छविको हो । उसको घरमा एउटा मान्छे नियमित आउँथ्यो । उसलाई चिन्नेहरूले प्रेम भन्थे । उसको र छविको घर वल्लोपल्लो गाउँमा थियो । तराइको कुनै एउटा जिल्लामा । क्याम्पस जीवन सकेर घर बसेको छवि, कुनै गतिलो अधिकृतत‌हको जागिर त खानै पर्ने हो कि भन्ने मुडमा थियो । विद्यार्थी जीवनदेखि नै सक्रिय राजनीतिक नसा लागिसकेको हुनाले ठोस निर्णय भने गर्न सकिरहेको थिएन । निम्नवर्गीय किसान परिवारको मान्छे, परम्परागत संस्कारमा हुर्केकी उसकी स्वास्नी । त्यसमा पनि बाहुन परिवार । छविलाई जसरी पनि जागिर खोज्नै पर्ने दबाब थियो स्वास्नी र बुबाको । आफ्नो सोच एकातिर घरपरिवारको सोच अर्कैतिर थियो । तालमेल मिलिरहेको थिएन ।

एकदिन उसको बुबाले भनेका थिए-'हेर बाबु पहाडमा छँदा हामीलाई विहान-बेलुकाको छाक टार्न धौधौ पर्थ्यो । निमेक गर्न, काम पाइन्नथ्यो । त्यसैले तँलाई काखमै लिएर तराइ झरियो । अहिले जेनतेन दुःख गरे भरपेट खान पुग्ने खेतबारी जुटाएको छु । तँलाई बिएसम्मको पढाइ पनि गराइम् । अब त तैँले एउटा गतिलो जागिर खोजेर परिवारको रेखदेख गर्न पर्छ ।' छविले चुपचाप टाउको हल्लाएर सहमति जनाएथ्यो ।

उता स्वास्नीको रडाको अर्कै हुन्थ्यो-'भैँसीलाई घाँस काट्न, मलसोत्तर गर्न तेसै छ । कठ्कुरामा दाउरा छैन । पानी थोपो, भातभान्सा सबै काम भ्याउनु पर्ने । काखमा भुराभुरी छन् । एक्लै गर्नुपर्ने मैले ?' झर्किन्थी पोइसित ।

छविको मन मिल्ने साथी थियो प्रेम । ऊ छविको घरमा आइरन्थ्यो । ऊ आएर आफ्नो पोइसित केके कुरा गरेको र कहिलेकाहिँ आफ्नो पोइलाई पनि आफैसित लिएर गएको पटक्कै मन पर्दैन्थ्यो छविकी स्वास्नीलाई । 'किन आइरन्च कुन्नि !' च्याँट्ठिएको अनुहार लाउँदै मनमनै झर्किन्थी ऊ । जब प्रेम र छवि पटाङ्ग्रीमा बसेर कुरा गरिरहन्थे त्यसबेला छविकी स्वास्नी झर्किँदै आउँथी र पोइलाई हकार्दै भन्थी– ' भकारामा भैँसी कराइरा'छ, मल फाल्नु त्यसै छ, भरे खाना पकाउने दाउरा चिरेको छैन, खेतमा गएर एक डोको कुरो गोडेर ल्याए पनि हुन्थ्यो, कति पिँढीमा बसेर गफ चुटिरा' होला ।' यति भनेर फनक्क फर्किएर मुन्टो बटार्दै भुन्भुनाउँदै जान्थी 'केही काम पाउने रैन्च, अनि यहाँ आएर अर्कालाई बरालेर बस्च, बेकामे लफङ् गो' । उसलाई लोग्नेले कतै जागिर नखाएर ऊजस्तै बरालिएर पो हिँड्ने हो कि भन्ने चिन्ताले सताउँथ्यो । बेलुका लोग्नेलाई काँचै खाउँला झैँ गरेर हकार्थी ।

'हिँड छवि ! खेतमा जाउँ र उतै अँकरा गोर्दै कुरा गरौँला ।' हत्तपत्त आँगनमा घोप्टो पारेर राखेको डोको नाम्लो टिपेर खेततिर जान तम्सिन्थ्यो प्रेम । घरमा आएको पाहुना खेततिर घाँस काट्न हिँडेपछि छविलाई पनि हिँड्न कर पर्थ्यो । काम पनि हुने कुरा पनि हुने, ठिकै त हो । भरे स्वास्नीको कचकच पनि सुन्नु पर्दैन भनेर लाग्थे दुबैजना खेततिर । प्रेमको त्यहाँ आउने क्रम झन्झन् बाक्लिँदै गयो । पछि त उसले कहिले भैँसीको मल सोहर्ने, कहिले दाउरा चिरिदिने । कहिले बारीका घाँसका बुटा झारिदिने काम

नियमित गर्न थाल्यो । यसो गर्दा छविको स्वास्नीका मुखबाट गाली पनि सुन्नु नपर्ने, छविलाई कतै लिएर जान पनि सजिलो पर्ने । उसले त्यसै गर्न थाल्यो । यति गरेपछि छविकी स्वास्नी रिसाउन त छाडि, घरै छोडेर अन्त जाँदा भने रिसाइहाल्थी–'कुरा गरेपनि घरै बसेर गरे हुँदैन, घरै छोडेर हिँड्न पर्छ ?'

दिन महिना गर्दै वर्षौं बिते । प्रेम र छवि केही दिन गायब हुने र घरमा आउने क्रम बाक्लिँदै गयो ।

पहिला त उनीहरूले केके कुरा गर्छन्, कसैलाई था' हुन्नथ्यो । कुराकानी गर्दा कतिखेर गम्भीर हुन्थे, कतिखेर हाँस्थे । घरपरिवारले खासै भेउ पाउन्नथे । कसैले कुराको बारेमा सोधनी पनि राख्दैनथे ।

एकदिन अचानक खागी वस्त्रधारी दुईजना डण्डा समातेका तन्नेरीहरू छविको घरमा आए । उनीहरूले छविकी स्वास्नी र बाबुसँग निकैबेर कुरा गरे । यहाँ एकजना जनजाति मूलको गोरो वर्णको ठिटो आयो भने हामीलाई जानकारी दिनू भनेर हिँडे । संयोगबस त्यसदिन प्रेम र छवि दुवै घरमा थिएनन् । घर छोडेको दुई दिन भा'थ्यो । कहाँ गएका थिए, कसैलाई थाहा थिएन ।

तेस्रो दिन छवि बेलुकापख घर आयो । झोलामा धेरै किताब र केही पर्चा पनि ल्याएको थियो । बुबाले अघिल्लो दिन पुलिस घरमा आएको र उनीहरूले भनेको कुरा बेलिविस्तार लाए, छोरासित । कुरैकुरामा सशङ्कित पनि भए बुढा–'बाबु ! तिमेरू कतै राजाका विरूद्धमा लागेका त छैनौ ? त्यसै भन्थे पुलिसले । यहाँ आउने तेरो साथीलाई त निकै खोजेका छन् रे । अब तँ ऊसित उठबस नगर !'

छवि अलि चनाखो भयो । सतर्क भएर पाइला चाल्नुपर्ने योजना सोच्न थाल्यो । त्यसपछि प्रेम छविको घरमा अक्सर रातमा आउन थाल्यो । एक कान दुई कान मैदान हुँदै छवि र प्रेम कम्युनिस्ट पार्टीमा लागेर जिल्लातहका नेता भएको कुरा गाउँभरि फैलियो । गाउँबाट सहरतिर र सदरमुकामतिर पनि फैलियो, त्यो हल्ला । जिल्ला प्रशासन कार्यालयमा राजकाज अपराधमा लागेका मान्छेहरूको लिस्टमा छवि र प्रेमको नाम पनि दर्ज भयो । अब उनीहरू वारेण्टेड भए ।

सदरमुकामबाट पुलिस उनीहरूको घरमा पटकपटक जान थाल्यो । संयोगवस पुलिस जाँदा उनीहरू कहिल्यै पनि घरमा भेटिन्नथे । गाउँमा गुप्त सङ्गठन विस्तार भइसकेकाले पुलिस पसेको हल्ला उनीहरूको कानमा आइपुग्थ्यो र केही समयका लागि कतै गायब हुन्थे । यो कुरा जागिर खानुपर्छ भन्ने छविको बुबालाई पटक्कै मन परेको थिएन । स्वास्नीले त झनै फुटेको आँखाले पनि हेर्न सक्दिन भन्दै झगडा गरिरहन्थी । 'तपाइँ यसै गरेर बरालिने र पुलिसको निगरानीमा पर्ने हो भने म तपाइँका छौँडाछौँडीलाई यहीँ छोडिदिन्छु र माइतीमा गएर बस्चु' भन्दै घुर्क्याउँथी ।

आखिर उनीहरू भूमिगत भए । त्यतिबेला क्षेत्रीय तहका नेता थिए उनीहरू । आफ्नै जीवनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुपर्छ भन्ने उनीहरूको ध्येय र लक्ष्य थियो । क्रान्तिको सपनाले उनीहरूको मष्तिष्क निकै चङ्गा थियो । तातो र रातो रगत शरीरमा उम्लिरहेकाले पनि पार्टी र क्रान्तिको काम भनेपछि उनीहरूलाई घरको चिन्ताले डाँडो काटिसकेको हुन्थ्यो । घरमा आउने क्रम महिनाबाट वर्षको अन्तराल पर्दै जान थाल्यो ।

पार्टीमा छविको छवि निकै तेजिलो गतिमा फैलिरहेको थियो । पुरानातहका नेताहरूको भन्दा पृथक र भिन्न शैलीमा उसले आफ्ना भनाइहरू राख्ने गर्थ्यो । हरेक पटकका बैठकहरूमा उसले केही न केही नयाँ प्रस्ताव अघि सार्थ्यो । कतिपय अवस्थामा त उसले आफ्नो कुरामा सबै नेताहरूलाई कन्भिन्स पनि गर्थ्यो । सङ्गठनमा क्रियाशीलता निकै बढाएको थियो । युवा भएकाले उसमा जोस, जाँगर र उर्जा निकै उच्च थियो । पार्टीभित्र प्रखर वक्ताका रूपमा आफ्नो परिचय बनाएको थियो । पुराना तहका नेताहरू उसको चलाखीपन, तीक्ष्ण बुद्धि र समस्यालाई छिट्टै चिन्न र त्यसको समाधानको उपाय खोज्न सक्ने क्षमताबाट लोभिन्थे पनि । नेतृत्वमा हुनुपर्ने गुणहरूको विकास उसमा भइरहेको थियो ।

पार्टीको सम्मेलन चल्दै थियो । त्यहाँ पार्टीका प्रमुख नेताको चर्को आलोचना भइरहेको थियो । उनलाई एक दर्जन बढी सांस्कृतिक विचलनका आरोपहरू लागिरहेका थिए । सप्रमाण लगाइएका आरोपहरूको खण्डन गर्न ती नेतालाई फलामको च्युरा चपाउनु सरह भइरहेको थियो । नेताका बारेमा आरोप लागेपछि पार्टीमा दुइटा गुट बने । एउटा पक्षले नेतालाई तथानाम आरोप लगाउन पाइँदैन, उनलाई कार्वाही त झनै गर्नै हुँदैन भन्थ्यो । यिनलाई कार्वाही गर्ने हो भने पार्टी पनि चल्दैन र क्रान्ति पनि हुन्न भन्थे उनीहरू । अर्को पक्षले यस्तो नेताबाट क्रान्ति पनि हुन्न र पार्टी पनि चल्दैन भन्थे । तर्क ठिक विपरीत थिए । 'साँस्कृतिक विचलनमा लिप्त भएका र पार्टीलाई सामन्ती शैलीमा चलाउने मान्छे सर्वहारा पार्टीको नेता हुन सक्दैन । यिनलाई कार्वाही गर्नै पर्छ र पार्टीलाई नयाँ धारबाट अघि बढाउनु पर्छ ।' अर्काथरीले आफ्ना तर्क जोडदार रूपमा राख्थे ।

'यी नेताका फगत कमजोरी मात्रै हैनन्, यो उनको वैचारिक विचलनता हो ।' छविले सम्मेलनमा निकै जोडदार रूपमा आफ्ना तर्क पेस गरेको थियो ।

'यिनमा सामन्ती संस्कार छ ।' अर्कोले कुरा

थप्यो ।

'यी नेता फ्रायडवादी हुन् ।' हलबाट चर्को आवाज आयो ।

'क्रान्तिकारी लफ्फाजी देखाउने तर क्रान्तिको कार्यक्रम कहिल्यै नल्याउने यिनी जड्सूत्रीय संसोधनवादी हुन् ।' सारसङ्क्षेपमा पुराना नेता अजयले आफ्ना तर्क प्रस्तुत गरे ।

'यिनलाई अब कुनै पनि हालतमा नेता बनाउन हुँदैन ।' शेरजङ्गले दह्रो आवाज उठाए ।

'हो, ठिक हो' बहुमत स्वर एकसाथ गुञ्जियो ।

'अब यिनलाई कार्वाही मात्र हैन, पार्टीले क्रान्तिको नयाँ कार्यदिशा तय गर्नु पर्छ र देशमा जनवादी क्रान्ति सुरू गर्न पर्छ ।' नयाँ जोसका साथ पहिलो पटक सम्मेलनमा उपस्थित भएका छवि, प्रेम, कान्छा, प्रतिक, वर्षा, अनुकूललगायतका युवाहरूको चर्को स्वर आयो ।

यसरी कुनैबेला नायक भनी चिनिएका नेता सम्मेलनमा अल्पमतमा परेका थिए । त्यो गरमागरम बहसमा पहिलो पटक छवि र प्रेमले भाग लिएका थिए । अन्त्यमा, सम्मेलनले उनलाई कार्वाही गऱ्यो र अजयलाई प्रमुखमा चुन्यो । सबैमा निकै उत्साहको सञ्चार फैलियो । बल्ल देशको कम्युनिस्ट आन्दोलनले सच्चा, इमान्दार, क्रान्तिकारी र सिद्धान्तनिष्ट नेताको नेतृत्व पायो भनेर निकै हौसिए ।

त्यसको केही समय बित्न नपाउँदै कार्वाहीमा परेका नेताले सङ्गठनलाई टुक्राएर आफ्ना नातागोता भरेर अर्को छुट्टै दल बनाए । सम्मेलनमा उनलाई कार्वाही गर्नु हुन्न भन्नेहरू सबै उनको पछि लागे । कार्वाही गर्नु पर्छ भन्ने बहुमत पक्ष मूल सङ्गठनमै बसे ।

यता केन्द्रको नेता भएपछि छविले आफ्नो नाम बदलेर निर्माण राख्यो । त्यसयता उसलाई छवि होइन निर्माण भनेर बोलाइन्थ्यो ।

वर्षहरू वित्दै गए । पार्टीले आफ्नो नीतिअनुरूप पञ्चायतका विरूद्धमा सङ्घर्षका फाटफुट कार्यक्रमहरू गर्न थाल्यो । निर्माणले आफ्नो कार्यक्षेत्रको कामलाई घनीभूत बनायो । सङ्गठन निर्माण र विस्तारमा उसले निकै जोड लगाएको थियो । सैद्धान्तिक र वैचारिक अध्ययनलाई पनि उसले सँगसँगै लगेको थियो । छोटै समयमा आफूलाई परिपक्व साबित गर्दै गयो । युवा पुस्तामा त उसको हाइहाइ नै थियो । पुराना पुस्ताका नेताहरूलाई केही न केही नयाँ काम गरेर देखाउनु पर्छ भन्ने जोस र उमङ्ग थियो उसमा । क्रमशः उसलाई पार्टीले फौजी सङ्गठनको जिम्मा पनि दियो । उसमा नेतृत्व क्षमताको पनि विकास भइरहेको थियो । नेतृत्व क्षमताको विकास भएपछि नेताहरूमा अलिकति महत्वाकाङ्क्षा बढ्नु कम्युनिस्ट आन्दोलनको रोग जस्तै बनेको थियो, जसले निर्माणलाई पनि प्रभावित नगर्ने कुरा भएन ।

'अब बुढाहरूले क्रान्तिको नेतृत्व गर्न सक्दैनन् । बिनासित्तै पद ओगटेर बसेका छन् ।' निर्माणले आफ्ना सहयोद्धाहरूको विचार बुझ्न खोज्थ्यो । 'मलाई पार्टी नेतृत्वको जिम्मेवारी दिन पऱ्यो, म क्रान्ति गरेर देखाउँछु ।' उसले पुराना पुस्ताका केही नेताहरूसँग भन्ने गर्थ्यो ।

'के साँच्चै तपाइँले नेतृत्व गर्नुन्छ त ? कि ख्यालठट्टा हो ?' एकदिन शेरजङ्गले उसलाई सोधे ।

'हो, किन नसक्ने, बनाएर त हेर्नुस् ।' जवाफ फर्काएको थियो उसले । त्यसपछिका दिनहरूमा निर्माण कहिले शेरजङ्ग र कहिले काजीको सम्पर्कमा निकै धाउन थालेको थियो । शेरजङ्ग र काजी पार्टीका शीर्षतहका नेता थिए । शेरजङ्ग त एकपटक पार्टीका प्रमुख नेता बनिसकेका थिए । त्यसैले पनि निर्माण उनीसँग आफूलाई नेतृत्व दिलाउनका लागि निकै आग्रह गर्थ्यो । उसको यो आग्रहलाई सिनियर तहका नेताहरूले उत्ताउलोपन भनेर आपसमा टिप्पणी गर्थे ।

यता निर्माणले मुखै खोलेर पार्टी नेतृत्वको विरोध गर्न थालेको थियो । आफ्ना दौंतरीदेखि तलसम्म यी बुढाहरूले देशमा क्रान्ति गर्ने हैनन् अब हामीले सङ्गठनको नेतृत्व गर्न पाउन पर्च र मलाई त्यो जिम्मा दिन पर्च भन्दै क्याम्पिङ गर्न थालेको थियो ।

एकदिनको कुरा हो, समितिको बैठक बसिरहेको थियो । जुन बैठकमा निर्माणले आफूलाई नसोधी गरिएका फौजी कार्वाहीको कुराका बारेमा चर्को विरोध गऱ्यो । केही वर्ष पहिले गरेको कारवाहीलाई निहुँ बनाएर नेतृत्वले राजिनामा दिनुपर्छ र आफूलाई नेता बनाउनु पर्छ भनेर माग गऱ्यो । पार्टीमा निकै गरमागरम बहस भयो । यो कुरा पुरानो पुस्ताको ग्रिपलाई त्यति सहज लागिरहेको थिएन । 'किन यसरी निर्माणले अनावश्यक कुरालाई बहसमा तानिरहेका छन् ?' एकापसमा निर्माणको टिप्पणी गर्थे । नेता हुने कुरा के ख्यालठट्टाको विषय हो र ? भन्दै थिए उनीहरू । यता भर्भराउँदो उमेरको निर्माणलाई भने एउटा जुग काटेका यी बुढाहरूले क्रान्ति गर्ने होइनन् बिनासित्तै पद ओगटेर बसेका छन् भन्ने परिरहेको थियो । उसको दिमागमा नेतृत्वको भुत सवार भइसकेको थियो ।

'मैले त सम्मेलनमै अरूलाई नेता बनाउँ भनेकै हो । म पार्टीमा राजनीतिक वैचारिक काम गर्छु, नेता अर्कोलाई बनाउँ भनेर त्यतिबेला हामीले कमरेड विजयलाई सबैको सर्वसम्मतले अघि सारेकै हो । अल्पमतवालाहरूले नमानेपछि म अघि सरेको हुँ । अब अरू कुनै नयाँ कमरेड तयार हुनुहुन्छ भने म सहर्ष पद त्याग गर्न तयार छु । केको वेप्रसङ्गको कुरालाई

उछालेर राजिनामाको कुरा गर्नु पऱ्यो । मलाई पदको भोक होइन क्रान्तिको भोक छ ।' अजयले आफ्नो कुरालाई जोड दिँदै भने-'क्रान्ति गर्न हामीले होइन रोकेको । रोकेको त तिनै विचलनवादी नेताले हो । तिनीसँग धेरैपटक वैचारिक लडाइँ लडेको हुनाले नै अहिले आएर हामीले क्रान्तिकारी पार्टी बनाउन सफल भएका छौँ । आफूले पनि नगर्ने अरूलाई पनि गर्न नदिने गरी पार्टी अँठ्याएर बसेका त तिनै मुखिया हुन् । अब त हामी क्रान्तिको बाटो हिँड्न फुक्का भएका छौँ । लौ आउनुस् कमरेडहरू ! क्रान्तिको बाटो खन्न सुरू गरौँ ।' यति भनेर आफूले नेतृत्व छोडेको घोषणा गरे उनले ।

बैठक हलमा केहीबेर सन्नाटा छायो । अजयले पदबाट हट्ने निर्णय गरेकोमा पुराना र पाका नेताहरूले आपत्ती जनाए । अहिले यसो गर्नु भूल हुन्छ भने । पार्टीको प्रमुख नेता बन्ने कुरा ख्यालठट्टाको विषय होइन, यति हल्का पाराले पद छोड्नु जरूरी छैन भन्ने तर्क जोडदार रूपमा उठ्यो । प्रमुख नेताले आफूले पद छोड्ने घोषणा गरिसकेकोले अब नेता फेरौँ भन्दै बैठकमा प्रस्ताव ल्याए । निकै गम्भीर मन्थनपछि पार्टीको नयाँ नेता चुनियो । निर्माण पार्टीको नयाँ नेता बन्यो । परन्तु पार्टीमा विचारको नेतृत्व पुरानै नेताले गरिराख्ने सहमति पनि भयो ।

यसरी निर्माणमा केही वर्षदेखि असामान्य तरिकाले मौलाएको महत्वाकाङ्क्षाले मूर्त रूप पायो । ऊ गदगद भयो । भर्भराउँदो युवा उमेरमा पार्टीको मुख्य नेता भएकोमा प्रफुल्ल छ ऊ । क्रान्तिको सपना देख्न थाल्यो उसले । बैठक सकियो । सबै आ-आफ्नो कर्मक्षेत्रमा हिँडे ।

हिँड्नेबेला शेरजङ्गले अजयसित भने-'खै निर्माणलाई नेता त बनायौँ, यसले क्रान्ति गर्ने हो कि पार्टीलाई कतै भीरबाट फालेर हिँड्ने हो, म त यसै भन्न सक्तिन । दुई तीन वर्षदेखि मलाई रातदिन आफूलाई नेता बनाऊ भन्दै हैरान पारेको थ्यो । बाहुन ठिटो हदैसम्मको चलाख ठहरिन्छ । क्रान्ति त गर्ला । आफ्नो स्वार्थ पूरा भए यो बीचैमा धोका दिएर अर्कै बाटोमा हिँड्न पनि सक्छ । यस्ता चरम महत्वाकाङ्क्षीहरूको भर हुँदैन । तपाइँले उसलाई नजिकैबाट वैचारिक र सैद्धान्तिक कमान गरिराख्नु पर्छ है कमरेड । यस्ताले त आफूलाई सोरेक पर्ने कुरालाई यही हो मार्क्सवाद भन्न पनि बेर लाउँदैनन् है ।'

'तपाइँको कुरा त मनासिबै हो, तैपनि जोसिलो ठिटो छ, हामी सबैले सहयोग गरे ठिकै होला ।' सन्तुष्टिसूचक जवाफ दिए अजयले ।

'तपाइँ तेसो भन्नुहुन्छ । मलाई त त्यसको हुटहुटी देख्दा शङ्कै लाग्छ ।' शेरजङ्ग अझै विश्वस्त हुन सकिरहेका थिएनन् ।

'हरेकलाई एकको दुईमा विभाजन गर्दा शङ्का र विश्वासको द्वन्द्ववादले त हेर्नु पर्छ कमरेड । तर पनि शङ्का भन्दा विश्वास प्रधान हो भन्ने तपाइँलाई पनि त थाहा छ ।' अजयले आश्वस्त पार्दै निर्माणको बचाउ गरे ।

केही वर्षको अन्तरालपछि देशमा साँच्चिकै क्रान्तिको विगुल फुकियो । युद्धको नगरा बज्यो । आकाश थर्कियो । धर्ती हल्लियो । सुतेकाहरू जागे । जागेकाहरू उठे । र, उठेकाहरू हातहातमा घरेलु औजार लिएर युद्धमैदानमा हिँडे । एकपटक फेरि इतिहासमा घटित नालापानीको दुन्दुभी मच्चियो । देशभर नयाँ जनवादी क्रान्तिका लागि सशस्त्र सङ्घर्षको थालनी गरिएका पर्चाहरू छरिए । केही ठाउँहरूमा फौजी सङ्घर्षहरू गरिए । पुलिस चौकीहरू कब्जा भए । गाउँका सामन्त, सुदखोर, भ्रस्टाचारी र व्यभिचारीहरू कार्वाहीमा परे । जनताका वर्गवैरीहरूले गाउँ छाडे । पुरानो सत्तामा धावा बोलियो । देशभर प्रतिक्रियावादी सत्ताले धरपकड मच्चायो । हत्या, आगजनी गरेर गाउँलाई खरानी पारेर क्रान्तिकारीहरूलाई समाप्त पार्ने योजनामा सरकार लागिपऱ्यो । त्यसले त झन् सलाइको काँटीले सिङ्गो जङ्गल डढेलो लगाए झैँ क्रान्तिको मशाल देशैभरि फैलियो । मान्छेहरू मर्ने र मार्ने काम तीव्रतामा भयो । राज्य आतङ्कले आकाश छुन थाल्यो । जताततै हलचल मच्चियो । गाउँहरू क्रान्तिको लम्बे यात्रामा सामेल भए । जताततै क्रान्तिको लहर छायो ।

क्रान्तिले जवानीको रङ चढाउँदै गएपछि निर्माणको सानसौकत अर्कै हुन थाल्यो । उसले आफूलाई दिव्य शक्तिमान ठान्न थाल्यो । उसका अघिपछि फौजको लावालस्कर लाग्ने भयो । अत्याधुनिक हतियारले सुसज्जित फौजले उसको गाथगादीको सुरक्षा गर्न थाले । आफू अब एउटा खोपीको मात्र नभएर यो भुवनकै नायक घोषणा गर्न पार्टीमा प्रस्ताव राख्यो । उसको प्रस्तावमा निकै छलफल र विचार मन्थन भए । मजस्तो नायक अब भुवनमै जन्मन कठिन छ भन्ने तर्क जोडदार रूपमा अघि साऱ्यो, उसले । पार्टीको सम्पूर्ण अधिपतिको मालिक आफै हुन थाल्यो । उसका हरेक वाक्यहरू ब्रह्मवाक्य हुन थाले । आफ्ना महावाणीहरूले देशभर भित्ता रङ्गाउन निर्देशन दियो । उसका फोटाहरू जताततै छ्याप्छ्याप्ती पारिए । पार्टीका हरेक कार्यक्रमहरूमा उसका महावाणी र फोटाहरू नटाँसेमा ती कार्यक्रमहरू अवैध जस्ता हुने भए । पार्टीमा ऊ सर्वशक्तिमान् भयो ।

दिनहरू बिते । महिनाहरू गुज्रिए । क्रान्तिले वर्षको गणना पार गर्दै गयो । गाउँहरू मुक्त भए ।

त्यहाँ जनताले आफ्नै सत्ताका अभ्यास गर्न थाले । क्रान्तिले राष्ट्रिय सीमा नाघ्यो र अन्तर्राष्ट्रिय चर्चा पाउन थाल्यो ।

राष्ट्रिय स्वाधीनताको लडाइँ मुख्य हुन थाल्यो । संसारका मिडियाहरूले क्रान्तिले पारेको प्रभावको चर्चा गर्न थाले । विश्वका गरिखाने वर्गका जनताले खुसियाली मनाउन थाले । क्रान्तिले दिव्य बाह्रवर्ष पार गऱ्यो । निर्माणको प्रभाव झन्झन् बढ्दै गयो ।

क्रान्तिले जवानीको रङ्ग चढाइरहेको बेला पार्टीका वैचारिक राजनीतिक नेता अजय विदेशमा गिरफ्तार भए । अर्का पुराना नेता विजय र क्रान्तिको हुर्हुराउँदो आगोको ज्वालाबाट जन्मिएका एकलङ्का युवा नेताहरू दर्जनौँको सङ्ख्यामा चपाचप छोपिए विदेशमा । गोठ जलाएर घर जलाउने नीति लियो छिमेकीले । पार्टीभित्रका एकलङ्का जोदाहा नेताहरू येनान, विरही, अभ्यास, आले, यादव, महेश, तारालगायतका नेताहरू भकाभक छिमेकीले पकडेर जेल हाल्न थालेपछि निर्माण निकै आत्तियो । छिमेकीकै ठूलाठूला सहरहरूमा आरामी जीवन बिताएर क्रान्तिको नेतृत्व गरिरहेको निर्माणको निद्रा भङ्ग भयो । ऊ प्रवासमा रहेको आफ्नो दलबल सहित स्वदेश फर्कियो ।

स्वदेश छिरेपछि क्रान्तिका प्रमुख किल्लामा आफ्नो हेडक्वार्टर खडा गरेर बस्यो । त्यहिबेला दुश्मनले उसको बासस्थान वरिपरि बमवर्षा गर्न थालेपछि उसमा मृत्युको भय सवार भयो । देशमा क्रान्ति सम्पन्न गरेर विश्वनेता बन्ने महत्वाकाङ्क्षा कतै धरापमा पो पर्ने हो कि ? भयभीत हुन थाल्यो ऊ । अब क्रान्तिको बाटो बदल्नुपर्छ भन्ने प्रस्ताव पार्टीमा ल्यायो । 'कमरेडहरू ? हाम्रो कार्यनीति दुश्मनले थाहा पायो । यही तरिकाले क्रान्ति गर्नु भनेको जानीजानी पहरामा टाउको ठोकेर मर्नु जस्तै हो । त्यसैले अब हामीले क्रान्तिको बाटो बदल्नु पर्च । त्यसका लागि हामी हिजोका बैरीहरूसँग मिलेर जानुपर्च ।' निर्माणलाई देउतै ठानेका तल्लो तहका नेताहरूलाई उसको प्रस्ताव ठिकै लाग्यो ।

पार्टीले क्रान्तिको बाटो छोडेर चुनावी बाटो रोज्यो । चुनावमा निर्माणको दलले ठूलो दलको मान्यता पायो । संसदमा संविधान लेख्ने विषयमा निकै चर्काचर्की बहस भए । सबैले आफ्ना आफ्नै दलका अडान राखिरहे । निर्माणले आफ्नो दलको नीति छोडेर विरोधीहरूसँग सम्झौता गर्दै गयो । पार्टीमा क्रान्तिको दिशाका बारेमा निकै गरम बहसहरू हुन थाले । सुरुसुरुमा निर्माणलाई अति विश्वास गरेका क्रान्तिकारी नेताहरूले निर्माणले क्रान्तिलाई धोका दिन थालेको चाल पाए । विवाद बढ्दै जान थाल्यो । जनवादी क्रान्ति गर्ने बाटोका विषयमा मतभेदहरू बढ्दै गए । निर्माणले सङ्गठनभित्रकै बुद्धिजीवी नेताले लिएको लाइनको समर्थन गऱ्यो । ती बुद्धिजीवी नेता छिमेकीको इसारा बमोजिम चल्थे । वर्गसङ्घर्षको बाटो त्याग गरेर वर्गवैरीहरूसँग हातेमालो गरेर जाने नीति अङ्गाल्यो उसले । त्यो कुरा सङ्गठनका अरू नेता कार्यकर्ताहरूलाई मन परेन । उनीहरूले सर्वहारावर्गको पार्टीले वर्गसङ्घर्षको बाटो परित्याग गर्न सक्तैन भन्ने कुरालाई निकै जोडका साथ उठाइरहे । सङ्गठनको प्रमुख भएको निर्माणले उनीहरूको यो कुरालाई स्वीकार गरेन ।

शक्तिमा पुगेपछि पाएको सम्मान र आलिसान बङ्गलाको जीवनले उसको सोचमा परिवर्तन ल्यायो । बेरोकटोक हप्तौँ र महिनौँपिच्छे विदेश घुम्ने अवसर, राजसी सुरक्षाको भव्य र अकल्पनीय सानसौकतको जीवन बिताउन थाल्यो उसले । कठिन र जोखिमपूर्ण बाटोमा हिँड्ने साहस वैलायो । परिवार, नाता कुटुम्ब, इष्टमित्र, भाइबन्धु उसका सल्लाहकार र सहयोगी भए । क्रान्तिकालमा उसलाई साहस र शौर्य थपिदिने सहिद परिवार, निश्चल र कञ्चन मन भएका जनता, इमान्दार र जोदाहा कार्यकर्ताहरू उसका लागि घाँडो बन्दै गए । ठूल्ठूला भूमाफियाहरू, तस्कर र दलालहरू उसका प्रिय मित्र बने । ठेकेदार र कमिसनखोरहरू, भ्रष्ट कर्मचारी र लुटेराहरूको लस्कर उसको हेडक्वार्टरमा बाक्लिँदै गयो । विदेशी खुफिया र माफियाखोरहरू उसका सूत्रधार बन्दै गए । उनीहरूले निर्माणलाई भेट्न जाँदा अकल्पनीय नजरानासमेत लिएर जान थाले । दिन दुगुना, रात चौगुनाले उसको वर्गउत्थान भयो । क्रान्तिकालका खलनायकहरू उसका आदर्श पात्रमा बदलिए ।

करिस्मामय तरिकाले शक्तिमा पुगेको निर्माण अकूत सम्पत्ति र राजसी वैभवको पहाडमा पुरियो । हेर्दाहेर्दै सिनेमाको पर्दामा उदाएको नायक जस्तै ऊ खलनायकमा परिणत भयो । एउटा अध्याय समाप्त भयो ।"

दृष्यहरूको वर्णन गरिरहेको मान्छेले आफ्नो वृत्तान्त समाप्त गऱ्यो ।

पर्दामा अझै पनि दृश्यहरू देखिएकै थिए । एउटा ठूलै भीडबाट अर्को मान्छेले उठेर भाषण गऱ्यो । उसले भन्यो– 'साथीहरू ! हाम्रो यात्रा जारी छ । केही कायर, गद्दार र धोकेवाजहरूको भ्रममा नपरौँ । आउनुहोस् नयाँ मोर्चा कसौँ र अघि बढौँ ।' भाषण गरिरहेको मान्छेलाई धेरै मान्छेले जुरुक्क उचाले । लामो लस्करसहित अर्को नयाँ यात्राको बिगुल फुके । अब हामीले सच्चा नायक पाएका छौँ । जुलुस गगनभेदी नारा उराल्दै अघि बढ्यो । बढि रह्यो । भीड निकै ठूलो थियो । जुलुस छितिजसम्म पुग्यो ।

*२३ भदौ ०६९ तुलसीपुर, दाङ ।*

# युद्ध डायरी



**परशुराम कोइराला**

.... उत्पीडितहरूकै ताँती ! ओत खोज्नेहरूका ताँती ! सय कडा छत्तीस असुल्ने विरूद्धका ताँती ! समग्र उत्पीडिन विरूद्धका ती लस्करका लस्कर मान्छेहरू देख्दा अनेक तर्कहरू चलिरहेथे । पुरानै अवस्थाका स्मृतिमा थिए धेरै ।

चरम कष्टपूर्ण गरिबी ! बेरोजगारी र उत्पीडिनबाट मुक्ति खोजेका न हुन् मान्छेले ! अरूको मूल्यहीन अवस्था ! राजाका नुनपानी खानेहरू स्वर्ग नर्क, भाग्य, पुनर्जन्म अन्धविश्वासमा अल्मलाउन खोज्थे अरू । समाज अलमलिएकै थियो निरन्तर । 'त्यसका विरूद्धको लडाइँ नै त थियो त्यो । वर्गयुद्ध चल्छ निरन्तर । नयाँ कै लागि लडिरहेथ्यो र लडिरहन्छन् मान्छे निरन्तर ।' हेमन्तका कुराले महत्त्व पाउँदै थियो अरू । गाउँकै ठाउँ भए पनि चेतनाको अङ्कुरण हुँदै थियो विस्तारै ।वैज्ञानिक समाजवादका लक्ष्यमा हिँडेका ती लस्करका लस्करहरूलाई मरूँला भन्ने त डरै थिएन । नयाँ सत्ताकै लागि लडेका रे ती । आफ्नो जीवनभन्दा क्रान्तिलाई प्रेम ! कति त्याग र समर्पणको भाव छ मान्छेमा ! हेमन्त थप्दै थिए ।

रहरलाग्दा सपनामा को पौडन्न र भाइ ! महिलाहरू समेत पुरूष सरह देखिन्थे लस्करका लस्कर ! झोला र बन्दुक त बोकेकै हुन्थे सबैले ।

नयाँ बहस सुरू भएको थियो समय ।

रोल्पाको होलेरी, रूकुमको आठबीसकोट, सिन्धुलीगढी पुलिस चौकी आक्रमण गर्दाकै दिन च्याङ् लिङको कृषि विकास बैंक कब्जाको बाउन्न फागुन एक पछिका घटना सम्झन्थे धेरैले । चौध वर्षकै उमेर चौध फागुनकै दिन दिलबहादुर रम्तेलको सहादत सुन्थे धेरैले । रूकुमको पिपलमा छ जना खत्रीहरूका सामूहिक हत्याको पन्ध्र फागुन र त्यसपछिका छापामार युद्ध नि सुन्थे धेरैले । विहानको चिसो सिरेठोले मुटु हल्लाउँदै थियो । मन अशान्त थियो धेरैको । रातभरका चिसो, ओतसम्म नपाए पनि लस्करका लस्कर मान्छे । घना जङ्गलका उकालो यात्रा ! बाटामा खान पाए कि पाएनन् ? पत्तो भएन । 'तीन महिना भैसक्यो छोराले घर छोडेको ।' आमाको मन आत्तिदै थियो । काहिली आमा परको लस्कर देखेर टोलाउँदै थिइन् अझै ।

छोरी मारिएको पीडा ! स्वास्नी मारिएकी पीडा ! छोरो नदौडेका भए मारिन्थ्यो ऊ पनि ! ज्यानसम्म बचाएको सम्झेर भावविह्वल देखिन्थे पुण्य बा । 'पूर्व वडाअध्यक्षकै रिपोर्टले छोराछोरी मारिए । छोड्दिन । ज्यानजाला छोदिनँ .. ।' पूर्व वडाअध्यक्ष प्रतिको आक्रोशका भावमा मुकुन्द दाई ! आक्रोश र बदलाका भावहरू पनि देखिँदै थिए अरू ।

पीडकका विरूद्ध त उठ्छ नै मान्छे । पूर्व वडा अध्यक्ष मारिएको सुनियो फेरि । बाँकीले गाउँ छोडेर भागे सुनिन्थे । पचास नखाइ सिफारिस नदिने गाउँकै सचिवका हातखुट्टा भाँचियो सुनियो । शोषक फटाहाहरूको भागाभाग भयो रे ! कति त सदरमुकाम भागे सुनियो । छोरीको बलात्कारी प्रधानको छोरोका हातखुट्टा भाँचे सुनियो । दुःखले पालेका हलगोरू, भैंसी र खसी बोका सित्तैमा खाने कुम्ले मुखिया परिवार पनि गाउँबाटै विस्थापित भयो सुनियो । शीतल भाइ भौतिक कार्यवाही गर्नु छ भन्दै थिए । त्यो ठग जिम्मुवालका दाँत फुस्काएँ भन्थे । मदन । छोरी चेलीका इज्जत नगर्ने यौन पिपासु त्यो गिरेका लिङगै छिनेर भागेकी हुँ भन्दै थिइन् तुलसा ।

'आफ्ना पौरख पसिना लुटिएको कसले नै सहन्छ र ? बेसी खेतको धान लुट्ने प्रधानका मान्छेलाई पनि छोड्दिन दाइ ! प्रधानका छोरालाई खुकुरी हानेर भागेकी हुँ दाइ !'

प्रतिमाका पीडामा सनम थपिए– 'रामवीरेले पनि हल्दार भुजेलको सेखी झारेछ' ।

'रक्सीका नसामा अर्काकी स्वास्नीमाथि हातपात गरेपछि छोड्छन् त ? आफ्नै परिवारको कन्तविजोग सहेर त को नै बस्ला र ... । मौका पारेर ठोक्छन् अरू पनि ... ।' अरूमा पनि बदला भाव तरङ्गिँदै थिए ।

के महिला ! के पुरूष ! युवाहरूमा बिद्रोहको ज्वार सङ्गठित हुँदै थियो अरू । त्यतिबेलै रूकुम सेराका एम्बुसमा दुई पुलिसको मृत्यु र दुई राइफल विद्रोहीले कब्जा गरेको सुनिन्थ्यो । त्रिपन्न वैशाख तिरको समय । रामेछापको बेथान चौकी कब्जाका आक्रमणमा तीन छापामारका सहादत भयो सुनाउँथे हेमन्त । तनहुँ कालिकाटारका गस्ती प्रहरीको हतियार कब्जा र ठाउँठाउँमा झडप ! विद्रोहका आगो निम्ला थिएन । अति भएरै त होला नि विद्रोह दन्कने पनि

.. । हेमन्त समर्थन गर्दै थिए अरू ।

'छोरो विरामी पर्दा लिएको तीनै सयलाई पाँचै वर्षमा दोब्र्याइ तेब्र्याइसयकडा साठीभन्दा बढी असुल्नेलाई कहाँ छोड्छु र दाइ ! ओत लाग्ने झुप्रो सहितको सानो पाखो बारी ! दुःखले जोरेका थियौँ त्यो ! सुरेशका पीडासँग परिचित हेमुले थप्यो अरू ' त्यही विष्णु बाजेका कुरा ? शास्त्रका ज्ञाता सम्झन्छन् आफूलाई । स्वर्ग, नर्क, भाग्य दुर्भाग्यका कथा सुनाएर गाउँमा कसलाई लुटेनन् र तिनले ?' बृन्दा थपिइन्- ' प्रेम सुनारको छोरी बिगार्ने पनि त्यही हो दाइ ! उल्टै प्रेम सुनारसँग पैसा खाएर छोरीलाई कता पठायो पत्तो भएन । अछुत भए पनि राम्रा आइमाईमाथि आँखा गाढ्छ त्यो ।' 'मजुरीका भरमा निर्वाह चलाउने बाहुन कान्छाका परिवारमा मृत्युपर्दा किरिया खर्चका नाउँमा त्यही एउटा खोलाखेत सित्तैमा खाने त्यही बाहुन गाउँभरिको पवित्र हुँ भन्छ आफूलाई ... ।' हर्कवीर थर्पिंदै थिए । 'धारा पधँरामा समेत छुवाछुत मच्चाउँछ ।' साहिँली दमिनी लगायत विष्णु बाजेलाई चिन्नेले थप्दै थिए । प्रेम सुनारको छोरो आयो टुप्लुक्क । 'अरूले सहे पनि मैले सहन्न । हेर्नुहोला के गर्छु मैले ?' उसले नि क्रोध त देखाएकै थियो ।

पीडकहरूलाई पीडितहरू छोड्दैनन् हुँदै थियो । पुलिसहरूले गाउँ घेरेको सूचना लिएर आयो वैकुण्ठ । उमेरले सानै भए पनि चलाख थियो ऊ । स्कुल अघिको चौतारोमा दिउँसो विद्रैँहीहरूले भेला डाकेको दिन थियो त्यो । चुलो चौका मेलापात डिंगाडङ्गरको मेसो मिलाएर जुट्ने तयारी चल्दै गरेको समय । किंकर्तव्यविमूढको स्थिति भयो एकाएक ।

'उत्पीडनमा छटपटिएर ज्युँदै ज्युँदै मरिरहनु भन्दा लडेरै मर्नु जाति ... । सके त हतियार खोस्नुपर्छ... ।' रविन गाउँकै पढेलेखेको युवा । उत्पीडनका विरूद्ध लड्न उकास्थ्यो र समर्थनमा लाग्ने युवाहरू थिए उत्तिकै । योजनामा लाग्दा विचार पुऱ्याउँथे ।

प्रहरीलाई घेरा हालेर तिनका हतियारहरू लुटेका दिउँसोका खबरले यत्रतत्र ढाक्न समय लागेन । उता धादिङ खहरेमा एम्बुस थापेर दुई राइफल सहित नेबै.लि. को बीस लाख कब्जामा लिए सुनियो । कोर्चावाङ एम्बुसमा दुई पुलिस मारेर हतियार कब्जा भयो सुनिन्थ्यो । गोरखा सौरपानी एम्बुसमा तीन पुलिसको मृत्यु र हतियार कब्जा सूचना आदिले विद्रोहीहरूका मनोबल उच्च हुँदै थियो । राष्ट्रिय अन्तर ाष्ट्रिय परिस्थिति प्रतिकूल देख्ने एकाध । जित्न सजिलो छैन भन्ने पनि हुन्थे एकाध । परिवर्तन विरोधीहरूका पर्दाफास गर्दै थिए हेमन्त । उत्पीडितहरूका ती हजारौँको लस्करहरूका दृष्टान्त दिन्थे प्रयोग दाइ । फिलिपिन्स, पेरू, इन्डोनेसियाका भन्दा फरक मौलिक विशेषताका क्रान्ति भन्थे राजन काका ।

बहसहरू चल्थे । यल्तसिन, चाइचेस्कु प्रवृत्तिबारे हेमन्तका तर्क प्रायका निम्ति नौलो हुन्थ्यो त्यो । युद्धकला, निर्मित सङ्गठन, साहित्य, संस्कृति, अन्तर्राष्ट्रिय आन्दोलन, चिनिया क्रान्ति, रूसी क्रान्ति, पूर्वी युरोप र छिमेकी देशका तेलुङ्गा विद्रोहादि सन्दर्भ उठ्थे र पनि बुझ्ने समाज बनिसकेको थिएन ।

पुष्पलाले सुरू गरेको क्रान्ति अनुभव ! किसान सङ्घर्ष ! भकारी फोर आन्दोलन ! झापा विद्रोहदेखि सामाजिक आन्दोलन र सङ्घर्षका स्मृतिमा डुब्दै थिए केही । सबैलाई मार, जलाउ र लुटको नीति बोकेर काँग्रेस सरकार किलो सेरा टु अप्रेसनमा आएपछिका दिन गाउँघरमा पनि सहज थिएनन् । पाँच सय बढी सर्वसाधारणक हत्या ! आधार इलाका निर्माण अभियानमा लागेको छापामारबाट सल्यानको झिम्के टावर सुरक्षार्थ प्रहरी चौकीदेखि काभ्रेको फलाँटे, पर्साको निर्मलवस्ती, धनुषाको ललिया चौकी र हतियार कब्जा सूचनाले गाउँगाउँ उत्साहित थियो अरू । बेथान कार्यवाही र ललितपुरको भट्टे डाँडा चौकी कब्जा र हतियार लुटेका सूचना छाप्ने जनादेश कार्यालयमा ताला लाग्यो र सरकारले प्रेस सामग्री लुट्यो सुनिन्थ्यो । शक्ति लम्साल लगायत पत्रकारहरूका गिरफ्तारी सुनिन्थ्यो । अरू त के पत्रकारिता जगत् समेत सुरक्षित नभएको राजाकालीन समय थियो त्यो ।

'नलडी अधिकार र मुक्ति त कहाँ भेटिन्छ र भाइ ! पुष्प दाइ तर्कहरू गर्थे । गरिबले न्याय पाउने व्यवस्था खोज्थे । 'झुप्रा र मैलाधैला वस्तीमा आतङ्क देख्ने सत्ताले युवाहरू विहीन बनाउने भयो गाउँ ... ।' रूपाका चिन्ता मडारिँदै थियो ।

'यी सबै आक्रोश बदलाभावकै अभिव्यक्ति पनि लागिरहेछ । बन्दुकेहरूका सुरक्षाले मात्र टिक्लान् र ? गाई भैँसी डोऱ्याउने र मेलापात गर्नेलाई पनि आतङ्ककारी देख्नेले मर्नुपर्छ बिर्सेको छ ।' हेमन्त थप्दै थिए । लीलबहादुरका हस्याङफस्याङ सहितका उपस्थितिले कौतुहलता थपियो फेरि ।

'के भयो लीलबहादुर ? किन आत्तिएको ?' सोधियो ।

'त्यो साला शोषकका हातखुट्टा भाँचि दिएँ दाइ ! सुराकी नै रहेछ त्यो । सन्तमानको परिवारलाई विल्लीपाठ गर्नुमा त्यसैको हात रहेको त उहिल्यै खुलेका कुरा । उजेली, तारा, विजयको हत्यामा पनि उसैका हात ! बास दिएका आरोपमा उजुरी गर्नेलाई चिनेपछि किन छोड्ने दाइ ! लीलबहादुरले बेलिविस्तार लगाउँदै थिए अरू ।

'निर्णय लिंदा विचार पुऱ्याउनु पर्छ है लीलबहादुर । पछि पछुतो हुने गरी कुनै काम नगरौँ,

त्यत्ति हो ।'

हेमन्तका कुरामा सबैको सहमति आयो । विद्रोहका ज्वालाचाहिँ दन्केकै थियो निरन्तर । समाजका पक्षमा केही गर्छु भन्नेलाई किन रूचाउन्नन् हँ पुरानो सत्ताका मानिसहरूले ?' जानकी प्रश्न गर्दै थिइन् । ' गाउँघर पनि युवाविहीन पार्ने नै भयो सरकारले' । माहिँला काका छेउमै टोलाइरहेका थिए । 'बहुसङ्ख्यकलाई उपेक्षा गरेर टिक्छन् र ?' माहिँला काका भावविह्वल थिए अरू । उनका पनि कैयौँ आफन्तहरूको कन्तविजोग भैसकेको थियो ।

❑

उत्पीडितहरूका पीडा, सुस्केरा गानबजान गर्दै गाउँबस्ती ब्युँझाउँदै हिँड्ने कलाकारहरूलाई समेत आगो लगाएर सानातजनालाई ठहरै पारेछ ।' हेमन्त पचपन्न चैत पाँचको घटना कोट्याउँदै थिए । पर्खालहरू प्रशस्त नाघ्नु छ दाइ । बुझ्दैछन् मान्छेहरूले । एकाएक भावविव्हल हुँदै थिए अरू ।

पाखाको एक्लो घर । तीन दिनदेखि शोभाले खाना खाएकी थिइनन् । औषधी लिन लोग्ने जवानसिंह बजारतिर जाँदै थिए । बाटामा सेना देखेपछि गाउँघरका मान्छे त्यसै तर्सन्थे । 'अर्को बाटो लाग्दा ड्याङ्गै पारेछ ।' लोग्ने मारिएको घटना सम्झेर राधाका छाती पोलिहेको थियो ।

'लोग्ने मरेपछि सेनाहरूको टोली घर आयो दाइ । खानतलासीका नाममा गर्नु गर्‍यो नि !' राधाका पीडाहरू ओकलिँदै थियो । विदाका दिन बाख्रा चराउन गएका न थियौँ । बिमलालाई घिसार्दै परतिर र मलाई घिसार्दे खोल्सातिर लग्ने सिभिल ड्रेसका मान्छेहरूका व्यवहार सम्झँदा कहाली लाग्छ नि । तिनका अत्याचार विरूद्ध प्राण दिन्छु भैरहेको छ ।' उजेलीमा पनि विद्रोही भाव मडारिँदै थियो ।

अनेक उमेर समूहका मान्छे लस्करका लस्कर ! पारिपाखाका हुल देखेर कति त त्यत्तिकै आत्तिएका थिए । धेरैका मुटुमा ढ्याङ्ग्रो ठोकियो । ठाउँठाउँमा भीडन्त र हताहतका खबर भन्दै थियो रेडियो । मारिएका र हतियारहरू लुटिएका खबर ! कब्जाका घटना त कति हो कति । त्यतिबेलै आकाशमा हेलिकोप्टरको गस्ती थियो ।

'व्यवस्था फेरिन दिन्नन् क्यारे खोइ ? मेला घाँसमा निस्कन पनि त्राहित्राहि थियो । एफएमले सूचनाहरू दिइरहेकै हुन्थे । रोल्पा जेलवाङ दङ्गा प्रहरी बेस क्याम्प नै कब्जा गरे रे ! गोर्खामा बासु लगायतका ठूलै नेता समाएर हत्या गरे रे ! समाचारबाट मान्छेहरू किंकर्तव्यविमूढ हुन्थे निरन्तर ।

छोरो बेपत्ताका पीडा ! कतै बाबु मारिएका पीडा ! कतै आफन्त मारिएका पीडा ! कतै बलात्कार र लुटपाटका पीडा ! कुन बेला के हुनेका भयले त्रसित थिए धेरै । आँखा र अनुहारमा मुस्कान थिएनन् र पनि बदलाका भाव थियो धेरैमा । समय बित्दै थियो । रूकुम महतको दङ्गा बेस क्याम्प र डि.एस.पी. ठुले राई सहितका पुलिस कब्जाका हल्ला तरङ्गियो फेरि । जनताले साथ दिए असम्भव हुन्न रहेछ भाइ । बूढो पुस्ताबीचका तर्क वितर्कहरूले धेरैका मनमस्तिष्कमा हुण्डरी मच्चाउँदै थियो अरू । रूकुम, रोल्पा, पाँचकटिया, नवलपरासी, महबारी ठाउँठाउँका प्रहरी चौकी र बैंक कब्जा, कारवाही, हताहत र भिडन्तका खबरले चकित थियो समग्र । 'त्यो सुराकीको गर्धनै छिनूँ कि थियो र पनि हातखुट्टा भाँचेर आएँ काका ! बाँचेर हेरोस् न भयो मलाई ।' बिमलाको कुराले वातावरण अर्कैतिर मोडियो फेरि । 'दाइलाई सेना लगाउने त्यो बलात्कारीलाई खुर्पाले ठोकेर भागेकी हुँ । असहज अनुभूति सहितका रूपाका हतासपूर्ण अभिव्यक्तिले विद्रोहका ज्वार दन्किने भो हुन्थ्यो धेरैलाई ।

पेट र परिवार पाल्नैका लागि सेना पुलिसमा जागिरे थिए गाउँमै । तिनका बाध्यता प्रति दया त राख्थे धेरैले । सरकारी आदेशपालक ती जम्दार, हवल्दारका परिवारमा जागिर छोढ्ने दबाब नि गयो सुनिन्थ्यो । लुटेका बहानामा हतियार फालेर हात उठाउने सेना पुलिसका भूमिकालाई निरङ्कुश तन्त्र विरूद्धकै अभिमत मान्थे धेरैले ।

नुनको सोझो गर्नुपर्दा पनि ताकेझैँ गरी नलाग्ने गरेर आफ्नै इष्ट आफन्त माथि गोली चलाउन विवश ती अपहरित सेना पुलिसका अभिव्यक्ति र तिनका परिवार माथिका दबाब सन्दर्भ पनि बहसका विषय बन्दै थिए । राणा विरूद्ध काँग्रेसको भूमिका पन्ध्रको चुनावमा काँग्रेसकै वर्चस्व, सत्रमा महेन्द्रको कदम, त्यो झापा सङ्घर्ष यताका घटना उक्काउँदै थिए हेमन्त ।

'जनता हारेन कहिल्यै र पनि श्रमिकका लागि भयो नै के ? आत्मसमर्पण र विसर्जनकारीहरूकै प्रभुत्व कहिले रहेन र ?' सिस्टमका कुराले गर्ने हुन् यी । उत्तरकै क्रममा थिए हेमन्त । भागाभाग चल्यो । चारैतिर घेरा सुनियो । हताहत र केहीका मृत्यु सुनियो बेलुका । निशस्त्रहरू पनि ढले रे आँगनमै !

बन्दुकेहरूका घेरामा रहेर पनि सि.डि.ओ. हरू जिल्ला सदरमुकामबाटै अपहरणमा परे भन्दा आश्चर्य नमान्ने कुरा हुन्थेन । ओर्ल्यो, केहीबेर हिँड्यो, चढ्यो, फेरि झर्‍यो हिड्यो, चढ्योका सहर जाँदाका मोटर यात्रा अनुभव सुनाउँदै थिए हरि भाइ । बलात्कारका शिकार हुन नमान्दा पूर्व वडाअध्यक्षका छोराले सेना लगाइ ठहरै पार्न लगाएको त्यो पल्लो गाउँको सुमिना मृत्युको विषयमा सावित्राले प्रष्ट्याउँदै थिइन् केही ।

'एकलाती हिर्काए खुल्ने ढोका छन् । रातभर

डरले निद्रै नआउने ती महिलाहरूका पीडा अनौठाका कथाहरू झैँ लागिरहन्थे । पेटका निम्ति अधिकांश पुरूषहरू विदेशतिरै हुन्थे । प्रेमका बहानामा आफन्तका हत्यारालाई मारेर हतियार खोसेका घटना गाउँमै सुनिन्थे ।

'न आँखामा ताल्चा मारेर मारिन्छ । न ठेला परेका हातहरू कस्सिन छोड्छन् भाइ ।' हेमन्त पुराना स्मृति कोट्याउँदै थिए । हारेको जीवन त कसले बाँच्छ र हुन्थ्यो । विद्रोहका राँका बल्छन् हुन्थ्यो । चोकको नाङ्लेपसलेलाई उठाएर पुलिसले भ्यानमा हाल्दाका क्षण कुखुरा, भैँसी बाख्रा र खेती हेर्दिनोस् है भन्थे रे । बेपत्ता छन् गाउँकै धेरै मान्छे ।

भोर्लेटार, रामेछाप हुँदै एकपछि अर्का सैन्य भिडन्त र कब्जा घटनाहरू सुन्दा राज्यपीडितहरूमा खुसी देखिने । हतियार लुटेका घटना सुनेर राजालाई ईश्वरावतार देख्नेहरूका धारणामा परिवर्तन आएका पनि देख्थे धेरैले । धर्म, संस्कृति, राज्यका विधिविधान फेरिन्छ कि अब ? पूर्णबहादुर घर्तीलाई रूकुमको पहिलो जनसरकार प्रमुख घोषणा यताका प्रचण्डपथ, दक्षिण एसियाली फेडरेसनका अवधारणा, आधार इलाका र स्थानीय सत्ता सुदृढीकरण, दोस्रो राष्ट्रिय सम्मेलन र केन्द्रीय जनसरकार निर्माण अवधारणा सुन्दा आशा थपिन्थ्यो । महिलाबन्दीहरूले गोर्खा जेल ब्रेक । सन्ताउन्न चैत पछिका कुराले महिलाहरू पनि उत्साहित थिए ।

ओखलढुङ्गा इलाका प्रहरी कार्यालय पनि कब्जा भयो रे ! शोषक, फटाहा, अनैतिक मान्छेहरूका भागाभाग ! गाउँहरू नि रित्तिदै थिए सुनिन्थ्यो । महिलाहरूका कुर्वानी पनि साना थिएनन् । व्यवस्था फेर्न खोज्नेहरूका बलिदान प्रशंसाको विषय बन्दै थियो सर्वत्र । अन्ठाउन्न जेठ उन्नाइस, वीरेन्द्रको वंशनासकै भोलिपल्ट राजतन्त्रको अन्त्य भयो सुनाइयो । जेठ बाइसमा ज्ञानेन्द्रले आफैलाई स्वघोषित राजा घोषणा ! देशभर तरङ्ग छायो अनौठो ।

रूपान्तरणका आकाङ्क्षामा देशै उभिँदा विचौरदेखि होलेरी कब्जासम्मका घटना साना थिएनन् लागिरहेथ्यो । असारको खेती छोडेर रामेछापको धोबीडाँडा चौकी कब्जा गर्ने ती बहादुरहरूका प्रशंसासँग अन्ठाउन्न साउन छको तेह्रथुमका पोक्लाङ र भोलिपल्टको बाजुरा पाण्डुसेनको चौकी कब्जापछि सेना परिचालन ! गिरिजाका विकल्पमा देउवा ! कविता थप्दै थिइन् । एकाएक युद्धविराम घोषणा ! केही होला कि भयो ।

❑

'गोदावरी बर्दियाको ठाकुरद्वार, सिलगुढी वार्ता पछिका दिन शान्तिका अनुभव होला थिए नि ! भएन ।' सिलीगुढी वार्ताले नै शंका जन्मायो ।' हेमन्त थप्दै थिए अरू 'अन्ठाउन्न छ मंसिरले वार्ता ढोका नै बन्द गऱ्यो नि । सत्ताले दमन चाह्यो रे !

'राजावादीबाटै वार्ताका ढोका बन्द भएको ?' जगतले सोध्दै गर्दा हेमन्तले हो भन्दै थिए ।

'त्यसो भए सत्ता ढल्ने दिन टाढा छैन दाइ !' रूपा थपिइन् । अरूका होमा हो चल्दै थियो निकैबेर । दमनकारी सत्ता त फाल्छन् मान्छेले ।' ताली बज्यो ।

जनमुक्ति सेनाको घोषणा र क्रान्तिकारी जनपरिषद्को घोषणा भएकै दि अर्थात् आठ मंसिर ०५८ । दाङ र स्याङ्जा सदरमुकाममा जनसेनाले कब्जा जमाएका र सिडियो सहित एकसय सत्र शाही सुरक्षाकर्मीको मृत्यु सुनियो । 'सेना पुलिस आत्तिएर भाग्न थाले रे ।' धने दाजु थप्दै थिए अरू । 'देउवा सरकारबाट सेना परिचालन सहित संकटकाल लगाएदेखि मंसिर एघार पछिका दिनहरू सहज थिएनन् ।' रूपा थपिइन् । 'कम्ती त्रासपूर्ण थिएन नि त्यो ! 'गाउँघर ! नयाँ ठाउँ ! त्यसै गाह्रो ! ओहो नि त्यो भीषण अप्रेसन ! आफू लगायत दर्जनौँ पत्रकार र समर्थक सुभेच्छुकहरूका गिरफ्तारी ! ती यातना ! ती धरपकड र हत्या ! हेमन्त पूर्व स्मृतिमा डुब्दै थिए अरू ।

धने दाइ गम्भीर हुँदै थप्दै थिए अरू 'अछाम सदरमुकाम र साँफेबगर एयरपोर्ट कब्जा गर्दा पचपन्न शाही सेना र एकसय पचास बढी प्रहरीको मृत्यु भएथ्यो ।'

त्यही त । अन्ठाउन्न साल धेरैका लागि सहज रहेन । दमनबाट समाधान खोज्थ्यो सरकार .. । सरलाका अनुभवले घण्टौँ खायो ।

'मर्न नडर्नेले नै फेर्छ दुनियाँ ।' महिलाहरू पनि थप्दै थिए अर । अहो ! त्यो अद्वितीय जनबलिदान ! युगान्तकारी परिवर्तन होला थियो भाइ ! वर्ग सङ्घर्षको उच्च रूप ! विश्वभर देश चिनियो । नबुझ्नेलाई बाठो र बुझ्ने बनायो । लासका चाङहरू सम्झँदा जिरिङ्ग जिरिङ्ग हुन्छ अझै नि ! हेमन्त अतीत कोट्याउँछन् । ठाउँ ठाउँका अनुभव आदान प्रदानका क्रम चलिरहेथे ।

'यी कुकुरहरूलाई कोच्दे भित्र ।' चरम यातनापूर्ण हिरासतका अनुभवहरू कोट्याउँदै थिए धेरैले । पूर्व गाउँ प्रमुखका खुट्टा भाँचिए । सामन्त वडा अध्यक्ष लगायतलाई भौतिक कारवाही ! घर गोठ खानेलाई कारवाही ! घटनाहरू सम्झाउँदै थिए धने दाइ । अत्याचारीहरूका परिवारमा आएका ती सङ्कटपूर्ण दिनहरूका पीडा । घरबाटै शङ्काका भरमा मान्छेहरू घिसारिएका पीडा ! मृत्यु, भय र राज्य आतङ्कका पीडा ! सुमित्रा थप्दै थिइन् अरू ! 'चुलोमा आगो पुत्ताउन पनि गाह्रो परेको समय थियो त्यो । आमाले छाति नथापेका

भए मार्ने थिए काका !' मनोजका पीडाले पनि छुन्थ्यो धेरैलाई ।

आतङ्ककारी देखा भन्दै गोठमा घाँस हाल्न लाग्दा सेनाका जवानले गोद्नु गोदे दाइ ! उजेजी भाउजूका पीडा उस्तै थिए अझै । मुटु नै थर्कने त्यो डर लाग्दो परिवेश । आम्मै नि ! नौला र अपरिचित देख्यो कि मुटु नै फुल्थ्यो नि !

चरम यातनाकै कारण बोल्नै नसक्ने भएका ती वीरबहादुर मरेका आफन्त वेपत्ता र यातना सम्झेर टोलाउँदै थिए नजिक । महिलाहरू आफू माथिका अन्यायहरू सम्झेर हैरानै देखिन्थे धेरै ।

'आँगनमै लोग्नेलाई गोली दागेथे । लोग्नेको रक्ताम्य शरीर त्यो ! फागु पूर्णिमाका दुवै दिन अघिका कुरा !' फागुमा रङ् अबीर खेलेर रमाउने सपना तुहिएको स्मृति ओकल्दै थिइन् जुनेली । 'खुकुरी र खुर्पा त बोकेकै हुन्छु दाइ ! त्यो पातकी सुराकी भेटिओस् मात्र । कतिन्जेल भाग्ला र गाउँबाट त्यो ?' जुनेली लोग्नेका हत्याराप्रति क्रुद्ध थिइन् अरू। चर्को व्याज र अन्यायका विरोधी हुनुले मारिए अमर बाबु पनि । मुखियाहरूका विरोधी हुनुकै कारण त मारिए ती । सहयोगी शिक्षक न थिए उनी । सबैले आँखा देख्नुपर्छ भन्थे । नराम्रा चलन विरोधी बुझेका मान्छेलाई पनि निरङकुश सत्ताले देखिसहेन ।' सङ् गीताका स्मृति भावुक थिए अरू। अरू थपिए– ' हलि न थिए सेते दाइ । रोग लागेर मरेपछि साना केटाकेटी र बाँचेकी स्वास्नीले के खालान्सम्म नसोचेर किरियाकष्टाका नाममा धेरै खर्च नगरिदिऔँ भनेका न थिए तिनले । संस्कार विरोधी भन्थ्यो रे अभयले । आतङ्ककारी भनेर पोलेछ ।' अमर मारिएका घटना सुनाउँदै थिए ठुले दाइ ।

❑

गाउँघरमा हरिया बालीहरू झुल्न र फुल्न पनि छाडिसकेका थिए । दुध घिउ, खसी, बोका, कुखुरा किसानका उत्पादनको मूल्य नै थिएन । न मल वीउको सहज उपलब्धता ! सहरका उद्योगी, व्यापारीहरू पनि आतङकित थिए त्यसै करका बोझ पनि बढेका बढ्यै सुनिन्थ्यो । आतङ्ककारी होइनन् र पनि पधँरामा मारिइन् सुमित्रा । सेनाको मोटरलाई एम्बुस थापेर बदला लिएँ त भन्थे जीतेन्द्र । सेनाले लछारेका रिस साँध्न पातली दिदी आफैले एम्बुस विच्छ् याइन् । शारीरिक सम्पकृको आशा देखाई पछि घरमै बोलाएर पनि हतियार लुटिन् रे ! लुटेकै हतियारले मारिन् रे सैनिक जवानलाई !

कुहिरोले धर्ती नै ढाकेजस्तो थियो । ढिकी जाँतो र गोठ भकारोका धन्दामा खटन पटन सुरू भइसकेको समय विहानको चुरोट पुत्ताउँदै अरूण दाइ एफ.एम. का समाचार सुन्दै बाटा लागेका थिए । सहरमा पढ्ने छोराछोरीका खबर नपाएका पीडाले आत्तिएर बुझेर आउँछु भनेर निस्केका मान्छे ! धेरै भयो खबर विहीन थिए । भाउजूका पीडा छटपटिँदै थियो । धेरै वेपत्ता ! धेरैका आफन्त बेपत्ता ! अनुकूल परिस्थिति छैन भन्नेहरू पनि गाउँगाउँ सल्बलाउँथे र पनि उत्पीडितहरू पत्याउन्नथे । पत्याउन कसरी ? युगौँ देखिको राजनीति श्रमजीवी हितमा कहिल्यै थिएन । शुरूमा क्रान्तिकारी हुँदै कष्टहरू उठाउने र अन्त्यमा सुधारवादी हुँदै विचलनका खाडलमा जाकिने रोग पनि बुझ्थे धेरैले ।

आर्थिक जीवनका अकल्पनीय खराबीहरू छिटपुट रूपमा हुन्थे निरन्तर । सामूहिकता र वर्गीयतामा जोड दिँदै हिँड्नेहरूलाई निजी सम्पत्तिमा पनि चासो हुन्नथ्यो । सरकारी कार्यालय, गा.वि.स. भवन, फटाहा, सुराकीहरू माथिका जनकारवाही र एम्बुसका एक्सनहरूसँगै प्रतिरोधी कार्यक्रमहरू बीच धेरैका सहादत देखेर विश्वास टुसाउँथ्यो । युवा, विद्यार्थी, शिक्षकहरूको खटन, लेखन, जन संस्कृतिकर्मीहरूका चेतना विकास विस्तार अभियानहरू, पुल, पुलेसा, बाटो, शौचालय निर्माण जाँड रक्सी जुवा लगायत सामाजिक विकृति नियन्त्रणमा युवाहरूका भूमिकाले भ्रष्ट र शोषकहरूका नीद हराएका स्थिति वस्तीहरूले देखेकै थिए निरन्तर ।

पैसठ्ठी पछिको समय । समर्थक भैदिए पार्टी सदस्य पाउँथे सजिलै मान्छेहरूले । खरीपाटी राष्ट्रिय भेला, पालुङटारको विस्तारित वैठक, उनन्सत्तरीको बौद्ध भेला आदि स्मरणमा थिए हेमन्त । अन्तरसङ्घर्षका कैयौँ ती स्मृतिमा थिए अरू। सोभियत साम्राज्यका चाकडीमा टिक्दै आए पनि छत्तीस यताका दरबारिया सेवक रायमाझी ! फुट र विभाजनकै क्रमिक निरन्तरता ! सुरक्षावाद, पलायनता र क्रान्तिकारी धाराहरू बीचको निरन्तर आन्तरिक सङ्घर्ष सर्वसाधारणहरूलाई मेसो हुन्नथ्यो । हेमन्त रोकिए । खराब मान्छे प्रवेशले बिग्रेको भन्थे अरू ।

'समय फेरिएछ काका ! नियत फेरिएछन् ! चुनावमै आउनु थियो भने त्यो विधि उपद्रो किन मच्चाएको ? त्यतिका मृत्यु ! त्यतिका क्षत विक्षत ! घाइते र बेपत्ता ! कहाँ गए बलिदानका मूल्य ? हामी त छोड्दैनौँ क्यारे !' धेरैपछिको भेटघाटकै क्रममा पीडितहरूका आक्रोश पोखिँदै थियो अरू । हजार, पाँच सयका नोटहरूमा मान्छेका अवमूल्यन गर्ने व्यवस्थाकै लागि थियो त क्रान्तिको उद्देश्य ? ती प्रशिक्षण, जुलुस, सङ्गठन र आश्वासनहरू अन्तत प्रतिक्रान्तिकै लागि थिए त ? बाह्रबुँदेले मोडेकै रहेछ है ?

एकपछि अर्को प्रश्नहरू मडारिँदै थिए ।

'धोकेबाजहरूलाई नचिन्नाका परिणाम ! एकमुठी प्राणी रहेसम्म लडिरहन्छौँ । पैसठ्ठी पछि नै बिग्रेको न हो । अलग ढङ्गले लडाइँ जारी नै छ त ।' हेमन्तको टोली निर्भीकता साथ बोल्दै थियो । वर्ग समाज रहुँञ्जेल न वर्ग आन्दोलन रोकिन्छ त, न त उत्पीडितहरूका विद्रोह । अरू थपिए । ताली बज्यो । सहिदहरूका स्मृति हुँदै थियो । अहो ! त्यो वलिदानीपूर्ण तिनका कुर्वानी गाथाहरू सम्झना ! पीडितहरू जुटे के हुन्न र ? बदलाका भाव पनि थियो सबैमा । क्रान्तिकारी कार्य दिशा नै अजेय छ । नयाँ युगका खोजी निरन्तर छ । विज्ञान विरोधीहरू बुझ्दैनन् त्यो । हेमन्तले आशा जगाउँदै थिए अरू । साँझ पऱ्यो ।

'विद्रोहका राँका त बल्ने नै भए अरू ।'

'त्यही त कसिङ्गरका थुप्रा त फाल्छन् मान्छेले । हारेका जीवन त कसले बाँच्छ र ?'

'छोड्दैनन् पीडितहरूले ... । नयाँ समय नयाँकै लागि हुनेछ त्यो ।'

'समय कहाँ रोकिन्छ र ? समयका आकाङ्क्षा नयाँ हुनेछन् ।' बस्ती बस्तीलाई विद्रोही पार्दै थियो समय ।

'...दमनबाटै विद्रोह र विस्फोट ! गलत चीज त फाल्छन् मान्छेले .... । गलत व्यवस्था र कानुन पनि भत्काउँदै आए मान्छेले । भत्काउँछन् फेरि ... ।' - हेमन्त, प्रयोग, धने, लील बहादुर लगायतकाको निष्कर्षले मस्तिष्कमा डेरा गरिरहेथ्यो । विज्ञानको नियमै यस्तै रहेछ भन्ने मानेर छुट्टियौँ ।

# जनयुद्ध



**विष्णुमाया न्यौपाने**

बिते दिन मैना बितिसक्यो बर्ष बित्यो तै पनि
बिर्सिन अझै सक्दिन किन हो सम्झिन्छु तिनै दिन
खोज्छु ढाक्न अतीत ती सबै भैगो बिर्सिदिऊँ भनी
भन्छु गए भुले जस्तो लाग्छ झस्काउँछन् सपनीमै

थियो घटना ०५८ सालको मन्सिरको मैना त्यो
अझै ताजै हो कि झै लाग्छ किन हो बिर्सेर बिर्सिन्न त्यो
थियो यौटा कालखण्ड त्यो भयो पुरानो कुरा
थियो पन्चायती क्रूर शासन थिए सबै अधुरा

थियो अन्याय अत्याचार, जताततै ज्यादती भैरहेको
थिएन कहिं केही भलाइ फूल फुलिरहेको
जहातहिं पोखिन्थे आँसु बर्बर जनता रोइरहेको
थियो गाउँघरमा शोषण, थिए शोषक सामान्तहरू
व्याप्त थियो अन्याय अत्याचार त्यसको बयान के गरूँ

थिए भिन्न भिन्न वर्ग त्यहाँ ठुला र ठालुहरू
दिन्थे दुख्ख अति जनतालाई दुष्ट र व्यभिचारीहरू
थिए नारीहरू अत्यन्त पीडित, थिए ती पशु समान
बोल्न हुँदैन तिमी चुप बस, हक छैन समाजमा

राज्यको पनि मनपरीतन्त्र उसकै भयो मनपरी
थिएन कहि कतै अधिकार पीडा थियो मनभरि
उठ्यो महान् जनयुद्ध जनताका मुक्ति खातिर
भए एकजुट दलित महिला शोषित पीडित सबैतिर

बोके बन्दुक काँधमा महिलाहरूले साथै बच्चा पनि
पऱ्यो चकित जगत् नै त्यहाँ उठ्यो जुरूक्कै अनि
बग्यो रगत, सहिद भए कति, कति बेपत्ता पनि
लिन्छौं हक अधिकार बरू लड्छौ र मर्छौ भनी

भयो क्रान्ति देशमा तर पछि युद्ध सबै रोकियो
बुझाए हात हतियार, भने क्रान्ति सम्पन्न भयो
अझै देखिन्छ असमानता उस्तै, उस्तै छ शोषण
शासकहरूमा भयो फेरबदल, खै जनताको शासन ?

# दलदले मैदानमा हाम्रो जीवनको एक झलक

हिउँले ढाकिएको पहाड नाघेपछि हाम्रो सेना माओअड्काएमा बसेको थियो ता कि केहि दिन आराम गर्न र अगाडि आउने विशाल दलदले मैदान पार गर्ने तयारी पूरा गर्न सकियोस् । त्यसकारण प्रस्थान गर्ने आदेश नआउँदासम्म हामीहरू त्यहाँ सुख्खा खानेकुरा जम्मा गर्न र परालको जुत्ता बनाउन लागिरह्यौं । पहाडी क्षेत्रको जस्तै दलदले मैदानको मौसमको पूर्वानुमान गर्नु पनि गाह्रो काम थियो किनभने त्यो लगातार परिवर्तन भइरहन्थ्यो । कहिले आकाश एकदमै सफा रहन्थ्यो र बादलको एकटुक्रा सम्म पनि देखिंदैनथ्यो र टन्टलापुर घामले हाम्रो निधार डढ्दथ्यो । तर त्यसको एकै क्षणमा आकाश कालो बादलले ढाक्दथ्यो र हावा चल्न लाग्दथ्यो जुन क्रमशः तीब्र हुरीमा बदलिन्थ्यो । त्यसबेला हामीलाई यस्तो लाग्दथ्यो कि हामी त्यस हुरीमा उड्नेछौं र चिसोले जम्नेछौं । दलदले मैदानको कठिन परिस्थितिहरूमा मार्च गर्नु त झन कठिन थियो, हामी बिस्तारै बिस्तारै अघि बढ्न सक्दथ्यौं । जमिनमा कत्तिसम्म अग्लो घाँस बढेको थियो जुन कतै पातलो थियो भने कतै कतै त ज्यादै घना पनि थियो । मार्चको समयमा हामीलाई यस्तो लाग्दथ्यो कि हामी जमिनमाथि नभएर स्पन्जमाथि हिंडिरहेका छौं । तर चिनियाँ मजदूर तथा किसानहरूको लालसेनाका कमाण्डर तथा योद्धा जसले अहिलेसम्ममा असंख्य नदीहरू एवम् पहाडहरूलाई पार गरी आफ्नो जीवनको परिचय दिइसकेका थिए, उनीहरू त्यस असिमित लाग्ने दलदले मैदान देखि डराउने कुरै थिएन । क्रान्तिकारी संकल्पले ओतप्रोत भएर, उनीहरूले भविष्यमा आउने सबै प्रकारका बाधा व्यवधानहरूलाई जित्ने निश्चय गरेका थिए ।

उपाध्यक्ष चाओ धेरै जसो आफ्नो काममा व्यस्त रहनुहुन्थ्यो । मार्चको क्रममा हामी जहाँ बास बस्दथ्यौं, उहाँ आराम गर्नुको सट्टा तत्काल आफ्नो काममा लाग्नुहुन्थ्यो । बस्नको लागि उहाँलाई कुर्ची प्राप्त नभएमा उहाँ घाँस वा परालको थुप्रो मै बस्नुहुन्थ्यो र डेस्कको सट्टा आफ्नै घुँडामा दस्तावेज आदि राखेर पढ्न लेख्न थाल्नुहुन्थ्यो । यसरी उपाध्यक्ष चाओ अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशालाई कार्यान्वयन गर्न र त्यसको रक्षा गर्नमा आत्मैदेखि लाग्नुभएको थियो र चिनियाँ क्रान्ति एवम् विश्व क्रान्तिको सफलताको लागि निस्वार्थ भावले काम गरिराख्नुभएको थियो । जब आराम गर्न हाम्रो सेना कुनै ठाउँमा रोकिन्थ्यो, हामी उहाँका अंगरक्षकहरू कोही पानी खोज्न त कोही दाउरा खोज्न फरक फरक दिशातर्फ जान्थ्यौं । त्यसपछि हात धुने तसलामा प्रत्येक व्यक्तिलाई एक एक कटौराका दरले छिङ्ख राखी एकै पटक पकाइन्थ्यो । राती रूखका हाँगा काटी गाडेर डोरी बाँधी त्यसमा "टेन्ट" हालिन्थ्यो र "टेन्ट" तल सबैका घाँस ओछ्याइन्थ्यो, यसरी हाम्रो आराम गर्ने अस्थाई "ब्यारेक" तयार हुन्थ्यो । घाँस हाम्रो ओछ्यान थियो भने आकाश हाम्रो सिरक । तिनै "ब्यारेक"हरूमा हामी ढाड – ढाड जोडेर बस्दथ्यौं । यसरी बसी सुत्नुको अर्कै आनन्द थियो ।

सुरू सुरूमा हामीले दिनमा तीनपटक खाना खान्थ्यौं र हरेक पटकको खानामा प्रत्येकलाई एक कटौरा पकाएको छिङ्ख दिइन्थ्यो । तर पछि आकाशवाणीद्वारा सूचना प्राप्त भयो कि हाम्रो सेनाको अग्रिम दस्तासँग खानाको अभाव भएको छ । त्यसकारण हाम्रा नेताहरूले निश्चय गरे कि हामी सबैले प्रतिदिन तीन कटौराको सट्टा दुई कटौरा छिङ्ख खाने छौं । तर यति खाना निश्चय नै पर्याप्त भने थिएन । त्यसैले करिवदस किलो मिटर मार्च गरेपछि भोकको कारण हाम्रो पेट कराउन थाल्दथ्यो भने हिंड्दा खुट्टा लडखडाउन लाग्दथ्यो । पछि खानाको समस्या अझ गम्भीर भयो । लगातार कैयौं दिनसम्म हामीले उचित खाना खान पाएनौं । ती दिनहरूमा बनका घाँसले आफ्नो पेट भरी हामीले आफूलाई सौभाग्यशाली सम्झन्थ्यौं । ती अत्यन्त कठिन परिस्थितिहरूमा पार्टी र युवक संघका सदस्यहरूले एउटा अनुकरणीय भूमिका निर्वाह गरे र हाम्रो हौसला बढाउन तथा हाम्रो एकता मजबुत एवम् मनोवल कायम राख्न सक्रिय रूपले प्रचार कार्य गरे । हाम्रा केही साथी हरियो घाँसको झोलले भरिएको कटौरा हातमा लिंदै अरूलाई प्रोत्साहित गर्दै भन्दथे, "क्रान्तिकारी योद्धा पृथ्वी वा स्वर्गका कुनै पनि कुरासँग डराउँदैनन्, उनीहरूले सबै कठिनाइहरू माथि विजय प्राप्त गर्न सक्छन् ।" वास्तवमा हाम्रो लालसेनाका सैनिकहरू यस्तै थिए । क्रान्तिकारी आशावाद र आफ्नो अवश्यम्भावी विजय प्रतिको अटुट विश्वासले ओतप्रोत भएर उनीहरू जापानीहरूसँग लड्न उत्तरतर्फ कठीन अभियानमा थिए तथा चिनियाँ जनता र विश्वका जनताको मुक्तिको लागि संघर्ष गरिरहेका थिए । एक पटक मार्चको क्रममा स्टाफ अफिसर खुङले च्याङसीको एउटा लोकगीत सुनाउन मलाई भने जसको शीर्षक "आफ्नो

प्रेमीलाई सेनामा भर्ती हुन पठाऊ" भन्ने थियो । उनको अनुरोधमा मैले गीत गाउन सुरू गरें :

मेरो प्रियतम् ! भर्ती होऊ लालसेनामा
निडर र वीर बन तिमी शत्रुसँग लड्नमा ।
गरिबहरू ! स्वतन्त्र हुन साँच्चै चाहन्छौ भने,
आऊ, सामेल होऊ तिम्रै हो यो लालसेना । .....

मैले आफ्नो गीत समाप्त गर्नासाथ मेरा सह–अंगरक्षक कामरेड फान चिन–प्याओले फूच्येनको एउटा लोकगीत गाए । त्यसपछि स्टाफ अफिसर खुङले पनि एउटा कविता सुनाए जसको रचना स्वयम् उनले गरेका थिए :

सुनौला छिङ्ख जौ, यो छिङ्ख जौ,
अलिकति खाऊ र लगातार हिंडिरहू ।
एकमुट्ठी जौ, अलिकति पानी
एक कटौरा छिङ्खले हामीलाई तागत दिन्छ
दिनभर मार्च गर्नलाई ।

अर्को एकजना साथीले गीतको श्रृंखलालाई अझ अघि बढाए :

आँकुरा निस्केको केराउ
स्वादिष्ट र सुगन्धित,
साथमा उमालिएको जौ,
नयाँ वर्षका सबै परिकार फिका त्यसको अघि । ....

उनको गीत सुनेर सबैजना हाँसे । उपाध्यक्ष चाओको उत्साह पनि नौजवानको भन्दा कम थिएन । अन्तमा उहाँले पनि एउटा गीत गाउनुभयो :

भिषण आँधी हुरी होस् वा प्रचण्ड वर्षा,
तुषारो र शीतको हामीलाई डर छैन,
उत्तरमा लड्नलाई दलदले मैदान पार गर्दै
वीर लालसेना साहस पूर्वक अघि बढ्दै छ ।

त्यस संकटकालमा उपाध्यक्ष चाओले हामीलाई सम्झाउनुहुन्थ्यो, "हाम्रो शक्तिको स्रोत अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा हो जसको आडमा हामीले तमाम कठिनाइहरूमाथि विजय प्राप्त गर्न सक्छौं ।" उहाँको उक्त कुरा सुन्दा हामी भित्र नयाँ शक्तिको संचार हुन्थ्यो । उपाध्यक्ष चाओले हामीलाई यो सल्लाह पनि दिइराख्नुहुन्थ्यो कि जबसम्म अति आवश्यक हुँदैन, तबसम्म हामीले खान योग्य जंगली घाँस वा छिङ्खको एक दाना पनि नखाऔं, किनभने खाद्य सामाग्रीको रूपमा यी बस्तुहरू हाम्रो जीवनको लागि ज्यादै मूल्यवान एवम् अनिवार्य थिए । त्यसपछि हामी खाद्य सामाग्रीको प्रयोग गर्दा बढी सावधान र किफायत गर्न लाग्यौं, खानामा अलिकति मात्र छिङ्ख बचेमा त्यसलाई फाल्नुको सट्टा रासनको थैलोमा राख्दथ्यौं । तर, यसको बावजुद हाम्रो रासन बिस्ता बिस्तार सकिंदै गयो र अन्तमा हाम्रो थैलोमा छिङ्खको केही दानामात्र बाँकी रह्यो जसलाई वास्तबमा गन्न सकिन्थ्यो । यसकारण, अब हामीले बास बस्दा जंगली घाँस पानीमा उमालेर सुप बनाउँथ्यौं । एकदिनको कुरा हो । हाम्रो सेनाको एकजना युवा सैनिक श्याओ ऊलाई बान्ता आउन थाल्यो । बान्तामा उनको मुखबाट घाँस जस्तै हरियो पानी बाहिर निस्क्यो । त्यसबेला त्यहाँ अरू कोही थिएनन् । उसलाई खोज्दा–खोज्दा केही क्षँणपछि उ भएको ठाउँमा पुग्यौं । उसलाई देख्नासाथ मैले बुझें कि विषालु घाँस खाएको कारणले गर्दा उसलाई त्यस्तो भएको हो । उसको बिमारीको कारण अरूलाई चिन्ता नपरोस् भनी ऊ चुपचाप त्यहाँ आएको थियो । जब उपाध्यक्ष चाओले यस घटनाको बारेमा थाहा पाउनुभयो, उहाँ ज्यादै चिन्तित हुनुभयो र श्याओ ऊ कहाँ आएर सोध्नुभयो, "के तिमी बिरामी छौ ?"

"होइन, म बिरामी छैन ।"

"यदि बिरामी नभए किन बान्ता भइरहेको छ त ?"

"यो त मात्र ....."

"मात्र के ?"

"बिमारी केही पनि छैन । केवल तितो जंगली घाँस खाएपछि मलाई रिङ्गटा लाग्यो र कमजोरी महशुस हुन लाग्यो । र, जब म हिंड्न लागें, तब बान्ता आउन थाल्यो ।"

जब उपाध्यक्ष चाओलाई यो थाहा भयो कि श्याओ ऊसँग खानाको लागि जौको एक गेडा समेत छैन, तब उहाँले आफ्नो भागको सिमित रासनबाट एक कटौरा जौ उनलाई दिन भन्नुभयो । अनि श्याओ ऊलाई भन्नुभयो कि उसको स्वास्थ्य ठीक नभए पैदल मार्च गर्नुको सट्टा उहाँको घोडामा चढेर जान सक्छन् ।

आफू प्रति उपाध्यक्ष चाओको चिन्ता देखेर श्याओ ऊ ज्यादै भावुक भए र आँसु झार्दै भने, "जबसम्म मेरो शरीरमा प्रँण रहन्छ, म पार्टी र अध्यक्ष माओको अनुशरण गरिरहने छु । यस दलदले मैदान पारगर्न म दृढ छु, चाहे म घिस्रेर हिंड्न किन नपरोस् । मेरो विश्वास छ कि मैले यसलाई अवश्य पार गर्ने छु ।"

त्यस रात केवल एकजना सेन्ट्री बाहेक बाँकी सबै अंगरक्षकहरू एकै ठाउँमा सुत्यौं । लगभग मध्यरातमा तीव्र हावा चल्न थाल्यो । हामी सबै चिसोले कठ्याङ्ग्रीयौं र हाम्रो निद्रा खुल्यो । रात निष्पट अँध्यारो थियो । केही क्षँणपछि मुसलधारे वर्षा हुन थाल्यो र हामीले जुन काम चलाऊ टेन्ट बनाएका थियौं त्यो नराम्रैँसँग चुहिन थाल्यो । यस्तो अवस्थामा सुत्ने त प्रश्नै उठ्दैनथ्यो, त्यसैले हामी सबैजना उठ्यौं । तीव्र हावाको चिसो हाम्रो हड्डीसम्म घुस्दै थियो र चिसोले मेरो दाँत बजिरहेको थियो । त्यस चिसोमा

हामीले आफ्नो भिजेका कपडा फुकालेर निचोरी फेरि लगाउँथ्यौं, तर पनि त्यस कम्पनबाट हामीलाई छुटकारा मिलेन । मैले सोचें समय कटाउन कुरा गर्न किन सुरू नगर्ने, तर मलाई घाँटीमा केही कुरा अड्केको जस्तो महशुस भयो र म बोल्न सकिन ।

त्यस भिषण आँधीहुरी सहित परेको वर्षाले उपाध्यक्ष चाओको ध्यान भङ्ग भएको थियो । आधा रात बितिसक्दा पनि उहाँ आफ्नो काममा डुब्नुभएको थियो । मलाई थाहा थिएन कि त्यसबेला कति बजेको थियो, तर पनि पानीमा भिज्दै उहाँ हामी भएको ठाउँमा आउनुभयो र ज्यादै स्नेह पूर्वक भन्नुभयो, "तपाईंहरू त्यस शिविरमा जानुहोस्, यहाँ पानीमा नभिज्नुहोस् ।"

तर कोही पनि आफ्नो ठाउँबाट चलेनन् । तब उहाँले मेरो काँधमा थपथपाउँदै शिविरमा जान पुनः अनुरोध गर्नुभयो । हामीलाई थाहा थियो कि उहाँको शिविर पहिल्यै भरिएको थियो र यदि हामी पनि त्यहाँ गयौं भने उहाँलाई काम गर्न र आराम गर्न अलिकति पनि ठाउँ रहँदैन । त्यसकारण हाम्रा एकजना साथीले भने, "यदि हामी त्यहाँ गयौं भने तपाईंले कत्ति पनि आराम गर्न सक्नुहुन्न "

उपाध्यक्ष चाओ हाँस्दै बोल्नुभयो,"होइन, कुरा यस्तो होइन, बरू तपाईंहरू त्यहाँ जानु भएन भने मलाई साँच्चिकै आराम हुँदैन !"

वर्गीय प्रेम भावले ओतप्रोत उहाँका यी अर्थपूर्ण कुराहरूले हाम्रो हृदयलाई छोयो, तर पनि त्यहाँ जान कोही तयार भएनन् । तब उपाध्यक्ष चाओले हामीलाई शिविरमा जान आदेश दिनुभयो । हामीले उहाँको कुरा मान्नै पऱ्यो र त्यहाँबाट जानुपऱ्यो ।

शिविरमा पुगेपछि उपाध्यक्ष चाओले भन्नुभयो कि हामीहरू नजिक नजिक बसौं, ता कि एक अर्काको शरीरको तातो प्राप्त होस् । यस प्रकार समान भावनात्मक सूत्रमा बाँधिएर उपाध्यक्ष चाओको शिविरमा त्यस अविश्मरणीय रातलाई एकै ठाउँमा बसी बितायौं । शरीरमा चिसो कपडा भएको कारण चिसो हावाको झोक्काले हाम्रो हड्डी काँपे पनि आफू प्रति उपाध्यक्ष चाओको चिन्ता देख्दा हाम्रो हृदयले उहाँको गहिरो वर्गीय प्रेमको उष्णताको अनुभव गरिरहेको थियो ।

हामीहरू जति–जति त्यस दलदले मैदानमा अघि बढ्दै गयौं, खानहुने जंगली बनस्पति पाउन अझ मुश्किल हुँदै गयो । खाद्यसंकट टार्ने अरू कुनै बाटो नभएपछि पार्टीका नेताहरूले सेनाको केही घोडालाई मार्ने निश्चय गर्नुभयो ता कि हामीले त्यसको मासु खाएर बाँच्न सकौं र क्रान्तिको सफलताको लागि आफ्नो लडाईं जारी राख्न सकौं । तर घोडाहरूको तुलनामा खाना खाने ब्यक्तिहरूको संख्या धेरै बढी थियो । त्यसको नतिजा यो भयो कि चाँडै नै हाम्रा अधिकांश घोडा मासुको लागि मारिए । भोक मेटाउन अब के गर्ने ? तब छालाको पेटीहरू एवम् भेडाको छालालाई पकाएर खाने निश्चय गरियो । खानु भन्दा पहिले त्यसलाई आगोमा पोलिन्थ्यो र फेरि कुनै भाँडामा उमालिन्थ्यो । आज कसैले पनि यस्तो खानालाई राम्रो भन्दैन, तर त्यसबेला त्यो खाना पनि हामीलाई ज्यादै स्वादिष्ट लागेको थियो । छालाका सबै बस्तुहरू सकिएपछि, पुराना किताबहरू र कामनलाग्ने कागजहरूतर्फ हाम्रो ध्यान गयो र हामीले त्यसलाई पनि जसोतसो गरी घाँटीबाट छिरायौं । पछि, जब हामीसँग खानको लागि केही पनि बाँकी रहेन तब हामीले चिसो पानीले आफ्नो पेट भर्न सुरू गऱ्यौं । भोकले हाम्रो पेट गडगडाई रहन्थ्यो । नउमालिएको पानी खाएको कारण हाम्रा केही साथीहरूको पेट दुख्न थाल्यो । तब हाम्रा नेताहरूले निश्यच गर्नुभयो कि सबै जनाले पानी उमालेर मात्र खानुपर्छ, ता कि शरीरलाई केही तातो पनि प्राप्त हुनसकोस् ।

खानेकुराको भिषण कमीको कारण हाम्रो शरीरको शक्ति तीव्र रूपमा घट्न लाग्यो । बिरामी साथीको अवस्था त झन खराब भयो । तर त्यस कठिन परिस्थितिमा पनि हाम्रा साथीहरूले एकआपसमा मद्दत गरिरहन्थे एवम् आपसमा सहारा दिइरहन्थे । एक दिन मेरो पेटमा यत्ति धेरै पीडा भइरहेको थियो कि म सोझो भएर उभिन सक्दैनथिएँ । डाक्टर वा चिकित्सा–सहायकले मेरो पीडालाई शान्त गर्न सकेनन्, किनभने औषधिको नाममा सिटामोलको एक ट्याब्लेट समेत थिएन । भाग्यवस, युवा कूलाई यस्तो जडिबुटिको बारेमा थाहा थियो जसको सेवनले पेटको दुखाई कम हुन्थ्यो । उनले चिकित्सा–सहायकलाई भने कि जब उनी घरमा बस्दथे, पिताले उनलाई लेकुङ र ङ्वीशिस नामक दुई वनस्पतिहरूको बारेमा बताएका थिए जसलाई जडिबुटिको रूपमा उपयोग गर्न सकिन्थ्यो । यसकारण बाटोमा हामीले यस प्रकारका धेरै जडिबुटिहरू संकलन गरेका थियौं । मैले पानीले धोएर त्यसलाई चबाएर निलें । मेरो पेटको दुखाई बिस्तारै कम भयो । पछि थाहा भयो कि त्यो जडिबुटि पेट दुखेको बेला ज्यादै राम्रो गर्ने रहेछ । चाँडै नै अरूहरूले पनि आवश्यकता अनुसार त्यसको प्रयोग गर्न सुरू गरे । हामी दलदले मैदान पार गरी त्यहाँबाट बाहिर निस्कनै लागेका थियौं कि मेरो खुट्टा सुन्नियो । सुन्निएको खुट्टामा थिच्दा त्यहाँ खाल्टो हुन्थ्यो जुन धेरै बेरसम्म रहिरहन्थ्यो । हिंड्दा मेरो खुट्टामा ज्यादै पीडा हुन्थ्यो र यस्तो लाग्दथ्यो मानौं मैले आफ्नो खुट्टा नभएर सिसाको कुनै बोरा उठाइरहेको छु ।

यस्तो अवस्थामा फेरि बिरामी परेको कारण मलाई चिन्ता परिरहेको थियो । अचानक, सुन्निएको

अवस्थामा जडिबुटिद्वारा गरिने घरेलु उपचार याद आयो । मैले त्यहाँ प्लैटिन नामक एउटा जंगली वनस्पति भेटें । मैले त्यसलाई पानीमा उमालेर त्यसको झोलले सुन्निएको ठाउँमा धुने तथा त्यसको लेप लगाउन सुरू गरें । कैयौं पटक यस्तो गरेपछि खुट्टाको दुखाई तथा सुन्निएको समाप्त भयो । चाँडै हिंड्न सक्ने भएकोमा म ज्यादै खुसी भएँ । यस प्रकार दलदली मैदानलाई पार गर्ने क्रममा हामीले प्रचलित औषधिको जस्तो अभाव भोग्नु परेको थियो त्यसको पूर्ति विभिन्न प्रकारको जडिबुटिहरूको प्रयोग र उपचारको परम्परागत तरिका अपनाएर गरियो ।

दलदले मैदानको मार्चको क्रममा, हामीले जहिले पनि खानाको अभावको सामना गर्नुपर्दथ्यो । त्यसलाई पार गर्ने लगभग तीन दिन पहिले अभावको त्यो स्थिति यति गम्भीर भयो कि हाम्रा कैयौं साथी भोकले मर्न लागे । कति जना त निद्रामै समेत सँधैको लागि आराम गरे । मेरा दुई साथीहरू चन चाओ–शी र च्याङ शङको बारेमा त मलाई व्यक्तिगत रूपले समेत थाहा थियो कि एकदिन जब आराम गर्न हामीले रातमा कुनै स्थानमा बास बसेका थियौं, त्यसबेला ती दुबै बिलकुल ठीक थिए, तर भोलिपल्ट  बिगुल बज्दा उनीहरू उपस्थित भएनन्, किनभने रातमा सुतेको बेला उनीहरूको प्राण पखेरू उडिसकेको थियो । वास्तबमा दलदले मैदानको कठीन परिस्थितिहरूमा हामीले असाधारण कठिनाइहरूको सामना गर्नु परिरहेको थियो तर हाम्रँ लालसेनाका योद्धाहरू आफ्नो उच्च राजनैतिक चेतना र साहसको आधारमा ती तमाम् कठिनाइहरूमाथि विजय प्राप्त गर्न कटिवद्ध थिए । हामीलाई आफ्नो विजयमा पूर्ण विश्वास थियो र त्यस अत्यन्त कठिन परीक्षालाई पनि तुच्छ सम्झँदै हामी दृढ संकल्पका साथ लगातार अघि बढिरहेका थियौं ।

दलदले मैदानमा हामीले जस्तै उपाध्यक्ष चाओले पनि विभिन्न किसिमका कष्ट भोगिरहनुभएको थियो, तर जब उहाँले आफ्ना साथीहरू भोकले मर्दै गरेको देख्नुभयो, तब छिङखको सातुको बाँकी रहेको अंश पानीमा घोलेर खान अरू साथीहरूलाई दिन मलाई भन्नुभयो । मैले यसो गर्न सकिन् । मैले उहाँलाई सोधें कि यदि बाँकी रहेको सातु पनि समाप्त भयो भने उहाँ स्वयम्ले के खानुहुनेछ ?

उपाध्यक्ष चाओले गम्भीर स्वरमा जवाफ दिनुभयो, "मेरो जीवन केवल तब महत्वपूर्ण हुन्छ जब अरू साथीहरू पनि जिवित रहन्छन् । आफ्नो एउटा साथीको जीवन बचाउनुको अर्थ हुन्छ क्रान्तिको पंत्तिमा एउटा सानो अंशको बृद्धि गर्नु ।"

ज्यादै नचाहँदै मैले सातुको त्यस अन्तिम तथा अमूल्य भाग पनि निकालेर अन्य साथीहरू बीच बाँडिदिएँ । उपाध्यक्ष चाओले अरूको यत्ति धेरै ध्यान पुऱ्याएको कारण नै त्यसबेला हाम्रा धेरै साथीहरू मृत्युको मुखमा पुग्नबाट बचाइए । उहाँले आफ्ना साथीहरूको जीवन स्वयम् आफ्नो जीवनभन्दा महत्वपूर्ण सम्झनुहुन्थ्यो । उहाँमा रहेको एउटा सच्चा कम्युनिष्टको आत्मबलिदानको यस भावनालाई मैले कदापी बिर्सन सक्दिन । हाम्रँ ती साथीहरूले त्यसबेला भनेका थिए, "उपाध्यक्ष चाओले हाम्रो यति धेरै ख्याल राख्नुहुन्छ । हामी पनि प्रतिज्ञा गर्दछौं कि आफ्नो अन्तिम साससम्म संघर्ष गरिहरन्छौं । हामीले प्रतिज्ञा गर्दछौं कि यस दलदले मैदानलाई अवश्य पार गर्नेछौं ।"

दलदले मैदान हाम्रो लामो अभियानको सबैभन्दा कठिन भाग थियो, तर बाटोका सबै कठिनाईहरूलाई जित्दै हामीले त्यसलाई पनि पार गऱ्यौं । हाम्रो यस सफलताको श्रेय पार्टी र अध्यक्ष माओको सही नेतृत्व, हाम्रा नेताहरूद्वारा प्रेमपूर्ण रूपमा गरिएको हाम्रो हेरविचार, हाम्रा साथीहरू बीचको स्वार्थरहित वर्गीय प्रेम र उनीहरूको अथक संघर्षलाई जान्छ ।

जब यो लामो अभियान सुरू भएको थियो, त्यसबेला देखि चालिस वर्ष भन्दा पनि बढी समय बितिसकेको छ । तर आज पनि ती दिनहरूको सम्झना आउँदा म सोच्न लाग्दछु कि यस प्रकार दलदले मैदानको निस्ठूर भूमिमा हाम्रा धेरै साथीहरूले आफ्नो प्राणको बलिदान गरेका थिए । उनीहरूले आफ्नो सम्पूर्ण उत्साह र शक्ति क्रान्तिका लागि अर्पण गरेका थिए । जीवनको अन्तिम क्षणसम्म उनीहरूको हृदयमा केवल क्रान्तिको विचार मात्र थियो । जीवनको अन्तिम क्ष्णसम्म उनीहरूको यही इच्छा रह्यो कि उनीहरूले उत्तरतर्फ एक पाइलो अघि बढाएर जापानी आक्रमण विरोधी मोर्चाको अग्रीम पंत्तीको नजिक पुगौं । लामो अभियानको विजय अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाको महान् विजय थियो । असंख्य सहिदहरूको प्राणको आहुती दिएर मात्र हामीले क्रान्तिमा विजय हासिल गर्न सकेका थियौं । हामीले आफ्ना ती श्रेष्ठ नर–नारीहरूलाई किमार्थ भुल्न सक्दैनथ्यौं जसले पार्टी र जनताको कामको सफलताका लागि आफूलाई अर्पण गरेका थिए । हामीले आफ्ना महान् नेता अध्यक्ष माओको यस भनाईलाई सदैव मनन गर्नेछौं :

"हजारौं सहिदले जनताका लागि बहादुरीसाथ आफ्नो जीवन अर्पण गरिसकेका छन्, आउनुहोस, हामीले उनीहरूले उठाएको झण्डालाई उच्च राखौं र उनीहरूको रगतले रंगिएको बाटोमा अघि बढौं !"

**अनुवाद : देवेन्द्र तिम्ला**

**(लामो अभियानमा उपाध्यक्ष चाओ एन-लाइका साथबाट साभार)**